ISSN : 2990-773X (Print)
ISSN : 2990-7748 (Online)

# भरतपुर प्रज्ञा

# BHARATPUR PRAGYA

## Journal of Multidisciplinary Studies

A Peer-Reviewed, Open Access Journal

https://www.bharatpurmun.gov.np

Vol. 01, April 2023

Published by
Bharatpur Academy
Bharatpur Metropolitan City
Chitwan, Nepal

# Author Guidelines

- Bharatpur Pragya prioritizes research-based articles with the followed guidelines of the Editorial Board.
- Contributors must submit their manuscripts afresh that have not been previously published anywhere, in any form.
- The journal follows double blind Peer Reviewed process.
- The journal incorporates articles written only in English and Nepali. Articles for publication must be single-line spaced, must contain 10 References, and they must be written between 4000 to 6000 words. They should be in Times New Roman 12-point font size for English and Preeti 14-point font size for Nepali.
- Manuscripts with tables, photographs, maps, drawings, etc. must be numbered. They must have their sources listed.
- Articles must follow MLA/APA style guidelines for English Literature and APA style guidelines for Nepali and other disciplines. They should contain the latest in-text citations.
- Articles with plagiarism and concept fabrications are strictly forbidden.
- Articles in English and Nepali must contain components like Title Page, Abstract, Keywords, Main body, Works Cited/References and Sandarvasuchee. The Title should be in alphabetical order. The Abstract should contain a length of 150-250 words. The Keywords should contain 5 to 7 words or phrases. The main body of the article must contain the Introduction, Research Method, Results, Discussion, and Conclusion. The Works Cited/References and Sandarvasuchee should be in alphabetical order.
- The Editorial Board will welcome manscripts in doc file only. It reserves all rights to accept or reject them. Its decision will be final and binding to all the contributors.
- Abridged CVs, highlighting the academic progress, is mandatory to all the contributors.
- Submissions made within the given time frame, in the doc file, can be reached in Bharatpur Academy.

# भरतपुर प्रज्ञा
# BHARATPUR PRAGYA
## Journal of Multidisciplinary Studies
A Peer-Reviewed, Open Access Journal

---

## Vol. 01, April 2023

---


**Patron**
Ms. Renu Dahal
*Chancellor, Bharatpur Academy*

**Advisors**

Mr. Indra Prasad Regmi
*Vice-chancellor, Bharatpur Academy*

Prof. Dr. Ammaraj Joshi
*Vice-chancellor, Farwestern University*

Prof. Dr. Ishwari Pandey
*Departement of English*
*California State University, USA*

Prof. Dr. Jiblal Sapkota
*Head, the Central Deparement of English, TU*

Prof. Dayaram Poudel
*Campus Chief, Birendra Multiple Campus*

Mr. Chitrasen Adhikari
*Member, Academic Council, Bharatpur Academy*

Mr. Narendra Kumar Rana
*Member, Academic Council, Bharatpur Academy*

**Editor in Chief**
Dr. Keshav Raj Chalise

**Editors**
Dr. Ek Narayan Paudyal
Dr. Sabindra Raj Bhandari
Mr. Mahendra Poudyal
Mr. Balkrishna Thapaliya


**Bharatpur Academy**
**Bharatpur Metropolitan City**
Chitwan, Nepal

*(Bharatpur Pragya : Journal of Multidisciplinary Studies)* is a peer-reviewed, open access journal published by Bharatpur Academy, Bharatpur Metropolitan City, Chitwan, Nepal. It provides a platform for researchers, and faculty members to enhance their intellectural pursuit, dealing with various issues, debates on language, literature, theory, philosophy, art and culture.
eJournal Site : https://www.bharatpurmun.gov.np

**Published by**
Bharatpur Academy
Bharatpur Metropolitan City
Bharatpur, Chitwan
URL : http:// www.bharatpurmun.gov.np

ISSN : 2990-773X (Print)
ISSN : 2990-7748 (Online)

*Copyright 2023 © Author(s) and Publisher*

**Printed at**
Siddhababa Press Pvt.Ltd.
Bharatpur, Chitwan
Tel.: 056-516245

# Table of Contents


| | | |
|---|---|---|
| शुक्लागण्डकी महाकाव्यमा वस्तुविधान<br>(Content Analysis of Shukla Gandaki Epic) | धनेश्वर भट्टराई<br>(Dhaneshwor Bhattarai) | 1-9 |
| चितवनको चेपाङ जातिमा संस्कृतिक परिवर्तन<br>(Cultural Change in Chepangs of Chitwan) | डी.आर. पोखरेल<br>(D.R. Pokhrel) | 10-16 |
| प्रशासनिक संरचनाका दृष्टिमा चितवन जिल्ला : एक ऐतिहासिक सर्वेक्षण<br>(Chitwan District from the Perspective of Administrative Structure: A Historical Survey) | कर्णबहादुर बानियाँ<br>(Karna Bahadur Baniya) | 17-29 |
| Copula Construction in Kathariya Tharu | Krishna Prasad Paudyal,<br>Kamal Krishna Khanal | 30-42 |
| जीवनदर्शनमा नेपाली संस्कृति र समाजको प्रभाव<br>(The Influence of Nepalese Culture and Society in the Philosophy of Life) | नारायण चालिसे<br>(Narayan Chalise) | 43-49 |
| नेपाली साहित्यमा पूर्वीय दर्शनको प्रभाव<br>(Influence of Eastern Philosophy in Nepali Literature) | नारायण गडतौला<br>(Narayan Gadtaula) | 50-64 |
| A Study of Climate Change and Meteorological Analysis in<br>Different Ecological Regions of Nepal | Navaraj Pokhrel | 65-90 |
| नेपालको संविधानमा शिक्षा सम्बन्धी प्रावधान र अभ्यास<br>(Educational Provisions and Practices in the Constitution of Nepal) | रमाकान्त सापकोटा<br>(Ramakanta Sapkota) | 91-106 |
| भरतपुर महानगरपालिकाको प्रशासनिक संरचनाको ऐतिहासिक अध्ययन<br>(Historical Study of the Administrative Structure of Bharatpur Metropolitan City) | राजेन्द्रप्रसाद रेग्मी<br>(Rajendra Prasad Regmi) | 107-120 |
| Token versus Team Work: Women in the Local Bodies of Nepal 2017 | Sanjaya Mahato | 121-137 |
| Contributors | | 138-139 |

**Bharatpur Pragya : Journal of Multidisciplinary Studies**
[A Peer-Reviewed, Open Access Journal]
ISSN : 2990-773X (Print); ISSN : 2990-7748 (Online)
Published by Bharatpur Academy, Chitwan, Nepal
https://www.bharatpurmun.gov.np

# शुक्लागण्डकी महाकाव्यमा वस्तुविधान

**धनेश्वर भट्टराई** (विद्यावारिधि)
Nepali Department, Birendra Multiple Campus, TU

***Article History :*** *Submitted 25th Dec., 2022; Reviewed 22nd Feb., 2022; Revised 10th March, 2023*

***Corresponding Author :*** *Dhaneshwor Bhattarai,* ***E-mail :*** *bhattaraidhaneshwor46@gmail.com*

**सारसङ्क्षेप**

*पोषराज पौडेल (२००१) नेपाली साहित्यसिर्जनामा प्रगतिवादी साहित्यकारका रूपमा परिचित छन् । उनका दर्जनौं कृतिमध्ये शुक्लागण्डकीत्र (२०१८) दोस्रो महाकाव्य हो । प्रस्तुत महाकाव्य विशेषतः सशस्त्र सङ्घर्ष, जनआन्दोलन, गणतन्त्र र सङ्घीयतासहितको समाजवादोन्मुख राज्यव्यवस्था सञ्चालन तथा त्यसको गन्तव्य र प्राप्तिसँग सम्बन्धित छ । महाकाव्यले वर्तमान राज्यसत्ताले देश र जनताप्रति देखाएको गैरजिम्मेवारी, निम्त्याएको दुःरवस्था र बेहोर्नु परिरहेको दुर्गतिले गणतन्त्रात्मक नेपालको जनाकाङ्क्षा कुण्ठित भएकाले सशक्त प्रतिरोध गर्दै समतामूलक समाजवादी राज्यव्यवस्था प्राप्त्यर्थ क्रान्ति–विद्रोहका माध्यमद्वारा अघि बढ्नुपर्ने कुरालाई सङ्केत गरेको छ। यसक्रममा महाकाव्यका वस्तुका रूपमा निहित कथानक, विचार, घटना, द्वन्द्व, कथ्य आदिका समग्र वस्तुरूपलाई महाकाव्यमा के–कस्तो कार्यकारण शृङ्खलामा विन्यस्त गरिएको छ भन्ने कुराको अध्ययन–विश्लेषणका साथ मूल्याङ्कन गरिएको छ।*

**शब्दकुञ्जी** : जब्बर, मशाल, भजने, भोला, स्पार्टकस।

## विषयपरिचय

साहित्यका विधाहरूमध्ये कविता एउटा विधा हो भने कविताका विविध भेदमध्ये महाकाव्य एक भेद हो। कवितालाई लघुतम, लघु, मध्यम (खण्डकाव्य), बृहत् र बृहत्तर गरी पाँच उपभेदहरूमा वर्गीकरण गरी हेरिएको पाइन्छ। कलात्मक भाषाका माध्यमबाट दुई वा चार पङ्क्तिमा अभिव्यक्त कविताको लघुतम रूपलाई मुक्तकका रूपमा हेरिएको छ भने त्यसभन्दा माथिका युग्मक, विशेषक, कलापक र कूलकजस्ता कवितात्मक रूपलाई लघु वा फुटकर कविता मानिएको छ। अभिव्यक्तिगत आयाम र संरचनागत स्वरूपले स्वयंमा पूर्ण मुक्त प्रकारको कविता मुक्तक हो भने आत्मपरक वा वस्तुपरक दुई वा त्यसभन्दा बढी श्लोक संरचना प्राप्त लघु आकारको कवितालाई फुटकर कविताको रूपमा हेरिएको छ (त्रिपाठी र अरू, २०४६, पृ. ४९) । कविताको लघुरूप र बृहत् रूप महाकाव्यबिचको आत्माभिव्यञ्जना रहे पनि प्रबन्धनयुक्त आख्यानीकृत र वस्तुताभित्रै भावगत सबलता भएको सुनियोजित रूपमा युगजीवनका कुनै खास पक्षमा केन्द्रित कविताको मध्यम रूपलाई नै खण्डकाव्य मानिएको छ (चापागाईं, २०५२, पृ. ४) । कविताप्रवाह मध्यम रूपको खण्डकाव्यभन्दा विस्तारित भएर अघि बढ्छ त्यतिबेला निश्चित संरचनात्मक प्रबन्धनमा आबद्ध रहेर विराट् र व्यापक भावभूमि आत्मसात् गर्दै कविताको सर्वोच्च रूप बृहत् वा महाकाव्ययात्राको थालनी हुन्छ।

*Copyright 2023© the Author(s)*

कविताको बृहत् रूपलाई पनि पूर्वी-पश्चिमी विद्वानूहरूले बृहत् र बृहत्तर/बृहत्तम महाकाव्य गरी दुई रूपमा हेरेका छन् । पूर्व र पश्चिमका महाकाव्यकारहरूले प्राचीनकाल, मध्यकाल र आधुनिक कालमा रचना गरेका अनेक महाकाव्यहरूका संरचनात्मक स्वरूप, विषयवस्तुगत व्यापकता र भागवत उच्चताका आधारमा ललित महाकाव्य र विकासशील महाकाव्य गरी दुई रूपमा चर्चा गरेका छन् । यसअन्तर्गत विशाल जातीय जीवन, संस्कृति र सिङ्गो युग-सभ्यताकै अनुभूति गराउने विराट्, भव्यतर र उदात्त महाकाव्यलाई कविताको बृहत्तर/बृहत्तम वा विकासशील महाकाव्य र आख्यानात्मक सबलता अनुभूतिगत व्यापकता, सुसङ्गठित संरचना तथा भागवत उदात्तताले परिपूर्ण कविताको बृहत् रूपलाई कलात्मक वा ललित महाकाव्य नामकरण गरिएको छ (चापागाईं, २०५२, पृ. ७) । कविताका उपर्युक्त रूपहरूमध्ये संरचनागत स्वरूप, अभिव्यक्तिगत आयाम, जगत्‌जीवन वा सामाजिक प्रतिबिम्बन, भावगत सबलता र उदात्तताका आधारमा *शुक्लागण्डकी* महाकाव्य कविताको बृहद् रूपको कलात्मक महाकाव्य रहेको छ। यस आलेखमा *शुक्लागण्डकी* महाकाव्यमा प्रयुक्त वस्तुविन्यासका आधारमा महाकाव्यको अध्ययन गरिएको छ ।

**समस्याकथन**

महाकाव्यकार पौडेलको *शुक्लागण्डकी* महाकाव्य सामाजिक विषयवस्तुमा आधारित महाकाव्या हो । समकालीन नेपाली समाजले भोगिरहेको अभावप्रतिको असन्तुष्टि र आर्थिक सामाजिक दुरवस्थाका विरुद्ध विद्रोह गर्दै समतामूलक समाजवादी राज्यव्यवस्था स्थापनाको उद्देश्यअनुरूपको कथानक, द्वन्द्व र मूलकथ्य वा भाव-विचारयुक्त यस महाकाव्य अध्ययनका निम्ति निम्न समस्याहरू रहेका छन् :

(क) महाकाव्यमा कथानकयोजना र द्वन्द्वविधान कसरी गरिएको छ ?

(ख) महाकाव्यमा मूलकथ्य वा भाव-विचारलाई कसरी विन्यस्त गरिएको छ ?

**अध्ययनको उद्देश्य**

समकालीन नेपाली समाजको सामाजिक विशिष्टतालाई व्यक्त गर्ने *शुक्लागण्डकी* महाकाव्यको अध्ययनका क्रममा मुख्य रूपमा समस्या समाधान गर्ने निम्न उद्देश्य रहेका छन् :

(क) महाकाव्यका कथानकयोजना र द्वन्द्वविधान केलाउनु,

(ख) महाकाव्यको मूलकथ्य वा भाव-विचारपक्षको निरूपण गर्नु ।

प्रस्तुत शोध उपर्युक्त उद्देश्यपूर्तिमा केन्द्रित रहेर समस्या समाधान गर्न उन्मुख रहेको छ ।

**अध्ययनविधि**

महाकाव्य साहित्यका क्षेत्रमा कविताकै उपविधाका रूपमा परिचित रहेर पनि आफैंमा पूर्ण र स्थापित छ। यसका सावयव संरचक घटकहरू कवितामान्यतामा आधारित भए पनि आफ्ना केही स्वरूपगत विशिष्ट अभिलक्षणका साथ भिन्न रहेको छ। महाकाव्यीय मानकका आधारहरू पूर्वस्थापित र परिभाषित भएर पनि समयान्तरमा युगीन आवश्यकतानुसार तिनमा केही परिमार्जनसमेत हुँदै आएको देखिन्छ। यस आलेखमा कविताअन्तर्गतको महाकाव्य विधामा उपयोग गरिने वस्तुविन्याससम्बन्धी सैद्धान्तिक पृष्ठभूमिमा आधारित रहेर पोषराज पौडेलको महाकाव्यमा प्रयुक्त वस्तुको अध्ययन गरिएको छ । यस अध्ययनका लागि पुस्तकालयबाट प्राप्त कृति र कविता-महाकाव्यमा प्रयुक्त वस्तु विन्याससम्बन्धी उपलब्ध प्राथमिक र द्वितीयक सामग्रीहरूको उपयोग गरिएको छ। अध्ययनका क्रममा आवश्यकताअनुसार वर्णनात्मक एवं विश्लेषणात्मक विधि अवलम्बन गरिएको छ ।

**वस्तुविन्यासको सैद्धान्तिक अवधारणा**

महाकाव्यका वस्तुका बारेमा चर्चा गर्दा कविताकै वस्तुका सन्दर्भबाट अघि बढ्नु उचित देखिन्छ। कविताका परम्परित संरचनात्मक तत्त्व वा घटकहरूले वस्तुका बारेमा सङ्केत गरे पनि त्यसबारे स्पष्ट धारणा पाइँदैन। कवितालाई साङ्केतिक रूपमा उल्लेख गर्ने क्रममा पद्यलयात्मक अभिव्यक्ति मानिएको र कविताको वस्तुलाई संरचनाअन्तर्गतको स्थायी विशेषता मान्दै कवितारचनाका परस्पर समग्रतालाई कविताको वस्तुको निर्माणतत्त्व मानेको पाइन्छ (शर्मा, २०५५, पृ. ९८)। कविताको उपविधागत भेदका रूपमा रहेको महाकाव्यका सम्बन्धमा अनेक परिभाषा पाइन्छन्। युगानुकूल परिभाषामा थपघट गर्दै महाकाव्यलाई  यसरी चिनाइएको छ :

> आकारमा ठुलो, उदात्त शैलीमा लेखिएको महान् उद्देश्यले आनुप्राणित, महान् वा आदर्शचरित्रको वर्णन गरिएको, कुनै पनि राष्ट्र वा जातिका महत्तम आदर्श, संस्कार, संस्कृति, इतिहास, जीवनदर्शन र नीतिजस्ता सम्पूर्ण राष्ट्र वा जातिले गौरव गर्ने र सम्पूर्ण राष्ट्र वा जातिकै स्वाभिमानको प्रतिनिधित्व गर्ने सम्पदाहरूको सङ्गठन भएको सर्वाङ्ग रूपेण परिमार्जित उत्कृष्ट काव्य महाकाव्य हुन्छ। (पोखरेल, २०५४, पृ. ३८-४७)

कविताकाव्यमा मूलतः आन्तरिक र बाह्य गरी दुई पाटा रहन्छन्। कथानक, घटना, क्रिया, द्वन्द्व, मूलकथ्य वा भाव-विचार आन्तरिक रूप हुन् भने भाषाशैली, छन्द, अलङ्कार, सर्गबद्धता आदि बाहिरी पक्ष हुन्छन्। यिनै अन्तर्बाह्य संरचनाका आधारमा कृतिको वस्तु र रूप गरी दुई दृष्टिले हेरिन्छ। कविता-काव्यमा निहित तिनै अन्तर्वस्तुहरू नै त्यस कृतिका वस्तु हुन्छन्। घटना वा सन्दर्भलाई भोक्ताले उपस्थित भएर भोग गर्ने प्रक्रियाको उपस्थापनामा देखिने कुरा नै वस्तु हुन्छ (सुवेदी, २०६४, पृ. ३०)। कुनै पनि कृतिमा घटित घटना, प्रसङ्ग, ढाँचा वा रूपरेखा, द्वन्द्व आदि कार्यव्यापारका रूपमा विकसित हुँदै कार्यकारण शृङ्खलामा बाँधिएर कथानकका रूपमा विकसित भएर मूलभाव, विचार वा मूलकथ्य प्रस्तुत गरिएको हुन्छ। यसरी हेर्दा कवितामा निहित विचार, घटना, द्वन्द्व, कथ्य आदिको समग्र रूपलाई नै कविताको वस्तु वा वस्तुतत्त्व मान्न सकिने देखिन्छ (गौतम, २०६९, पृ. ९०)।

कविता लघुतम रूप मुक्तकबाट सुरु भएर फुटकर र मध्यम हुँदै वृहत् र वृहत्तर रूपतिर अघि बढेको हुन्छ। लघु रूपसम्म आउँदा अनुभूतिको झिल्काभन्दा माथि उठेर जीवनको खास अभिप्राय बनिसकेको हुन्छ (त्रिपाठी, २०६५, पृ. ४)। संरचनागत स्वरूप र अभिव्यक्तिगत आयामका दृष्टिले कविता जतिजति बढ्दै जान्छ अनुभूतिको आख्यानीकरणको त्यति नै आवश्यकता पर्दै जान्छ। महाकाव्य कविताको बृहत् रूप वा ठुलो एकाइ भएकाले त्यसमा वर्णनको प्रधानता रहन्छ। त्यसमा अनुभूतिको विस्तार आख्यानद्वारा गरिएको हुन्छ। कविता अनुभूतिप्रधान भएर पनि महाकाव्यिक संरचनासम्म आइपुग्दा विषयप्रधान रहन्छ (चापागाईं, २०५२, पृ. ३६)। पूर्वीय चिन्तनमा नाटककै सन्दर्भबाट किन नहोस् वस्तु, नेता र रसलाई महत्त्व दिएको देखिन्छ भने पश्चिममा काव्यको वस्तु, सङ्गठनमा आधारित समाख्यानात्मक भेद मानिन्छ। 'महत्' शब्दलाई आधार मानेर महत् कथानक, महत् कार्य (उद्देश्य), महत् चरित्र र महत् भाव आदिलाई महाकाव्यका तत्त्वका रूपमा हेरिएको छ (अधिकारी, २०६६, पृ. ४१)। महाकाव्यको मूलतत्त्व, अङ्ग वा घटकका रूपमा रहने केन्द्रीय कथ्य वा भाव-विचार र त्यससँग सम्बद्ध सन्दर्भसामग्री महाकाव्यका वस्तुका रूपमा रहेका हुन्छन्। महाकाव्यको कवि अनुभूतिको आख्यानीकरण गर्छ। उसले बाह्यजगत्तिर उन्मुख भएर युग, जीवन, समाज र प्रकृतिमा विद्यमान विविधतालाई समेट्दै, भौतिक-आत्मिक अनेक दृश्यचित्रका माध्यमबाट मूलवस्तु वा भाव व्यक्त गरिरहेको हुन्छ।

जुनसुकै कृतिमा नभई नहुने कुरालाई वस्तु मानिन्छ। यो कृतिको कथानकको कार्यकारण शृङ्खलामा उनिएको द्वन्द्व र त्यसबाट उत्पन्न क्रियाका रूपमा रहन्छ (बराल र एटम, २०५८, पृ. ४१)। महाकाव्यमा पनि कार्यकारण शृङ्खलामा आबद्ध घटना कथानकका रूपमा रहेको हुन्छ। कृतिको आरम्भदेखि मध्यभाग हुँदै अन्त्यसम्म रहने त्यस कथानकमा घटना र द्वन्द्वको ढाँचा वा रूपरेखा कृतिको वस्तुका रूपमा रहन्छ। कृतिमा विन्यस्त वस्तु वा घटनाहरूको पुञ्ज कथानक हो, त्यो कृतिको

वस्तु हो (लुइँटेल, २०६०, पृ. ८०) । यस्तै द्वन्द्व कृतिको वस्तुका रूपमा रहन्छ। विपरीत परिस्थिति, विचार, व्यक्ति, शक्ति र चिन्तनका बिचको सङ्घर्ष द्वन्द्व हुन्छ। द्वन्द्वात्मक घटनाहरूले कार्यव्यापारलाई विकसित गर्दछन् र वस्तुको निर्माण भएको हुन्छ। अनुकूल-प्रतिकूल चरित्र वा विरोधी व्यक्ति वा शक्ति र चिन्तनका बिचमा हुने सङ्घर्ष नै द्वन्द्व हो (लुइँटेल, २०६०, पृ. ८४) । यसरी कुनै पनि स्रष्टाले उद्देश्य प्राप्तिका लागि कृतिमा कथानकको आदिदेखि अन्त्यसम्मको कार्यकारण शृङ्खला, कार्यव्यापार, द्वन्द्व आदि वस्तुको विन्यास गरेको हुन्छ। तिनकै सहयोगमा कृतिमा सहभागी चरित्रका बाह्यान्तरिक परिवेशका आधारमा इच्छित भाव व्यक्त गरिएको हुन्छ। सङ्क्षेपमा भन्नुपर्दा जुन कुरा नभई कृति बन्न सक्दैन त्यो वस्तु हो। त्यो वस्तु भनेको कथानकको कार्यकारण शृङ्खलाभित्र नियोजित भएका घटना, सहभागीका कार्यव्यापार, उपस्थित द्वन्द्व र कृतिले व्यक्त गर्न चाहेको मूलकथ्य वा भाव-विचार हो। महाकाव्यका कथानक, द्वन्द्व, मूलकथ्य वा भाव-विचार त्यसभित्र सान्दर्भिक रूपमा आउने कुराहरू नै महाकाव्यका वस्तु हुन्।

### कथानक

कथानक लेखकले आफ्नो उद्देश्य प्राप्तिका लागि सोचेसम्झेर तयार गरेका घटनाहरूको विन्यास हो। कृतिमा देखिने घटनाहरूको योजना, कार्यव्यापार, एकापसका घटना, ती बिचको कार्यकारण शृङ्खला र सम्बन्ध, तज्जन्य द्वन्द्व र कृतिको ढाँचा वा रूपरेखा कथानक हुन्छ। कथानक कृतिमा आदिदेखि अन्त्यसम्म रहेको हुन्छ। कृतिको कार्यव्यापारका रूपमा रहने योजना वस्तु हो। *शुक्लागण्डकी* महाकाव्यमा पनि कथानक योजनाले आदिदेखि अन्त्यसम्मको महाकाव्यको ढाँचा प्रस्तुत गरेको पाइन्छ।

### द्वन्द्व

कुनै पनि कृतिको आवश्यकीय वस्तुका रूपमा द्वन्द्वको संयोजन गरिएको हुन्छ। एक-आपसमा असहमतिको भाव प्रकट गर्ने विरोधी व्यक्ति, शक्ति वा परिवेश र परिस्थितिलाई अथवा दुई विरोधी तत्त्वहरूका बिचको साक्षात्कारबाट द्वन्द्वको सिर्जना हुन्छ (लुइँटेल, २०६०, पृ. ८) । कथानकमा विद्यमान यी दुई शक्तिका बिचमा हुने सङ्घर्ष नै द्वन्द्व हुन्छ र त्यो कार्यव्यापारकै तहमा रहेर कृतिमा विकसित भएको हुन्छ। कथानकमा रहने द्वन्द्वपूर्ण घटनाका आधारमा सहभागीका द्वन्द्वत्मक क्रिया अघि बढ्छन्। द्वन्द्व व्यक्ति-व्यक्तिका बिचमा, व्यक्ति र परिवेशका बिचमा, व्यक्तिका परस्पर विरोधी चिन्तनका बिचमा रहेको हुन्छ। यसरी द्वन्द्वका अनेक रूप देखिए पनि समग्रमा बाह्य द्वन्द्व र आन्तरिक द्वन्द्व गरी अनुकूल र प्रतिकूल वस्तु, व्यक्ति, परिवेश वा चिन्तनका आधारमा अध्ययन विश्लेषण गरिएको हुन्छ। यिनै विविध अवस्था र परिवेशका आधारमा *शुक्लागण्डकी* महाकाव्यमा अवस्थित द्वन्द्वको अध्ययन गरिएको छ।

### मूलकथ्य वा भाव-विचार

कृतिको कार्यव्यापारमा घटित भएर अभिव्यक्त हुने मुख्य विषयवस्तु नै त्यसको मूलभाव वा विचार हुन्छ। स्रष्टा जुनसुकै विषयवस्तु ग्रहण गरेर त्यसबारेमा आफ्ना चिन्तन, धारणा वा विचार प्रस्तुत गर्न स्वतन्त्र रहन्छ। जगत्जीवन, समाज र प्रकृतिका यावत् पक्षमा वा जीवन-समाजका अँध्यारा-उज्याला पाटाका कुनै पनि क्षेत्रमा केन्द्रित रहेर त्यसबारेका आफ्ना अवधारणालाई रागात्मक अभिव्यक्ति दिनु स्रष्टाको उद्देश्य रहेको हुन्छ। उसले व्यक्त गरेको विषयवस्तु मूलकथ्य वा भाव-विचारका रूपमा कृतिमा प्रस्तुत भएको पाइन्छ। कविता संरचनात्मक दृष्टिले जुन रूप र प्रकारमा रहे पनि रचनामा मूलवस्तुका रूपमा अमूर्त वा सूक्ष्म तहमा रहेर काव्यमा प्रसारित वस्तु नै भाव हो भन्न सकिन्छ। त्यही प्रमुख भाव वा मूलकथ्य कविता-काव्यको विषयवस्तु बनेर कविता-काव्यमा प्रवाहित रहन्छ। लघु कवितामा अनुभूतिकै तहमा रहे पनि खण्डकाव्य-

महाकाव्यमा आख्यानीकरण हुँदै घटनासन्दर्भ, सहभागी र तिनका कार्यव्यापार, द्वन्द्व र पूर्वापरसम्बन्ध हुँदै सिङ्गो काव्यमा उत्रिएको हुन्छ। *शुक्लागण्डकी* महाकाव्यमा पनि मूलकथ्यका रूपमा निहित भाव वा विचार रहेको पाइन्छ।

## *शुक्लागण्डकी* महाकाव्य र त्यसका कवि

कवि पोषराज पौडेलद्वारा रचित *शुक्लागण्डकी* उनको दोस्रो महाकाव्य हो। नेपाली कविता-काव्यसिर्जनामा २०३० को दशकदेखि निरन्तर क्रियाशील पौडेलका कवितासङ्ग्रह, खण्डकाव्य र महाकाव्य गरी दर्जन बढी कृति प्रकाशित छन्। विशेषतः प्रगतिवादी स्रष्टाका रूपमा परिचित उनका कृतिमा समाजवादी-यथार्थवादी चिन्तनका स्वरहरू मिहिन रूपमा भरिएको पाइन्छ। उनका कृतिमा सम्पन्न र विपन्नका कथा र व्यथा कुँदिएको पाइन्छ। वर्गीय पक्षधरता उनको पहिचान देखिन्छ। राज्यसत्ता वा राष्ट्रिय सामाजिक तहमा कहिल्यै नदेखिने निम्नवर्गीय पात्रहरू र सदैव राज्यसत्ताको दोहन गर्ने टाठाबाठाहरूका कर्म, चिन्तन, चरित्र र त्यसका परिणामलाई उनले अफ्ना रचनाहरूमा कथ्यका रूपमा प्रस्तुत गरेको देखिन्छ। नेपाली समाजमा प्रजातन्त्रको पुनःस्थापनापश्चात् भएको सशस्त्र द्वन्द्व, सङ्घीयतासहितको गणतान्त्रिक राज्यव्यवस्थाको स्थापनाले नेपाली समाजको सामाजिक-आर्थिक रूपान्तरण नगरेको बरु विभेद, अन्याय, शोषण र अत्याचार व्याप्त बनेका पृष्ठभूमिमा कविले *शुक्लागण्डकी* महाकाव्य रचना गरेको देखिन्छ। राज्यसत्ताले निम्त्याएका दुर्गीति र दुरवस्थाका कारण नेपालीले भोग्नुपरेका दुःख-कष्टको चित्रण गर्दै सम्झौताहीन सङ्घर्षका माध्यमबाट जनवादी सत्ता स्थापनाका मार्गमा निरन्तर बढिरहने मूलभावलाई अर्न्ततहमा प्रक्षिप्त गरेर महाकाव्य सिर्जना गरिएको छ। नेपाली समाज र जीवनका अनेकन आरोह-अवरोहलाई कथानकका रूपमा उभ्याएर त्यसकै पृष्ठभूमिमा समाजमा अनुभूत गर्न सकिने चरित्रहरूका स्वार्थ, लोलुपता, अहम् र आडम्बरलाई उदाङ्ग पारिएको छ। समाजमा विद्यमान विकृति, विसङ्गति, पदाकाङ्क्षा, दुराचार र दुष्कर्मले गणतन्त्रद्वारा प्राप्त संविधानका मौलिक हक र अधिकारसमेत कुण्ठित पारेर गरिएका दुष्कर्मविरुद्ध क्रान्ति र विद्रोहको स्वर सुसेल्दै सामाजिक द्वन्द्वकै बिच स्पार्टाकसजस्तो मुक्तकामी वीर योद्धाको जन्म गराइएको छ। त्यही मुक्तियोद्धाले नेपाली समाजका समस्त दुष्कर्म र विकृतिको अन्त्य गर्ने र सुनिश्चित एवं उज्ज्वल भविष्यको आह्वान र निर्माण गर्ने मूलभावमा *शुक्लागण्डकी* महाकाव्य केन्द्रित रहेको छ।

*शुक्लागण्डकी* महाकाव्यका कविले आफ्नो चिन्तन र अनुभूतिलाई आख्यानीकरण गरी त्यसका माध्यमबाट सिङ्गो राष्ट्रिय समाज र सामाजिक क्षेत्रका विविध पक्ष उद्घाटन गरेका छन्। महाकाव्य अनुभूति विस्तारको विशाल पटाङ्गिनी बनेको छ। कविले वर्तमानमा उभिएर देश, समाज, इतिहास, प्रकृति, संस्कृति र समकालीन युगजीवनका विविधतालाई महाकाव्यमा उतारेका छन्। उनी अन्तर्लोकबाट बाहिरी संसारमा निस्केर वर्तमान राज्यसत्ताका विरुद्ध विद्रोह बोलिरहेका भेटिन्छन्। समतामूलक जनवादी राज्यव्यवस्थाका निम्ति विद्यमान विभेदपूर्ण, शोषणमूलक अन्यायी सत्ता र त्यसका हिमायतीलाई निमिट्यान्न पार्नुपर्ने उद्घोष गरिरहेका देखिन्छन्। यस आलेखमा कविताको बृहत् रूपमा देखिने *शुक्लागण्डकी* महाकाव्यको वस्तु के छ र त्यसलाई कसरी विन्यास गरिएको छ भन्ने बारेमा तल विश्लेषण गरिएको छ।

## *शुक्लागण्डकी* महाकाव्यको वस्तुविश्लेषण

कुनै पनि कृति वा रचनाका वस्तु भन्नाले कृति बन्नका लागि नभई नहुने अत्यावश्यक सामग्री भन्ने बुझिन्छ अर्थात् कृतिसंरचनाका आवश्य सामग्री त्यसका वस्तु हुन्। प्रस्तुत *शुक्लागण्डकी* महाकाव्यमा पनि आवश्यक वस्तु-सामग्रीको प्रयोग गरिएको पाइन्छ। तसर्थ *शुक्लागण्डकी* महाकाव्यमा वस्तुका रूपमा प्रयुक्त कथानक, द्वन्द्व र मूलकथ्य वा भाव-विचारलाई निम्न बुँदाअन्तर्गत राखेर अध्ययन गरिएको छ :

**(क) कथानकका दृष्टिले *शुक्लागण्डकी* महाकाव्य**

*शुक्लागण्डकी* महाकाव्यले बिस सर्गमा शास्त्रीय चतुष्पदी छन्दका एक हजार पैँसठ्ठी श्लोकमा संरचना प्राप्त गरेको छ। महाकाव्यको प्रथम सर्ग मङ्गलाचरणका रूपमा आएको छ र काव्यवस्तुको सङ्केत गर्दै काव्य पूर्णताका लागि मङ्गलको कामना गरेको छ। यससँगै विद्यमान शासकीय स्वरूप, सामाजिक-आर्थिक अवस्था र त्यसबाट मुक्तिका लागि स्पार्टाकसजस्ता वीर योद्धाको जन्म हुने सङ्केत गरेको छ, जुन महाकाव्यीय कथानकको पृष्ठाधार बनेर आएको छ। महाकाव्यको दोस्रो सर्ग शुक्लागण्डकी नदीकिनारको शान्ता गाउँमा एक मानवसमूह आएर बसेको छ। त्यही शान्ता गाउँ महाकाव्यको कार्यपीठिका बनेको छ। विदेशबाट फर्किएका र परदेशबाट लखेटिएकाहरू पितृभूमिको त्यो नदीतटको बन्जर भूमिसँग साइनो जोड्छन्। ढुङ्गा-गेगर पन्छाएर, झाडी-बुट्यान फाँडेर मलिलो बनाई उब्जाउ गरेर जीवन धान्ने मेसो सुरु हुन्छ। प्राकृतिक विपत्ती र कोरोनाको प्रकोपका बिच डरलाग्दो अभाव र गरिबीसँग सङ्घर्ष गर्दै लालाबाला हुर्काएका छन्। महाकाव्यको घटना वा सन्दर्भमा वर्षौंदेखि सत्तानिकट रहेर अकूत सम्पत्तिका मालिक गाउँका मुखियासँग कुरा मिल्दैन। धूर्त र छली स्वभावका जब्बर सिंहलाई आरम्भमा दयालु र सहयोगी सम्झे पनि बिस्तारै भेद खुल्छ। कोरोना महामारीमा जति सघाए पनि उल्टो हुन्छ। कथानकमा देखिने घटना र सन्दर्भले महाकाव्यमा कथानकसँगै द्वन्द्वको बीज रोपिएको छ।

जब्बरको पुत्र वृषभध्वज कम्युनिष्ट सरकारको केन्द्रीय नेता र मन्त्रीसमेत छ। राष्ट्रिय ढुकुटी टाट उल्टाएर आफ्नो प्रभुत्व जमाउने र सरकारी सुविधा दुरूपयोग गरी असहमति प्रकट गर्नेसँग बदला लिन योजनाको जाल बुनिएको छ। अघिपछि असङ्ख्य लठैत र बाक्लो सुरक्षाका साथ बडो तामझामसहितको भव्य मञ्चबाट कुर्लिने नेताको भनाइमा ताली नबजाउँदा विरोधी बनाए र धरपकड, लाठीचार्ज र गोली चलेको छ। निमुखा नागरिकहरू मारिएका छन् र सयौँ पक्राउ परेका छन् (५ः३५-३६)। सृजनशील, परिश्रमी तर दुःखिया गरिब गाउँलेहरू त्रसित बनेका छन्। शान्ता गाउँ अशान्त बनेको छ। सबै जमिन मुखियाले आफ्नो बनाएकाले मंसिरमा अन्न भित्र्याउन पाउँदैनन्, विद्रोह गर्छन्। मन्त्री आतङ्क मच्चाउँछन्। गाउँ शान्त राख्ने आदेश हुन्छ। गरिबका झुप्रामा आगो लाग्छ, गोली चल्छ र मान्छे मारिन्छन्।

महाकाव्यमा सामाजिक, ऐतिहासिक, सांस्कृतिक र पौराणिक सन्दर्भहरू आएका छन्। धेरैपछि शान्ता गाउँ चल्मलाउँछ तर धम्की र त्रास उस्तै छ। राहतका नाममा कनिका छरिन्छ र सबै डकार्छन्। गाउँकी गरिब तर सुन्दरी युवती रूपा अपहरणमा पर्छे, बलात्कार पछि हत्या गरिन्छ, शुक्लागण्डकीको बगरमा लास भेटिन्छ। यस्ता अनेक घटना-सन्दर्भहरू र त्यसका क्रिया-प्रतिक्रियाका रूपमा कथानक बगेको छ।

महाकाव्यको प्रथम र द्वितीय सर्गमा मुक्तियोद्धा स्पार्टाकसको नेपालमा पुनर्जन्मको सन्दर्भ कथानकको बीजका रूपमा देखिन्छ।  शान्ता गाउँका बासिन्दा, मुखियासँगको सम्बन्ध-क्रिया हुँदै मन्त्रीका आदेशमा गाउँमा शान्ति, सुव्यवस्था कायम गर्ने नाममा राज्यसत्ताद्वारा गरिएका अनेक दुष्कर्म र तज्जन्य क्रियाद्वारा भए-गरिएका सम्पूर्ण पक्ष महाकाव्यको कथानकको पूर्व छनक पाइन्छ भने मध्य भागमा त्यो विस्तारित भएर सिङ्गो राष्ट्र र सम्पूर्ण नेपाली जनताको समकालीन चिन्तन र आकाङ्क्षा बनाउन चाहेको देखिन्छ। जनयुद्धका क्रममा देखाइएका सपना, गरिएको त्याग र बलिदान निष्फल भएको र त्यो हुन नदिनका निम्ति जनसेना गठन, तालिम, प्रशिक्षण, विरोध, विद्रोहजस्ता क्रिया-प्रतिक्रियामा महाकाव्यको कथानक विस्तारित बनेको छ। चौधौँ सर्गमा राज्यसत्ताको कडा निगरानीका बिचमा राधाका दुई पुत्र जन्मिन्छन् र तिनको नाम 'स्पार्टाकस' र 'पिटर' राखिन्छ। जनयुद्ध गर्ने गुरिल्ला दस्ताद्वारा सुरक्षाघेराभित्र तिनको हेरचाह, ज्ञान, विज्ञान र दर्शनको प्रशिक्षण दिएर लोकतान्त्रिक व्यवस्थाविरुद्ध जनवादी राज्यसत्ता स्थापनाका निम्ति लागिरहनुसमेत महाकाव्यको मध्यभाग रहेको छ। बिसौँ सर्ग महाकाव्यको उपसंहार र अन्त्य भागका रूपमा रहेको छ। यसमा शोषणयुक्त र जनतामारा राज्यसत्ता ध्वस्त बनाएपछि नयाँ जनवादी सत्ताका उदात्त र मानवीय चिन्तनका सुन्दर रूपहरू छरिएका छन्। खुसीयालीको माहोलमा महाकाव्यको कथानक समाप्त भएको छ।

*शुक्लागण्डकी* महाकाव्यमा सुनियोजित घटनावलीहरूको आयोजन गरिएको छ। ती घटनाहरूको विन्यस्तबाट कथानकको

आधारभूमि बनेको छ भने तिनको पूर्वापर सम्बन्ध र कालक्रमिकता आदिले कथानक तयार पारिएको देखिन्छ। महाकाव्य काल्पनिक यात्रा, दार्शनिक दृष्टि, बौद्धिक अभिव्यक्ति र जगत्-जीवनको विहङ्गम अवलोकन यात्रासमेत भएकाले अनुभूत, दृष्ट र उपस्थित सहभागीहरूका सहयोगमा कार्यकारण शृङ्खलामा घटित अनेक घटनावलीहरूको सुन्दर रूपमा विन्यस्त गरी कथानकयोजनालाई *शुक्लागण्डकी* महाकाव्यमा मध्यम तहमा उपयोग गरिएको छ। यसप्रकार कवि पौडेलले सशस्त्र विद्रोहपछिका दिनमा स्थापित गणतान्त्रिक शासन व्यवस्थामा सत्ताद्वारा गरिएका दुष्कर्म र जनवादी राज्यव्यवस्था स्थापित गर्न गरिएका उपक्रमहरूलाई कार्यकारण सम्बन्धका पूर्वापर घटना शृङ्खलामा उनेर महाकाव्यको वस्तुका रूपमा कथानक तयार गरेको देखिन्छ।

**(ख) द्वन्द्वविधानका दृष्टिले *शुक्लागण्डकी* महाकाव्यको विश्लेषण**

*शुक्लागण्डकी* महाकाव्यको कथानकमा नै विपरीत र परस्पर विरोधी चिन्तनका सहभागीहरू रहेकाले यसमा द्वन्द्व प्रखर रूपमा मुखरित छ। एकातिर सत्तासीन उच्चवर्ग छ जो सशस्त्र युद्ध गरेर देशमा गणतन्त्र आएपछि सर्वेसर्वा भएर राज्यको ढुकुटीमा दाइँ गरिरहेको छ। सँगै युद्धमा सहभागी असङ्ख्यलाई लत्याएर आसेपासे र आज्ञापालक भरौटे कार्यकर्ताका बिच राजसी ठाँटमा जीवन बिताएको छ। यस वर्गका जब्बरसिंह र वृषभसिंह तथा भजनेहरू छन् भने अर्कातिर भोला, राधा, गोरे, कृष्णजस्ता कृषक, मजदुर र सामान्य जनता छन्। आफूलाई 'जदौ' गर्न नआएकामा भोलासँग जब्बर कूपित हुन्छ। सत्तानिकटका धूर्तहरूका कुरा सुन्छ। सुन्दर युवती राधालाई महल ल्याउन आदेश दिन्छ (३:३९)। कम्युनिष्ट सरकार छ, मन्त्री छन् तर जनपक्षीय चिन्तन र आचरण छैन। जनयुद्धको निरन्तरता र नयाँ जनवादी शासनव्यवस्थाका पक्षधर अर्कातिर छन्। वर्तमान नेपालको राज्यसत्ताले नेपाल र नेपालीको भलो हुनै नसक्ने ठानेर दीर्घकालीन सम्झौताहीन जनयुद्धका निम्ति तयारी गर्दै छन्। हँसिया-हथौडा अङ्कित झन्डा हेरेर गोरे टोलाएको छ। हिजोका राम हराम बनेका र नायक खलनायक बनेर कम्युनिष्टका नाममा अन्याय, अत्याचार र शोषण गर्दै राष्ट्र र जनताको बिहाल हुने अवस्थाले गोरेमा द्वन्द्वको भुङ्ग्रो तातेको छ।

महाकाव्यको आरम्भमै स्पार्टाकसको पुनर्जन्म हुने सन्दर्भ छ। सारमा भन्नुपर्दा त्यही नै महाकाव्यिक द्वन्द्वको मूल बीज हो। वर्गीय चिन्तन, वर्गीय भिन्नता र वर्गीय द्वन्द्व नै महाकाव्यको द्वन्द्व आयोजन रहेको देखिन्छ। वैचारिक भिन्नताका बिचको रस्साकस्सी नै महाकाव्यको द्वन्द्व हो। चिन्तनगत विभेद, व्यावहारिक बेमेल र फरक कार्यशैली नै द्वन्द्वको मूलरूप रहेको छ। महाकाव्यमा यो आत्मिक र भौतिक दुवै दृष्टिले प्रकट भएको छ। हँसिया-हथौडाको झण्डामुनि बसेर मालिकको चाकडी-चाप्लुसीबाट नै अभीष्ट वा स्वार्थसिद्ध गर्ने चाहना र जन-दमनद्वारा सत्ता जोगाउने गोप्य मन्त्रणा, व्यापक पाखण्डीपन, संस्थागत भ्रष्टाचार, आपसी गुट-उपगुटको निर्माण आदिका साथ देशमा ब्रह्मलुटको ताण्डवनृत्य मच्चिरहेको वर्तमान नेपालको विषम परिस्थिति नै (खनाल, २०७८, पृ. च) महाकाव्यीय द्वन्द्वको मूल कारकतत्त्व रहेको प्रस्ट छ। आन्तरिक तहमा वैचारिक-दृष्टिगत भिन्नता र द्वन्द्व रहेको छ भने बाहिरी रूपमा भौतिक-शारीरिक क्रियात्मक रूपमा महाकाव्यभरि रहेको छ। उदात्त र उदार साम्यवादीका दृष्टिमा नेपालको वर्तमान लोकतान्त्रिक शासनव्यवस्थालाई केवल 'गलगाँड'को नाम दिनु नै द्वन्द्वको एक नमुना रहेको छ (सर्ग; १३:१४)। बस्तीमा आगो लगाउनु, रूपा बलात्कृत भएर मारिनपर्नु, राधालाई बलात्कार गर्न खोज्दा खुकुरीको चोट खाएर भाग्नु, सम्पन्न राष्ट्र वृद्धाश्रम बन्नु, राधाले स्पार्टाकस र पिटरलाई जन्म दिनु, जनताका सेवक कम्युनिष्ट नेताहरू साम्राज्यवादका दलाल र विदेशीका गुलाम बन्नु, बोक्सीको आरोपमा दिसा खुवाउनु, बलात्कृत हुनु, अत्याचारका कारण वासस्थान छाडेर हिँड्नु, देश बचाउ सङ्घ पार्टी खोल्नु, सम्झौताहीन क्रान्तिका पक्षमा लाग्नुजस्ता अनेक द्वन्द्वात्मक सन्दर्भ र घटनाहरू महाकाव्यमा रहेका छन्।

*शुक्लागण्डकी* महाकाव्य कथानक र कथ्य दुवै दृष्टिले द्वन्द्वपूर्ण रहेको देखिन्छ। द्वन्द्व मूलतः वैचारिक वा चिन्तनगत रूपमा आरम्भबाटै सुरु भएको छ। दुई भिन्न दर्शन, सिद्धान्त वा मान्यताले गर्दा द्वन्द्वपूर्ण कथानक, घटनासन्दर्भ र सहभागीका

क्रियाव्यापारमा पूर्वापर सम्बन्ध कायम राख्दै महाकाव्य अघि बढेको छ। त्यस क्रममा शुक्लागण्डकी किनारको शान्त र मनोरम 'शान्ता' गाउँ वैचारिक रूपले र व्यावहारिक अनुभवले क्रान्ति परिवर्तन र चेतनाका दृष्टिले उर्वर भएको छ। वर्तमान सत्ताका प्रतिनिधि र गरिब तर सचेत जनताबाट सुरु भएको त्यो द्वन्द्व क्रमशः विदेशी साम्राज्यवाद र प्रभुत्ववादका सामु घुँडा टेकेर सत्ता जोगाएर मोज गर्न पल्केका राष्ट्रिय दलालहरूका विरुद्ध महाकाव्यले झम्टा मारेको छ। स्पार्टाकस र पिटरजस्ता मुक्तियोद्धालाई जन्म दिएको मात्र छैन ज्ञान, दर्शन, चेतना, प्रशिक्षण, युद्धकौशल, तालिम आदि प्रदान गरेर सक्षम बनाएर समतामूलक साम्यवादी शासनव्यवस्थाको थालनी भएको देखाएको छ। परम्परित सत्ता निमिट्यान्न भएको राष्ट्रमा अमनचैन र खुसहालीका माहोलमा पुगेर महाकाव्यले यात्रा पुरा गरेको छ। यसरी *शुक्लागण्डकी* महाकाव्यमा सुविचारित रूपमै द्वन्द्व आयोजन गरिएको पाइन्छ।

**(ग) मूलकथ्य वा भाव-विचारका दृष्टिले *शुक्लागण्डकी* महाकाव्यको विश्लेषण**

*शुक्लागण्डकी* महाकाव्यको मूलकथ्य र विषयवस्तु समतामूलक नयाँ जनवादी राज्य स्थापना रहेको छ। समाजपरक चिन्तनद्वारा अभिप्रेरित कविको मार्क्सवादी दर्शनका आडमा समाजवादी राज्यव्यवस्थाको स्थापना नै अभीष्ट कार्य रहेको देखिन्छ। कविले आफ्नो केन्द्रीय विचार वा चिन्तनलाई वस्तुगत रूपमा महाकाव्यका तहमा अभिव्यक्ति दिएका छन्। काव्यिक दृष्टिले आवश्यक उपक्रमहरूद्वारा कविले जे-जति र जस्तो कथानक, घटना, सहभागी, कार्यव्यापार; सन्दर्भ, पारस्परिक सम्बन्ध शृङ्खलाको क्रमिक र विस्तार देखाएका छन् ती सबैको एउटै उद्देश्य आफ्नो चिन्तन वा विचारलाई काव्यभाषाका माध्यमबाट प्रक्षेपण गर्नु रहेको देखिन्छ।

द्वन्द्वपूर्ण कथानक र घटनासन्दर्भहरू, चारित्रिक र वैचारिक भिन्न सहभागीहरू तिनीहरूका क्रियाव्यापार र तज्जन्य परिणामहरूमा कविको विचारयुक्त आयोजन स्पष्ट हुन्छ। सत्ता स्वार्थमा पिल्सिएको, पदलोलुपता र आर्थिक लाभमा एकोहोरिएको समकालिक राज्यसत्ता वा युगप्रतिबिम्ब चिन्तन नै महाकाव्यको मूलकथ्य बनेर आएको हुँदा वर्गीय विभेदजन्य असन्तुष्टिको मशाल उचालेर साम्यवादी, वर्गविहीन र समतामूलक राज्यसंरचनाको काल्पनिक आकाङ्क्षालाई कविले महाकाव्यिक कलेवर दिएका छन्। भोला, गौरी, राधा, गोरे, कृष्ण, मानवजस्ता निम्नवर्गको जनसमुदाय एकातिर छ भने जब्बरसिंह, वृषभसिंह र भजनेलगायतको शासकवर्ग अर्कातिर छ। शासक र शासित, वर्तमानकालिक राज्यसत्ता र साम्यवादी राज्यव्यवस्था, हुनेखाने र हुँदाखाने, वर्गीय र वर्गविहीनजस्ता विपरीत चिन्तन वा विचारको रस्साकस्सीमा वर्गविहीन समाजव्यवस्थाको स्थापना भएको देखाउनु नै *शुक्लागण्डकी* महाकाव्यको मूलकथ्य, भाव वा विचार रहेको देखिन्छ।

**निष्कर्ष**

चितवनमा रहेर निरन्तर प्रगतिवादी साहित्यसिर्जनामा सक्रिय व्यक्तिका रूपमा कवि पोषराज पौडेल परिचित छन्। उनको *अतीतका पाइलाहरू* (आत्मवृत्तान्त) बाहेक एक दर्जन कविता-काव्य र महाकाव्य कृति प्रकाशित छन्। वैचारिक रूपमा मार्क्सवादी र लेखनका दृष्टिले प्रगतिवादी पोषराजको पछिल्लो महाकाव्य *शुक्लागण्डकी* हो। वर्तमानकालीन नेपाली समाज, जीवन र त्यसका विभिन्न पाटालाई मूलविषय बनाएर रचिएको *शुक्लागण्डकी* महाकाव्य समकालीन समाजको बिम्बचित्रका रूपमा रहेको छ।

गणतान्त्रिक संविधान प्राप्तिपश्चात्को नेपाली राष्ट्रिय समाज, समय र त्यसभित्र भए-गरिएका अनेक दुष्कर्म, स्वार्थ, पदाकाङ्क्षा, अस्तित्वहीनता, अहङ्कार, आडम्बर, क्षूद्र चिन्तन र कर्मलाई महाकाव्यले विषयवस्तुको आधार बनाएको छ। राष्ट्रिय स्वार्थभन्दा वैयक्तिक लाभ-हानीका दृष्टिले अघि बढेका सत्तासीनहरूको नाङ्गो चरित्र, अनुत्तरदायी चिन्तन, विदेशी प्रभुको आशीर्वाद लिएर सदैव राज गरिरहने लिच्चड प्रवृत्ति र गैरजिम्मेवार नेतृत्वका विरुद्ध विद्रोहका मार्गमा महाकाव्यको वस्तु अघि बढेको छ। सशस्त्र विद्रोहको अन्त्य र गणतन्त्र प्राप्तिपश्चात् गरिएका जनाकाङ्क्षा भस्मीभूत भएका छन्।

कम्युनिस्ट शासनमा जति दुःख, पीडा र मृत्यु जनताले अन्यत्र नपाएको खुलासा छ। यही सन्दर्भमा महाकाव्यको वस्तुले फड्को मारेको छ र तिनैको शासनविरुद्ध विद्रोह गरेको छ। आरम्भबाटै द्वन्द्वपूर्ण कथानक, घटनाक्रम, कार्यव्यापार र पूर्वापर सम्बन्ध कायम राख्दै शृङ्खलाबद्ध रूपमा मुक्तियोद्धाको कामना गरेकामा स्पार्टाकसलाई जन्म दिएर सशस्त्र विद्रोहका माध्यमबाट पुँजीपति र विदेशीका भक्त दलालहरूको सत्ता समाप्त पारी नयाँ जनवादी सत्ता स्थापनाको खुसियालीमा महाकाव्य टुङ्गिएको छ।

महाकाव्यमा कथानक, द्वन्द्व र मूलकथ्य वा भाव-विचारलाई आधार मानी विश्लेषण गरिएको छ। यसरी *शुक्लागण्डकी* महाकाव्यले समकालिक नेपाली समाज, समय र जीवनका विविध पाटाहरू चहार्दै रागात्मक भाषिक अभिव्यक्तिका माध्यमबाट वर्तमान सत्ताको समाप्ति र नयाँ जनवादी समाजव्यवस्थाको स्थापनालाई मूलवस्तु बनाएर कार्यकारण शृङ्खला र पारस्परिक सम्बन्धका आधारमा त्यसलाई विन्यास गरेको छ।

**सन्दर्भसूची**

अधिकारी, कृष्णराज, (२०६६), *महाकाव्य सिद्धान्त र देवकोटाका महाकाव्य,* गण्डकी साहित्य सङ्गम।

खनाल, नारायणप्रसाद, (२०७८), 'शुक्लागण्डकीको सौन्दर्यसिन्धुमा पञ्चस्नान', (भूमिका), *शुक्लागण्डकी.* लेखक पोषराज पौडेल, साहित्य सङ्गम।

गौतम, लक्ष्मणप्रसाद, (२०६९), *कविताको सैद्धान्तिक विमर्श,* पाठ्य सामग्री पसल।

चापागाईं, नरेन्द्र र सुवेदी, दधिराज, (२०५२), *काव्य समालोचना,* पूर्वाञ्चल साहित्य प्रतिष्ठान।

त्रिपाठी, वासुदेव, (२०६५), 'महाकवि देवकोटा र उनका महाकाव्य सम्बन्धमा' (भूमिका), *महाकवि लक्ष्मीप्रसाद देवकोटा र उनका महाकाव्य,* लेखक कुमारबहादुर जोशी (चौ.सं.), साझा प्रकाशन।

त्रिपाठी, वासुदेव र अरू, (२०४६) (सम्पा), *नेपाली कवितासङ्ग्रह, भाग ४,* साझा प्रकाशन।

पोखरेल, माधवप्रसाद, (२०५४), 'महाकाव्य सिद्धान्त र विकासक्रम', *समकालीन साहित्य,* वर्ष ७, अङ्क ३, पृ. ३८-४७।

पौडेल, पोषराज, (२०७८), *शुक्लागण्डकी,* साहित्य सङ्गम।

बराल, कृष्णहरि र एटम, नेत्र, (२०५८), *उपन्यास सिद्धान्त र नेपाली उपन्यास* (दो.संस्क.), साझा प्रकाशन।

लुइँटेल, खगेन्द्रप्रसाद, (२०५५), *कविता सिद्धान्त र प्रयोग,* नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान।

शर्मा, मोहनराज, (२०५५), *समकालीन समालोचना सिद्धान्त र प्रयोग,* नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान।

सुवेदी, राजेन्द्र, (२०६४), *सृजनात्मक लेखन : सिद्धान्त र विश्लेषण,* पाठ्य सामग्री पसल।

**Bharatpur Pragya : Journal of Multidisciplinary Studies**
[A Peer-Reviewed, Open Access Journal]
ISSN : 2990-773X (Print); ISSN : 2990-7748 (Online)
Published by Bharatpur Academy, Chitwan, Nepal
https://www.bharatpurmun.gov.np

# चितवनका चेपाङ जातिमा सांस्कृतिक परिवर्तन

**डी.आर. पोखरेल**
Bharatpur, Chitwan

***Article History :*** *Submitted 15th Dec., 2022; Reviewed 13th Feb., 2022; Revised 2nd March, 2023*

***Corresponding Author :*** *D.R. Pokharel,* ***E-mail :*** *pokhreldr61@gmail.com*

**सारसङ्क्षेप**

*चितवन वागमती प्रदेशको एक जिल्ला हो। यस जिल्लाको केही माथिल्लो भेगमा चेपाङ जाति बस्दछन्। यस जातिको आफ्नै थातथलो, भाषा, संस्कृति र आर्थिक जीवन छ। अति सीमान्तकृत आदिवासी जनजातिका रूपमा सूचीकृत भई यिनीहरूले आफ्नो जातीय मौलिक पहिचान पनि बनाइसकेको छ। प्रकृतिपूजन दृष्टि, संयुक्त परिवारको सामाजिक संरचना, आदिम प्रकारको चालचलन यस आदि जातिको विशेषता हो। आज यस मौलिक पहिचानमा धेरै परिवर्तन आएको छ। जमिनको स्वामित्व, नागरिकता आदिका समस्याहरू छन्। भाषाको वक्ताहरू घटिरहेका छन्। संयुक्त परिवारमा पनि परिवर्तन आएको छ। हिन्दूकरण र इसाईकरणले उनीहरूको समाज र संस्कृतिमा ठूलो हेरफेर ल्याएको छ। यस जातिको विकासका लागि सरकारी र गैरसरकारी अनेक धार्मिक, सामाजिक संस्थाहरूले अनेक योजना र कार्यक्रम ल्याएको देखिन्छ। तर उनीहरूले छोडेपछि चेपाङ समाजको स्थितिमा कुनै सुधार नभई झन् बिग्रिएको पाइन्छ। ती संस्थाहरूले विकासका सपनाहरू त बाँडे तर यस जातिलाई आत्मनिर्भर बनाउन सकेनन्। सीप कौशल सिकाएनन्। यस जातिको मौलिक रूचि र क्षमतालाई वास्ता नगरी संस्थाहरूले आफ्ना अभीष्ट सिद्धि प्राप्ति गर्न मात्र लागेका देखिन्छन्। यसकारण आज पनि चेपाङ जातिको जीवन सङ्क्रमणबाट गुज्रिरहेको छ। उनीहरू न हिजोको मौलिक पहिचानमा छन् न आजको विकासबाट लाभान्वित छन्। जातीय विद्वषका भावनाबाट भन्दा पनि जातीय जागरणका चेतनाबाट नै उनीहरूको उत्थान सम्भव हुन्छ। धर्मान्तरणले जातीय उत्थान हुन सक्तैन। यो कुरो बुझाउनु पर्नेछ र यस जातिको विकास र समुन्नत भविष्यका निम्ति नेपाल सरकारले नै दायित्व लिनुको अर्को विकल्प छैन।*

**शब्दकुञ्जी** : चेपाङ, प्रकृतिपूजा, प्रजा, धर्मान्तरण, लोपोन्मुख, मण्डली।

## शोधविधि

यस शोध-लेख तयार पार्न निम्नानुसार शोधविधि अप्नाइएको छ -

क) शोध सामग्री सङ्कलन र अध्ययनका लागि द्वितीय स्रोतको रूपमा पुस्तकालयीय अध्ययन विधि अप्नाइएको छ। चेपाङ जाति सम्बन्धी लेखिएका विभिन्न पुस्तकहरू, शोधपत्रहरू, जर्नल र पत्रपत्रिकाहरूको सङ्कलन वर्गीकरण र अध्ययन गरिएको छ।

ख) प्राथमिक स्रोत सङ्कलन र अध्ययनका लागि चितवनको शक्तिखोर र सिद्धीका चेपाङ वस्तीमा गई उनीहरूका सांस्कृती बारे अवलोकन भ्रमण गरि सूचना संकलन गरिएको छ। चेपाङका सांस्कृतिक अगुवाहरू, धामी, पान्दे, घरमूली,

*Copyright 2023© the Author(s)*

सामाजिक अगुवा र अगुवा कृषकहरूसँग भेटवार्ता गरी जानकारी लिइएको छ।

ग) केही अघि मात्र नेपाल चेपाङ सङ्घका पूर्व महासचिव सन्तबहादुर चेपाङसँग भेटवार्ता गरिएको छ। प्रश्नोत्तरको माध्यमबाट चेपाङ समाजमा आएको परिवर्तन र समाजले भोगिरहेको अनेक समस्याहरूः नागरिकताको समस्या, जमिनको स्वामित्वको समस्या, धर्म परिवर्तनको समस्या आदिबारे जानकारी लिइएको छ।

## विषयप्रवेश

नेपालको झण्डै मध्य भागमा रहेको चितवन साविकको पचहत्तर जिल्ला मध्येको एक हो। हाल यो वागमती प्रदेशमा रहेको छ। यसमा भित्री मधेस र पहाड पर्दछ। चुरे र महाभारत पर्वत शृङ्खलाको बीचमा फैलिएको उपत्यका वा मैदानी भागमा थारु, कुमाल, दरै, बोटे, माझी आदि आदिवासी जनजातिको बसोवास छ भने चुरे र महाभारतका भिराला पाखा कन्दरामा आदिवासी चेपाङ जातिको थातथलो रहेको छ। चितवन आदिवासी जानजातिका दृष्टिले मात्र नभई राष्ट्रिय निकुञ्ज, घाडीयाल गोही, एकसिङ्गे गैंडा, पाटे बाघ लगायत अनेक जीवजन्तु एवं वनस्पतीय जैविक विविधताका कारणले विश्वप्रसिद्ध भूमि बनेको छ।

चितवनका चेपाङ जातिको अध्ययनले ठूलो महत्व राख्दछ। किनभने चितवन आदिवासी लगायत नेपालका विभिन्न जाति जनजातिको सङ्गम स्थल पनि हो। अर्को चितवनमा चेपाङ जातिको ठूले सङ्ख्या छ। चितवनको पहाडी क्षेत्र : लोथर, काउले, सिद्धि, कोराक, कविलास, चण्डीभञ्ज्याङ, दारेचोक, दाहखानी लगायत पदमपुर, वीरेन्नगर, खैरहनी, जुटपानी, चैनपुर, पिठुवा, पटिहानी, जगतपुर, शुक्रनगर-८ र भरतपुरमा गरी चितवनमा चेपाङ जातिको जनसङ्ख्या २८,९८९ रहेको छ। यो चितवनको कूल जनसङ्ख्या ५,७९,९८४ को ५% हो (तथ्याङ्कीय झलक, २०७४:२-३)। यसैगरी मकवानपुरमा १९,२३३, धादिङमा १४,४९२ र गोरखामा ३,४५४ रहेको देखिन्छ। यसरी नेपालका मुख्य गरी चारवटा जिल्लाका पहाडी भूखण्डमा बसोवास गर्दै आएका चेपाङ जातिको कूल जनसङ्ख्या ६८,३९९ रहेको छ। यस जातिको आफ्नै भाषा छ। चेपाङ भाषा, आफ्नै संस्कृति, वेशभूषा, चाडपर्व, रीतिरिवाज, संस्कार, लोक साहित्य, धार्मिक अनुष्ठान सामाजिक व्यवस्था, आर्थिक व्यवस्था आदि रहेको छ। यो जाति मूल रूपमा प्रकृतिपूजक र धामीझाँक्री पुरोहितमा आधारित आदिम सभ्यता बाकेको जाति हो। संयुक्त - परिवारको पारिवारिक व्यवस्था भएको सामूहिक सिकार व्यवस्था, विलो व्यवस्था अर्मपर्मसहितको श्रम साटासाट गर्ने सामूहिक श्रमको व्यवस्था। खोरिया-खेती, केही जीवजन्तु र चराचमेराको सिकार, जङ्गली कन्दमूलको सङ्कलन र भोजन गर्दै धेरै कठिनाइपूर्वक जीवन धान्दै आएको जाति हो। यस जातिको आफ्नै भाषा छ - चेपाङ भाषा। यो भोट-बर्मेली भाषा परिवार भित्रको भाषा हो। यो नेपाली भाषाजस्तै सार्वनामिक भाषा हो (पोखरेल, २०५५:९३)। यस जातिको आफ्नै संस्कृति छ। वर्षको एकपटक आफ्ना कुलदेवता (नामरुङ) को पूजासँगै धनुष र काँडको पनि पूजा गर्छन्। भूमिदेवता (भुँयर), पशुदेवता (गैडु), स्वास्थ्यदेवता (आइतबारे पूजा), प्रेतात्मा पूजा (वायु पूजा) र गोसाइँको पूजा गर्ने गर्दछन्। यसमा बलि पनि दिने गर्छन्। पूजाआजा गर्नेलाई आफ्नै जातको धामी पुरोहित (पान्दे) पांडे र महापान्दे लगाउँछन् (घिमिरे र पोखरेल २०५८, २४-२५)। यसरी कुलपूजा वा वायुपूजादेखि सिमे, भूमे, थानी, संसारी, गोठ आदिको पूजा गर्छन्। भदौमा छोनाम (न्वागी) धूमधामले मनाउँछन्। धामीले ढ्याङ्ग्रो ठोक्दै यी पूजाहरूका कर्मकाण्ड पूरा गर्दछन्। प्रायः प्रकृतिलाई नै सर्वोपरी मान्ने यस जातिको परम्परागत धर्म प्रकृति पूजा हो।

प्रकृति पूजाको यावत अनुष्ठान धामी-झाँक्री-पुरोहित (पाण्डे) ले नै गर्ने गर्दछन्। यसै गरी सामाजिक संस्कारहरू : जन्म, अन्नप्राशन, विवाह र अन्त्येष्टि; नाचगान; सांस्कृतिक वस्तुहरू (डोको, डालो, थुम्से, भकारी, जावी झोला, माछा राख्ने फुर्लुङ, खुर्पेठ्याक, माछामार्ने जाल, चरा समात्ने जाल आदि वस्तुहरू) बनाउँछन्। यसै गरी लिसो पासो र धनुषकाँडको निर्माण गर्छन्। च्यूरीको घ्यू र पिना बनाउने मौरीको घार राख्ने, गिट्ठा भ्याकुर, भार्लाङको सङ्कलन र खाद्यवस्तुको रूपमा त्यसको प्रयोग गर्ने, घर/छाप्रो निर्माण गर्ने, खोरिया खेती गर्ने र अन्य कृषिकर्म पनि गर्ने गर्दछन्।

चेपाङहरूको उत्पत्ति थलो र चेपाङ शब्दबारे धेरै अन्वेषकहरूले खोजी गरेका छन् । डा. गणेशमान गुरुङले ‘चे’ को अर्थ कुकुर र ‘पाङ’ को अर्थ बाण बताएका छन् भने नवीन कुमार राईले ‘च्यो’ भनेको पर्वतको टाकुरो र ‘बाङ’ भनेको ढुङ्ग्रो भन्ने लगाएका छन् । वि.सं. १८२७ मा पृथ्वीनारायण शाहले भगवन्तनाथलाई मण्डल्याइँ दिएको कागजमा ‘चेवांग’ लेखिएको छ। घरायसी तमसुकको कागजमा पनि चेवांग नै लेखिएको पाइन्छ। चेपाङका किम्वदन्तीहरूमा ढुङ्गाको, चेपमा बालख भेटिएकोले च्योवाङ् भनिएको भन्ने पाइन्छ । अर्को किम्वदन्ती अनुसार भगवान रामचन्द्रका छोरा लव कुशमध्ये लवका सन्तान चेपाङ हुन् भन्ने गरिएको पाइन्छ। तर यस कुराको सत्यापन हायु भाषामा रहेका शब्दहरूमा पहिल्याउँदा केही फरक कुराहरू प्राप्त भएका छन्। चेपाङ सम्बन्धी खोज गर्ने विदेशी विद्वान् हडसनले दिएको तुलनात्मक शब्दकोशमा ‘चे’ को खास अर्थ पाइन्न। यो प्रत्ययको रूपमा उल्लेख भएको पाइन्छ। ‘बाङ’ को अर्थ चाहिं ढुङ्गा भन्ने रहेको छ। केही अन्वेषकले भनेझैं ‘च्यो’ भनेर टाकुरो भनेको पाइन्न । पहाडलाई ‘रियस’ भनेको उल्लेख छ । कतिले ‘च्यो’ भनेको ‘कुकुर’ पनि भनेका छन् । तर कुकुरलाई ‘कुई’ वा ‘की’ भनिने उल्लेख छ। यसका साथै उनले चेपाङ लगायत केही जनजातीय समूहलाई ‘ब्रोकन ट्राइवस्’ भनेका छन् । (हडसन १८८ः १६२-१६५) ।

इतिहासकार सूर्यमणि अधिकारी र समाजशास्त्री डोर ब. विष्टले चेपाङको मूलथलो दोलखा जिल्लाको सुनाथली र पुकुन्थलीलाई मानेका छन् । त्यहाँ चेपाङको राज्य रहेको पनि उल्लेख गरेका छन् । पाटनका मल्ल राजाहरूले उनीहरूलाई हराएपछि उनीहरू यताउता लागेका र त्यही क्रममा चितवन पनि आइपुगेका कुराहरू उल्लेख गरेका छन् । तर गणेशमान गुरुङले भने पृथ्वीनारायणले उनीहरूलाई हराएको उल्लेख गरेका छन् ।

अर्को चेपाङहरूले राणाहरूको उदयकाल वा भोट-नेपाल युद्धको समयमा यस समूहले ठूलो योगदान गरेवापत् सरकारले किपट जग्गा प्रदान गरेको थियो भन्ने उल्लेख पाइन्छ । तर त्यसको अभिलेख भने अहिलेसम्म पाइएको छैन । उनीहरूले त्रिशूली नदीको किनारमा किपट जग्गा पाएका र त्यसको कर उठाउने जिम्मा अगुवा चेपाङलाई नै दिएको र सरकारले त्यस्तो व्यक्तिलाई ‘मिझार’ भन्ने गरेको र तिनबाट सङ्कलन हुने करको उल्लेख आफ्नो पुस्तकमा नेपालका प्रख्यात अन्वेषक महेशचन्द्र रेग्मीले गरेको उल्लेख पाइन्छ। (गुरुङ, सन् १९९५ : ५३)

वि.सं. २०२६ मा किपटप्रथा खारेज गरी मालपोत उठाउने सरकारी अड्डा निर्माण भएपछि मिझार व्यवस्था पनि खारेज गरिएको र मिझारले आफ्नो सहयोगीका रूपमा राख्दै आएको गौरूङ र कारोबारीको व्यवस्था स्वतः खारेज भएको र साथै चेपाङका किपट जग्गाहरू पनि कतिपय रैकर परिवर्तन भएको; मिझारसँगै त्यही तहको फौजदारी मुद्धामामिला हेर्ने द्वारोको पद पनि खारेज भएको उल्लेख पाइन्छ (अधिकारी, २०४६ : ३३-३४)

यस समुदायको परिचयकै क्रममा समुदायको सांस्कृतिक अगुवा वा धामी पान्दे र महापान्देको पनि चर्चा गर्नुपर्ने हुन्छ। यिनीहरूले सांस्कृतिक अनुष्ठानहरू साथै स्वास्थ्य क्षेत्रका र शैक्षिक क्षेत्रका कामहरू पनि गर्दै आएका हुन् । आफ्ना यी कामहरूवापत जनसमुदायबाट पहिले बेठवेगार उठाउने, सहयोग उठाउने, कुखुरा, सुङ्गुर आदि लिने गरेकाले र यो समुदायको कृषि उपज कम भएकाले खान, लाउन, बस्न अभाव भएकाले नेपालको पहिलो मुलुकी ऐनले मासिन्या र लोहाच्याप्न्या नपाउने जातमा वर्गीकृत गरेकाले र जाँडरक्सी, भोजभतेरको ज्यादा प्रयोग गरी अन्नको दुरुपयोग गरेकाले गरिबी भोग्नु परेको र हिन्दूकरणको चपेटामा परेर आफ्नै मौलिक परिचय भुल्दै गएकाले यस समुदायमा मण्डली (क्रिश्चियन धर्म) को प्रवेश भयो र ठूलो सङ्ख्यामा यो जाति क्रिश्चियन बन्ने क्रम जारी छ।

**छलफल**

चेपाङ समाज र संस्कृतिमा आएको परिवर्तन नै छलफलको विषय हो । एउटा प्राकृतिक जीवन अप्नाउँदै आएको जनजातीय समूहको समाज र संस्कृतिमा परिवर्तन आउनु भनेको सानो कुरो होइन । मानव समाज परिवर्तनशील त छ तर

एउटा जातिको पहिचान नै फरक हुने गरेर परिवर्तन हुनुचाहिँ मानवशास्त्र एवं नृवंशशास्त्रको निम्ति ठूलो महत्व राख्ने कुरो हो । जसले एउटा सभ्यताको विलुप्ति ल्याउँछ ।

कुनै भाषाका वक्ताहरूको सङ्ख्या कम हुँदै जानु, जातीय मौलिक संस्कृतिमा विचलन आउनु जातीय एकतामा विभाजन आउनु, सामाजिक सुरक्षा नहुनु, कुनै जाति राष्ट्रिय विकासको मूल प्रवाहमा प्रवाहित हुन नसक्नु आदि कुराहरू समाज विकासका असल सङ्केतहरू होइनन् ।

चेपाङ भाषाका वक्ताहरू घटिरहेका छन् । भाषाका वक्ताहरू हजार जनाभन्दा कम हुन थाल्नुलाई भाषा लोपोन्मुख हुन लागिरहेछ भन्ने जनाउ हो । अर्को कुरो जुनजुन कुराहरूले गर्दा चेपाङ जाति भनेर चिनिन्छ, तिनै कुराहरूमा ध्यान नदिने हो, आफ्नो मौलिक पहिचानलाई बेवास्ता गर्ने हो भने भाषा, संस्कृति कसरी टिक्छ ? भाषा हराएपछि संस्कृति हराउँछ र संस्कृति हराएपछि जाति पनि हराउँछ भन्ने भनाइ नै छ । नेपालका १० वटा जनजाति हराइसकेका छन् । कतिपय भाषाहरू लोप भएका छन् । कुशुन्डा भाषाका एकजना मात्र वक्ता राजमामा भएको पनि सुनिदै आएको हो । कुशुन्डा, कुशवाडिया, राउटे, वनकटिया, सुरेल, हायू, राजी, किसान, लेप्चा र मेचे दश जाति लोपोन्मुख जाति भइसकेको छ ।

अति सीमान्तकृत आदिवासी जनजातिमा सूचीकृत भएको चेपाङ समाज आज व्यापक रूपमा धर्म परिवर्तनको चपेटामा परेको छ । यस जातिलाई विकासको मूल प्रवाहमा ल्याउन मानव विकास पूर्वाधारहरू (गाँस, वास कपासदेखि शिक्षा, स्वास्थ्य, रोजगारीसम्मका र अझै सामाजिक-आर्थिक-वैचारिक-संस्कृतिक-नैतिक यावत पक्षका पूर्वाधारहरू पूरा गर्दै जानु पर्नेमा यतातिर ध्यान नदिई धर्म परिवर्तन गरिएको छ। गर्ने र गराइने दुवैले बुझ्नुपर्दछ कि यो गर्दैमा समस्या समाधान हुँदैन ।

कुनै पनि जातिको विकासका नापोहरू भनेका उनका जातीय क्षमता, सीप-कौशल, उनका मानसिक बनावट अनुसारका सचेतनता, आत्मिक जाँगरण, उनका रुचि, इच्छा र संभावनाका पक्षहरू हुन् । यी कुराहरूलाई सरकार वा संस्थाहरूले गहिरोसँग बुझेर आफ्ना कार्ययोजनामा समेट्नुपर्ने कुराहरू हुन् । तर यसो नगरी सरकार वा विकासे संस्थाहरूले केवल जनसमूहलाई आफ्नो निहित स्वार्थअनुकूल मात्रै सोच्ने हो र विकास र विचार दुवै लाध्ने र एउटा जातिलाई आफ्नो भोट बैङ्क वा आफूप्रति आश्रित मात्रै बनाइराख्ने हो भने ढिलोचाँडो त्यो जातिको भाषा, संस्कृति मात्र होइन जाति नै लोप भएर जान सक्छ ।

चेपाङ समाज सामाजिक, आर्थिक, सांस्कृतिक शङ्कटको अवस्थाबाट गुज्रिरहेको र नकारात्मक परिवर्तनका परिणामहरू भोगिरहेको कुरा निम्न बुँदाहरूबाट बुझ्न सकिन्छ :

१) **जातीय मनोविज्ञानमा चोट** : पृथ्वीनारायण शाहभन्दा पनि अगाडिदेखि नै ‘चेवांग’ जातिको रूपमा परिचय पाइसकेको यस जातिले पञ्चायतकालमा सरकारबाट नै ‘प्रजा’ नाम पायो । ‘प्रजा विकास योजना’ (२०३४) पनि लागू भयो । कतिले आफूलाई प्रजा भनिएकोमा ठीकै ठाने भने कतिले ‘हामी चेपाङ नै हौं’ भने । चेपाङ जातिको स्वतन्त्र पहिचान भएको यस जातिले आफूलाई प्रजा भनिदा पक्कै पनि हिनताबोध गरेको हुनुपर्छ । जातिको यो नाम परिवर्तनले सकारात्मक परिणाम छोडेको थिएन भन्ने कुरा फेरि यस जातिका यस जातिका सबैले चेपाङ नै लेख्न थालेको कुराबाट थाहा पाइन्छ ।

२) **आस्थागत विचलन** : प्रकृतिपूजक र धामी-झाँक्री प्रवृत्ति बोकेको यस जातिले आफ्नो जीवनदृष्टि र आस्था विपरीतका फरक धर्मदर्शन एवं संस्कृतिको भारवहन गर्नुपर्दाका पीडाहरू बेहोरिरहेको छ। जनजाति महासङ्घले अति सीमान्तकृत आदिवासी जनजातिमा सूचीत गरेको यस जातिको जातीय पहिचानमाथि नै प्रश्न उठ्ने गरी धर्म परिवर्तन गरेर अर्कै सभ्यता र संस्कृतिको अवलम्बन गरिनुले आस्थागत विचलनमा पुऱ्याएको छ यस जातिलाई । यसलाई सकारात्मक परिवर्तनको परिणाम मान्न सकिन्न ।

३) **विकासे संस्थाले चेपाङको आत्म परिवर्तन गर्न सकेनन्** : यस समाजको उत्थानका निम्ति भनेर धेरै विकासे संस्थाहरू चेपाङ गाउँमा पसे। वर्षौं विकासका खेती गरे। तर यस समाजलाई आत्मनिर्भर बनाउन असफल भए भन्ने कुराको सबुत आज यस समाजका मानिसहरू घर न घाटका भएबाट थाहा पाइन्छ। यदि त्यो विकास दिगो थियो र चेपाङ समाजमा सकारात्मक परिवर्तन ल्याएको थियो भने आज त्यसको राम्रो परिणाम देखिनु पर्दथ्यो। तर आज 'चेपाङ सहकारी' बन्द भएको देखिन्छ। गिठा, भ्याकुर र भार्लाङको चिप्स बनाउने उद्योग पनि असफल भएर बन्द भएको सुनिन्छ। संस्थाका अफिसहरू उजाड बनेका छन्। चेपाङ समुदाय यो सबै हेरेको हेरेकै छन्। यतिमात्र होइन तिनले चेपाङ समाजलाई सीपहीन बनाएर पनि छाडेका छन्।

४) **जातीय सीप-कौशल** : यस जातिका मानिसहरूसँग आफ्नै खालको सीप कौशल छ। उनीहरू बाँस, निगालोका डोको-डालो, नाङ्लो, मान्द्रो, भकारी, थुम्से, माछा राख्ने फुर्लङ, पेरुङ्गो आदि बुन्छन्। यी सीपलाई प्रोत्साहित गरेर यसको व्यावसायिक उत्पादन र बजार व्यवस्थापन हुन सक्थ्यो। यस्तै उनीहरूले बुन्ने जाबी झोलाको परिस्कार गरी बजारको माग अनुसारका झोला बनाउन, यसको उद्योग चलाउन पनि सम्भव थियो। अझ उनीहरूले माछा मार्ने जाल, चमेरा र चरा छोप्ने जाली पनि बुन्ने गर्छन्। यसमा अझै चाख लाग्दो के छ भने उनीहरूले वन्यस्रोतबाट जुन रेसाहरू निकाल्छन् र त्यसको धागो/डोरी बनाउँछन्, त्यो विशेष छ। किनभने यस्ता डोरी यति बलिया हुन्छन्, बजारका कुनै पनि डोरीले यिनलाई भेट्दैनन्। यस जातिको वनस्पति सम्बन्धी यी ज्ञान र यसलाई उपयोगी वस्तु निर्माणमा लगाउने उनीहरूको सीप-कौशल उल्लेख्य छ। संस्थाहरूले यस कुरामा ध्यान पुऱ्याउन सकेनन्। यस्तै उनीहरूको भीर-पाखामा आनन्दले हिँड्न, बस्न सक्ने क्षमता, रूख चढ्न सक्ने क्षमता, वन्य खाद्यवस्तु र जडिबुटीको ज्ञान, च्युरीको घ्यू बनाउने, पिना बनाउने, चिउरीका रूखहरूको संरक्षण गर्ने, सिकार गर्ने, माछा मार्ने, मौरी पाल्ने र काढ्ने आदि धेरै ज्ञान र सीपका क्षेत्रहरू छन् तर यतातिर संस्थाहरूले ध्यान पुऱ्याउन सकेनन्। चेपाङ समुदायको आशा-आकाङ्क्षा र सपनाहरू त बढाए तर त्यो जातिसापेक्ष, वस्तुगत र व्यावहारिक हुन सकेनन् र सकेका छैनन्, त्यसको दुष्परिणाम यस समुदायले भोगिरहेको छ।

५) **राणाहरूको प्रोत्साहन** : राणाकालमा यस जातिको क्षमता, इमान्दारी र लगनशीलता देखेर त्रिशूलीको किनारमा राणाहरूले किपट जग्गा प्रदान गरेको उल्लेख पाइन्छ। साथै किपट जग्गाको कर उठाउन मिझारको (गाउँको मुखिया सरहको पद) पद सिर्जना गरेर जातिलाई प्रोत्साहन गरेका थिए। स्वयं मिझारले पनि आफ्नो मातहतमा आफ्ना सहयोगीहरू गौरुङ्ग र कारोबारी भर्ना गर्न पाउथे। तत्कालको राज्यव्यवस्था अनुसार उनीहरूले गाउँले वा रैतीाट उठेको तिरो (कर) को एउटा निश्चित भाग पाउने गर्थे भन्ने उल्लेख पनि पाइन्छ। पछि २०२६ सालमा सरकारले मालपोत कार्यालय बनाएपछि यो पद खारेज भयो। जग्गा नापी हुँदा किपट पनि रैकरमा परिणत भएको उल्लेख पनि पाइन्छ। तर नापी व्यवस्था वैज्ञानिक र जनपक्षीय नहुँदा चेपाङ समुदायका आम मानिसले जग्गा नापी गराउन सकेनन्। सरकारले यसमा ध्यान दिएर चेपाङ समुदायमा विशेष कार्यक्रम लागू गरेको भए उनीहरू अहिलेजस्तो जग्गाको स्वामित्वबाट वञ्चित हुने थिएनन्। उनीहरूको आम्दानीको स्थायी स्रोत हुन्थ्यो। तर नापी चेपाङ-मैत्रीय नहुनाले केही टाठाबाठाले मात्र जग्गा नापी गर्न सफल भए। यसपछि यो जाति अरू चपेटामा पऱ्यो जीवनमा नकारात्मक परिवर्तन भोग्नु पऱ्यो। गरिबी झन् बढ्यो।

६) **तीव्र रूपमा धर्म परिवर्तन** : वि.सं. २०४७ सालपछि अभाव, अशिक्षा, गरिबी र अनेक सामाजिक, आर्थिक, राजनैतिक मारमा परेको चेपाङ समुदायमा क्रिश्चियनहरू धर्म परिवर्तनको ध्येय लिएर पुगे र अनेक सहयोग प्रलोभन दिएर चेपाङ समुदायलाई मण्डलीमा आबद्ध गराउँदै लगे। २०६५ सालसम्म चितवनमा धर्म परिवर्तन गर्ने चेपाङ समुदायको सङ्ख्या कूल जनसङ्ख्याको ७% मात्र भएको उल्लेख पाइन्छ। तर आज २०७९ मा आएर त्यो सङ्ख्या तेब्बरभन्दा पनि बढी

भएर २५% पुगेको सन्तबहादुर चेपाङ बताउँछन् । चेपाङ गाउँमा चर्चहरू प्रशस्त छन् तर मन्दिर भने छैनन् भन्छन् उनी । हुन त हिन्दूकरण पनि नभएको होइन । तथ्याङ्कमा ६०% हिन्दू छन् भनिन्छ । प्राकृतिक धर्म मान्ने त १०-१५% मात्र छन् भन्छन् उनी । स्थिति यस्तो बनेको छ । अब यसलाई चेपाङ समाजमा आएको कस्तो परिवर्तन भन्ने ? यसले उनीहरूको मौलिक पहिचानमा बिघ्न पुऱ्याउने नै देखिन्छ ।

## परिणाम

चेपाङ जातिको सामाजिक र सांस्कृतिक जीवनमा साना-ठूला, आंशिक र मूल जुन परिवर्तनहरू आएका छन्, यसले सकारात्मकभन्दा नकारात्मक परिणामहरू नै ल्याएको देखिन्छ । सकारात्मक परिणाममा आज उनीहरू 'चेपाङ स्वायत्त प्रदेश'को माग गर्ने भइसकेका छन् । राजनीतिमा प्रवेश गरेर ठुल्ठूला पदहरूमा पुगिसकेका छन् । शिक्षितहरूको सङ्ख्या पनि बढिरहेको छ । उनीहरूमध्ये कतिपय राजनीतिक पार्टीमा लागेर चेपाङ सम्बन्धी वर्गीयभन्दा पनि जातीय मुद्दाहरू उठाउने भइसकेका छन् । तर विडम्बना के हो भने उनीहरूको समुदायमा सबैको जग्गाको स्वामित्व छैन, नागरिकता सबैले पाएका छैनन् । रोजगारीको व्यवस्था नभएर यस समुदायका युवा पनि वैदेशिक रोजगारीमा जान थालेका छन् । बालविवाह र धेरै सन्तान जन्माउने समस्या पनि बढ्दो छ । अन्नको अभावमा गिट्ठा, भ्याकुर खोज्न जङ्गल धाउनुपर्ने समस्या पनि चर्को छ । सीपको विकास, उद्योगधन्दा, बजार व्यवसाय पनि फस्टाएको छैन । जाँड रक्सी धेरै खाने, चाडवाडमा धेरै खर्च गर्ने र ऋणमा डुब्ने र झन्झन् गरिब बन्ने प्रक्रिया पनि रोकिएको छैन । च्युरीको रूख रोप्ने प्रवृत्ति दुरुत्साहित भइरहेको छ । जग्गा नै नभएकाले कहाँ रोप्ने ! भन्ने समस्या छ । अर्को वन्य खाद्य सामग्री, जडिबुटी खोज्न पनि सहज छैन । यस्तो अवस्थामा 'चेपाङ स्वायत्त प्रदेश'को माग वा अधिकारको वकालत गर्नुको के अर्थ हुन्छ र !

तर सरकार र पार्टीहरू यस्तै बाहिरिया प्रचारको काममा लागेका छन् । चेपाङ समुदायलाई सामाजिक, धार्मिक संस्थाहरू र राजनैतिक पार्टीहरूले आफूतिर आकर्षित गर्ने, आफ्नो आश्रित बनाउने, भोट बैङ्क बनाउने गरेको देखिन्छ । यी सबैले चेपाङ जातिलाई आफ्नो अभीष्ट प्राप्तिका लागि प्रयोग मात्र गर्ने गरेको देखिन्छ । यस समुदायको स्थिति भने यसरी घर न घाटको हुँदै गएको छ । उनीहरूले आफ्नै मौलिक जातीय सांस्कृतिक सामाजिक पहिचान पनि गुमाउँदै गएका छन् र यता समाज विकासको मूल प्रवाहमा प्रवाहित हुन पनि सकिरहेका छैनन् । एउटा सङ्क्रमणकालीन शङ्कट बेहोरिरहेका छन् । परिवर्तनका कुराहरू र उनीहरूको परम्परागत सामाजिक संरचना एवं सांस्कृतिक संरचना बीच पनि अन्तर्विरोधहरू रहेको देखिन्छ ।

## निष्कर्ष

'चितवनको चेपाङ समाजमा आएको परिवर्तन : एक सांस्कृतिक पर्यवेक्षण' शीर्षकको यस शोध लेखमा जुनजुन शीर्षक उपशीर्षकमा जुनजुन विषयमा छलफल गरियो तिनको एकमात्र निचोड हुन्छ चेपाङ जाति आज शङ्कटमा छन् र तिनको अध्ययन जरूरी भएको छ ।

यो जाति सरकार, संस्थाहरू, धार्मिक संस्थाहरू र अन्य समुदायबाट पनि उपेक्षित बनेको छ । आफ्नै सांस्कृतिक अगुवा (पान्दे र महापान्दे) बाट पनि धेरथोर पीडित बनेको छ । पान्दे र महापान्दे यस समाजको सांस्कृतिक अगुवाहरू त हुन् तर ढ्याङ्ग्रो ठटाएर मात्रै रोगको उपचार हुन सक्तैन । उनीहरू त्यसो गर्छन् । अर्को अनेक सांस्कृतिक अनुष्ठान पान्दे र महापान्देले गराउछन्, त्यसवापतमा जनसमूहबाट फाइदा पनि लिन्छन् । तर यी अगुवाहरूले खासै तालिम लिएको हुँदैन । कति त अव्यवस्थित खालका कामहरू उनीहरूले गरिरहेका छन् । यसो भएकाले जनसमूह विपरीत धर्मतर्फ वा मण्डलीतर्फ (हिन्दू र क्रिश्चियनतर्फ) आकर्षित भएका छन् । तर यो उनीहरूको जीवन-दृष्टि, सामाजिक सांस्कृतिक संरचना र संस्था एवं

मण्डलीहरूका सहयोग बीचमा सङ्गति देखिन्न । त्यो अन्तर्विरोधले भरिएको छ ।

अभाव, गरिबी, अशिक्षा र अप्ठेरो स्थितिमा रहेका यस समुदायलाई सरकारले ठीक ढङ्गले सम्बोधन गर्न सकेको छैन । उनीहरूको शिक्षा, स्वास्थ्य, रोजगारी जग्गाको स्वामित्व र नागरिकताको समस्यामा सरकारले विशेष कार्यक्रम बनाएर आउन सकेको भए यो जाति अरू संस्थाप्रति आकर्षित हुने थिएन । अझै पनि सरकारको विकल्प त छैन । तर यस जातिप्रति ध्यान नदिने हो र विशेष कार्यक्रम बनाएर काम नथाल्ने हो भने यो जातिले आफ्नो पहिचान गुमाउने छ । चेपाङ भाषा आजै पनि लोपोन्मुख अवस्थामा छ । आजैको जस्तो स्थिति रहिरहने हो भने चेपाङ भाषा र यो समुदाय दुवै हराएर जाने सम्भावना रहेको छ । त्यसकारण यस जातिको समाज र संस्कृतिमा आएको परिवर्तनलाई मध्यनजर गरी यस जाति सम्बन्धी विस्तृत अध्ययन अनुसन्धान गरी यस जातिका परम्परागत विचार संस्कृति र सामाजिक संरचनामध्ये कुनकुनलाई सुधार गरिनुपर्ने हो कुनकुन हटाउनु पर्ने हो र कुनकुन गुदी कुराहरूलाई यस जातिको विशेषता ठानेर संरक्षित गरिनु पर्ने हो, त्यसको अन्वेषक गरी यस जातिको भाषा, संस्कृति, ज्ञान, क्षमता (सीप-कौशल) पहिचान गर्दै विकासको मूल प्रवाहमा ल्याउन सरकारको सक्रियता आवश्यक रहेको छ ।

## सन्दर्भसूची


अधिकारी, सूर्यमणि (२०४६), “चितवनका चेपाङ जाति” *विवेक* वर्ष ५, अङ्क-२, चितवनः वीरेन्द्र बहुमुखी क्याम्पस, पृ. (३१-४५) ।

आचार्य, बाबुराम (२०५४), *नेपालको सांस्कृतिक परम्परा,* काठमाडौंः श्रीकृष्ण आचार्य ।

घिमिरे, विष्णुप्रसाद र डी.आर. पोखरेल (२०५८), *चेपाङ (प्रजा) जातिको सामाजिक एवं सांस्कृतिक जीवनः एक अध्ययन,* अप्रकाशित शोधपत्र चितवन जिल्ला विकास समितिमा प्रस्तुत ।

किराँत, जितपाल र अरू (सम्पा.) (२०६७), *आदिवासी जनजाति जर्नल,* अङ्क-३, काठमाडौंः आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ।

*तथ्याङ्कीय झलक* (२०७४), चितवन : केन्द्रीय तथ्याङ्क विभाग, तथ्याङ्क कार्यालय चितवन ।

*चेपाङ जीवन शैली ज्ञानकोश* (२०७६) ललितपुरः नेपाल चेपाङ सङ्घ ।

पोखरेल, डी.आर. (२०७०), *हायु जातिको लोक जीवन,* काठमाडौंः नेपाल प्रज्ञा प्रतिष्ठान ।

राई, उद्धव, जितेन्द्र चेपाङ र दिल चेपाङ (२०६७), *चेपाङ जातिको चिनारी,* ललितपुरः आदिबासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ।

विष्ट, डोरबहादुर (२०५२), *सबै जातको फूलबारी,* छैठौं संस्करण, ललितपुरः साझा प्रकाशन ।

विष्ट, प्रताप (२०७९), छेलिएका अनुहार - *चेपाङ वनकारिया तथा गाडी बेच्नेहरू,* काठमाडौंः साङ्ग्रिला पुस्तक प्रा.लि.।

Gurung, Ganeshman (1995 AD), *Report from a Chepang Village,* Kathmandu : S Gurung.

Hodson, Brain Houghtan (1880 AD) *Miscellaneous Essays,* London : Trubner and Co, Ludgate Hill.

Rijal, Mukti and Gyan Bahadur Yonzon - Tamang (Editor) (2010 AD) *Readings on Indigenous culture and knowledge* series I, Kathmandu : Institute of governance and development.

Rijal, Mukti, (Editor) (2011 AD), *Readings on Indigenous culture and knowledge* Series II, Kathmandu: Institute of governance and development.

**Bharatpur Pragya : Journal of Multidisciplinary Studies**
[A Peer-Reviewed, Open Access Journal]
ISSN : 2990-773X (Print); ISSN : 2990-7748 (Online)
Published by Bharatpur Academy, Chitwan, Nepal
https://www.bharatpurmun.gov.np

# प्रशासनिक संरचनाका दृष्टिमा चितवन जिल्ला : एक ऐतिहासिक सर्वेक्षण

**प्रा. कर्णबहादुर बानियाँ (विद्यावारिधि)**
Department of History, TU

***Article History :*** *Submitted 25th Dec., 2023; Reviewed 22nd Feb., 2023; Revised 10th March, 2023*

***Corresponding Author :*** *Prof. Dr. Karna Bahadur Baniya,* ***E-mail :*** *kbaniya12@gmail.com*

**सारसङ्क्षेप**

*चितवन नेपालको मध्य भागमा रहेको रमणीय ठाउँ हो । प्रागैतिहासिककालमा यो क्षेत्र विदेह राज्य अन्तर्गत रहेको देखिन्छ । प्राचीनकालमा लिच्छवी वंशको अधिनमा रहेको यो क्षेत्र मध्यकालको पूर्वार्द्धमा तिरहुत राज्यको प्रभावमा रहेको पाइन्छ । मध्यकालमा सेनवंशी राजाहरूको अधिनमा रहेको यस क्षेत्रलाई तनहुँका शासकहरूले हिउँदे राजधानीको रूपमा समेत प्रयोग गर्दथे। यो क्षेत्र नेपालमा गाभिएपछि केही समय मर्ज्यादापुर जिल्लाको रूपमा रहन गयो। राणा शासनकालदेखि भने चिसापानीगढी अन्तर्गतको एक इलाकाको रूपमा रहेको थियो । नेपाललाई ७५ जिल्लामा विभाजन गर्दा चितवनलाई पनि अगलै जिल्लाको रूपमा स्थापित गरिएको हो। त्यसपछि मात्र यो क्षेत्र प्रशासनिक, राजनीतिक, धार्मिक तथा सांस्कृतिक महत्वको स्थानको रूपमा विकसित हुँदै गएको छ। पञ्चायत व्यवस्थाको प्रारम्भमा यस जिल्लामा २२ वटा गाउँ पञ्चायत मात्र भएकोमा जनसङ्ख्या बढ्दै गएपछि नयाँ संविधान लागू हुने बेलासम्ममा मैदानी इलाकामा रहेका अधिकांस बस्तीहरू नगरपालिकामा परिणत भइसकेका थिए । नयाँ संविधान लागू भएपछि यस क्षेत्रमा एक महानगरपालिका, पाँच नगरपालिका र एक गाउँपालिका गरी सात वटा स्थानीय तह गठन भएका छन् । पञ्चायतकालको प्रारम्भमा चितवनबाट राष्ट्रिय पञ्चायतमा एक जना मात्र प्रतिनिधि पठाउने व्यवस्था भएकोमा बहुदलको पुनर्स्थापना पछि प्रतिनिधिसभामा पाँच जना सांसदसम्म निर्वाचित हुने व्यवस्था भइसकेको थियो। नेपालको संविधान २०७२ ले संघीय र प्रदेश सभाको व्यवस्था गरेको हुनाले यो जिल्लालाई संघीय सभामा प्रतिनिधित्वका लागि ३ र प्रदेश सभामा प्रतिनिधित्वका लागि ६ निर्वाचन क्षेत्रमा विभाजित गरिएको छ। चितवन अलगै जिल्लाको रूपमा स्थापित हुँदा जिल्ला पञ्चायतको महत्वपूर्ण स्थान थियो । त्यतिखेर पञ्चायत विकास अधिकारीको मातहतमा थोरै कार्यालय मात्र खुलेका थिए। अहिले जिल्ला समन्वय समिति नाम मात्रको बनेको छ। तापनि यस जिल्लामा विभिन्न सेवा प्रदान गर्ने, विकास निर्माणसम्बन्धी काम गर्ने र शान्तिसुरक्षाको काम गर्ने गरी विभिन्न कार्यालयहरू स्थापना भइसकेका छन्। चितवनको प्रशासनिक संरचनामा भइरहेको निरन्तरको परिवर्तनले यस क्षेत्रको महत्व दिनानुदिन वृद्धि हुँदै गएको प्रतित हुन्छ।*

**शब्दसूची** : ऐतिहासिक, चितवन, जिल्ला, प्रशासनिक, संरचना

## अध्ययन विधि

इतिहास लेखनका लागि भरपर्दो प्रमाणको आवश्यकता पर्दछ । आधिकारिक संस्थाबाट प्रकाशित अभिलेख इतिहास लेखनको भरपर्दो स्रोत भएको हुनाले यस लेखमा ती सामग्रीको भरपुर उपयोग गरिएको छ । अर्थात् यो लेखमा सहायक स्रोतको अध्ययन गरी त्यसको आधारमा विषयवस्तुको विश्लेषण र व्याख्या गरिएको छ।

*Copyright 2023© the Author(s)*

## परिचय

नेपालको मध्य भागमा अवस्थित पूर्वमा मकवानपुर र पर्सा जिल्ला, दक्षिणमा भारतको विहार प्रान्त, पश्चिममा नवलपरासी र तनहुँ जिल्ला तथा उत्तरमा गोरखा र धादिङ जिल्लाको सीमाभित्र रहेको भूभागलाई चितवन जिल्ला भनिन्छ। यसको क्षेत्रफल २२३८.३९ वर्ग किलोमिटर रहेको छ (जिल्ला पार्श्वचित्र चितवन, २०६१, पृ.८) । वर्तमान नेपालको प्रशासनिक विभाजन अनुसार चितवन जिल्ला बागमती प्रदेशमा पर्दछ। यस जिल्लालाई (१) भरतपुर महानगरपालिका (२) कालिका, खैरहनी, माडी, रत्ननगर र राप्ती गरी पाँच नगरपालिका तथा (३) इच्छाकामना गाउँपालिका गरी सात वटा स्थानीय तहमा विभाजन गरिएको छ (चितवन दर्पण, २०७८, पृ. ३९५-३९६) ।

ऐतिहासिक, धार्मिक, प्राकृतिक र सांस्कृतिक सम्पदाको दृष्टिले सम्पन्न यो जिल्लालाई वि.सं. २०१८ मा अलगै स्थानीय प्रशासनिक निकायको रूपमा राखिएपछि यस अर्न्तगतको प्रशासनिक संरचना के कस्तो रूपमा रहँदै आएको छ भन्ने विषयमा प्रकाश पार्ने उद्देश्यले यो लेख तयार गरिएको छ।

## ऐतिहासिक पृष्ठभूमि

जुनसुकै विषयमा पनि पूर्ण जानकारी पाउनका लागि त्यसको ऐतिहासिक पृष्ठभूमि थाहा पाउन आवश्यक पर्दछ । अतः चितवन अलगै प्रशासनिक निकायको रूपमा स्थापित हुनुभन्दा पहिले के कस्तो रूपमा थियो भन्ने कुरा थाहा पाउन सकेमा यो जिल्लाको समग्र इतिहासको बारेमा ज्ञान हुन सक्दछ। त्यसकारण चितवन वि.सं. २०१८ मा अलगै स्थानीय निकायको रूपमा आउनुभन्दा अघि यो क्षेत्र कसरी चिनिन्थ्यो भन्ने बारेमा यहाँ चर्चा गरिन्छ।

## प्रागैतिहासिककाल

इतिहास लेखनका लागि भरपर्दा प्रमाण नभएको बेलाको इतिहास किम्बदन्तीको आधारमा लेख्नुपर्ने भएकोले त्यतिखेरको समयलाई प्रागैतिहासिककाल भनिन्छ। इशापूर्व २४५ मा मगधका सम्राट अशोक लुम्बीमा आई आफू त्यस क्षेत्रमा आएर गौतम बुद्धको जन्मस्थलको भ्रमण गरेको प्रमाण स्वरूप गोटीहवा, निग्लीहवा र लुम्बीनीमा शीलास्तम्भ खडा गरी अभिलेख कुँदाएको हुनाले त्यसपछिको समयलाई ऐतिहासिककाल मान्नु पर्दछ भन्ने विद्वानहरूको भनाइ छ (कँडेल, २०७८, पृ.२० ) । वर्तमान चितवन जिल्लाको इतिहास लेखनका लागि पनि प्रागैतिहासिककालको बारेमा प्रकाश पार्ने कुनै भरपर्दा प्रमाणहरू नपाइएको हुनाले किम्बदन्ती र धार्मिक ग्रन्थहरूको भनाइलाई नै त्यतिखेरको इतिहास मान्नुपर्ने हुन्छ। यस क्षेत्रमा भएका मानव क्रियाकलापका बारेमा अनेकौं किम्बदन्तीहरू प्रचलित छन् ।

चितवनमा विभिन्न किसिमका धार्मिक स्थलहरू भएको हुँदा यहाँ प्रागैतिहासिककालदेखि नै मानव बस्ती थियो भन्न सकिन्छ। यहाँ अनेकौं ऋषिमुनिहरू आएर वर्षौंवर्षसम्म जपतप र ध्यान गरेर बस्ने गरेका थिए भन्ने कुरा विभिन्न धार्मिक ग्रन्थहरूमा उल्लेख छ। देवघाटमा आई तपस्या गरेर बस्ने ऋषिहरूमध्ये वशिष्ठ ऋषिको समयमा यस क्षेत्रको महिमा निकै वृद्धि भएको थियो भन्ने कुरा गण्डकीमहात्म्यमा उल्लेख गरिएको छ (ढकाल, २०७५, पृ.१३०१) । देवघाटमा रामचन्द्रले अश्वमेध यज्ञ गरेका बेला सीताले आफ्ना छोराहरू लव र कुशलाई उनको जिम्मा लगाएर आफू अन्तर्लिन भएकी थिइन् भन्ने किम्बदन्ती पनि छ। उनी अन्तर्ध्यान भएको ठाउँलाई सीता गुफा भनिन्छ (कँडेल, २०७८, पृ. १०-१३) । चितवनकै दक्षिण-पश्चिममा पर्ने चुरे पर्वतको घाँचमा बसी वाल्मीकीले रामायणको रचना गर्नुका साथै रामचन्द्रबाट परित्याग गरिएकी सीतालाई आश्रय प्रदान गरेका थिए भन्ने किम्बदन्तीको साक्षी वाल्मीकी आश्रमलाई मानिन्छ (पोखरेल, २०७९, पृ. २२-२३) ।

गणेशपुराणको क्रिडाखण्डमा सिन्धु नामक दानवले देवताहरूलाई अपहरण गरी गण्डकीपुरीमा लगेर कैद गरेकाले गणेशले विराट रूप धारण गरी त्यस दैत्यको वध गरी थुनिएका देवगणलाई मुक्त गरेको कथा छ । गणेशपुराणमा उल्लेख गरिएको उक्त

गण्डकीपुरी देवघाटको दक्षिण-पूर्वपट्टि रहेको स्थान हो भन्ने विद्वानहरूको तर्क छ (ढकाल, २०६६, पृ. १८९)।

चितवनका विभिन्न क्षेत्रमा मानिसहरू बसोबास गर्न थालेपछि तत्कालीन शासकहरूले यस क्षेत्रलाई आफ्नो प्रभावमा पारेको देखिन्छ। प्रागैतिहासिककालमा केही समय यो क्षेत्र विदेह राज्य अन्तर्गत रहेको देखिन्छ। मिथिला राज्यको नामले परिचित विदेह राज्यको पश्चिमी सीमा गण्डकीसम्म फैलिएको थियो भन्ने भनाइ छ (पाण्डे र रेग्मी, २०५४, पृ.५४)।

इशा पूर्व पाँचौं शताब्दीसम्म काबुलदेखि गोदावरीसम्मको भूभागमा अङ्ग, मगध, वृजी, मल्ल, कोशल काशी, चेदी, वत्स, कुरु, पाञ्चाल, मत्स्य, सुरसेन, अस्माका, अवन्ती, गान्धार र कम्बोज नामका सोह्रवटा जनपद थिए भन्ने कुरा बौद्ध साहित्यमा पाइन्छ। त्यतिखेर वर्तमान विहारको उत्तरतिर वृजी नामक जनपद थियो जहाँ लिच्छवी वंशका शासकहरूले शासन गर्दथे। गणतन्त्रात्मक शासन व्यवस्था भएका जनपदहरू राजतन्त्रात्मक राज्यमा परिणत हुने क्रममा मगधका राजा अजातशत्रुले वृजी जनपदलाई आफ्नो राज्यमा विलिन गराएका थिए (मजुमदार, रायचौधरी र दत्त, १९८८, पृ.५३-५८)। त्यसपछि वैशालीमा राजधानी रहेको वृजी राज्यको अस्तित्व समाप्त भएको थियो। अनि सो राज्यका शासक लिच्छवीहरू उत्तरतिर लागेर किराँत शासकहरूलाई परास्त गरी नेपाल मण्डलमा आफ्नो शासन स्थापना गरेका थिए भन्ने भनाइ छ (शर्मा, २०३३, पृ.८०)। विदेह राज्यको अस्तित्व समाप्त भएपछि मिथिला(तिरभुक्ति) क्षेत्रमा समेत वृजीहरूले आफ्नो प्रभाव जमाएको देखिनाले त्यतिखेर चितवन पनि वृजी राज्यको अधिनमा रहेको देखिन्छ।

## प्राचीनकाल

लिच्छवीहरू काठमाडौं उपत्यकामा प्रवेश गरेपछि पनि वर्तमान चितवन क्षेत्र उनीहरूकै प्रभावमा रहेको देखिन्छ। मानदेवको शासनकालमा भएको एक घटनाले यस कुराको पुष्टि गर्दछ। मानदेवको शासनकालमा मल्लपुरीमा आक्रमण गर्दा हात्ती र घोडा प्रयोग गरिएको थियो (बज्राचार्य, २०५३, पृ.१६)। हात्ती चढेर युद्धमा जाने ठाउँ भनेको चितवनबाट पश्चिममा रहेको गण्डकी नदी पारीको क्षेत्र मात्र हुन सक्दछ। अन्यत्र हात्ती चढेर युद्ध गर्न जान सकिने ठाउँ देखिंदैन। त्यसकारण विद्वानहरूले मानदेवले विजय गरेको मल्लपुरी नाम गरेको ठाउँ वर्तमान नवलपरासीको भूभाग हुनसक्ने अनुमान गरेका छन् (आचार्य, २०६०, पृ.९४)।

लिच्छवीकालमा नेपाल मण्डलबाट विभिन्न सामानहरू भारतमा निकाशी हुन्थे भन्ने कुरा अंशुवर्माले टिष्टुङको बाटो भएर भारतमा जाने सामानमध्ये फलाम, चमर, उन, कस्तुरी र तामाका भाँडाबाहेकका अन्य सामानमा भन्सार महसुल मिनाह गरिदिएको एक अभिलेबाट थाहा हन्छ (बज्राचार्य, २०५३, पृ.३१०-३१४)। वि.सं. १८५९ तिर नेपाल आएका एकजना विद्वानले अङ्ग्रेज कम्पनी सरकारको अधिनमा रहेको शिवपुरीघाटबाट भेलोञ्जी, बेनमोहर (राप्ती र गण्डकीको सङ्गम) भएर गण्डकीको तीरैतीर देवघाट अनि त्यहाँबाट कविलास, उपरदाङ, जोगीमारा, चितलाङ, थानकोटहुँदै काठमाडौं जाने सुगम मार्ग छ भनेका थिए (ह्यामिल्टन, १९८६, पृ.१८३)। यी तथ्यहरूले चितवन नेपाल मण्डलबाट टिष्टुङ, देवघाट, रामनगरहुँदै भारततिर सामानहरू निकाशी हुने व्यापारिक मार्ग थियो भन्ने कुराको पुष्टि गर्दछन्।

चितवन प्राचीनकालमा लिच्छवी शासन अन्तर्गत थियो भनेर ठोकुवा गरेर भन्न सक्ने आधार भने केही पनि छैन किनकि यस क्षेत्रमा लिच्छवीकालीन कुनै अभिलेख पाइएको छैन।

## मध्यकाल

मध्यकालको पूर्वार्द्धमा वर्तमान नेपालको पश्चिमी क्षेत्रमा खस राज्य, काठमाडौं उपत्यकामा नेपालमण्डल र दक्षिण-पूर्वी तराइमा तिरहुत नामक राज्य थिए। त्यतिखेर खस राज्यको प्रभाव त्रिशुली नदीदेखि पश्चिमसम्म मात्र देखिन्छ भने त्यसभन्दा पूर्व तिरहुत राज्यको प्रभाव भएको पाइन्छ (रेग्मी, २०७४, पृ.२२-२४)। तिरहुत राज्यका संस्थापक नान्यदेवले विदेह राज्यको

सम्पूर्ण भूभाग कब्जा गरी बाराको सिमरौनगढमा राजधानी बनाएको हुनाले चितवन क्षेत्रमा पनि सो राज्यको प्रभावमा थियो भन्ने कुरा ज्ञात हुन्छ।

मध्यकालको उत्तरार्द्धमा खस राज्य, नेपाल मण्डल र तिरहुत राज्य विखण्डन भएपछि कर्णाली क्षेत्रमा बाइसी र गण्डकी क्षेत्रमा चौबीसी राज्यहरू स्थापना भए। त्यतिखेर स्थापना भएको पाल्पा राज्यका राजा मणि मुकुन्द सेनको राज्यको सिमाना पूर्वमा बराह क्षेत्र, पश्चिममा रुरु क्षेत्र, उत्तरमा मुक्ति क्षेत्र र दक्षिणमा हरिहर क्षेत्रसम्म फैलिएको थियो भन्ने भनाइ छ (घिमिरे, २०४५, पृ.३७-४० )। त्यसकारण नारायणी नदीको पूर्वमा रहेको चितवन क्षेत्र पनि पाल्पा राज्यको अधिनमा रहेको देखिन्छ। मुकुन्द सेन प्रथमको निधनपछि पाल्पा राज्य टुक्रियो र चितवनसहितको तनहुँ राज्य भृङ्गी सेनको भागमा परेको थियो।

पाल्पाका राजा मणि मुकुन्द सेनले आफ्नो जीवनको अन्तिम समय तपश्वीको रूपमा देवघाटमा नै व्यतित गरेका थिए (सेन, २०७४, पृ.२२)। देवघाटमा रहेको 'मुकुन्देश्वर महादेव' मन्दिरको भित्तामा भएको अभिलेखमा 'षोडशाब्दे शते गते विक्रम भूमिपालात्। मुकुन्द सेन क्षितिपालकेन शिवालयोद्घाटित किङ्करेण। १६०६ फाल्गुन मासि शुक्ल सप्तम्यां रवौ मुकुन्देश्वरोऽयं शिवः (तिम्सिना, २०७७, पृ.४६०) लेखिएको देखिनाले मणि मुकुन्द सेनले यो क्षेत्रमा धार्मिक र सांस्कृतिक महत्वका कलाकौशलको विकास समेत गराएका थिए भन्ने कुराको पुष्टि हुन्छ।

तनहुँका राजाहरूले त चितवनका कविलास, देवघाट, बाँदरकोना र सोमेश्वरगढीलाई आफ्नो शीतकालीन मुकाम नै बनाउने गरेका थिए भन्ने कुराको पुष्टि त्रिविक्रम सेनले वि.सं. १८०० मा कविलासमा बसी रामकृष्णलाई जग्गा रजबन्धकी गरिदिएको स्याहामोहर, इशाइहरूका धर्मगुरु पोप बेनेदितोलाई वि.सं. १८१० मा देवघाटबाट लेखेको पत्र र वि.सं. १८११ मा देवानन्द उपाध्यायलाई देवघाटमा मुकाम राखेको बेला लेखेका पत्रले गर्दछन्। त्यस्तै त्रिविक्रम सेनले वि.सं. १८२६ मा सोमेश्वरगढीमा बसी गुणानन्द पन्तलाई जग्गा बाँधा वितलब दिएको स्याहामोहर र कामारीदत्त सेनले वि.सं. १८२७ मा बाँदरकोना (बाँदरझुला)मा मुकाम राखी निजलाई नै जग्गा रजबन्धकी गरिदिएको स्याहा मोहरले चितवनको दक्षिण-पश्चिम क्षेत्र पनि तनहुँका राजाहरूको अधिनमा थियो भन्ने कुराको पुष्टि हुन्छ (अधिकारी, २०५५, पृ.८९-१०१)।

## आधुनिककाल

आधुनिक भन्ने शब्दको अर्थ हुन्छ 'नयाँ'। पृथ्वीनारायण शाहले आफ्नो राज्यलाई नयाँ बनाउने लक्ष लिएका थिए। उनी गोरखा राज्यको राजगद्दीमा बस्दा वर्तमान नेपालको भौगोलिक क्षेत्रमा पूर्णरूपमा कृषिमा आधारित अर्थव्यवस्था भएका थुप्रै सानासाना राज्यहरू थिए। उनले ती राज्यहरूलाई एकीकृत गरेर राष्ट्रिय राज्यको निर्माण गर्ने लक्ष्य लिएका थिए। यस कार्यमा उनी मर्स्याङ्दीदेखि पूर्व टिष्टासम्मको भूगोललाई एकीकृत गरी विशाल गोरखा राज्य निर्माण गर्न सफल पनि भए जसलाई हाल 'नेपाल राष्ट्र' भनिन्छ।

उनले पूरा गर्न बाँकी रहेको काम आफ्ना अनुयायीहरूले गरुन र त्यसको सुरक्षा, सुदृढीकरण र संरक्षण गरून् भन्ने चाहन्थे। किनभने पृथ्वीनारायण शाहभन्दा अघिका खस, मल्ल र सेनवंशका शासकहरूले पनि आफ्नो राज्य विस्तार गरी विशाल भूभागमा फैलाएका त थिए तर त्यसलाई भाइभारदारले अंशवण्डा गरी अलगअलग राज्य बनाउने नीति लिएका हुनाले कालान्तरमा ती राज्य टुक्रिएर अनेकौं राज्य बनेका थिए। पृथ्वीनारायण शाहको समयमा पनि गोरखा राज्यको विस्तार गरी पूर्वमा टिष्टासम्म पुऱ्याएपछि उनका भाइहरूले राज्यलाई खण्डिकरण गरी अलगअलग राज्यको शासक बन्ने चाहना राखेका थिए। तर पृथ्वीनारायणले परम्परागत रूपमा रहेको राज्य विभाजन गर्ने पुरानो चलनलाई तोडेर नयाँ नीति अवलम्बन गरे। त्यो मामूली काम नभएर मध्यकालीन युगको अन्त्य गरेर आधुनिक युगको शुरुवात गर्ने एक युगान्तकारी घटना थियो। त्यसका लागि उनले आफ्ना भाइहरूको साथ र सहयोग गुमाउनु परेको थियो। साथै अनेकौं प्रकारका लाञ्छना पनि सहनु परेको थियो। पृथ्वीनारायण शाहले मध्यकालीन सबै परम्परा तोडेर आफ्नो राज्यमा नयाँ परम्परा बसाल्नुकासाथै एकीकृत नेपाल

राज्य निर्माण गर्ने जग बसालेका थिए । त्यसकारण उनले काठमाडौं उपत्यका विजय गरेपछिको वि.सं.१८२६ पश्चातको समयलाई नेपालको इतिहासको आधुनिककाल भनिन्छ ।

नेपालको एकीकरण कार्यको थालनी वि.सं. १८०१ मा शुरु भएको थियो । पृथ्वीनारायण शाहको समयमा तीब्र गतिमा चलेको एकीकरण अभियान उनको शेषपछि केही समय सुस्ताएजस्तो भएपनि बहादुर शाहको समयमा द्रुत गतिमा अघि बढ्यो । वि.सं. १८७१-१८७२ मा भएको नेपाल-अङ्ग्रेज युद्धपछि त सो कार्यमा पूर्णबिराम नै लाग्न गयो ।

नेपालको एकीकरणको सिलसिलामा गोरखाली सेनाले वि.सं.१८२७ देखि नै तनहुँ राज्यमा आक्रमण गर्दै आएको थियो । तर चौबीसी राज्यहरूको साथसहयोग पाएको हुनाले सो राज्यउपर गोरखालीहरूको पूर्ण अधिकार कायम हुन सकेको थिएन । त्यही समयमा अङ्ग्रेजहरूले बङ्गाल र बिहारहुँदै अवधसम्म आफ्नो आधिपत्य जमाइ सकेका थिए । त्यसकारण तनहुँका राजाले सहयोग गरेमा उनको अधिनमा रहेको चुरे पर्वतदेखि दक्षिणको रामनगर र चुरे पर्वतदेखि उत्तरमा रहेको चितवनसमेत अङ्ग्रेजहरूले कब्जा गर्नसक्ने सङ्केत देखिएको थियो । त्यसकारण बेतियामा निर्वाशित जीवन बिताइरहेका बहादुर शाहले जतिसक्दो छिटो चितवनमा आक्रमण गरी सो क्षेत्र आफ्नो अधिनमा लिन दाजू प्रतापसिंह शाहलाई पत्र लेखेका थिए । साथै त्यसबखत दरबारमा हर्ताकर्ता भइ बसेका ब्रजनाथ पण्डितले पनि सो कार्यमा ढिलाइ गर्न नहुने सल्लाह दिएका थिए (उही, पृ.५६-६१) । त्यसकारण वि.सं. १८३४ श्रावण ३ गते गोरखाली सेनाले चितवनको कविलासपुर गढीमा आक्रमण गऱ्यो । यो अभियानमा पूर्वको किराँत प्रदेश कब्जा गरेर त्यसको सुरक्षार्थ त्यहीं काजमा रहेका अभिमानसिंह बस्नेत, रामकृष्ण कुँवर र पारथ भण्डारीलाई खटाइएको थियो । उनीहरूको सहयोगका लागि काठमाडौंबाट काजी स्वरुपसिंह कार्की केही सेनासहित चितवन पुगेका थिए । त्यहाँ पुगेको गोरखाली सेनाले पहिले कविलासपुरगढी र उपरदाङगढी कब्जा गऱ्यो । तनहुँका राजाले वर्षा मासको समय हुनाले उर्लंदो भेलसहितका सप्तगण्डकी पार गरेर चितवन पुगी सो क्षेत्र फिर्ता गराउने साहस गर्न सकेनन् । त्यसपछि गोरखाली फौजको हिम्मत बढ्यो र चितवनको दक्षिणमा रहेको सोमेश्वर गढीमा आक्रमण गर्ने योजना बन्यो । श्रावण २६ गते सोमेश्वर गढी आफ्नो अधिनमा लिइसकेपछि चितवनको सम्पूर्ण भूभागमा गोरखाली सेनाको आधिपत्य कायम भयो । त्यसपछि चितवनको सुरक्षाका लागि रामकृष्ण कुँवरलाई उपरदाङ गढीमा किल्ला जमाइ बस्न काजमा खटाइएको थियो (उही, पृ.६१-६६) ।

## प्रशासनिक जिल्लाको रूपमा चितवन

मानवले स्थायी रूपमा बसोबास शुरु गरेपछि आफूले कब्जा गरेको जमिनमाथि आफ्नो आधिपत्य जमाउन थालेपछि ‘राज्य’को उत्पत्ति भयो । त्यसपछि शासकहरूले आफ्नो अधिनमा भएको जमिनमा प्रभाव कायम गरिराख्नका लागि राज्यलाई विभिन्न क्षेत्रमा विभाजन गरी आफ्ना अनुयायीहरूलाई त्यस क्षेत्रको प्रशासक नियुक्त गर्न थालेको पाइन्छ । नेपालको एकीकरणको सिलसिलामा चितवन क्षेत्र कब्जा गरिएपछि यो ठाउँ एक इलाकाको रूपमा मात्र रहेको थियो । वि.सं. २०१८ मा मात्र यो क्षेत्र चितवन नामक अलगै जिल्लाको रूपमा अस्तित्वमा आएको हो जसका बारेमा यहाँ चर्चा गरिन्छ ।

## ऐतिहासिक पृष्ठभूमि

नेपालको एकीकरणपश्चात प्रशासन सञ्चालनको सुविधाका दृष्टिले मुलुकलाई विभिन्न जिल्लामा विभाजन गरिएको थियो । त्यतिखेर मध्यकालदेखिका राज्यहरूलाई नै जिल्ला कायम गरेर प्रशासन सञ्चालन गरिएको थियो । जङ्गबहादुर राणाको पालामा तयार गरिएको एक अभिलेखमा नेपालभर ६९ जिल्ला भएको उल्लेख छ जसमा मर्ज्यादापुर पनि एक हो (अधिकारी, १९८४, पृ.२१०-२११) । चितवनलाई मध्यकालदेखि नै मर्ज्यादापुर जिल्ला भनिन्थ्यो भन्ने कुरा कामारीदत्त सेनले गुणानन्द पन्थलाई वि.सं. १८२७ मा दिएको विर्ता बकसपत्रबाट ज्ञात हुन्छ । उक्त बकसपत्रमा ‘आगे श्री गुणानन्द

पन्थज्युके विर्ता वकस भइल. जिले मर्यादापुर तपे चितावन् मौजे सहलौली गाव.' भन्ने कुरा लेखिएको छ (अधिकारी, २०५५, पृ.१००-१०१) ।

'मर्ज्यादापुर' जिल्लाको पूर्वी भूभागलाई चितौन प्रगन्ना, गीतानगरदेखि राप्तीकिनारसम्मको क्षेत्रलाई बेलौद प्रगन्ना, भरतपुर, बसेनी, नारायणगढ, लङ्कु र मङ्गलपुर क्षेत्रलाई संजौर प्रगन्ना तथा मङ्गलपुरदेखि मेघौलीसम्मको गहिरो भागलाई गहिरवाड प्रगन्ना भनिन्थ्यो भन्ने विद्वानूहरूको भनाइ छ (कँडेल, २०६५, पृ.१८-२५) ।

वीर शमशेरको समयमा वि.सं. १९५२ मा पहाडलाई २३ तहसिल र तराईलाई १२ जिल्ला गरी ३५ जिल्लामा विभाजन गरिएको थियो । त्यसमध्ये तराईलाई पूर्वी मधेश, भित्री मधेश र पश्चिमी मधेश भनी छुट्टाइएको थियो (वैद्य र माननधर, २०५३, पृ.१८५-१८६) । भित्री मधेशमा रहेका तीन जिल्ला उदयपुर, चिसापानी र दाङदेउखुरीमध्ये चितवन चिसापानी जिल्ला अन्तर्गत पर्दथ्यो । चिसापानी जिल्लालाई चिसापानीगढी, चितवन र नवलपुर गरी तीन इलाकामा विभाजन गरिएको थियो । त्यतिखेर चितवन इलाकामा सोह्रहजार चितवन, खास चितवन, बेलौद, टाँडी, कालाबञ्जार र माँडी गरी छवटा प्रगन्ना थिए (नेपालको नक्सा, २०१५) ।

एकीकरणपछि नेपालका विभिन्न भूभागबाट राजश्व असुल गर्न सजिलो होस भनी सुरुमा अमाली प्रथा लागू गरिएको थियो । त्यसबेला रैती बसेका क्षेत्रलाई पहाडमा थुम तथा तराइमा प्रगन्ना भनी छुट्टाइएको थियो । वि.सं. १९५९ मा अमाली प्रथा खारेज गरी तालुदारी प्रथा लागू गरियो । त्यसपछि थुम र प्रगन्नालाई मौजामा विभाजन गरिएको थियो । साथै हरेक मौजामा जिम्मावाल, मुखिया वा चौधरी नियुक्त गरिएको थियो । वि.सं. १९७९ सालको एक विवरण अनुसार पूर्वी चितवनमा १४४, मध्य चितवनमा ६४ र राप्तीपारि २४ गरी चितवन जिल्लाभर २३२ मौजाहरू थिए (थापा, २०५०, पृ.१८४-१८५) ।

वि.सं. २०१३ सालमा गोरखा, धादिङ, मकवानपुर र लमजुङका बाढी पहिरो पीडित तथा नेपालभरका गरीब, सुकुम्बासी र तराइमा बसोबास गर्न चाहने सबै वर्गका मानिसलाई व्यवस्थित बसोबास गराउने उद्देश्यले राप्ती दुन विकास योजना लागू गरिएको थियो (शर्मा र मल्ल, २०६०, पृ.ग) । त्यसपछि मात्र चितवनमा जनसङ्ख्या वृद्धि हुनुकासाथै विभिन्न ठाउँमा तिब्र रूपमा बस्ती विकास हुन थालेको हो ।

## चितवन जिल्लाको प्रशासनिक संरचना

वि.सं. २०१८ सालमा नेपाललाई ७५ जिल्लामा विभाजन गर्दा चिसापानी गढी अन्तर्गतको चितवन इलाका भित्रका छ वटा प्रगन्नाहरूलाई समेटेर चितवन जिल्ला बनाइएको थियो । त्यतिखेर चितवन इलाका अन्तर्गत सोह्रहजार चितवन (वर्तमान चितवनको पहाडी भूभाग), चितवन (हालको चितवन जिल्लाको पूर्वी क्षेत्र), टाँडी (भरतपुरदेखि पश्चिम शुक्रनगरसम्मको टाँडी क्षेत्र), कालाबञ्जर (नारायणगढदेखि पश्चिम बेलुवा भगडीसम्मको गहिरो भूभाग), बेलौद (गीतानगर, पटिहानी, जगतपुर र ध्रुव) तथा माडी प्रगन्ना (बघौडा र गर्दी) रहेका थिए (देवकोटा, २०४०, पृ.२२४) ।

जिल्ला पञ्चायत ऐन २०१९ लागू भएपछि नेपालभरका पचहत्तरै वटा जिल्लामा 'जिल्ला पञ्चायत' गठन हुँदा चितवनमा पनि ११ सदस्यीय जिल्ला पञ्चायत गठन भएको थियो (रेग्मी, २०७८, पृ.१२५-१२८) । जिल्ला पञ्चायतमा एक सभापति, एक उपसभापति र ९ जना सदस्य रहने व्यवस्था थियो जसको चयन जिल्ला सभाले गर्दथ्यो । जिल्ला सभामा सो जिल्लाभित्रका गाउँ र नगर पञ्चायतबाट चुनिएर आएका प्रतिनिधि हुन्थे (यादव र अरू (सम्पा.), २०७३, पृ. १८३-१८४) ।

पञ्चायत व्यवस्थाका विरुद्धमा जनविरोध बढेपछि वि.सं.२०३७ सालमा जनमत सङ्ग्रह भयो । 'सुधारिएको पञ्चायत व्यवस्था कि बहुदलीय प्रणाली' भन्ने विषयमा भएको जनमत सङ्ग्रहमा पञ्चायत व्यवस्थाको पक्षमा बहुमत देखिएपछि नेपालको संविधानमा संशोधन गरी पञ्चायतका विभिन्न निकायको निर्वाचन प्रणालीमा पनि व्यापक परिवर्तन गरियो । त्यतिखेर जिल्ला पञ्चायत ऐन २०१९ मा संशोधन गरी जिल्लालाई विभिन्न इलाकामा विभाजन गरिएको थियो । 'स्थानीय

पञ्चायत सम्बन्धी केही नेपाल ऐन संशोधन र खारेजी गर्ने ऐन २०३८' अनुसार 'जिल्ला पञ्चायतका सदस्यहरूको निर्वाचनका लागि प्रत्येक जिल्ला पञ्चायत क्षेत्रलाई श्री ५ को सरकारले नौ इलाकामा विभाजन गर्ने छ' भनिएको थियो । जिल्ला पञ्चायतका सभापति र उपसभापतिको निर्वाचन जिल्लाभरका गाउँ सभा र नगर सभाका सम्पूर्ण सदस्यहरूबाट र इलाकाका सदस्यको निर्वाचन सम्बन्धित इलाकाका गाउँ सभा र नगर सभाका सदस्यहरूबाट गर्ने व्यवस्था गरिएको थियो (नेपाल ऐन सङ्ग्रह, खण्ड २, २०४४, पृ.९७) ।

नेपालमा बहुदलीय व्यवस्थाको पुनर्स्थापना भएपछि विभिन्न तहका स्थानीय निकायको नामबाट 'पञ्चायत' शब्द हटाइएपछि जिल्ला पञ्चायतलाई जिल्ला विकास समिति भन्न थालिएको हो । त्यतिखेर जारी गरिएको 'जिल्ला विकास समिति ऐन २०४८' मा जिल्ला विकास समितिको क्षेत्रलाई बढीमा सत्र इलाकामा विभाजन गर्न सकिने छ भनिएको थियो (स्थानीय निकायसम्बन्धी ऐनहरू, २०४९, पृ.९३) । सोही व्यवस्था बमोजिम चितवन जिल्लालाई १३ इलाकामा विभाजन गरिएको थियो (जिल्ला पार्श्वचित्र चितवन, २०६१, पृ.९) ।

नेपालमा दश वर्षसम्म चलेको जनविद्रोह र बैसट्ठीत्रिसट्ठी सालमा भएको जनआन्दोलनको परिणाम स्वरूप संविधान सभाको निर्वाचन भइ सो सभाले वि.सं. २०७२ साल आश्विन ३ गते 'नेपालको सविधान' जारी गरेको छ। यो संविधानमा राज्य सञ्चालनको मूल संरचना संघ, प्रदेश र स्थानीय गरी तीन तहको हुनेछ भनिएको छ तर स्थानीय तह अन्तर्गत गाउँपालिका वा नगरपालिका र जिल्ला सभा रहने व्यवस्था गरिएको छ (नेपालको संविधान, २०७२, पृ.३१) । प्रत्येक जिल्लाभित्रका गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख सदस्य रहने जिल्ला सभाले नौ सदस्यीय जिल्ला समन्वय समिति गठन गर्ने व्यवस्था गरिएको छ। सो समितिको काम (क) जिल्लाभित्रका गा.पा. र न.पा. बीच सान्वय गर्ने (ख) विकास तथा निर्माण सम्बन्धी कार्यको सन्तुलन कायम गर्न सोको अनुगमन गर्ने र (ग) जिल्लामा रहेका संघीय र प्रदेश सरकारी कार्यालय र गा.पा. र न.पा.बीच समन्वय गर्ने मात्र रहेको छ (उही, पृ.१०१-१०२)। पञ्चायतकालको जिल्ला पञ्चायत र छयालिस सालको आन्दोलनपछिको जिल्ला विकास समितिले राजनीतिक, प्रशासनिक र विकास निर्माणको क्षेत्रमा जुन किसिमको अधिकारको प्रयोग गर्न पाएको थियो त्यसको तुलनामा वर्तमान जिल्ला समन्वय समिति दाह्रा नङ्ग्रा झिकेको बाघ जस्तै निरिह बनेको देखिन्छ।

## प्रशासनिक कार्यालयहरू

राणा शासनकालमा चितवन इलाकाको केन्द्र उपरदाङ्गढीमा राखिएको थियो। चितवन शिकार खेल्नको लागि उपयुक्त स्थल हुनाले वि.सं. १९९२ मा यस इलाकालाई वीरगञ्जका वडाहाकिमको अधिनमा राखी यसको केन्द्र झुवानीमा सारिएको थियो । वि.सं. २०१४ पछि चितवनको केन्द्र भरतपुरमा सारिएको हो (जिल्ला पार्श्वचित्र, २०६१, पृ.६) । यसको केन्द्र झुवानीमा हुँदा माल, अदालत, भन्सार र हुलाक अड्डा झुवानीदेखि उत्तर उपरदाङगढीदेखि दक्षिणमा रहेको शेरकावासमा थिए भने मिलिसिया चौकी र वनजाँच अड्डा उपरदाङगढीमा राखिएका थिए (मेचीदेखि महाकाली, २०३१, पृ.१२६७ ) । नेपालमा पञ्चायत व्यवस्थाको प्रादुर्भावपश्चात जिल्ला पञ्चायत ऐन २०१९ अनुसार नेपालभर जिल्ला पञ्चायत गठन भएपछि पञ्चायत विकास अधिकारीको अधिनमा रहने गरी दर्ताचलानी, एकाउण्ट, प्रशासन, सहकारी, कृषि प्रसार, पञ्चायत प्रबन्ध र निर्माण कार्यालयजस्ता अत्यावश्यक कार्यालयहरू मात्र खुलेका थिए भन्ने कुरा श्री ५ को सरकारको क्षेत्रीय प्रशासन सर्वेक्षण २०२१ मा उल्लेख गरिएको छ (पृ.५६) । त्यतिखेरसम्म नयाँ जिल्लाहरूमा केही कार्यालयहरू स्थापना भएको भएतापनि जिल्लाको समग्र प्रशासन के कसरी सञ्चालन गर्ने भन्ने कुराको अन्योल थियो । त्यसकारण वि.सं. २०२२ मा 'स्थानीय प्रशासन व्यवस्था अध्यादेश' जारी गरी राणा शासनकालदेखि चल्दै आएका गौंडा, गोश्वारा र त्यहाँ रहने वडाहाकिमको पद खारेज गरी हरेक जिल्लामा 'प्रमुख जिल्ला अधिकारी' रहने र उनको मातहतमा जिल्लाका

सम्पूर्ण कार्यालयहरू रहने व्यवस्था गरिएको थियो (नेपाल गजेट, १५/२५, २०२२) । यो व्यवस्थाले चितवन जिल्लामा पनि प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा जिल्लाको प्रशासन सञ्चालन हुन थाल्यो । त्यसपछि आवश्यकता अनुसार विभिन्न कार्यालयहरू थपिँदै जाँदा वि.सं. २०३१ सम्ममा प्र.जि.अ.को कार्यालय मातहत भरतपुर र ठोरीमा प्रहरी निरीक्षक कार्यालय, भरतपुरमा कारागार, वन, वन्यजन्तु संरक्षण, कोष तथा तहसिल, अन्तशुल्क, कर, छोटी भन्सार, तथ्याङ्क सङ्कलन, अदालत, सहायक सरकारी वकिल कार्यालय, शिक्षा कार्यालय, महेन्द्र आदर्श चिकित्सालय, नेपाल औलो उन्मुलन संघ, पशु चिकित्सालय, विफर उन्मुलन संघ, खानेपानी ढल निकाश, सडक सब-डिभिजन, आकाशवाणि स्याटेलाइट, कृषि विकास बैंक, कृषि खरिदविक्रि संस्थान, सहकारी, भूमि प्रशासन, खगेरी सिंचाइ आयोजना, घरेलु उद्योग अञ्चल केन्द्र, जिल्ला पञ्चायत कार्यालय, परिवार नियोजन, शाही नेपाल वायु सेवा निगम, उद्योग वाणिज्य संघ र साझा प्रकाशन कार्यालय गरी ३२ वटा जिल्ला स्तरीय शाखा कार्यालयहरू खुलेका थिए (मेचीदेखि महाकाली, २०३१, पृ.१२६७-१२६८ ) ।

जनमत सङ्ग्रहपछि मुलुकमा जनताप्रति उत्तरदायी हुने शासन प्रणालीको विकास हुनु पर्दछ भन्ने अवधारणाको विकास भएको हुनाले 'विकेन्द्रीकरण ऐन २०३९' जारी गरी पञ्चायत विकास अधिकारीको नाम परिवर्तन गरी स्थानीय विकास अधिकारी बनाइनुकासाथै उनको अधिनमा विकास निर्माण सम्बन्धी कार्यालयहरू राखियो । शान्तिसुरक्षा र सामान्य प्रशासनको अलावा जिल्लाको सम्पूर्ण प्रशासनिक कामको निर्देशन, निरिक्षण र अनुगमन गर्ने जिम्मा भने प्रमुख जिल्ला अधिकारीकै थियो (नेपाल ऐन सङ्ग्रह, खण्ड २, २०४४, पृ.२२८-२४८) ।

बहुदलीय व्यवस्थाको पुनर्स्थापनापछि केन्द्रमा मन्त्रालयहरू थपघट गर्ने क्रममा जिल्लामा पनि विभिन्न नयाँ कार्यालयहरूको स्थापना र नाम परिवर्तन हुँदै गयो भने नेपालको संविधान २०७२ लागू भएपछि संघ र प्रदेश सरकारको अधिनमा रहने गरी जिल्लामा विभिन्न कार्यालयहरूको व्यवस्थापन गरिएको छ। हाल चितवन जिल्लामा निम्न लिखित ७३ वटा कार्यालयहरू छन्-

(१) सेवा प्रदायक कार्यालयहरू : जिल्ला अदालत, जिल्ला प्रशासन कार्यालय, इलाका प्रशासन कार्यालय (माडी), जिल्ला प्रहरी कार्यालय, जुनियर प्रहरी तालिम केन्द्र, जिल्ला सरकारी वकिल कार्यालय, को.ले.नि.का., मालपोत कार्यालय (भरतपुर, चनौली, खैरहनी र माडी), आन्तरिक राजश्व, शिक्षा कार्यालय, वन, तथ्याङ्क, खानेपानी तथा सरसफाइ, हुलाक, भूमि सुधार, नापी कार्यालय (भरतपुर, चनौली, खैरहनी र माडी), निर्वाचन कार्यालय, राष्ट्रिय अनुसन्धान, यान्त्रिक कार्यालय, महिला तथा बालबालिका कार्यालय, कारागार, नेपाली सेनाको व्यारेक (भरतपुर र कसरा), नागरिक उड्डयन, दूर सञ्चार (भरतपुर र टाँडी), नेपाल परिवार नियोजन संघ, चितवन राष्ट्रिय निकुञ्ज, विद्युत प्राधिकरण (भरतपुर र टाँडी), जनक शिक्षा सामग्री केन्द्र, राष्ट्रिय बिमा संस्थान, सहकारी डिभिजन कार्यालय तथा प्रशिक्षण केन्द्र, साझा प्रकाशन, कृषि सामग्री संस्थान, साल्ट ट्रेडिङ संस्थान

(२) विकास निर्माणका कार्यालयहरू : जिल्ला प्राविधिक कार्यालय, भवन तथा शहरी विकास, कृषि विकास, पशु सेवा, डिभिजन सडक कार्यालय, मध्यमाञ्चल सिंचाइ विकास डिभिजन, मत्स्य विकास केन्द्र, भूमिगत जल सिंचाइ आयोजना, कोसेबाली विकास कार्यक्रम, मकैबाली अनुसन्धान, किम्बु नर्सरी व्यवस्थापन केन्द्र, रेशम खेती विकास कार्यक्रम, स्टट फार्म सेन्टर, राष्ट्रिय पक्षी रोग अन्वेषण प्रतिष्ठान,

(३) स्वास्थ्य सम्बन्धी संस्थाहरू : जिल्ला जनस्वास्थ्य कार्यालय, भरतपुर अस्पताल, बी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल, आँखा अस्पताल,

(४) वित्तीय संस्थाहरू : नेपाल बैंक लिमिटेड (नारायणगढ र पर्सा), कृषि विकास बैंक (भरतपुर, पर्सा र भरतपुर बाइपास), राष्ट्रिय वाणिज्य बैंक

(५) अन्य : जिल्ला समन्वय समिति, भरतपुर महानगरपालिका, कालिका, खैरहनी, माडी, रत्ननगर र राप्ती नगरपालिका, इच्छाकामना गाउँपालिका कार्यालय (चितवन जिल्ला पार्श्वचित्र, २०७४, पृ.१७२-१७४) ।

## गाउँ र नगरको संरचना

वि.सं. २०१८ सालमा गाउँ र नगर पञ्तायत गठन हुँदा चितवन जिल्लामा शुरुमा २२ वटा गाउँ पञ्चायत स्थापना गरिएको थियो । राप्ती दून विकास योजना कार्यान्वयन भएपछि चितवनमा अन्यत्रबाट बसाइसराइ गर्ने क्रम तिब्र रूपमा वृद्धि भयो जसका कारण यस क्षेत्रमा जनघनत्व बढेर गयो । त्यसकारण वि.सं.२०२३ सालमा यस जिल्लाको पहाडी भागमा ६ वटा, पूर्वी चितवनको समथर भूभागमा १५ वटा, पश्चिम चितवनमा १६ वटा र माडीमा ५ वटा गरी ४२ वटा गाउँ पञ्चायत स्थापना गरिएको थियो । वि.सं.२०३५ सालमा नेपालभरका गाउँ तथा नगर पञ्चायतको संरचनामा व्यापक हेरफेर गरिएको थियो । त्यही क्रममा चितवनमा पनि गाउँ पञ्चायतहरूको सङ्ख्या घटाउने तथा भरतपुर र नारायणघाट गाउँ पञ्चायतलाई मिलाएर भरतपुर नगर पञ्चायत स्थापना गर्ने काम भएको थियो । त्यसपछि यस जिल्लामा एक नगर पञ्चायत र ३१ वटा गाउँ पञ्चायत कायम भएका थिए । जनमत सङ्ग्रहमा पञ्चायत व्यवस्थाको पक्षमा बहुमत देखिएपछि नेपालको संविधानमा संशोधन गरी आम निर्वाचनबाट प्रतिनिधि चुन्ने व्यवस्था लागू गरियो । त्यतिखेर चितवनमा एक नगर पञ्चायत र ३८ गाउँ पञ्चायत स्थापना गरिएको थियो (सापकोटा, २०४६, पृ.२०२-२०५) ।

नेपालमा बहुदलीय व्यवस्थाको पुनर्स्थापना भएपछि विभिन्न तहका स्थानीय निकायको नामबाट 'पञ्चायत' शब्द हटाइँदा यस जिल्लाका गाउँ पञ्चायतलाई गाउँ विकास समिति र नगर पञ्चायतलाई नगरपालिका भन्न थालिएको हो । त्यतिखेर नारायणपुर र गीतानगर गाउँ पञ्चायतका केही भूभाग भरतपुर नगरपालिकामा गाभेर सो नगरपालिकाको १३ र १४ नम्बर वडा कायम गरिएको थियो भने नारायणपुर गाउँ विकास समितिको नाम परिवर्तन गरेर फूलवारी गाउँ विकास समिति राखिएको थियो । वि.सं. २०५४ सालमा भएको स्थानीय निकायको निर्वाचनको बेला रत्ननगर र पञ्चकन्या गा.वि.स.लाई मिलाएर रत्ननगर नगरपालिका स्थापना गरिएको थियो (रेग्मी, २०७८, पृ. १७८ र १८६) ।

वि.सं.२०७१ सालमा मङ्गलपुर, फूलवारी, गीतानगर, शिवनगर र पटिहानी गा.वि.स. मिलाएर भरतपुर नगरपालिकालाई उप-महानगरपालिकामा स्तरोन्नति गरिएको थियो भने पिठूवा र बछौली गा.वि.स. मिसाएर रत्ननगर नगरपालिकाको सीमा विस्तार गरिएको थियो । त्यस्तै पश्चिम चितवनका शारदानगर र गुञ्जनगर गा.वि.स. मिलाएर चित्रवन नगरपालिका र जगतपुर, पार्वतीपुर, शुक्रनगर र मेघौली गा.वि.स. मिसाएर नारायणी नगरपालिका बनाइएको थियो भने पूर्वमा खैरहनी, कुमरोज र वीरेन्द्रनगर गा.वि.स. मिलाएर पर्सा नगरपालिका बनाइएको थियो । त्यसैगरी गर्दी, बघौडा, कल्याणपुर र अयोध्यापुरी गा.वि.स. मिसाएर माडी नगरपालिका बनाइएको थियो । यसरी वि.सं. २०७३ सम्म चितवनमा एक उपमहानगरपालिका, ५ वटा नगरपालिका र १६ वटा गा.वि.स. कायम भएका थिए (सापकोटा, २०७७, पृ.१०१) ।

नेपालको संविधान २०७२ लागू भएपछि मुलुकलाई ७ प्रदेश, ७७ जिल्ला र ७५३ स्थानीय तहमा विभाजन गरिएको छ । यो पुनर्संरचनापछि चितवनमा एक महानगरपालिका, पाँच नगरपालिका र एक गाउँपालिका कायम भएका छन् । साविकको भरतपुर उप-महानगरपालिकामा चित्रवन र नारायणी नगरपालिका तथा कविलास गा.वि.स. मिसाएर २९ वटा वडा भएको भरतपुर महानगरपालिका बनाइएको छ । जुटपानी, पदमपुर र शक्तीखोर गा.वि.स. मिलाएर कालिका नगरपालिका बनाइएको छ जसमा ११ वडा छन् भने कुमरोज, खैरहनी र चैनपुर गा.वि.स. मिलाएर खैरहनी नगरपालिका बनाइएको छ जसमा १३ वडा छन् । माडी नगरपालिकालाई ९ र रत्ननगर नगरपालिकालाई १६ वडामा विभाजन गरिएको छ । पूर्वी चितवनका कोराक, पिप्ले, भण्डारा, लोथर र वीरेन्द्रनगर गा.वि.स.मिलाएर राप्ती नगरपालिका बनाइएको छ जसमा १३ वडा छन् । पहाडी क्षेत्रका काउले, चण्डीभञ्ज्याङ, दाहाखानी र दारेचोक गा.वि.स. मिसाएर इच्छाकामना गाउँपालिका बनाइएको छ जसमा ७ वडा छन् (नेपाल राजपत्र, खण्ड ६६, सङ्ख्या ५८, २०७३) ।

## संघीय तथा प्रदेश सभामा प्रतिनिधित्वको संरचना

प्रजातन्त्रको स्थापना पश्चात नेपाल अधिराज्यको संविधान २०१५ लागू भएपछि प्रतिनिधि सभाको निर्वाचनका लागि मुलुकलाई १०९ निर्वाचन क्षेत्रमा विभाजन गरिएको थियो। त्यसमध्ये चिसापानीगढी अन्तर्गत निर्वाचन क्षेत्र नं. ५६ मा चितवनको भूभाग राखिएको थियो जहाँबाट एक जना प्रतिनिधि चुनिन्थे (देवकोटा, २०३६, पृ.९६)।

पञ्चायत व्यवस्था लागू भएपछि जारी गरिएको नेपालको संविधान २०१९ मा मुलुकको व्यवस्थापिकाको रूपमा राष्ट्रिय पञ्चायतको व्यवस्था गरिएको थियो। त्यतिखेर ७५ वटै प्रशासनिक जिल्लालाई एकएक निर्वाचन क्षेत्र निर्धारण गर्दा चितवन जिल्लालाई पनि एक निर्वाचन क्षेत्र कायम गरी एक जना मात्र प्रतिनिधि चुनिने व्यवस्था गरिएकोमा नेपालको संविधानमा गरिएको दोस्रो संशोधन २०२३ पछि चितवनबाट दुई जना प्रतिनिधि चुनिएर जाने व्यवस्था गरिएको थियो (सिंह, २०६६, पृ.२६० र ३२३)।

प्रजातन्त्रको पुनर्स्थापनापछि जारी गरिएको नेपाल अधिराज्यको संविधान २०४७ मा चितवनलाई तीन वटा निर्वाचन क्षेत्रमा विभाजन गरिएकोमा बढ्दो जनसङ्ख्यालाई दृष्टिगत गरी वि.सं. २०५१ मा चार वटा र संविधान सभाको निर्वाचनका बेला पाँच निर्वाचन क्षेत्र कायम गरी प्रत्येक निर्वाचन क्षेत्रबाट एकएक जना प्रतिनिधि चुनिने व्यवस्था गरिएको थियो (रेग्मी, २०७८, पृ.१९७-१९९ र २०६)।

नेपालको संविधान २०७२ जारी भएपछि प्रदेश सभा र प्रतिनिधि सभाका प्रतिनिधि चयन गर्नका लागि प्रत्येक जिल्लालाई विभिन्न निर्वाचन क्षेत्रमा विभाजन गरिएको छ। निर्वाचन आयोगको मिति २०७४ आश्विन १७ गतेको 'निर्वाचन क्षेत्र निर्धारण सम्बन्धी सूचना' अनुसार चितवन जिल्लालाई प्रतिनिधि सभामा प्रतिनिधित्वका लागि तीन र प्रदेश सभामा प्रतिनिधित्वका लागि निम्नानुसारको ६ निर्वाचन क्षेत्रमा विभाजन गरिएको छ।

**तालिका नं.१**

**निर्वाचन क्षेत्र विभाजनको विवरण**

| निर्वाचन क्षेत्र नं. | | सम्मिलित क्षेत्रहरू |
|---|---|---|
| १ | १ (क) | राप्ती नगरपालिका सबै वडाहरू र खैरहनी नगरपालिकाका ३, ६, ७, ८, ९, १० र ११ नं. वडाहरू |
| | १ (ख) | खैरहनी नगरपालिकाका १, २, ४, ५, १२ र १३ नं. वडाहरू र रत्नगर नगरपालिकाका सबै वडाहरू |
| २ | २ (क) | कालिका नगरपालिकाका सबै वडाहरू, इच्छाकामना गाउँपालिकाका सबै वडाहरू र भरतपुर महानगरपालिकाका १, ३ र २९ नं. वडाहरू |
| | २ (ख) | भरतपुर महानगरपालिकाका २, ४, ५, ७, १०, ११ र १२ नं. वडाहरू |
| ३ | ३ (क) | भरतपुर महानगरपालिकाका वडा नं. ६,, ८, ९, १५ देखि २० सम्म र २६ देखि २८ सम्म |
| | ३ (ख) | भरतपुर महानगरपालिकाका वडा नं. १३, १४ र २१ देखि २५ सम्म र माडी नगरपालिकाका सबै वडाहरू, |

*(**चितवन दर्पण** , २०७८, पृ. २०७-२०८।)*

## निष्कर्ष

राज्यको अवधारणाको विकास भएपछि शासकहरूले आफ्नो प्रभाव क्षेत्रलाई विभिन्न प्रशासनिक एकाइमा विभाजन गर्दैआएको पाइन्छ। चितवन जिल्लाको नामले परिचित नेपालको मध्य भागमा अवस्थित नारायणी नदीदेखि दक्षिण-पूर्वको

यो क्षेत्रमा पनि प्रागैतिहासिककालदेखि नै विभिन्न राज्यहरूले आफ्नो प्रभाव जमाउँदै आएको देखिन्छ । यस सन्दर्भमा प्रागैतिहासिककालमा विदेह राज्यको प्रभावमा रहेको यो क्षेत्रमा प्राचीनकालमा लिच्छवी राज्यको प्रभाव रहेको देखिन्छ । त्यस्तै पूर्वमध्यकालमा तिरहुत राज्य र मध्यकालमा सेनवंशी शासकले यो क्षेत्रमा प्रभाव जमाएको पाइन्छ । आधुनिककालमा नेपाल राज्यमा विलिन भएको यो क्षेत्रलाई शासकहरूले कहिले मर्ज्यादापुर र कहिले चिसापानीगढी अन्तर्गतको एक इलाकाको रूपमा चिन्ने गरेको देखिन्छ ।

नेपाललाई ७५ जिल्लामा विभाजन गर्दा भने चितवन इलाकालाई जिल्लाको रूपमा स्थापित गरिएको थियो । त्यसपछि मात्र यो क्षेत्र प्रशासनिक, राजनीतिक, धार्मिक तथा सांस्कृतिक महत्वको स्थानको रूपमा विकसित हुँदै गएको छ । राप्ती दून विकास परियोजनाको कार्यान्वयन हुँदा देश र विदेशका विभिन्न स्थानबाट यो क्षेत्रमा बसाइ सर्ने मानिसहरूको चाप बढ्न थालेपछि यस क्षेत्रको विकासले तिब्रता लिएको छ । यस क्षेत्रमा जनसङ्ख्याको वृद्धि हुँदै गएपछि आर्थिक, सामाजिक र राजनीतिक क्रियाकलाप पनि बढ्दै गएका छन् । त्यसको फलस्वरूप नयाँ संविधान लागू हुने बेलासम्ममा चितवनको मैदानी इलाकामा रहेका बस्तीहरू नगरपालिकामा परिणत भइसकेका छन् । नेपालको संविधान २०७२ लागू भएपछि त यहाँ एक महानगरपालिका नै स्थापना भएको छ भने मैदानी क्षेत्रमा पाँच नगरपालिका र पहाडी इलाकामा एक गाउँपालिका गरी सात वटा स्थानीय तह गठन भएका छन् । गाउँ र नगरको विकास र शान्ति सुरक्षाका लागि शुरुमा जिल्ला पञ्चायत राजनीतिक नेतृत्वको रूपमा रहेको थियो । प्रजातन्त्रको पुनर्स्थापनापछि त्यसलाई जिल्ला विकास समितिको नाम दिइएको थियो । यतिखेर त्यो निकाय जिल्ला समन्वय समितिको नाममा स्थानीय तहको समन्वयकर्ताको भूमिकामा मात्र सीमित हुन पुगेको छ ।

पञ्चायतकालमा प्रारम्भमा चितवनबाट राष्ट्रिय पञ्चायतमा एक जना मात्र प्रतिनिधिले प्रतिनिधित्व गर्न पाउँथे भने विस्तारै दुई जनाले प्रतिनिधित्व गर्न पाउने व्यवस्था भएको थियो । बहुदलको पुनर्स्थापनापछि प्रतिनिधिसभामा पाँच जना सांसदसम्म निर्वाचित हुने व्यवस्था भयो । हाल नयाँ संविधानले संघीय र प्रदेश सभाको व्यवस्था गरेको हुनाले यो जिल्ला संघीय सभामा प्रतिनिधित्वका लागि ३ र प्रदेश सभामा प्रतिनिधित्वका लागि ६ निर्वाचन क्षेत्रमा विभाजित भएको छ ।

चितवन अलगै जिल्लाको रूपमा स्थापित हुँदा यहाँ पञ्चायत विकास अधिकारीको मातहतमा केही कार्यालय मात्र खुलेका थिए भने वि.सं. २०२२ पछि प्रमुख जिल्ला अधिकारीको मातहतमा रहनेगरी  शान्तिसुरक्षा र विकास निर्माणका विभिन्न कार्यालयहरू खुल्दै गएका हुन् । हाल यहाँ विभिन्न सेवा प्रदान गर्ने, विकास निर्माणसम्बन्धी काम गर्ने र शान्तिसुरक्षाको काम गर्ने गरी ७३ वटा कार्यालयहरू स्थापना भएका छन् ।

ऐतिहासिक दृष्टिकोणबाट चितवनको प्रशासनिक संरचनाको अध्ययन गर्दा यस क्षेत्रमा जनसङ्ख्याको वृद्धिसँगै जनचाहना र आवश्यकतालाई सम्बोधन गर्नका लागि प्रशासनिक संरचनामा पनि परिवर्तन हुँदै गएको देखिन्छ ।

## सन्दर्भ सामग्री

अधिकारी, कृष्णकान्त, (१९८४), *नेपाल अण्डर जङ्गबहादुर १८४६-१८७७, भोलुम १,* काठमाण्डु : बुकु ।

अधिकारी, सूर्यमणि, (२०५५), *तनहुँ राज्यको इतिहास,*  चितवन : चन्द्रप्रभा प्रकाशन ।

आचार्य, बाबुराम, (२०६०), *प्राचीनकालको नेपाल,* काठमाडौं : श्रीकृष्ण आचार्य ।

कँडेल, देवीप्रसाद, (२०६५), *चितवनको इतिहास,* चितवन : लक्ष्मी कँडेल, (२०७८), "चितवनको ऐतिहासिक रूपरेखा (प्रागैतिहासिकदेखि २००७ सम्म)", *चितवन दर्पण (इतिहास, वर्तमान र परिकल्पना),* चितवन : जिल्ला समन्वय समितिको कार्यालय, पृ. १-१०५ ।

घिमिरे, विष्णुप्रसाद, (२०४५), *पाल्पा राज्यको इतिहास, भाग १,* चितवन : पदमा घिमिरे ।

*चितवन जिल्ला पार्श्वचित्र,* (२०७४), तथ्याङ्क कार्यालय चितवन ।

*चितवन दर्पण (इतिहास, वर्तमान र परिकल्पना),* (२०७८), चितवन : जिल्ला समन्वय समितिको कार्यालय ।

*जिल्ला पार्श्वचित्र चितवन,* (२०६१), जिल्ला विकास समितिको कार्यालय, चितवन ।

ढकाल, बेणीमाधव (अनु.), (२०६६), *श्रीगणेशपुराणम्,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

(अनु.), (२०७५), *हिमवत्खण्ड,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

तिम्सिना, नारायणाचार्य, (२०७७), *देवघाटक्षेत्रको पौराणिक तथा सांस्कृतिक अध्ययन,* काठमाडौं : देवघाट वैदिक आध्यात्मिक सेवा परिषद ।

थापा, धर्मराज, (२०५०), *चितवन दर्पण,* काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

देवकोटा, ग्रीष्मबहादुर, (२०३६), *नेपालको राजनीतिक दर्पण,* काठमाडौं : अर्जुनबहादुर देवकोटा ।

(२०४०), *नेपालको राजनीतिक दर्पण, तेस्रो भाग,* काठमाडौं : उपेन्द्रबहादुर देवकोटा ।

*नेपाल ऐन सङ्ग्रह, खण्ड २,* (२०४४), काडमाडौं : श्री ५ को सरकार, कानून तथा न्याय मन्त्रालय, कानून किताब व्यवस्था समिति ।

*नेपालको नक्सा* (थुम/प्रगन्ना विभाजित जनगणना जिल्लाहरू), (२०१५), संख्या-विभाग ।

*नेपालको संविधान* (२०७२), काठमाडौं : नेपाल सरकार, कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय, कानून किताब व्यवस्था समिति ।

*नेपाल गजेट,* खण्ड १५, अतिरिक्ताङ्क २५, २०२२ साल पौष १ गते ।

नेपाल राजपत्र, खण्ड ६६, सङ्ख्या ५८, २०७३ साल फागुन २७ गते ।

पाण्डे, रामनिवास र रेग्मी, दिनेशचन्द्र, (२०५४), *नेपालको पौराणिक इतिहास,* काठमाडौं : नेपाल र एशियाली अनुसन्धान केन्द्र ।

पोखरेल, डी.आर., (२०७९), *संस्कृतिका सोपानमा चितवन,* चितवन : हाम्रो सिर्जना-त्रैमासिक पत्रिका ।

बज्राचार्य, धनबज्र, (२०५३), *लिच्छवीकालका अभिलेख,* कीर्तिपुर : नेपाल र एशियाली अनुसन्धान केन्द्र ।

मजुमदार, आर.सी., रायचौधरी, एच.सी. र दत्त, कलिङ्कर, (१९८८), *एन् एडभान्स्ड हिस्ट्री अफ इण्डिया* (फोर्थ एडिसन), मद्रास : एस.जी. वासानी फर म्याकमिलन इण्डिया लिमिटेड ।

*मेचीदेखि महाकाली,* भाग २, (मध्यमाञ्चल विकास क्षेत्र), (२०३१) काडमाडौं : श्री ५ को सरकार, सञ्चार मन्त्रालय, सूचना विभाग ।

यादव, अयोधीप्रसाद र अरू (सम्पा.), (२०७३), *नेपालको निर्वाचन इतिहास,* काठमाडौं : निर्वाचन आयोग ।

रेग्मी, राजेन्द्रप्रसाद, (२०७४), *चितवनको ऐतिहासिक विवेचना,* काठमाडौं : सुकुन्दा पुस्तक भण्डार ।

, (२०७८), "चितवनको प्रशासनिक संरचना, प्रतिनिधित्व र जनप्रतिनिधिहरू", *चितवन दर्पण (इतिहास, वर्तमान र परिकल्पना),* चितवन : जिल्ला समन्वय समितिको कार्यालय, पृ. १०६-२८५ ।

वैद्य, तुलसीराम र मानन्धर, त्रिरत्न, (२०५३), *आधुनिक नेपालको प्रशासनिक इतिहास (सन् १७६८-१९५१),* कीर्तिपुर : नेपाल र एशियाली अनुसन्धान केन्द्र ।

शर्मा, जनकलाल र मल्ल, कृष्णबम, (२०६०), *रापती उपत्यका,* चितवन : चितवन अध्ययन केन्द्र ।

शर्मा, बालचन्द्र, (२०३३), *नेपालको ऐतिहासिक रूपरेखा,* वाराणसी : कृष्णकुमारी देवी ।

*श्री ५ को सरकारको क्षेत्रीय प्रशासन सर्वेक्षण* (२०२१), श्री ५ को सरकार, प्रशासकीय व्यवस्था विभाग ।

सापकोटा, ढाकाराम, (२०७७), *चितवनको ऐतिहासिक रूपरेखा,* काठमाडौं : शिखा बुक्स ।

सापकोटा, रविमोहन, (२०४६), "चितवन : स्थानीय पंचायत, राजनीति र नेतृत्वको स्वरूप", *विवेक* (चितवन परिचय विशेषाङ्क), चितवन : वीरेन्द्र बहुमुखी क्याम्पस, पृ.२०२-२१२ ।

सिंह, टोपबहादुर, (२०६६), *नेपालको संवैधानिक इतिहास र संवैधानिक अभिलेखहरू,* काठमाडौं : पैरवी प्रकाशन ।

सेन, सूब, (२०७४), *सेनवंशको सङ्क्षिप्त इतिहास,* काठमाडौं : गुल्मेली समाज ।

*स्थानीय निकायसम्बन्धी ऐनहरू* (२०४९), काडमाडौं : श्री ५ को सरकार, कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय, कानून किताब व्यवस्था समिति ।

ह्यामिल्टन, एफ.बी., (१९८६), *एन् एकाउन्ट अफ द किङ्गडम अफ नेपाल* (रिप्रिन्ट), न्यू दिल्ली : एसियन एजुकेशन सर्भिसेज ।

**Bharatpur Pragya : Journal of Multidisciplinary Studies**
[A Peer-Reviewed, Open Access Journal]
ISSN : 2990-773X (Print); ISSN : 2990-7748 (Online)
Published by Bharatpur Academy, Chitwan, Nepal
https://www.bharatpurmun.gov.np

# Copula Construction in Kathariya Tharu[1]

**Krishna Prasad Paudyal, Kamal Krishna Khanal**
English Department, Birendra Multiple Campus, TU

***Article History :*** *Submitted 7th Dec., 2022; Reviewed 12th Feb., 2022; Revised 17th March, 2023*
***Corresponding Author :*** *Krishna Prasad Paudyal* ***E-mail :*** *krishnapdyl@gmail.com*

**Abstract**

*Kathariya Tharu is one of the least studied Indo-Aryan languages spoken by the Kathariya Tharu community living in Kailali district of Nepal and Gorakhpur, Gonda, Lakhimpur, and Khiri districts of India. This is a preliminary study which analyses the morphosyntactic structure of copula construction in this language. The linguistic data for this study were collected from Ghodaghodi municipality, ward no. 9, Sisaiya, ward no.12, Kota and Kailari rural municipality, ward no. 8, Lausa and were analyzed with the help of the Toolbox software. R. M. W. Dixon's Basic Linguistic Theory has been employed as analytical tool, though insights have also been taken from other linguists. Kathariya Tharu employs the verbal copula construction strategy with three copula verbs- ho, ba, and rəh. Unlike other NIA languages in which the relation between the copula subject and copula complement is prominent, in Kathariya Tharu, it is the copula subject that determines the selection of the copula verb. However, the person, relation and function distinctions between the copula subject and copula complement disappears in the past tense and so, the same copula rəh is used with all the subjects.*

***Keywords:*** Non-verbal predicate, nominal predicate, predicative adjective, predicative locative, predicative possession.

## Introduction

Tharu is the largest indigenous community in Nepal. As the Tharu habitat extends from Mechi, the eastern most zone, to Mahakali, the western most zone, of Nepal and cross-border districts like Gonda, Kheri, Nainital, Pilibhit, Baharaich, Gorakhpur and Bijnor (Jeff, 1993, p.5) of India, it is natural for this community to have cultivated distinct variations in its language and culture. Based on the linguistic and cultural variations,

[1] We are grateful to the UGC, Nepal for funding the research project A Sketch Grammar of Kathariya Tharu which this article is based on.

*Copyright 2023© the Author(s)*

the Tharu community has broadly been classified into Rana, Dangaura, Chitoniya and Kochila Tharu (Paudyal, 2014, pp. 7-8), though each of these groups, except Rana, have their sub-groups, with slight variations in their language. However, the 24th edition of Ethnologue (2021, pp. 54-6) has reclassified the languages of this community as Tharu Dangaura, Tharu Kathariya, Tharu Central, Tharu Mid-Eastern, and Tharu Rana. Since Kathariya Tharu is the least studied, Tharu variety and this article is concentrating on the morpho-syntactic structure of the copula constructions in this language, it is desirable to introduce the community as well as the language they speak in brief before we get into the discussion proper.

Kathariya Tharu, the language, is closely related to Dangaura Tharu (Jeff, 1993, p. 4; Paudyal, 2014, p. 7) and the people are found "living approximately the same areas as Dangauras" (Jeff, 1993, p. 2). Krouskoff (1995) finds "Kathariya mostly concentrated in India, south of Dangaura's habitat, and in Kailali district" of Nepal (p. 186). McDonough (1984) agrees with Krouskoff and adds "and probably, in Bardiya, and Banke, one also finds Kathariya" (p. 27). Quoting Turner (1931, p. 600) McDonough (1984) states that in Gorakhpur region Dangaura and Kathariya Tharus are found but "there the majority were Kathariya" (27). Similarly, even in Kheri, Baharaich and Gonda districts of India "Kathariya and Dangaura are major groupings" (McDonough, 1984, p. 27). In Nepal this community concentrates "in the 46 villages in ten VDCs of Kailali district: Hasuliya, Udasipur, Pahalmanpur, Lalbhoji, Thapapur, Joshipur, Munuwa, Durgauli, Patharaiya, and Chuha" (Echintoff & Michelle, 2012, p. 47). A recent study of Kathariya Tharu shows that this community resides in the Lamki Chuha, Bhajani, Tikapur, Ghodaghodi, and Gauriganga municipalities and Joshipur, Janaki, Bardagoriya, and Kailari rural municipalities of Kailali district and Rajapur municipality, Ward No. 2, Nayagau of Bardiya district (Paudyal, 2077 BS., p. 4). In the same study, Paudyal also reports that the villages like Bela Parsuwa, Mudnochni, Ghuskiya, Maura, Gurghipurawa, Dhakhainipurawa, Chaupheri, Jauwapurawa and Gulbhujiya of Lakhimpur district of India are densely populated by this community (Paudyal, 2077 BS., p. 4). Thus, apart from the Kailali and Bardiya districts of Nepal, Kathariya Tharus are found in Gorakhpur, Gonda, Baharaich, Kheri, Pilibhit, Nainital and Bijnor districts of India.

The Population and Housing Census 2011 makes no distinction in the Tharu community and mentions none of the Tharu groups and their languages separately. The exact number of their population, therefore, is not available, though Echintoff and Michelle (2012, p. 47) report one old man in Pabera village, one of the Kathariya Tharu villages in Kailali, estimating that the speakers of Kathariya Tharu are between 12000 and 17000 in Kailali. Eberhad David M. et al. (eds) in the 24th edition of Ethnologue (2021) mention the population of Kathariya Tharu to be 106,000 (2006) in Nepal. However, Paudyal

(2077 B. S., p. 6), reporting the chairperson of Kathariya Society, Nepal's estimation, claims that the overall population of Kathariya Tharu is not less than 200,000. But since no census has listed the population of this Tharu group, it is difficult to state the exact number of this community.

The genetic classification of this language, according to the 24th edition of Ethnologue, is Indo- European, Indo- Iranian, Indo-Aryan, Intermediate Divisions, Western, Unclassified.

## Research Methodology

This article aims at introducing Kathariya Tharu and the morpho-syntactic structures of the copula constructions in this language. The linguistic data for the study were collected in Ghodaghodi municipality, ward no. 9, Sisaiya, Ghodaghodi- 12, Kota, and Kailari -8, Lausa. The recorded texts were transcribed and translated with the help of a language consultant. The transcribed texts with morpheme breaks and glosses were input in the Toolbox software, and interlinearized. This article is prepared by analyzing the interlinearized texts. As it is not possible to incorporate all the language structures in natural texts, for some structures, the linguistic data were elicited and interlinearized in the Toolbox. Being a preliminary study of this language, the majority of the examples are from the elicited data. The examples consist of four lines: the first line presents the Kathariya expressions, second the morpheme breaks, third morpheme by morpheme glosses and the fourth line presents the free translation of the expression.

The study has been organized in 5 sections. The first section introduces the Kathariya Tharu people and language. The research methodology used to conduct this study is explained in the second section. The third section introduces the core concept of the paper, the morpho-syntactic structures of the copula construction in this language. This section has been subdivided into four subsections: Identity, Attribution, Location and Benefaction. The fourth section presents the copula construction in the past tense, and the article is concluded with it fifth section- conclusion. For the conceptual discussion and theoretical guidelines, RMW Dixon's Basic Linguistic Theory (2010, 2012) has been, though insights from various scholars have also been shared.

## Non-verbal predication

Dryer (2007, p. 224) classifies clauses into two types based on the types of predicates they contain: those with verbal predicates and those with non-verbal ones. By verbal predicates, he means the predicates beginning with lexical verbs encoding distinct meanings, whereas non-verbal predicates refer to the predicative slot of a clause which does not contain such a verb loaded with a specific sense. Non-verbal predication can also be defined on the basis of the number of arguments it requires, and the constituent

that plays a significant role in the clause. According to Hengeveld (1992), in non-verbal predication, the verb element is not significant. It is the non-verbal predicate i. e. nominal, adjectival or locational that is significant in such constructions, as in many of the world languages, the verb element (copula) is not required to connect the subject and predicate in a clause. In such languages, the subject and predicate constituents are merely juxtaposed. As copula verbs are considered to be "auxiliaries accompanying a non-verbal predicate and its arguments" (Hengeveld, 1992, p. 32) and "semantically empty, inflectional supports, light verbs" (Arche et al., 2018, p. 2), copula constructions are categorized as non-verbal predicate constructions.

## Copula constructions

The languages of the world vary in expressing the internal relationship between the copula subject and copula complement. According to Curnow (1999, p. 1-2), copula construction is considered "the most basic construction or constructions" used "to encode the notions of identity and group membership". He further claims that "existence, location, possession are often encoded with this construction". Based on the study of the "grammatical description of approximately seventy languages", Curnow (1999, pp. 2-4) formulates four strategies of copula construction that different languages use to express copula relations: (i) verbal copula construction, using a copula verb to encode the relationship between the copula subject and copula complement, (ii) particle copula construction, using a particle other than a verb, to encode such a relationship, (iii) inflectional copula construction that "treats the copula complement as though it were a verb", and (iv) zero copula construction in which the copula subject and the copula complement are simply juxtaposed. Although languages use different constructions to link the subject to its complement predicate, "mostly copular verbs are used to connect the subject and predicate" (Turker, 2014, p. 194). Similar to many of the IA languages like Hindi, Maithili, Bhojpuri, Chitoniya Tharu, Dangaura Tharu, Darai and Bote, Kathariya Tharu employs copula verbs to encode the relationship between the copula subject and copula complement, and so, in Curnow's (1999, pp. 2-4) classification, it follows the verbal copula construction strategy.

## Copula construction in Kathariya Tharu

A copula verb is mostly defined on the functional basis. It has a relational meaning, indicating a relation between CS (Copula Subject) and CC (Copula Complement) (Dixon 2010:100-01). It is "a term used in grammatical description to refer to linking verb … whose main function is to relate other elements of clause structure, especially subject and complement" (Crystal, 1980, p. 93 qtd.in Pustet, 2003, p.3). Arche et al. (2008) discuss four properties that are prototypically associated with copula. According

to them, (i) copulas carry verbal inflections, (ii) copulas appear in the context where the predicate is not verbal, (iii) copulas are elements used to link the predicate and the subject, and (iv) copulas are semantically light, possibly empty. Kathariya Tharu exhibits some verbs like *ho, ba*, *rəh* which possess all these properties, and so, are copula verbs. Since copula verbs are used "to encode the meaning of identity… existence, location and possession" (Curnow, 1999, pp. 2-3) in non-verbal predicate constructions, this section discusses the morphosyntactic structures of the copula constructions in Kathariya Tharu.

**Identity relation / Nominal predicate**

There are many languages in which "the constituents are merely juxtaposed, and no copula verb is used" (Attia, 2008, p. 6). In a cross-linguistic study regarding copula construction, Stassen (2013) found that out of 386 languages he studied "zero copula is possible in 175 languages". These references prove that languages use different strategies to express the predicative relationship. Even in the languages where copula verbs exist, there is variation in the number of copula used in such constructions. Curnow (1999) reports that out of 70 languages he studied "approximately half of the languages have only one copula construction, while the others have two or sometimes three different constructions" (2). Stassen (2013) claims that there are some languages like Egyptian, Arabic, Hungarian, Babungo, Jamaican creole, Lango, Ngalakan and Imbabura Quechua, and Turkish (Hegenveld, 1992, pp. 206, 29), and Russian (Attia, 2008) which do not require a copula verb in the present tense. We find a single copula 'to be' in English, and *hona* 'to be' in Hindi (Kachru, 2006) which are used with all the copula constructions whether it is nominal predicate, adjectival predicate or locative predicate. Dangaura Tharu exhibits two copulas- *huina* and *ba* 'to be' in the present and a single copula *rəhəna* in the past tense. Similarly, Chitoniya Tharu attests two copulas- *həkʰ* and *bəɖ* 'to be' in the present and *rəhə* in the past. Kathariya Tharu shares the copulas with Dangaura Tharu.

Kathariya Tharu has two copula verbs in the present tense- *ho* and *ba* 'to be', and *'rəh'* in the past and future tenses. The present form *ho* is very close to the only copula in Hindi but the inflectional suffixes are quite different. Languages have different strategies in the use of copula verbs. Unlike English and Hindi, there are languages which use different copula forms for different types of copulas predicates. There are languages like Mauka, a Mande language, in which the copula used with a predicate adjective is not used with a predicate nominal or a predicate locative (Dryer, 2007, p. 231). In some languages, the nominal and adjectival predicates share the same copula but the locative predicate requires a different copula. Similarly, there are some languages, in which a predicate adjective does not require a copula verb but a predicate nominal does (Dryer,

2007, p. 229). In the languages like Nepali, Chitoniya Tharu, and Dangaura Tharu, the locative and adjectival predicate share the same copula but a nominal predicate requires a different one. In Dryer's study, it was found very common for a language using different copula in locative predicates (Dryer, 2007, p. 239) but the nominal and adjectival predicates sharing the same copula.

Kathariya Tharu employs quite different strategies from other Tharu languages like Chitoniya Tharu, Dangaura Tharu, Rana Tharu and Saptariya Tharu in the copula constructions. Rana Tharu and Saptariya Tharu have a single copula in the present tense (Dhakal, 2013, pp. 154-5; Thakur, 2012, pp. 57-79), whereas Dangaura and Chitoniya Tharu have two copula verbs, but in these languages, locative and adjectival predicates share the same copula and nominal predicate requires a different one. Kathariya Tharu is different in the sense that the type of predicate does not play a significant role here. The unique feature of this language is that it is the person of the subject argument that triggers the selection of copula. It exhibits a copula -*ho* in the first and third persons but -*ba* in the second person, as illustrated in the examples (1a-c) and (2a-c).

(1) a. *məĩ kisənma həũ*
məĩ kisənma ho -ũ
1SG farmer be.PRS -1SG
'I am a farmer.' (ELCTD.0010)

b. *həmre əbbe kʰetme hoi*
həmre əbbe kʰet -me ho -i
1PL now field -LOC be.PRE -1PL
'We are in the fields now.' (ELCTD.0014)

c. *u həmmər bʰəlmənsa həĩ*
u həmmər bʰəlmənsa ho- ĩ
3SG 1PL.GEN village head be.PRS -3PL
'He is our village chief.' (ELCTD.0030)

(2) a. *təĩ mor bʰəiya baṭe*
təĩ mor bʰəiya baṭ -e
2SG.NH 1SG.GEN younger brother be.PRS -2SG.NH
'You are my brother.' (ELCTD.0016)

b. *toine kəhã baṭo?*
toine kəhã baṭ -o
2PL where be.PRS -2PL
'Where are you?' (ELCTD.0019)

c. *tum dubbər baṭo*
tum dubbər baṭ -o
2SG.HON thin be.PRS -2PL

'You are thin.' (ELCTD.0024)

The examples in (1a-c) and (2a-c) clearly illustrate how the person of the subject argument determines the selection of the copula. The examples in (1) have the first- and third-person subject arguments: *məĩ* '1SG', *həmre* '1PL' (1a-b) and *u* '3SG' (1C) and the copula forms are *həũ* 'be -1SG', *hoi* 'be -1PL' and *həĩ* 'be.3PL' respectively. Similarly, as the subject arguments in (2) belong to the second person, the copula forms they concord with are different from the one the first- and third-person subject arguments take. In this case *baṭe* 'be -2SG.NH', *baṭo* 'be -2PL', and *baṭo* 'be -2PL' respectively.

Kathariya Tharu seems to have a close relation with Maithili in which the copula shows person distinction. It attests two copula verbs -*ch*- and -*əich*-. With all the types of predicates, third person non-honorific, demonstrives, pronominal subjects, and in the dative construction with the first- and second-person subject argument, the copula -*əich* is used, whereas with other arguments, the copula -*ch-,* is used (Yadav, 1997, pp. 218-9).

**Attributive relation / Adjectival predicate**

The attributive relation between the subject argument and the predicate is presented through copula construction in Kathariya Tharu too. As Kathariya Tharu copula constructions show person distinction, it is the person of the subject argument that triggers the selection of the copula. As in identity relation, the same copula -*ho* and -*ba* are used in the present tense even to express the attributive relation. In attributive relation, the predicate constituent is an adjective which in many languages shares the same copula with nominal predicates (Dryer, 2007, p. 213). The examples in (3) have first and third person subject arguments and the copula verb is *ho* 'be.PRS' and in (4), the subject arguments are in second person and the copula verb is *ba* 'be.PRS'.

(3) a. *məĩ ḍʰeŋ əur ṭʰulʰa həũ*

| | | | | | |
|---|---|---|---|---|---|
| məĩ | ḍʰeŋ | əur | ṭʰulʰa | ho -ũ | |
| 1SG | tall | and | fat | be.PRS -1SG | |

'I am tall and fat.' (ELCTD.0012)

b. *həmre sudʰ əur bəlgər hoi*

| | | | | | |
|---|---|---|---|---|---|
| həmre | sudʰ | əur | bəlgər | | ho -i |
| 1PL | simple | and | strong | | be.PRS -1PL |

'We are simple and strong.' (ELCTD.0015)

c. *u ləũḍiyabʰər bəhut məja həĩ*

| | | | | | |
|---|---|---|---|---|---|
| u | ləũḍiya -bʰər | | bəhut | məja | həĩ |
| 3SG | girl | -PL | many | good | be.PRS.3PL |

'Those girls are very beautiful.' (ELCTD.0038)

(4) a. *təĩ birami baṭe*

| | | | | |
|---|---|---|---|---|
| | təĩ | birami | baṭ -e | |
| | 2SG.NH | sick | be.PRS -2SG.NH | |
| | 'You are sick.' | | | (ELCTD.0020) |
| b. | *tum dubbər baṭo* | | | |
| | tum | dubbər | baṭ -o | |
| | 2SG.HON | thin | be -2PL | |
| | 'You are thin.' | | | (ELCTD.0024) |
| c. | *toine bəlgər baṭo* | | | |
| | toine bəlgər | | baṭ -o | |
| | 2PL strong | | be -2PL | |
| | 'You are strong.' | | | (ELCTD.0025) |

**Locative relation / Predicate locative**

In this language, we do not find a separate copula for expressing the locative relation as Dyer (2007, p. 213) claims for many languages cross-linguistically. As in the constructions with predicative nominals and predicative adjectives, in locative predicate constructions the same copula *-ho* and *-ba* are used in the present tense and the selection is controlled by the person of the subject argument. The number, gender, and honorificity do not play any role in the selection as we find in Maithili where honorificity controls the selection of copula in the third person. The examples in (5) and (6) illustrate the situation.

(5) a. *oine əbbe gʰərme nahĩ həĩ*

oine əbbe gʰər -me nahĩ həĩ
they now house -LOC NEG be.prs.3pl
'They are not at home now. (ELCTD.0032)

b. *məĩ gʰərme həũ*

məĩ gʰər -me ho -ũ
1SG house -LOC be.prs -1sg
'I am at home.' (ELCTD.0011)

c. *həmre əbbe kʰetme hoi*

həmre əbbe kʰet -me ho -i
1PL now field -LOC be.prs -1pl
'We are in the fields now.' (ELCTD.0014)

(6) a. *tum ajʰ həmmər gʰəre baṭo*

tum ajʰ həmmər gʰər -e baṭ -o
2sg.hon today my house -3sg be.prs -2pl
'You are at our home today.' (ELCTD.0006)

b. *ətne jun təĩ kəhã baṭe?*

ətne jun tə̃ĩ kəhã baṭ -e
now 2sg.nh where be.prs -2sg.nh
'Where are you at this time?' (ELCTD.0009)

c. *tə̃ĩ kəhã baṭe?*
tə̃ĩ kəhã baṭ -e
2sg.nh where be.prs -2sg.nh
'Where are you?' (ELCTD.0018)

Table 1 Copula verbs in Kathariya Tharu

| Person | Predicate Types (Present) | | Past |
|---|---|---|---|
| | Nominal /Adjectival / Locative | Descriptive | |
| First | *ho* | *rəh* | *rəh* |
| Second | *ba* | *rəh* | *rəh* |
| Third | *ho* | *rəh* | *rəh* |

**Benefactive relation / Predicate possessions**

Languages use different strategies to express predicate possessions. In some languages this meaning is expressed with a transitive verb like English 'have' as in 'John has a car' in which the possessor occurs as subject and the possessed item occurs as an object (Dryer, 2007, p. 244). Many languages employ predicate locative or existential clauses to express such meanings with the possessor expressed as some sort of location (Dryer, 2007, p. 244). Many other languages use copula clause to express possession…. However, many languages lack a verb 'have', using a copula or verbless clause construction or possession in its stead (Dixon, 2010b, p. 174). Languages usually employ existential and/or locational structures to express the notion of possession (Payne, 1997, p. 126).

As Dixon (2010b, p. 174) and Payne (1997, p. 126) state regarding many of the world languages, Kathariya Tharu lacks a verb expressing possession. Instead, it employs the same copula verb *ho* 'be' as it is used to show identity or attributive relations. Another form of the same copula *ahe* or *ahĩ* is also attested to express the predicate possession or benefactive relation. The examples in (7a-c) clarify the situation.

(7) a. *tumʰər babak 8 bigaha jəgga he*
tumʰər baba -k 8 bigaha jəgga həe
2SG.GEN father -GEN 8 measure of land land be.PRS.3PS
'Your father has 8 bigahas of land.' (ELCTD.0196)

b. *oinke kʰet bag nai he*
oinke kʰet bag nai həe
3PL.GEN field unirrigated land NEG be.PRS.3PS
'They do not have any land.' (ELCTD.0197)

c. *mor tin ləɖka həĩ*
mor tin ləɖka həĩ
1SG.GEN three son be.PRS.3PL
'I have three sons.' (SRK_PLS..016)

The agreement pattern in these examples show that the possessor NP in Kathariya Tharu is marked with Genetive case and the possessed NP is used as the subject of the copula verb. In the examples (7a & 7b), the copula verbs *həe* 'be.PRS.3PS' agree with the NPs *8 bigaha jəgga* '8 measure of land land' and *kʰet bag* 'field unirrigated land', whereas the verb *həĩ* 'be.PRS.3PL' in (7c) agrees with the possessor NP *mor tin ləɖka* '1SG.GEN three son', a third person plural NP.

Kathariya Tharu also employs another copular verb *ahe* in singular and *hĩ* or *ahĩ* in plural to indicate predicate possession, as illustrated in (8a-c).

(8) a. *ohəka didik kʰirici mirici dukan ahe*
ohəka didi -k kʰirici mirici dukan ahe
3SG.GEN elder sister -GEN grocery shop be.PRS.3SG
'His elder sister has a grocery shop.' (ELCTD.0199)

b. *mor pãc ʈʰor bəkəriya hĩ*
mor pãc ʈʰor bəkəriya hĩ
1SG.GEN five NCLF goat be.PRS.3PL
'I have five goats.' (ELCTD.0191)

c. *mor cunni bʰewak tin ʈʰor ləũɖiya ahĩ*
mor cunni bʰewa -k tin ʈʰor ləũɖiya ahĩ
1SG.GEN small brother -GEN three NCLF daughter be.PRS.3PL
'My small brother has 3 daughters.' (ELCTD.0194)

Apart from expressing identity relation, attributive relation, locative relation and benefactive relation between the copula subject and copula complement in a sentence, a copula verb can also perform a descriptive function. Kathariya Tharu employs a distinct copula *rəh* 'remain' for this function, as illustrated in (9a-c).

(9) a. *pʰula suggʰər rəhəta*
pʰula suggʰər rəhəta
flower beautiful be.PRS.3SG
'Flowers are beautiful.' (ELCTD.0043)

b. *ihãk pʰəlpʰul bəhut rəsgər rəhəta*
ihã -k pʰəlpʰul bəhut rəsgər rəhəta
here -GEN fruits much juicy be.PRS.3SG
'The fruits of this place are very juicy.' (ELCTD.0046)

c. *tʰaru ləũɖiya bʰər bənna sərmil rəhətiyã*
tʰaru ləũɖiya -bʰər bənna sərmil rəh -tiyã

Tharu girl -PL much shy be.PRS -PRS.3PL
'Tharu girls are very shy.' (ELCTD.0049)

These examples describe how the flowers look (9a), how juicy the fruits are (9b) and how shy the Tharu girls are (9c).

**Copula construction in the past**

The person distinction attested in the selection of copula verb in the present tense is not employed in the past tense. Analogous to many of the IA languages like Chitoniya Tharu, Dangaura Tharu, Darai, and Nepali, the person or relation distinction disappears, and the same copula *rəh* 'be.pst' is used to express identity relation, attributive relation, locative relation or benefactive relation irrespective to the person of the copula subject. The examples in (10a-c) will clarify the situation.

(10) a. *həmmər baba kisan rəhe*
həmmər baba kisan rəh -e
1PL.GEN father farmer be.PST -3SG
'My father was a farmer.' (ELCTD.0003)

b. *pərəũka tum dubbər rəho*
pərəũka tum dubbər rəh -o
last year 2SG.HON thin be.PST -2PL
'You were thin three years ago.' (ELCTD.0200)

c. *kal$^h$ məĩ citwənme rəhũ*
kal$^h$ məĩ citwən -me rəh -ũ
yesterday 1SG Chitwan -LOC be.pst -1SG
'I was in Chitwan yesterday.' (ELCTD.0005)

All these examples show different relations between the copula subject and copula complement. The example in (10a) shows the identity relation, the example in (10b) shows the attributive relation, and the example in (10c) shows the locative relation. Even then the copula verb is the same *rəh* 'be.pst' which indicates that the person or relation distinction present in the present tense disappears in the past tense in Kathariya Tharu.

**Conclusion**

Kathariya Tharu is one of the least studied Indo-Aryan languages in our country. It is spoken by the Kathariya Tharu community living in Kailali district of Nepal and Gorakhpur, Gonda, Lakhimpur, and Khiri districts of India. Based on the preliminary study of this language, this article may not have gone to the depth of copula constructions. Kathariya Tharu employs the verbal copula construction strategy to indicate the relation between the copula subject and copula complement. The copula construction in this

language is comparatively simple. It attests three copula verbs *ba* and *ho* in the present and *rəh* in the past tense. Unlike in Dangaura and Chitoniya Tharu, Kathariya Tharu distinguishes the copula verbs on the basis of the person of the copula subject. It is the copula subject that determines the selection of the copula verb. For the first- and third-person subjects, the copula verb is *ho* which has different forms to concord with the subject. But for the second person subject, it is *ba* with different inflectional suffixes. For the descriptive function of the copula verb, a separate verb *rəh* is used. However, the person, relation and function distinction between the copula subject and copula complement disappears in the past and so, the same copula *rəh* is used with all the subjects.

**Abbreviations and symbols**

| | | | | | |
|---|---|---|---|---|---|
| 1 | first person | 2 | second person | 3 | third person |
| ACC | accusative | ADJ | adjective | AGR | agreement |
| CAUS | causative | NCLF | numeral classifier | DAT | dative |
| EMPH | emphatic | GEN | genitive | HON. | honorific |
| LOC | locative | NEG | negative | NH | non-honorific |
| NIA | New Indo-Aryan | NP | noun phrase | PL | plural |
| PRF | perfect | PRS | present | PRT | particle |
| PST | past | SG | singular | VOC | vocative |

**References**


Arche, M. J., Fábregas, A. & Rafael, M. (2008). Main questions in the study of copulas: categories, structures and operations. In Arche, M., A. Fábregas & R. Marín (Eds), *The grammar of copulas across languages*, (pp.1-30). Oxford University Press.

Attia, M. (2008). A unified analysis of copula constructions in Lfg. *Proceedings of the LFG08 Conference.*

Boehm, E. D. (1998). A phonological reconstruction of proto-Tharu. The University of Texas at Arlington M.A. thesis.

CBS. (2012). *National Population and Housing Census 2011 (National Report).* Government of Nepal.

Curnow, T. J. (1999). Towards a cross-linguistic typology of copula constructions. *Proceedings of the 1999 Conference of the Australian Linguistic Society.*

Dhakal, D. N. (2013). The documentation of Rana Tharu. A research report submitted to Nepal Academy, Kathmandu.

Dixon, R. M. W. (2010a). *Basic linguistic theory,* vol. I. Cambridge University Press.

Dixon, R. M. W. (2010b). *Basic linguistic theory,* vol. II. Cambridge University Press.

Dryer, M. S. (2007). Clause types. In Timothy Shopen (Ed.), *Language typology and syntactic description,* vol. I (pp. 224-275). Cambridge University Press.

Eberhard, D., Simons, M. & Fenning, C. D. (Eds.). (2020). *Ethnologue: Languages of the World* (23rd edition). SIL International. Online version: http://www.ethnologue.com

Eichentopf, S. R. & Mitchell, J. R. (2012). *A sociolinguistic study of Dangaura Tharu and related varieties.* Linguistic Survey of Nepal (LinSuN), Central Department of Linguistics, TU, and SIL International.

Eppele, J., Lewis, M. P., Regmi, D. R. & Yadava, Y. P. (Eds.). (2012). *Ethnologue: Languages of Nepal*. CDL, Tribhuvan University and SIL International.

Kachru, Y. (2006). *Hindi.* John Benjamins Publishing Company.

Hengeveld, K. (1992). *Non-verbal predication theory, typology, diachrony*. Mouton de Gruyter.

Krauskopff, G. (1995). An anthropology of the Tharu: An annotated bibliography. *Kailash,* XVII (3&4), pp. 185-213.

McDonaugh, C. (1984). The Tharu of Dang: A study of social organization, myth and ritual in west Nepal. Oxford University Ph.D. dissertation.

Paudyal, K. P. (2014). *A Grammar of Chitoniya Tharu*. Lincom Europa.

Paudyal, K. P. (2077 B.S.) Kathariya Tharu Bhashako Shabda Sankalan (Word Collection of Kathariya Tharu Language). A research report submitted to the Language Commission, Nepal.

Payne, T. E. (1997). *Describing morphosyntax: A guide for field linguists.* Cambridge University Press.

Pustet, R. (2003). *Copulas: Universals in the Categorization of the Lexicon*. Oxford University Press.

Shopen, T. (ed.) (2007). *Language typology and syntactic description.* vol. III. Cambridge University Press.

Turker, L. (2014). Syntactic Classification of Copular Constructions in Uzbek Language. *Motif Akademi Halkbilimi Dergisi,* 2(Temmuz–Aralık), pp.193-99.

Webster, J. (1993). A sociolinguistic profile of the Tharu dialects of the western Indo-Nepal Terai. A research report submitted to the SIL International.

Yadav, Ramavatar. (1997). *A reference grammar of Maithili.* Munshiram Manoharlal Publishers Pvt. Ltd.

**Bharatpur Pragya : Journal of Multidisciplinary Studies**
[A Peer-Reviewed, Open Access Journal]
ISSN : 2990-773X (Print); ISSN : 2990-7748 (Online)
Published by Bharatpur Academy, Chitwan, Nepal
https://www.bharatpurmun.gov.np

# जीवनदर्शनमा नेपाली संस्कृति र समाजको प्रभाव

**नारायण चालिसे** (**विद्यावारिधि**)
Department of Nepali, Nepal Sanskrit University

***Article History :*** *Submitted 1st Dec., 2022; Reviewed 14th Feb., 2022; Revised 9th March, 2023*

***Corresponding Author :*** *Narayan Chalise,* ***E-mail :*** *narayanchailse21@gmail.com*

**सारसङ्क्षेप**

*यो लेख सैद्धान्तिक विषयसँग सम्बद्ध रहेको छ। नेपालको सन्दर्भमा संस्कृति,समाज, दर्शन र जीवन अन्तःसम्बन्धित छन्। कुनै एउटा विषयलाई समाउँदा अन्य विषयहरू पनि सँगै आउँछन्। हाम्रो समाजको संरचना नै यस्तो छ कि हामी चाहेर, नचाहेर, जानेर, नजानेर पनि संस्कृतिका सम्वाहकहरू हौँ। हाम्रो समाजको निर्माण साझा भावना, विचार, व्यवहार र कर्मबाट निर्मित र परिचालित  छ। हामी नजानेरै संस्कृतिका सम्बाहक, समाजका निर्माता, दर्शनका अनुयायी भएर जविन चलाइरहेका छौँ। जति छिटो यस कुराको बोध हामीलाई हुन्छ त्यति नै हामी र हाम्रो समाजलाई यसले लाभ गर्छ भन्ने यस लेखको मुख्य निष्कर्ष रहेको छ। यस लेखमा तार्किक प्रश्नहरू गरिएको छ र तिनको प्राज्ञिक उत्तर दिने प्रयत्न गरिएको छ। हाम्रो समाज सांस्कृतिक समन्वयमा अडेको छ। बहुजातीय, बहुभाषिक अनि बहुसांस्कृतिक मुलुकका नागरिक भएका नाताले यस परम्परालाई जोगाएर राख्नु हाम्रो कर्तव्य हो। जीवन र जगत्का यथार्थहरूको जानकारी हामीलाई दर्शनले गराउँछन् भने जीवनमा सामूहिक भावना र सांस्कृतिक श्रेष्ठता हाम्रा दायित्वभित्रका कुरा हुन् भन्ने मूल सन्देश प्रवाह गर्नु यस लेखको उद्देश्य रहेको छ। हाम्रो जीवनदर्शनमा संस्कृति र समाजको गहिरो प्रभाव परेको हुन्छ भन्ने निचोड यस लेखको रहेको छ। विश्लेषण विधिका माध्यमले तार्किक निष्कर्षमा पुग्ने काम यस लेखमा गरिएको छ।*

**शब्दकुञ्जी** : अन्तर्घुलन, जीवनदर्शन, धर्मदर्शन, सांस्कृतिक समन्वय, समाजदर्शन

## विषयप्रवेश

समाजमा बसोबास गर्ने जातिको सामूहिक भावनाको एकमुष्ट रूपलाई समाज भनिन्छ। विभिन्न विचार, व्यवहार, परम्परा, आर्थिक, सामाजिक, राजनीतिक,सांस्कृतिक धार्मिक, दार्शनिक आदि विषय, अवस्था, प्रकृति एवं प्रवृत्ति मिलेर समाजको निर्माण भएको हुन्छ। विविधतामा एकताको रूप हाम्रो नेपाली समाज हो। सांस्कृतिक अन्तरघुलनको सुन्दर प्रयोग हाम्रो नेपाली समाज हो। एकअर्का जातिको सांस्कृतिक परम्परालाई सम्मान गर्दै आआफ्नो संस्कृति र तिनका विभिन्न पक्षहरूलाई मानेर विभिन्न वर्ग, विचार र समूहका मानिसहरू मिलेर बसेको सामाजिक संरचना नै हाम्रो परम्परागत समाजको आदर्श हो। समयको परिवर्तनसँगै विचार, व्यवहार र आचारमा केही तलमाथि भएको बाहेक अहिले पनि हामी सामाजिकताको भावनाले नै बाँधिएका छौँ र अडिएका पनि छौँ। पहिलो कुरा हामी नेपाली हौँ त्यसपछि मात्र हामी अरू धेरै हौँ। समाजमा हामीलाई जोड्ने, नजिक्याउने र आत्मीयतामा बाँध्ने केही आदर्श पक्षहरू छन्। विचार, आस्था, परम्परा र प्रचलनले हामीलाई सधैँ नजिक ल्याइरहन्छन्। दर्शन एउटा त्यस्तै वस्तु हो जसलाई हामीले अलि जटिल विषय

*Copyright 2023© the Author(s)*

र हामीसँग सिधै साइनो नराख्ने विषय हो भन्ने मान्छौँ तर त्यस्तो कदापि होइन। दर्शनबिनाको हाम्रो जीवन अधुरो र अपुरो हुन्छ। दर्शनभन्ने विषय पढेका व्यक्तिले प्रयोग गर्ने र हामीले चासो नराखे पनि हुने विषय हो कि ? भन्ने मान्छौँ त्यो पनि होइन। दर्शनको भाव र चेतना नेपाली समाजलाई जोडिराख्ने र आत्मीयतामा बाँधिराख्ने एउटा सूत्र हो। दर्शनका प्रकार धेरै छन् तिनलाई विभिन्न नामले पनि चिन्न सकिन्छ तर सारमा मानव समाजलाई जोडिराख्ने दर्शन भने एउटै हुन्छ त्यो मानव जीवनदर्शन हो।

## समस्याकथन र उद्देश्य

नेपाली संस्कृति,समाज र जीवनदर्शन भनेको के हो ? जीवनदर्शनमा संस्कृति र समाजको के कस्तो प्रभाव परेको हुन्छ ? के यी अन्तरसम्बन्धित विषय हुन् ? भन्ने प्राज्ञिक जिज्ञासा र त्यसैको उत्तर खोज्ने काम यस लेखको मुख्य उद्देश्य रहेको छ।

## सैद्धान्तिक पर्याधार

यो सैद्धान्तिक विषयसँग सम्बन्धित रहेको छ। निगमन विधिका माध्यमले यस लेखमा अन्तरपाठ पद्धतिको प्रयोग गरेर एपिए सम्पादन शैलीमा तार्किक समाधान प्रस्तुत गर्ने काम गरिएको छ। विषयवस्तुलाई स्पष्ट पार्नका लागि व्याख्यात्मक तथा विश्लेषणात्मक विधि अवलम्वन गरिएको छ।

## संस्कृति

संस्कृत भाषाको सम् उपसर्गपूर्वक 'कृ' धातुमा ति (क्तिन्) प्रत्यय, सुट् आगम र अनुस्वार मिलेर संस्कृति शब्दको निर्माण भएको हो। संस्कार गर्ने, परिष्कार गर्ने, सुध्याउने, परिमार्जन गर्ने, संस्कृत रूप दिने, चम्किलो पार्ने, उज्यालो तुल्याउने इत्यादि अर्थमा संस्कृति शब्दको प्रयोग गरिन्छ (पोखरेल र अन्य,(सं.)२०७५,पृ.१२११)। संस्कृति शब्दका धेरै तात्पर्यार्थहरू छन्। संस्कृतिको सम्बन्ध सधैँ समाज र जीवनसँग हुन्छ। संस्कृति व्यापक विषयको नाम हो। संस्कृतिभित्र समाज र जीवनका सबै कुराहरू पर्दछन्। संस्कृतिका दुई मुख्य भेदहरू रहेका छन्। मूर्त संस्कृति र अमूर्त संस्कृति। हाम्रो समाज संस्कृतिका यी दुई अवस्थाबाट सधैँ प्रभावित रहेको छ। मूर्त संस्कृति भौतिक वस्तुसँग जोडिएर प्रकट हुन्छ भने अमूर्त संस्कृति आत्मिक हुन्छ जुन विश्वास, आस्था,प्रचलन, परम्परा,मान्यता र धारणाहरूसँग जोडिएर आउँछ। संस्कृति के हो ? भन्नुभन्दा संस्कृति के होइन ? भनियो भने उत्तर छोटो पर्न सक्छ अर्थात् समाजका ती यावत् विषयहरू जो संस्कृतिसँग सम्बन्धित हुन्छन्। बृहत् समाज, सभ्यता, जीवनशैली, जीवनदृष्टि, दर्शन, विचार, परम्परा, प्रवृत्ति, चिन्तन, विश्वास, रूचि, आचार, व्यवहारलगायत धेरै सन्दर्भगत अर्थ र तात्पर्यमा व्यवहृत हुने संस्कृति शब्दले समग्र सभ्यता र जीवनपद्धतिलाई समेटेको हुनाले यसको तात्पर्यार्थ धेरै महत्त्वपूर्ण छ। देश, कालसापेक्ष भई आन्तरिक, वैचारिक तथा परम्परागत धारणाका रूपमा विकसित हुँदै आएका लोकमान्यता, जीवनबोध, आधार, विचार, रहनसहन, आदिका माध्यमले कुनै राष्ट्र, समाज, जाति आदिको स्वरूप छुट्टिने यावत् मान्यता, भावना, चिन्तन मनन, भौतिक अभिव्यक्तिहरू समेतको समूह वा साधन, कला, साहित्य, सङ्गीत, इतिहास, भाषा, धर्म, दर्शन आदि विभिन्न विषय वा मूल्यपरम्पराको समष्टि रूपलाई सङ्क्षेपमा संस्कृति भन्न सकिन्छ। संस्कृति मानवसभ्यता र विकाससँग जोडिएर युग युगदेखि मानवपरम्परामा सर्दै, व्यवहृत हुँदै आएको चिन्तन, दर्शन र दृष्टि हो। नेपाली बृहत् शब्दकोशमा संस्कृतिको अर्थ विभिन्न किसिमले गरिएको छ। यहाँ (१) कुनै राष्ट्र वा जातिको सामाजिक जीवन, राजनीति, अर्थव्यवस्था आदिमा प्रकट हुने सम्पूर्ण क्रियाकलापको परिष्कृत रूप। (२) धेरै समयदेखि देश कालसापेक्ष भई आन्तरिक, वैचारिक तथा परम्परागत धारणाका रूपमा विकसित हुँदै आएको आचार, विचार, रहनसहन आदिका माध्यमले कुनै राष्ट्र, कुनै समाज, जाति आदिको स्वरूप खुट्टिने यावत् मान्यता, भावना, चिन्तन, मनन, भौतिक अभिव्यक्तिहरू

समेतको समूह वा साधन। (३) कला, साहित्य, इतिहास, भाषा, धर्म दर्शन आदि विभिन्न विषय वा मूल्य परम्पराको समष्टि नाम (पोखरेल र अन्य (सं.) २०७५,पृ.१२११) भन्ने अर्थहरूलाई आधार मान्न खोजिएको छ।

प्रज्ञा संस्कृति कोषमा 'संस्कृति, सहजीवनको पद्धति र कला हो, आदत, रीतिरिवाज र विश्वासको बन्धन हो। त्यसैले मानिस आफू, आफैद्वारा निर्मित विधि-व्यवस्था, नैतिक सदाचार र सामाजिक अनुबन्धमा बाँधिने संस्कृतिमा आबद्ध हुन्छ। संस्कृतिको सार सामान्य हुन्छ र रूप विशिष्ट हुन्छ' (प्रभात, २०७४,पृ.४६२) भनिएको छ। त्यस्तै खण्डेलवालले पनि विभिन्न विद्वान्हरूका संस्कृतिसम्बन्धी धारणाहरूलाई एकै ठाउँ समेट्दै संस्कृतिलाई चिनाउने प्रयत्न गरेका छन् उनले प्रकृति र प्रत्ययको आधारमा संस्कृति र संस्कारको एउटै अर्थ हुन्छ तर संस्कृतिको अर्थ हिजोआज बेग्लै प्रकारले लिइन्छ भनेका छन्। यसै सन्दर्भमा उनले कुनै पनि जाति अथवा राष्ट्रका शिष्ट पुरुषहरूका विचार, वाणी एवम् क्रिया जुन सबैतिर व्याप्त रहन्छन् तिनैको नाम संस्कृति हो भन्ने चक्रवर्तीको धारणा र संस्कृतिको शब्दार्थ हो उत्तम वा सुधारिएको स्थिति। मनुष्य स्वभावैले प्रगतिशील प्राणी हो। उसले बुद्धिको प्रयोगद्वारा आफ्नो चारैतिरका प्राकृतिक परिस्थितिहरूलाई निरन्तर सुधार्छ अनि उन्नति गर्दछ। यस्तो प्रत्येक जीवनपद्धति रीति-नीति, रहनसहन, आचार-विचार, नवीन अनुसन्धान अनि आविष्कार जसद्वारा मानिस पशुहरू अनि जङ्गली स्तरदेखि माथि उठ्छ तथा सभ्य बन्छ, त्यही नै सभ्यता र संस्कृति हो भन्ने हरिदत्त वेदालङ्कारको धारणा अनि संस्कृति समाजको विरासत हो भन्ने लिन्टनको धारणालाई समेट्दै संस्कृतिलाई चिनाउने प्रयत्न गरेका छन् (खण्डेलवाल १९८४,पृ. १-२)। यसै गरी भृकुटी (संस्कृति विशेषाङ्क) मा 'मानव समाजद्वारा निर्माण गरिने संस्कृति मनुष्यको भिन्न स्वको आधार, जीवनमूल्य र उत्प्रेरणाको जीवन्त तत्त्व उसको सिर्जनात्मक सामर्थ्य र उर्ध्वगामी यात्राको परिचायक मात्र रहँदै आएको छैन जीवन बाँच्ने सबै प्रकारको पद्धति र पक्षलाई संस्कृति शब्दले सम्बोधन गर्छ। सामाजिक, आर्थिक, राजनैतिक, शैक्षिक, धार्मिक व्यवहार आदिलाई संस्कृति शब्दले सोझो रूपमा सम्बोधन गरेको पाइन्छ' (गिरी र पाण्डे (सम्पा.) २०७०,पृ.१४) भनिएको छ। संस्कृतिलाई अङ्ग्रेजीमा कल्चर शब्दले चिनाउने गरेको पाइन्छ। कल्चरले बुद्धि, पद्धति, संस्कार, शिक्षा दिएजस्तै संस्कृत भाषाको संस्कृति भन्ने शब्दका पनि धेरै अर्थहरू हुने भएकाले कल्चर र संस्कृतिलाई समानार्थी शब्द मान्न सकिन्छ तापनि संस्कृति शब्दका अनेक तात्पर्यार्थहरूले संस्कृति र यसले वहन गर्ने अर्थ अझै गरिमापूर्ण छ भन्न सकिन्छ। रेल्फ लिन्टनका आनुसार कुनै पनि समाजका सदस्यहरूको व्यवहार गर्ने तरीका, उनीहरूको साझा विचार र आदतहरू जसलाई उनीहरूले समाजबाट सिक्छन् र पिढी दरपिढी हस्तान्तरण गर्छन् त्यसलाई समाजको संस्कृति भनिन्छ। संस्कृति अन्तर्गत ज्ञान, विश्वास,मूल्य, प्रतिमान, प्रचलन, कानुन,खानपान, वेशभूषा,रहनसहन, भाषा, साहित्य,कला, सङ्गीत आदि यावत् कुराहरू पर्दछन् (उद्धृत,रमेन्द्र,२००३,पृ. १०-११) भनेका छन्। हरेक संस्कृतिमा विश्व एवं जीवनका बारेमा केही परम्परागत विश्वास र मूल्यहरू रहेका हुन्छन् जसलाई हामीले संस्कृतिको केन्द्र भन्न सक्छौँ। यसप्रकार संस्कृतिभित्र केही यस्ता मान्यताहरू रहेका हुन्छन् जसको सम्बन्ध दर्शनसँग रहेको हुन्छ। यसरी हेर्दा संस्कृति र दर्शनका बिच अनि समाज र दर्शनका बिच पनि गहिरो नाता जोडिएको हुन्छ भन्न सकिन्छ।

## समाज

नेपाली बृहत् शब्दकोशमा एउटै रहनसहन, व्यवस्था, धर्म आदि अँगाल्ने एकै स्थानमा बसोबास गर्ने मानिसहरूको समूह,सज्जनहरू भेला भई बस्ने ठाउँलाई समाज भनिएको छ (पोखरेल र अन्य(सं.) २०७५,पृ.१२३५)। हामी नेपालीहरू समाजमा बस्ने स्वभावका भएका हुनाले हाम्रो हकमा समाज अझै महत्त्वपूर्ण विषय हो। व्यवहार र विश्वाससँग जोडिएका कुराहरू जसमा समाजको विशेष अभिरुचि छ तिनको प्रयोग र प्रभावका बारेमा अध्ययन गर्न र समाजबारे बुझ्न आवश्यक हुन्छ। समाजका मानिसहरूको सामूहिक बसाइ र त्यहाँबाट निःसृत चेतनाको नाम समाज हो। समाजभित्र धेरैमानिसहरूको सामूहिक भावना मिसिएर बसेको हुन्छ। व्यक्तिको जीवनजस्तै समाजको पनि जीवन र विचार हुन्छ। एकजना व्यक्ति

आफ्नो जीवनमा कुनै मान्यता र विचारबाट परिचालित र निर्देशित पनि हुन्छ । समाजको बनोटको आधार, सम्बन्धित समाजका मूल्य र मान्यताहरू, समाजनिर्माण विधि, सामाजिक गतिविधि र क्रियाकलापहरू र समाज परिवर्तनको स्वरूप कस्तो छ भनेर हेर्ने हो भने त्यसबाट धेरै दार्शनिक पक्षहरूको उद्घाटन हुन्छ । समाज भनेर हेर्ने बित्तिकै त्यो समाज भित्र के के कुराहरू पर्दछन् भन्ने जिज्ञासा हुन्छ । समाज भनेको कुनै जड वस्तु होइन । यो गतिशील प्राणीहरूको वस्ती हो । त्यसैले समाज भन्नेवित्तिकै त्यहाँ मानिस छन् भन्ने बुझिएजस्तै त्यहाँ, धर्म छ, दर्शन छ, राजनीति छ, संस्कृति छ, परम्परा छ, रहनसहन छ र रीतिरिवाजहरू छन्,प्रचलनहरू छन्, मान्यताहरू छन्,विचारहरू छन्, दृष्टिकोणहरू छन् भन्ने बुझिन्छ । आर्थिक, नैतिक, राजनीतिक विविधता छ । कतै मेल छ कतै बेमेल छ । द्वन्द्व र संघर्ष छ । समस्या र समाधान छन् भन्ने पनि बोध हुन्छ । यी यावत् विषय र पक्षहरूको वैचारिक रूप नै समाज दर्शन हो अथवा समाजको दर्शन हो । जब हामी समाजका यी विभिन्न पक्ष खोतल्न थाल्छौँ । त्यहाँबाट अनेक किसिमका विचार र दृष्टिहरूको पनि जन्म हुन्छ । समस्या के हो वा समाधान कस्तो हुनसक्छ भन्नेदेखि सामाजिक संरचनाका हरेक विषयका बारेमा जे जस्तो धारणा बन्छ त्यही नै त्यस समाजको दार्शनिक आधार हो वा दार्शनिक मूल्य हो । त्यसैले सामाजिक हुनुको हकमा मानिसको विचारनिर्माणको आधार उसको सामाजिक दर्शन हो । त्यो दर्शन उसको समाजका मूल्य र मान्यताहरूबाट निर्माण भएको हुन्छ ।

**जीवनदर्शन**

जीवन नै आफैमा एउटा दर्शन हो भन्ने अर्थमा र जीवनको दर्शन भन्ने अर्थमा जीवन र दर्शनलाई हेरिन्छ । यसले के बुझाउँछ भने दर्शनबिनाको जीवन हुँदैन अथवा जीवन नै आफैमा दर्शन हो । दर्शनका शास्त्रीय भेदहरू धेरै छन् । पूर्वीय दर्शन र पाश्चात्य दर्शनभित्र यी धेरै दर्शनहरूलाई समेटेर अध्ययन गर्न सकिन्छ । चाहे पूर्वीय हुन् चाहे पाश्चात्य हुन् ती सबै दर्शनको आधारक्षेत्र भनेको जीवन र जगत् नै हो । भनिन्छ, कुनै पनि दर्शन शून्यमा सिर्जना हुँदैन । शून्यका निम्ति दर्शन आवश्यक पर्ने पनि होइन । दर्शन जहाँ, जुन परिस्थितिमा प्रकट हुन्छ त्यसको छाप त्यो दर्शनमा परेकै हुन्छ (सांकृत्यायन,२००७,पृ.११) जीवनबिना कुनै पनि दर्शनको चिन्तन अधुरो रहन्छ । जीवनकै निम्ति र जीवनकै कारणले यी सबै दर्शनको व्याख्या र विवेचना हुन सकेको हो । कसै कसैले जीवन निरपेक्ष दर्शनको पनि चर्चा गर्छन् तर हामी जीवनबिनाको दर्शनका पक्षमा छैनौँ । संसारमा दर्शनहरूको जन्म जीवन र जगत्कै निम्ति भएको हो । दर्शनको निम्ति जीवनको जन्म भएको होइन । हामी छौँ त्यसैले विभिन्न दर्शनको सार्थकता छ । हामी नभएको समयको दर्शन हाम्रो सरोकारको विषय नै होइन । जीवन छ, दर्शन छ अनि जीवन छैन, दर्शन पनि छैन । तर यसो भनेर जीवन नै दर्शन हो, दर्शन नै जीवन हो भनेर मात्र पनि पुग्दैन । के कस्ता आधारहरूले जीवनमा दर्शन छ भन्न मिल्छ ? अनि के कस्ता तर्कहरूले दर्शन जीवन हो भन्न मिल्छ भन्ने कुराले जीवन र दर्शनको सम्बन्धलाई बलियो पार्न सक्छन् ।

रमेन्द्रका अनुसार दार्शनिक विधिबाट समाजका बारेमा विचार गरिने कार्यलाई समाजदर्शन भनिन्छ । सामाजिक संरचना, सामाजिक मूल्य र आदर्शहरू, सामाजिक समिति र तिनका क्रियाकलापहरू, सामाजिक प्रक्रिया र सामाजिक परिवर्तनका बारेमा विचार गरिने कार्यलाई सामाजिक दर्शन भनिन्छ ( रमेन्द्र, सन्२००३,पृ. ६) अर्थात् एउटा समाज कुनै न कुनै मान्यतामा अडेको हुन्छ ।

प्रसिद्ध दर्शनशास्त्री बेकनले समाज र दर्शनको सम्बन्धलाई स्पष्ट पार्दै भनेका छन् दर्शन व्यावहारिक विषय हो । यो जीवनकै लागि हो । सामाजिक जीवनको उन्नति र प्रगतिका लागि हो । दर्शन धर्मको वाहन बनेर रहन सक्दैन । दर्शन ज्ञान हो ज्ञान नै शक्ति हो । यही शक्तिका माध्यमले प्रकृतिमाथि विजय प्राप्त गरेर वैज्ञानिक आविष्कारहरूद्वारा मानिस सुखी बन्छ भनेका छन् (उद्धृत,शर्मा,२००३,पृ.८३) । यो भनाइले दर्शन  समाज र जीवनका निम्ति हो भन्ने कुरालाई बल प्रदान गरेको छ । ग्रिन्सवर्गले समाजदर्शनका दुई महत्त्वपूर्ण पक्ष बताएका छन् भनिएको छ (उद्धृत,शर्मा,२००३,पृ. ८३) । समीक्षात्मक समाज

दर्शन र रचनात्मक समाज दर्शन । समीक्षात्मक समाज दर्शनमा समाजविज्ञानका विधि, सिद्धान्तको वैधता आदिका बारेमा अध्ययन हुन्छ भने रचनात्मक दर्शन अन्तर्गत सामाजिक आदर्शहरूको समाजसम्बद्ध नीतिशास्त्र आदिको अध्ययन हुन्छ भनिएको छ । त्यसै गरी रफेलले समाज दर्शनमा सम्प्रत्ययको स्पष्टीकरण र विश्वासहरूको समीक्षात्मक मूल्याङकन गरिन्छ भनिएको छ (रमेन्द्र,२००३,पृ.७) । यसरी हेर्दा हाम्रो समाजलाई संस्कृति, परम्परा, रहनसहन,चालचलन, रीतिरिवाज,वेशभूषा, भाषा, कला र धर्ममध्ये माथिका धेरै कुराले जोडेको छ भन्ने बुझ्न सकिन्छ ।

बहुजतीय,बहुभाषिक र बहुसंस्कृतिभित्र सर्वधर्म समन्वय, सद्भाव, सहबन्धुत्वले जोडेर हाम्रो समाजको  निर्माण भएको छ । हाम्रो समाजका साझा मान्यताहरू छन् तिनको एउटा मात्र आधार विश्वास हो । त्यो विश्वास धर्मसँग जोडिएर हिन्दु, मुस्लिम, इसाई आदि समुदायमा बाँडिएर पनि एकसूत्रमै अडेको छ । यसलाई अध्यात्म धर्म भन्न सकिन्छ । कुनै पनि धर्मको आस्तिक रूप अध्यात्म नै हो । हामीभित्र केही आफ्ना कट्टरताहरू पनि छन् । एउटा धर्मले अर्को धर्मलाई सम्मान गर्न नसक्ने गरी धार्मिक कट्टरता अडेको पनि छ तर मुलुकको संविधान र कानुनले मान्यता दिएका विषयमा हामी आफ्नो कट्टरता मात्रैको जिद्दीमा अडिन पनि मिल्दैन । यस दृष्टिले हेर्दा सबै धर्मप्रतिको सम्मान नै अध्यात्म दर्शन हो । जहाँसम्म कुन धर्मसँग जोडिएको अध्यात्म हो भन्ने प्रश्न छ त्यसमध्ये हाम्रो समाजको प्राचीन संरचना हिन्दु अध्यात्म नै हो । सबै धर्मका अध्यात्महरू बढ्दै गएका अवस्थामा धर्मनिरपेक्षता अध्यात्म अहिलेको हाम्रो धर्म र दर्शनको पनि सौन्दर्य पक्ष हो । अध्यात्म दर्शनले कुनै न कुनै रूपको ईश्वरको अस्तित्वलाई मानेको छ । ईश्वर छ वा छैन भन्ने बहस दर्शनको एउटा विषय हो । दर्शनले ईश्वर छैन भनेर पनि बहस गर्न सक्छ, तर्क गर्न सक्छ तर त्यही ईश्वरलाई अध्यात्म दर्शनले विश्वाससँग जोडेर अतर्क्य विश्वास गर्छ । समाज त ईश्वरका विषयमा तर्क वा बहस नगरी आफ्नो अनुकूलको देवतामा ईश्वरारोहण गराएर अदृश्य तत्त्वका रूपमा घरको कुना वा मन्दिरमा राखेर पूजा गर्ने चलन छ । हाम्रो पम्परागत समाजको मौलिक पहिचान पनि यही हो । आत्मा र परमात्माका कुरा गर्दा पनि हामी आस्तिक चेतनाबाटै गरेका हुन्छौँ ।

हाम्रो समाज धर्म, अधर्म, पाप, पुण्य, स्वर्ग नरक, बन्धन, मोक्ष, कर्म, भाग्य, प्रारब्ध वा नियतिलाई पनि आफ्नै पक्रियामा बुझ्ने र व्यवहार गर्ने चलन छ । यी केही आध्यात्मिक पक्षका अभिव्यञ्जकहरू हुन् र दर्शनका पनि यी बहसका विषयहरू हुन् । मुख्य कुरा अध्यात्म हुनुको भाव के हो ? अध्यात्मले समाजमा अमूर्त रूपमा पार्ने वा छोड्ने प्रभाव के हो ? भन्ने नै हो । भू +आव् +अ को योगबाट भाव शब्द बन्छ । यसको अर्थ हुन्छ पृथ्वीमा वा धर्तीमा हुनु अर्थात् जुन भूमिमा हामी छौँ हाम्रो विचार, भावना, व्यवहार, संस्कार, संस्कृति स्वभाव त्यस्तै हुन्छ । हामी र हाम्रो भूमि हाम्रा शास्त्रले बताएअनुसार आर्यावर्त उत्तराखण्ड भूमि हो । हाम्रो सभ्यताको विकास भएको हिमवत् खण्ड हो । यहाँ विभिन्न देवी देवताको वास छ । यहाँ धेरै सिद्ध पीठहरू छन् । विभिन्न दर्शनहरू, पुराणहरू, उपपुराणहरूको लेखन यो भूमिमा भएको छ । पूर्वमा पाथीभरादेखि जनक नगरी, हलेसी,देवघाट, लुम्विनी, मनकामना, पशुपतिनाथ, मुक्तिनाथ, चन्दननाथ, त्रिपुरासुन्दरी, वागेश्वरी लगायतका प्रसिद्ध देवीदेवताका सिद्ध पीठहरूले चारै दिशा घेरिएर रहेको यो भूमि मठ, मन्दिर गुफा, गुम्वा, मस्जिद समेतले संरक्षित भूमि हो । त्यसैले हाम्रो भूमिको भाव नै अध्यात्म भाव हो । हामी संस्कृति, धर्म, परम्परा र संस्कारले बाँधिएर रहेका छौँ । आर्य, मङ्गोल परम्परा पनि उत्तिकै प्राचीन र समृद्ध रहेको छ । ब्राह्मण, क्षत्री, राई, लिम्बू, शेर्पा, तामाङ, गुरुङ, मगर, नेवार, मधेसमा वसोवास गर्ने मैथिल ब्राह्मण, यादव, कायस्थलगायत अन्य धेरै आदिवासी, जनजाति,सम्प्रदायका मानिसहरूलाई आआफ्ना धर्म, संस्कृति र परम्पराले जोडेका छन् र ती धेरै परम्परा र संस्कृति आध्यात्मिक भावनाले प्रभावित छन् ।

दर्शनको पृष्ठभूमि र बीजभूमि विचार नै भए पनि विचार मात्रै भनेर स्पष्ट नहुने भएकाले दर्शनको तहमा पुगेर विचारको गहिराइ छाम्ने कार्य पूर्व र पश्चिमका विद्वानूहरूबाट भएको पाइन्छ ।

पाश्चात्य दर्शनको आदर्शभूमि ग्रीकलाई मानिन्छ र ग्रीकदर्शनका आदिगुरु सुकरात ग्रीकदर्शनका आधिकारिक व्यक्ति हुन् । सुकरात, प्लेटो र एरिस्टोटलका सामूहिक विचारको नाम ग्रीक दर्शन हो । सुकरातलाई उनको समयका सर्वश्रेष्ठ पुरुष,

सबैभन्दा ज्ञानी र सबैभन्दा चरित्रवान् व्यक्ति मानिन्छ( शर्मा,२००३,पृ.१६) । सुकरातको दार्शनिक पद्धतिको लक्ष्य मानिसलाई आफ्नो अज्ञानको ज्ञान गराएर उसलाई स्वानुभूतितिर अग्रसर गराउनु थियो भनिन्छ (उद्धृत,शर्मा,२००३,पृ.२०) । त्यही मानिस नै समाजको सदस्य हो जसका हातमा भोलिको समाजको नेतृत्व आइलाग्छ । समाज तव मात्र सुन्दर बन्न सक्छ जव समाजको प्रत्येक सदस्य दायित्वबोध गर्न सक्षम हुन्छ । प्रसिद्ध दार्शनिक प्लेटोले समाजनिर्माणको काम त गरेनन् तर समाजको सुन्दरताका निम्ति यति सम्म भनेका थिए कि मानव जाति खराब प्रवृत्तिबाट तबसम्म जोगिन सक्दैन जबसम्म वास्तविक दार्शनिकका हातमा राजनीतिक शक्ति जाँदैन ( सांकृत्यायन,२००७,पृ.१२) । यसबाट समाज निर्माणमा दार्शनिक चेतनाको कति महत्त्व रहन्छ भन्ने सङ्केत पाउन सकिन्छ । के हामीले मानिसबिनाको समाज कल्पना गरेका हौँ र ? निश्चय पनि त्यस्तो हुन सक्दैन । ग्रीक दार्शनिक शुकरातले मैले एउटा कुरा जानेको छु त्यो हो मैले केही पनि जानेको छैन अर्थात् ज्ञानको सुरुवात आत्मज्ञानबाट हुन्छ । आत्मज्ञान नै जीवनको पहिलो दर्शन हो भनेर विचारको थालनी आफैबाट हुने कुरा गरेका छन् (उद्धृत,शर्मा,२००३,पृ. १६) । आत्मज्ञान पढेर पनि हुन्छ र परेर पनि हुन्छ । तिनै शुकरातले म अर्को लोकमा जाँदै छु भनौँ म ईश्वरको नजिकै जाँदैछु भनेर जीवन एउटा यात्रा हो । एक ठाउँबाट अर्को ठाउँमा डेरा सरेजस्तो पूर्वजन्म र पुनर्जन्मको सम्भावना छ भनेर आध्यात्मिक मान्यतालाई स्वीकार गरेको पाइन्छ । धारणाहरू ज्ञान हुन् । ज्ञान सत्यको पहिलो रूप हो भनेर दर्शनलाई ईश्वरसँग लगेर जोडेका छन् (उद्धृत,शर्मा,२००३,पृ. १६) । यस दृष्टिले पाश्चात्य दर्शनको प्रारम्भ पनि अध्यात्मबाटै थालिएको अनुभव हुन्छ । शुकरातका शिष्य प्लेटोले ईश्वरीय तत्त्वलाई नै विचारको आद्य रूप मानेका छन् । सुकरातलाई चिनाउने काम उनका शिष्य प्लेटोले अझ बढी गरेका हुन् । आदर्श गणराज्यका प्रस्तावक प्लेटो आफ्ना गुरु सुकरातका इमान्दार शिष्य हुन् । उनी दार्शनिकका साथै महान् साहित्यकार पनि थिए । साहित्यको मर्म र धर्म बुझेका उनले आदर्श समाजको निर्माणका निम्ति आफ्नो दर्शन बनाएका थिए । जसमा उनले साहित्यकार र कलाकारलाई ठाउँ छैन भनेर केही अनौठो घोषणा गरे । उनको यस मान्यताका पछि उनको राजनीतिक वस्तुवादी चेतले काम गरेको थियो । कल्पना र भावनाको प्राधान्य रहने कोमल चरित्रको साहित्य वा कलाले कठोर निर्णय लिन सक्दैन भन्ने उनको अभिप्राय थियो । समाजविज्ञानका ज्ञाता भएकैले प्लेटोले गणराज्य निर्माणको मर्म बुझेर यसो भनेका थिए । तर यसको अर्थ समाज र स्रष्टाको सत्सम्बन्धका उनी विरोधी थिएनन् । समाज, जीवन र दर्शनका बिचको गहिरो नाता उहिल्यैदेखिको हो । पछिपछि यस विषयमा बृहत् चर्चापरिचर्चा हुन थालेको हो ।

ईश्वरीय तत्त्व, आत्मा वा शोलसँग दर्शनका विचारलाई जोड्दै थालिएको पाश्चात्य दर्शन अध्यात्मवादी र भौतिकवादी दुईथरि रूपमा विकास हुँदै आएको पाइन्छ । त्यसैगरी वैदिक वाङ्मयबाट प्रादुर्भाव भएका दर्शनहरू स्वभावतः अध्यात्मवादी दर्शन भनेरै चिनिँदै आएका छन् । सनातन धर्म जसलाई वैदिक धर्म पनि भनिन्छ । सनातन धमसँग जोडिएका उपनिषद्दर्शन, गीतादर्शन र अन्य वैदिक षड्दर्शनहरूलाई धर्मदर्शनको कोटीमा राखिएको छ । यी सबै दर्शनको ध्येय पनि उन्नत समाज निर्माण रहेको छ (सहाय, २०१४,पृ.५४) । कलागत उन्नति र प्रगति सामाजिक उन्नतिको सिद्धान्त र सामाजिक सौन्दर्यात्मक आदर्शद्वारा अभिप्रेरित हुन्छन् । साहित्यिक गतिविधिहरू मानव मात्रका सचेत, क्रियाशील र बौद्धिक मानवका कलाकार्य हुन् । ..नैतिकता, धर्म,तत्त्वमीमांसा र बाँकी सबै कुरा वा विचारधारा र चेतनाको स्वतन्त्र रूप हुन सक्दैन( बराल, २०६४,पृ.२) भन्ने अभिव्यक्तिले पनि समाज आफैमा एउटा जीवनको नाम हो भन्ने कुरालाई नै सङ्केत गरेको पाइन्छ । हामीले जानेर नजानेर, बुझेर नबुझेर, पढेर नपढेर कुनै न कुनै दर्शनबाट नै निर्देशित भएका हुन्छौँ । विचारबिनाको मानिसको जीवन नै हुँदैन । आफूमा निहित त्यो पन जुन आफ्ना कर्म, व्यवहार र आस्थाले निर्माण गरेको हुन्छ त्यो उसको दर्शन हो । कृषि कर्म गर्ने व्यक्ति कृषिकर्मको दर्शन वा विचारबाट निर्देशित हुन्छ । यहाँसम्म कि भोको पेटको पनि दर्शन हुन्छ र सबैभन्दा बलियो दर्शन भोको पेट वा खाली पैतालाको हुन्छ । मानिस कुनै न कुनै दर्शन र दृष्टि लिएरै बाँचेको हुन्छ । त्यस दर्शनलाई खुट्याउने, मलजल गर्ने, परिमार्जन गर्ने ? व्याख्या गर्ने काम दर्शनको सिद्धान्तमा भए पनि दर्शनको आधारभूमि मानवचेतना, अनुभूति

र अभिव्यक्ति नै हो । दर्शन पढेर मात्र दर्शन ग्रहण गरिने विषय होइन । अनपढसँग पनि दर्शन हुन्छ तर त्यसको पहिचान उसले गर्न सकेको हुँदैन । त्यसरी नै समाज एउटा जीवनको नाम हो । हामी तिनै विचार बोकेर बाँच्ने, हिँड्नेहरूको समुदाय नै त समाज हो । हाम्रो सामूहिक विचार र भावनाबाट समाज निर्माण हुने हुनाले व्यक्ति विचारले सामूहिक रूप धारण गर्दा समाज दर्शनको जन्म हुन्छ । समाजको विचार नै स्वभावैले सामाजिक दर्शन हो । समाजको दर्शन धेरै प्रकृतिका विचार हरूको योगबाट निर्माण भएको हुन्छ । त्यसैले समाजको दर्शन साझा विचारको पुञ्ज हो । समाजभन्दा पृथक् बसेर हामी व्यष्टि दर्शनको अभ्यास गरिरहेका हुन्छौँ भने समाजमा हामी समष्टि दर्शनको अभ्यास गरिरहेका हुन्छौँ । यसरी हेर्दा एउटा व्यक्ति जसरी राजनीतिक दर्शन, आर्थिक दर्शन, सांस्कृतिक दर्शन, सामाजिक दर्शन, समाजशास्त्रीय दर्शन, मनोवैज्ञानिक दर्शन,धार्मिक दर्शन आदि धेरै प्रकृतिका दर्शनको अभ्यास गरिरहेको हुन्छ । त्यसरी नै समाज पनि माथिकै दर्शनहरूको अभ्यासमै हुन्छ । दर्शनलाई विचारको अर्को नाम भन्न मिल्छ ।

## निष्कर्ष

नेपाली समाज के हो ? संस्कृति, समाज र जीवनदर्शनका आधारहरू के के हुन् ? जीवनदर्शनमा संस्कृति र समाजको केकस्तो योगदान रहेको हुन्छ भन्ने विषयमा प्रस्तुत लेखमा यथासम्भव प्रकाश पार्ने काम गरिएको छ । भौगोलिक विविधताजस्तै सांस्कृतिक विभिन्नता, जातीय विविधता, भाषिक पृथकता हाम्रा पहिचानका आधारहरू हुन् । हामी अलग अलग क्षेत्र र समूहमा विभाजित भएर पनि एक छौँ । यसको आधार हाम्रो संस्कार, संस्कृति र दर्शन हो । विविधतामा एकता हामीलाई मन पर्छ र राष्ट्रिय एकताका लागि आवश्यक पनि छ । हामीले संस्कृति, समाज र दर्शनलाई पृथक् ठानेका छौँ र हामी सबै त्यसका जानकार छैनौँ भन्ने ठानेका छौँ भने त्यो हाम्रो अधुरो बुझाइ हो । हामी जन्मजात नेपाली संस्कृतिका अनुयायी बनेका हुन्छौँ । हाम्रो विचार, व्यवहार, वेशभूषा, रहनसहन, खानपान, हाम्रो पहिरन आदि सबैमा संस्कृतिको प्रभाव छ । यिनै विविधताले युक्त मानव वस्तीको समग्र नाम हाम्रो समाज हो । साथै हाम्रो जीवनका हरेक पाइला पाइलामा दर्शनको प्रभाव परेको हुन्छ । जीवनभोगाइका हरेक अनुभवहरूमा हामीले विचार गर्छौं, सोच्छौँ कुनै निर्णय लिन्छौँ त्यहाँ हामी जीवनदर्शनको अभ्यास गरिरहेका हुन्छौँ । सारमा भन्नुपर्दा हाम्रो जीवनमा दर्शन पनि रगतमै घुलमिल भएर रहेको हुन्छ । जीवनलाई कुनै कोणबाट हेर्नु र निर्णय लिनुका पछाडि दर्शनले नै काम गरिरहेको हुन्छ । पठित-अपठित, सम्पन्न-विपन्न, सुखीदुःखी हामी जेजस्तो जीवनमा छौँ त्यहाँ दर्शनको आधार लिइरहेका हुन्छौँ । निष्कर्षमा संस्कृति, समाज र हाम्रो जीजनदर्शका बिच अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ ।

## सन्दर्भसूची

खण्डेलवाल, जयकिशनप्रसाद, (सन् १९८४), *भारतीय संस्कृति,* आगरा : विनोद पुस्तक मन्दिर ।

गिरी, अमर र पाण्डे लिखत, (सम्पा.), (२०७०), *भृकुटी* (संस्कृति विशेषाङ्क), काठमाडौँ : भृकुटी पब्लिकेशन ।

पोखरेल र अन्य (सं.), (२०७५), *नेपाली बृहत् शब्दकोश,* दसौँ संस्करण, काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान

प्रभात, विष्णु, (२०७४), *प्रज्ञा संस्कृति कोश,* काठमाडौँ : नेपाल प्रज्ञा -प्रतिष्ठान ।

बराल, ऋषिराज, (२०६४), *साहित्य र समाज,* ललितपुर : साझा प्रकाशन ।

मसीह, या.,(सन् २०१२), *सामान्य धर्मदर्शन एवं दार्शनिक विश्लेषण,* वाराणसी : मोतीलाल बनारसीदास ।

रमेन्द्र, (सन् २००३), *समाज और राजनीतिक दर्शन एवं धर्म-दर्शन,* वाराणसी : मोतीलाल बनारसीदास ।

शर्मा,चन्द्रधर, (सन् २००३), *पाश्चात्य दर्शन,* वाराणसी : मोतीलाल बनारसीदास ।

सहाय, शिवस्वरूप, (सन् २०१४), *प्राचीन भारतीय धर्म एवं दर्शन,* दिल्ली : मोतीलाल बनारसीदास ।

सांकृत्यायन, राहुल, (सन् २००७), *दर्शन दिग्दर्शन,* इलाहावाद : किताव महल ।

**Bharatpur Pragya : Journal of Multidisciplinary Studies**
[A Peer-Reviewed, Open Access Journal]
ISSN : 2990-773X (Print); ISSN : 2990-7748 (Online)
Published by Bharatpur Academy, Chitwan, Nepal
https://www.bharatpurmun.gov.np

# नेपाली साहित्यमा पूर्वीय दर्शनको प्रभाव

**प्रा. नारायण गडतौला (विद्यावारिधि)**
Central Department of Nepali, TU

***Article History :*** *Submitted 3rd Dec., 2022; Reviewed 8th Feb., 2022; Revised 17th March, 2023*

***Corresponding Author :*** *Narayan Gadtaula,* ***E-mail :*** *ngadtaula26@gmail.com*

**सारसङ्क्षेप**

*नेपाली साहित्यमा प्रारम्भ कालदेखि नै पूर्वीय दर्शनको प्रभाव रहेको देखिन्छ। पूर्वीय दर्शनका मूलभूत स्रोतहरू वेद, उपनिषद् , रामायण, महाभारत, सूत्रग्रन्थ, बौद्ध तथा जैन साहित्य आदि रहेका छन् । वैदिक कृतिहरूमा स्थापित प्रकृति र समाजको बहुलता, औपनिषदिक आत्मा र ब्रह्म चैतन्यको शाश्वतता, पौराणिक समन्वयवाद, बौद्ध शून्यवाद र जैन स्याद्वाद जस्ता चिन्तनले नेपाली साहित्यमा प्रभाव पारेको तथ्यलाई यहाँ विभिन्न उदाहरणबाट स्पष्ट गरिएको छ। यी चिन्तनबाट नेपाली साहित्यमा जीवन र जगत्सम्बन्धी विविध विचार विकास भएका छन् जसमा सृष्टि, विकास एवं विनाशको अनन्त चक्रसँगै मानवको नियतिसम्बन्धी विचार पर्दछन्। मानव आफनो कर्मले आफूलाई सभ्यताको उचाइतर्फ लैजाने उच्च चैतन्य प्राणी भए पनि ब्रह्माण्डको बृहत् प्रणालीमा ऊ निरीह बन्न विवश भएको सत्यलाई पनि नेपाली सर्जकहरूले आफ्ना कृतिको विचारभूमि बनाएको देखिन्छ। प्रकृति र समाजमा विद्यमान बहुलता व्यावहारिक सत्य भए पनि परमार्थतः अद्वैतको ऐकान्तिक सत्यकै विवर्त वा परिणामका रुपमा दृश्यप्रपञ्चलाई स्विकारेर सामाजिक सद्भाव, भ्रातृत्व विश्वबन्धुत्व, व्यापक पर्यावरणीय सहअस्तित्व जस्ता चिन्तनलाई नेपाली सर्जकहरूले आत्मसात गरेका छन् भन्ने निष्कर्षलाई कृतिकै साक्ष्यको सूक्ष्म पठन विधिद्द्वारा स्थापित गरिएको छ।*

**शब्दकुञ्जी** : बहुलवाद, शून्यवाद, समन्वयवाद, स्याद्वाद

## विषयवस्तु

दर्शन र साहित्य वाङ्मयिक विधा हुन् । दर्शन विचारमूलक, बौद्धिक, तर्कनिष्ठ विधा हो भने साहित्य संवेगमूलक, हार्दिक, रागात्मक सौन्दर्यनिष्ठ विधा हो। दर्शन प्रस्तुतिमा कार्यकारण र वस्तुनिष्ठ हुन्छ भने साहित्य चाहिँ विरोधाभासी र आलङ्कारिक हुने गर्दछ। यति हुँदाहुँदै पनि दर्शनले साहित्यलाई अन्तर्वस्तु प्रदान गर्दछ भने साहित्यले दर्शनलाई किञ्चित् कलाको आवरण प्रदान गर्दछ । त्यसैले दुवै परस्पर निकट विधाका रूपमा रहेका छन् र यिनको एक आपसमा प्रभाव पनि देखिन्छ । नेपाली साहित्यको निर्माणमा पूर्वीय दर्शनको गहन योगदान देखिन्छ । वेद, ब्राह्मण आरण्यक, उपनिषद् जस्ता वैदिक वाङ्मयका विचार, विषय र आख्यान ढाँचाबाट नेपाली साहित्य लाभान्वित बनेको छ। विशेष गरेर ऋक्, यजु, साम र अथर्व वेदका बहुल चिन्तन, प्रकृति र मानवको साहचर्य सम्बन्धजन्य ज्ञान, कर्मकाण्ड र त्यसले सङ्केत गरेका मानवीय कार्यका आयामहरू, विधि निषेध जस्ता बहुविध पक्षबाट नेपाली साहित्य प्रत्यक्ष रूपमा प्रभावित देखिन्छ। उपनिषद् ग्रन्थहरू पूर्वीय दर्शनका उच्चतम

*Copyright 2023© the Author(s)*

प्राप्ति हुन् । यिनमा जीवन र जगत् सम्बन्धमा गम्भीर मन्थन भएको देखिन्छ । विशेष गरेर यस ब्रह्माण्डमा चेतनाको उच्च विकास भएकामा तद्युगीन द्रष्टा मनीषीहरू अत्यन्त गौरवान्वित देखिन्छन् । जड वस्तुभन्दा भिन्न चैतन्य सत्ताको विकास, विस्तार र यसका अनन्त सम्भावनाको खोजी नै औपनिषदिक आत्मचिन्तन र ब्रह्मचिन्तनलाई लिन सकिन्छ ।

पूर्वीय चिन्तन परम्पराका वैदिक वाङ्मयमा अङ्कुरित विचारलाई रामायण, महाभारत, पुराण आदिमा विभिन्न आख्यान, उपाख्यानसहित अत्यन्त विस्तार गर्ने कार्य भएको छ । यी ग्रन्थमा वैदिक वाङ्मयमा अङ्कुरित आख्यान ढाँचा, संवाद, छन्द, पात्रीय ढाँचा जस्ता साहित्यिक रूपतत्त्व र भाव विचार जस्ता अन्तर तत्त्व पुष्पित र पल्लवित बन्न पुगेको देखिन्छ । रामायण, महाभारत र पुराण आदि ग्रन्थ नेपाली साहित्यका निम्ति उपजीव्य ग्रन्थ नै हुन् । यिनले नेपाली साहित्यको निर्माणमा वैचारिक आद्यरूपीय ढाँचा र संरचनात्मक ढाँचा दुवै नै प्रदान गरेका छन् । पूर्वीय दर्शनको विकासमा वैदिक चिन्तनबाट अनुप्राणित साङ्ख्य, योग, न्याय, वैशेषिक, मीमांसा र वेदान्तका सूत्रग्रन्थ र तिनमा आधारित टीका, वृत्ति, भाष्य आदि विकास भएका छन् । शबरस्वामी, कुमारिल, प्रभाकर, मण्डनमिश्र, गौडपाद, शङ्कराचार्य, यामुनाचार्य, रामानुजाचार्य, निम्वार्काचार्य, मध्वाचार्य, बल्लभाचार्य, चैतन्यमहाप्रभु आदिका चिन्तन परम्परामा वैदिक दर्शन विकास र विस्तार भएको देखिन्छ । यी आचार्यहरूको चिन्तनले विकास गरेको तत्त्वमीमांसा, ज्ञानमीमांसा र नीति मीमांसाले नेपाली साहित्यमा निकै प्रभाव पारेको छ । यसै सन्दर्भमा विकसित अद्वैत, विशिष्टाद्वैत, द्वैत, द्वैताद्वैत आदि विमर्श पनि नेपाली साहित्यको वैचारिक भित्ति निर्माणमा आधार बनेका छन् ।

पूर्वीय दर्शन परम्परामा वैदिक इतर मानिने चार्वाक्, जैन र बौद्ध दर्शनको पनि विकास भएको  छ । विशेष गरेर बुद्धभूमि नेपालमा बुद्धका चार आर्य सत्य, पञ्चशील, शान्ति र अहिंसासम्बन्धी चिन्तन महत्त्वपूर्ण प्रेरक मानिन्छन् । चार्वाक्को उपभोक्तावादी वा उपयोगितावाद एक प्रकारले सार्वकालिक चिन्तन नै हो र कुनै कालखण्डमा यो निस्तेजझैँ र कहिले प्रमुख भएर नेपाली साहित्यमा यसले प्रभाव पारेको देखिन्छ ।नेपाली साहित्यको वैचारिक विकासमा पुराणहरूको महत्त्वपूर्ण योगदान रहेको छ र विशेष गरेर यिनको समन्वयवादी दृष्टिले प्रभाव पारेको देखिन्छ । विभिन्न धर्म, सम्प्रदाय, जाति, संस्कृति आदिका बिचको सद्भाव निर्माणमा पुराणहरूको विचारले भूमिका खेलेको छ । भारतीय भूभागमा विकसित सबै प्रकारका चिन्तनलाई समेटेर तिनमा समन्वय गर्ने र तिनलाई सकेसम्म स्वीकार्य बनाउन पुराणहरूको जुन भूमिका छ त्यसले सामाजिक संसक्ति निर्माण गरेको र त्यसको प्रभाव नेपाली साहित्यमा परेको देखिन्छ ।

पूर्वीय दर्शनको प्रारम्भ, व्याख्या र पुनर्व्याख्या हुने क्रममा दयानन्द, सरस्वती, विवेकानन्द, महात्मा गान्धी, अरविन्द, ओशो जस्ता चिन्तकहरूको पुनर्व्याख्यात्मक योगदान गम्भीर देखिन्छ । वैदिक, पौराणिक चिन्तनमा देखिने धुमिलता, अन्योलता र अस्पष्टतालाई आधुनिक चिन्तकहरूले युगानुकूल पुनर्व्याख्या गरेर तिनलाई प्राञ्जल एवं परिष्कार गरेको पाइन्छ । यस प्रकारको पुनर्व्याख्याले आधुनिक नेपाली साहित्यलाई निकै ठूलो वैचारिक बल मिलेको देखिन्छ । आधुनिक नेपाली साहित्य मूलतः पूर्वीय दर्शनको पुनर्व्याख्या कालको पृष्ठभूमिमा निर्माण भएको छ । नेपाली साहित्यलाई आधुनिक कालमा अवतरण गराउने र विकास गर्ने साहित्यकारहरू लेखनाथ पौड्याल, बालकृष्ण सम, सोमनाथ सिग्द्याल, लक्ष्मीप्रसाद देवकोटा, धरणीधर कोइराला, महानन्द ग्रन्थहरूमा स्थापित विचारलाई संश्लेषण गरिएको छ भने सोद्देश्य नमुना छनोटद्वारा केही कृतिहरू छनोट गरिएका छन् । छनोट गरिएका कृतिहरूमा पूर्वीय दर्शनको प्रभाव पहिचन गर्न तिनको सूक्ष्म पठन, पाठ विश्लेषण, व्याख्या र आवश्यक ठाउँमा तुलना गर्दै विवेच्य विषयको सत्यापनद्वारा निष्कर्षण गरिएको छ । पूर्वीय दर्शनका व्यापक एवं सूक्ष्म विषयलाई निश्चित सैद्धान्तिक प्रतिमानलाई आधार मानेर विभिन्न विषयलाई तिनमा समाहार गरिएको छ । यहाँ वैदिक बहुलवादी चिन्तन, औपनिषदिक आत्मचिन्तन, पौराणिक समन्वयवाद, जैन स्याद्वाद र बौद्धशून्यवाद यी मुख्य सैद्धान्तिक प्रतिमानका आधारमा नेपाली साहित्यमा पूर्वीय दर्शनको प्रभाव विश्लेषण गरिएको छ ।

## वैदिक बहुलवादको प्रभाव

वैदिक वाङ्मयमा पाइने बहुलवादी चिन्तन व्यावहारिक एवं वस्तुवादी यथार्थमा आधारित छ र त्यो नेपाली साहित्यमा आनुवंशिक विरासतका रूपमा प्राप्त प्रभाव हो । यसले धर्म, सम्प्रदाय, संस्कार, संस्कृति, जाति, भाषा, लिङ्ग, वर्ण आदि अनेक विविधताको सौन्दर्य स्विकारेको देखिन्छ। संहिता ग्रन्थहरूमा देखिने प्रकृतिको वैविध्य वर्णन, ब्रह्माण्डको विराट्ता, प्राणीहरूको विविधता र देव, असुर, दानव, दैत्य, राक्षस, गन्धर्व, किन्नर, यक्ष, मनुष्य आदि समाजको भिन्न भिन्न विभागको स्वतन्त्र वर्णन वैदिक बहुल चिन्तनको स्वरूप हो । ऋग्वेदको पुरुषसूक्त (१०/९०/१-१६) मा वर्णित विराट् रूपले सहस्र शिर, सहस्र आँखा, सहस्र पाउ आदिले युक्त भएर पृथिवीलाई व्याप्त गरेको छ। निश्चय नै यस किसिमको वर्णन चेतनाको बहुरूपको वर्णन हो । यस मन्त्रको व्याख्या गर्दै शायणाचार्यले भनेका छन् “सर्वप्राणीसमष्टिरूपोब्रह्माण्डदेहो विराडाख्योयः पुरुषः” (ऋग्वेद शायणभाष्य , सन् २००७, पृ. २८१) अर्थात् हजारौँ हात पाउ आदिले युक्त विराट् पुरुषले सम्पूर्ण प्राणी र ब्रह्माण्डकै स्वरूपलाई नै बुझाएको छ ।यजुर्वेद (३६/१७/) मा द्यौ, अन्तरिक्ष, पृथिवी, जल, औषधि, वनस्पति आदिको शान्तिको कामना गर्दै विश्व ब्रह्माण्डको अस्तित्वमा हरेकको सन्तुलन हुनु आवश्यक भएको स्विकारिएको छ। यस प्रकारको विश्वपर्यावरणीय चेतना नै बहुल दृष्टिको मूल आधार हो । वेदमा अग्नि, वायु, सूर्य, चन्द्रमा, आदित्य, अदिति, दिति, उषा, सोम आदि अनेक तत्त्वको पृथक् महत्त्व दर्साइएको छ भने इन्द्र, वरुण, विष्णु, रुद्र, वसु आदि देवताको भिन्न भिन्न शक्तिको वर्णन गरिएको छ । यी सबैको तात्पर्य वैदिक संहिताहरू सृष्टि र समाजको बहुलता वा बहुत्वलाई स्विकार्दछन् र सबैको पारस्परिकतामा संसार र समाज गतिशील हुन्छ भन्ने स्विकार्छन् भन्ने हो । वैदिक संहिताको बहुलवादी चिन्तनलाई पश्चवर्ती पौराणिक वाङ्मयले अनेक आख्यान, उपाख्यान आदिका माध्यमले विकास गरेका छन् ।यद्यपि यो बहुलवाद व्यावहारिक सत्य हो र परमार्थतः एउटै सत्यको अभिव्यक्ति हो भन्ने कुरामा वैदिक समाजद्रष्टा सचेत देखिन्छन् । “एकं सद्विप्रा बहुधा वदन्ति” (ऋग्वेद, १/१६४/८६) भनेर व्यावहारिक बहुत्वभित्र एउटै परम तत्त्वको अस्तित्व पनि स्विकारिएको छ।

नेपाली साहित्यमा वैदिक संहिताग्रन्थ र पश्चतर्वी संस्कृत वाङ्मयमा विकसित बहुलवादी चिन्तनको आनुवंशिक प्रभाव देखिन्छ। संहिताहरूमा वर्णित सूर्य, चन्द्र, उषा, इन्द्र, वरुण आदिको विविध शक्ति नै नायक, प्रतिनायक, नायिका आदि विविध मानवीकृत रूपमा परिवर्तन भएको देखिन्छ। नायकीय युगका शक्तिहरू प्रजातान्त्रिक समाजमा संघ, सङ्घठन एवं समूहात्मक शक्तिमा रूपान्तरण भएको हुँदा आधुनिक साहित्यमा विभिन्न वर्ग, प्रवर्गको शक्तिमा परिवर्तन भएको देखिन्छ ।वैदिक प्राकृतिक शक्ति नायकीय शक्तिका रूपमा अवतरित भएर नायक युगमा प्रवेश गरेपछि नेपाली साहित्य लेखन प्रारम्भ भएको हुँदा पृथ्वीनारायण शाह, बहादुर शाह, भीमसेन थापा जस्ता काव्यनायकको चित्रणमा प्राकृतिक शक्ति आरोप भएको देखिन्छ। नेपाली साहित्यमा बहुलताको सौन्दर्यलाई स्विकारेर चित्रण गर्ने परिपाटी नेपाली साहित्यको प्रारम्भदेखि भएको पाइन्छ । नेपाली काव्यको प्रारम्भमै कृष्णभक्ति, रामभक्ति, निर्गुण भक्ति, शिव, देवी, सूर्य, नृसिंह आदिको भक्तिकाव्य प्रणयनबाट पनि बहुल विचार र दृष्टिकोणले प्रश्रय पाएको देखिन्छ। यहाँ केही साक्ष्यद्वारा तिनको पुष्टि गरिएको छ।

**साक्ष्य १**

हे नारद् सब पाप हर्न कन ता रामायणैले सरी
अर्को मुख्य उपाय छैन सबको हित् यै छ अमृत् सरी

(भानुभक्तीय रामायण, १/७)

**साक्ष्य २**

आफ्ना साथीहरू लिएर सँगमा दिन्भर बनैमा गई
गाईहेरु चराउँथ्या हरि सदा सामान्यजन् झैं भई
जम्बा भैकन गोपिनीहरू सबै क्यै गोपिका घर्महाँ
मार्थ्या चित्त प्रसन्न वात्चित गरी श्रीकृष्णजीकै तहाँ

(केदारनाथ खतिवडा, मुरलीलीला)

**साक्ष्य ३**

गर्छ जसले नित्य चिन्तन् पाउ भोलानाथको
पर्छ तेस्माथी सुदृष्टी दैव भोलनाथको

(लक्ष्मीदत्त पन्त, पाउ भोलानाथको)

**साक्ष्य ४**

प्रत्येक पुष्पको रूप रेखा रङ्ग अनेक छ
तर सौन्दर्यको ज्योति तिनमा भित्र एक छ ।।१/२८।।
बेगिन्ती पुष्पका भेद बेगिन्ती रूप वासना
एकै प्रवाहमा चल्छन् धन्य हो विधि कल्पना ।।१/३१।।

यी साक्ष्यहरूले नेपाली साहित्यमा बहुविचारको अभिव्यक्तिलाई स्पष्ट गरेका छन् । राम, कृष्ण, शिव आदि देवताहरूलाई उपासना गर्ने परिपाटीले बहु आकार, गुण, धर्म, संस्कार र संस्कृतिको विविधतालाई आत्मसात गरेको देखिन्छ । यो पूर्वीय दर्शनमा प्राप्त हुने बहुल दृष्टिकोणकै साहित्यिक अभिव्यक्ति हो ।

आधुनिक नेपाली साहित्यको प्रारम्भसँगै कवि लेखनाथले प्रकृतिको विविधताका माध्यमबाट समाजको विविधता व्यञ्जित गरेका छन् । पौड्यालले वासन्ती सौन्दर्यको वर्णन गर्ने क्रममा पृथिवीमा देखिएका बहुरङ्गी फूल र तिनका सौन्दर्यगत विविधतालाई वर्णन गरेका छन् । यस प्रकारको प्राकृतिक सौन्दर्यका माध्यमबाट कविले अनेक वासना, संस्कार, संस्कृति, आकार, प्रकारले युक्त मानव चरित्रलाई व्यञ्जित गरेका छन् । बहुलता व्यावहारिक सत्य हो र बहुलताभित्र व्याप्त सौन्दर्य ज्योतिको एकत्व पारमार्थिक सत्यको स्वीकृति हो ।

आख्यान तथा आख्यानात्मक कृतिहरूमा यस किसिमको बहुलवादी चिन्तनलाई विभिन्न आख्यान, उपाख्यान, चरित्र आदिका माध्यमबाट प्रस्तुत गरेको पाइन्छ । खण्डकाव्यकै परम्परामा लक्ष्मीप्रसाद देवकोटाले 'मुनामदन' मा एकातिर काठमाडौँ नागर सभ्यताको मध्यमवर्गीय परिवार मदन र अर्कोतिर एकान्त वन्य प्रान्तको भोटेको जीवन चित्रण गरेर भिन्न प्रकृतिको समाजलाई देखाएका छन् । मदन र भोटे पात्रलाई एक ठाउँमा उभ्याउने चिन्तनभित्र दुईटा पात्रमात्र नभएर भिन्न स्थान, चरित्र, संस्कार, संस्कृति, विचार आदिको बहुत्वको यथार्थ अभिव्यक्ति हो ।गुरुप्रसाद मैनालीको 'छिमेकी' कथालाई विश्लेषण गर्ने हो भने यसका पात्रहरू गुमाने घर्ती, धनजिते भोटे, आशामरु साहू (नेवार) धर्मानन्द पाध्ये (ब्राह्मण) बहुल समाजको प्रक्षेपण हो । बहुत्वभित्रको भाइचारा र छिमेकी पन यस कथाको सन्देश हो । नेपालको एउटा ज्यामिरे बेसीको सीमित परिवेश भए पनि यसले विश्व मानव समुदायलाई भ्रातृत्व, भगिनीत्व, मित्रता जस्ता सत् पक्षबाट नै सभ्यता निर्माण हुने सन्देश प्रवाहित गरेको छ ।

नेपाली साहित्यको आधुनिक कालको प्रवर्तनसँगै उदाएको समाजचिन्तनमा वैदिक दर्शनबाट आनुवंशिक रूपमा प्राप्त व्यावहारिक एवं वस्तुगत बहुलवादी चिन्तनको प्रभाव देखिँदै आएको छ। नेपाली समाजको बनोट स्वयं नै बहुल प्रकृतिको छ र यसमा वेदहरूले स्विकारेका अनेक देवदेवीका उपासना हुने गरेको छ। खोलानाला, पहाड, वन, वृक्ष, तलाउ, धर्ती, सूर्य, चन्द्र आदि प्रकृतिका छटाहरूको पूजा गर्नेदेखि राम, कृष्ण, शिव, पार्वती, विष्णु, गणेश, बुद्ध, भीमसेन, हनूमान आदिको उपासना गर्ने वैचारिक विविधताले युक्त नेपाली समाजको बहुरूपलाई नेपाली साहित्यमा प्रतिबिम्बन भएको देख्न सकिन्छ ।समकालीन नेपाली साहित्यमा वर्ग, जाति, लिङ्ग, क्षेत्र आदिले उत्पीडित एवं सीमान्तीकृत समुदायलाई मूल प्रवाहमा ल्याउने उद्देश्यले विकीर्ण चिन्तनहरू विकास भएका छन् र यिनको सैद्धान्तिक आधारका रूपमा पश्चिमी परम्परालाई लिने प्रचलन बढेको छ। यसको मूल कारण पूर्वीय परम्परामा रहेका बहुल चिन्तनलाई युगानुकूल सिद्धान्तीकरण हुन नसक्नु हो भन्ने लागेको छ।

समकालीन सामाजिक उत्पीडन, विभेद र विकृतिलाई विषय बनाएर लेखिएका कृतिहरूमा इस्मालीको गाउँको माया कथा र सुरेन्द्र नकर्मीको 'लौ आयो ताजा खबर' लाई दृष्टान्तका रूपमा प्रस्तुत गरिएको छ। इस्मालीको 'गाउँको माया' कथामा गाउँ र सहरको पृथक्ता र गाउँमा उत्पीडितहरूको भोगाइलाई प्रस्तुत गर्दै बहुलताभित्रको एकल आधिपत्यप्रति रोष प्रकट गरिएको छ। किसन, बुधना, परिछन, रामदरस, बखतबहादुर जस्ता पात्रका माध्यमबाट बहुलताको सौन्दर्य उत्खनन गरिएको छ। वर्ग विभेदयुक्त समाजमा निम्न वर्गको अस्तित्व पहिचान नहुनु र प्रजातन्त्रका पक्षधर पार्टीहरू पनि फुटाएर राज गरको बाटामा हिँडेकाले नेपाली समाजको बहुविध सौन्दर्य नै विखडित भएको विचार यसमा प्रकट भएको छ ।सुरेन्द्र नकर्मीले नेपाली समाजमा विद्यमान युवा विकृतिलाई प्रस्तुत गर्ने क्रममा नेपाली समाजका बहुसांस्कृतिक एवं बहुभाषिक पात्रहरू उभ्याएर बहुलता बिचको विश्वास, सद्भाव एवं सहकार्य अक्षुण्ण रहनु पर्ने विचार व्यक्त गरेका छन् । यी दृष्टान्त वा साक्ष्यका रूपमा आएका कृतिहरू नेपाली समाजको सनातन शृङ्खला वा सद्भावको अभिव्यक्ति हुन् । यसमा वैदिक बहुलवादी मौलिक चिन्तनधाराको महत्त्वपूर्ण भूमिका रहेको छ भने आंशिक रूपमा आधुनिक शिक्षा र परिवर्तित सन्दर्भको योगदान पनि रहेको देखिन्छ।

यी केही साक्ष्यका आधारमा नेपाली साहित्यमा पाइने वैचारिक, सामाजिक, सांस्कृतिक, राजनीतिक आदि अनेक क्षेत्रमा बहुलताको स्वीकृति मूलतः वैदिक वाङ्मयमा पाइने बहुलवादकै आनुवंशिक प्रभाव हो ।

## औपनिषदिक आत्मचिन्तनको प्रभाव

पूर्वीय दर्शनको केन्द्रीय चिन्तन आत्मवाद हो र यसलाई स्थापित गर्ने श्रेय उपनिषद्लाई रहेको छ। वृहदारण्यक, छान्दोग्य, कठ, केन, माण्डूक्य आदि प्रमुख उपनिषद्हरूमा पाइने आत्मचिन्तनले पूर्वीय समाज त अनुगृहित छ नै पश्चिमी समाजलाई पनि यसले गम्भीर प्रभाव पारेको देखिन्छ ।राजा जनकका सभामा सुशोभित याज्ञवल्क्य आफ्ना पत्नी मैत्रेयीसँगको संवादमा "... आत्मा त्वरे द्रष्टव्यः श्रोतव्यो मन्तव्यो निदिध्यासितव्यो मैत्रे□यात्मनि वा अरे दृष्टे श्रुते मते विज्ञाते इदं सर्वं विदितम्" (वृहदारण्यकोपनिषद् २/४/५) भन्दै आत्मा नै हेर्नु पर्ने, सुन्नु पर्ने, मनन गर्नु पर्ने, अनुसन्धान गर्नु पर्ने वस्तु भएको बताउँछन् किनभने आत्मालाई देखेपछि, सुनेपछि, मनन गरेपछि र जानेपछि अरू सबै जानिन्छ भन्ने याज्ञवल्क्यको भनाइ छ ।चैतन्य सत्ताका कारण जड प्रकृति उपयोगी बनेको छ । दृश्य प्रपञ्चरूप जगत्को यति धेरै नाम, गुण, रूप केवल चेतनको उपस्थितिबाट मात्र सम्भव भएको हो त्यसैले तत्कालीन ऋषिमेधा चेतनाको विकास, विस्तार र आयामका अनेक सम्भावनाको खोजीतर्फ व्यग्र भएको देखिन्छ। आत्माविनाको जगत् निष्प्राण र निश्चेष्ट हुने भएकाले सबै प्रकारका वैभव पनि व्यर्थ छन्- ".. न वा अरे वित्तस्य कामाय वित्तम्प्रियम् भवति आत्मनस्तु कामाय वित्तम्प्रियम् भवति..." (वृहदारण्यक, २/४/५) अर्थात् आत्माका कारणले सम्पति प्यारो भएको हो सम्पतिका लागि होइन भन्ने चिन्तनले चेतनस्वरूप आत्माको महत्त्व स्थापित गरेको छ।

मनुष्यको चेतना भौतिक वस्तुबाट तृप्त हुन सक्तैन भन्ने कुरा कठोपनिषद्को पनि मान्यता छ- "न वित्तेन तर्पणीयो मनुष्यो" (२/१/२७) । आत्माको तृप्ति आत्माको अनुभूतिबाट नै सम्भव छ। यसको तृप्तिका निम्ति अन्य कुनै भौतिक वस्तु, ज्ञान, बुद्धि आदि समर्थ छैनन् । आत्मानुभूतिको उपायका बारेमा मुण्डकोपनिषद् (३/२/३) मा भनिएको छ :

> नायमात्मा प्रवचनेन लभ्यो न मेधया न बहुना श्रुतेन ।
> यमेवैष वृणुते तेन लभ्यस्तस्यैष आत्मा विवृणुते तनुं स्वाम् ॥

अर्थात् यो आत्मा शास्त्रज्ञान, बुद्धि, श्रवण आदिद्वारा पाउन सकिँदैन । जसले यसलाई साक्षात्कार गर्दछ त्यसैले नै आत्माको अनुभव गर्दछ र त्यसलाई नै आत्माले आफ्नो स्वरूप प्रदर्शन गर्दछ । मुण्डकको यस भनाइले आत्मतत्त्वको अस्तित्व बोध अरू कुनै साधनबाट सम्भव छैन । आत्मसाक्षात्कारबाट नै मनुष्य ज्ञानले तृप्त हुन्छ, कृतकृत्य हुन्छ, वीतराग र शान्त हुन्छ

(मुण्डकोपनिषद्, ३/२/५) । औपनिषदिक आत्मज्ञान अस्तित्व बोधको आधार नै देखिन्छ ।

उपनिषद्को आत्मज्ञानलाई पश्चवर्ती गीता, पुराण, ब्रह्मसूत्र र ब्रह्मसूत्रका व्याख्याताहरू शङ्कर, रामानुज, निम्बार्क आदिले अनेक ढङ्गले व्याख्या गरेका छन् । शङ्कर आत्मा वा जीवलाई ब्रह्म नै मान्दछन् भने रामानुज ब्रह्मको अंश ठान्दछन् । आत्मासम्बन्धी यी विमर्शले पूर्वीय दर्शनमा अध्यात्मवाद, भक्तिदर्शन, प्रपत्तिदर्शन, करुणा, दया, मैत्री, आस्तिक चेत आदि अनेक चिन्तनको विकास भएको देखिन्छ । आत्मदर्शन आत्मा र परमात्माका रूपमा विभक्त भएर ब्रह्म वा ईश्वरसम्बन्धी व्यापक चिन्तन विकास भएको देखिन्छ ।यही चिन्तनले नै नेपाली साहित्यको प्राथमिककालीन भक्तिधारा र माध्यमिककाल र आधुनिककालसम्मको भक्तिपरक साहित्य लेखनलाई उत्प्रेरित गरेको देखिन्छ । भानुभक्तको रामायण र रामगीता महत्त्वपूर्ण साक्ष्य हुन् । ज्ञानदिलदासको 'उदय लहरी' मा पनि औपनिषदिक आत्म चिन्तनको गहिरो प्रभाव परेको कुरा "ब्राह्मण हुँ भन्छन् वेद न चिन्या" जस्ता भनाइबाट बुझ्न सकिन्छ ।

नेपाली साहित्यमा पूर्वीय आत्मचिन्तनले वैचारिक दृष्टिकोण त प्रदान गरेको छ नै कतिपय सन्दर्भमा कृतिको संरचनात्मक ढाँचा एवं बिम्ब, प्रतीक, उपमान जस्ता कला तत्त्वहरू पनि प्रदान गरेको देखिन्छ । भानुभक्त, ज्ञानदिलदास, लेखनाथ, लक्ष्मीप्रसाद, सम, घिमिरे रुद्रराज पाण्डे, लैनसिंह बाङदेल आदिमा पूर्वीय आत्मतत्त्वले प्रभाव पारेको विषयलाई केही साक्ष्यद्वारा यहाँ प्रकाश पारिएको छ ।

**साक्ष्य १**

अध्यास् हुन्छ चिदात्ममा इ सबको जो छन् अहङ्कारका
इच्छादी पनि बुद्धि धर्म बुझ्नु छैनन् कुनै सारका
आत्मा साक्षि छ यो पृथक् इ सबमा सब्मा घुस्याको पनि
जस्तै घुस्तछ अग्नि लोहहरूमा तस्तै प्रकारको बनी

(रामायण, उत्तरकाण्ड, १३९)

**साक्ष्य २**

परम पदारथ उपदेश पाया
नित्ते दिन आत्मामा सुरथ लगाया
आत्मा अगोचर अगमले षेल्छ
गम गरु भने तम गुन्ले ठेल्छ

(ज्ञानदिलदास, उदय लहरी, पृ. ३०)

**साक्ष्य ३**

मनः प्राण ज्ञानेन्द्रिय सकल कर्मेन्द्रिय तनू
निजात्मा सत्ताले जड इ सब चैतन्य झझि छन्
यही बोध् बुझीन्या अति विमल बोधानुभव यो
बनाहूँदामा श्री हरिचरण मात्रै शरण छन् ।

(वीरशाली पन्त, विमलबोधानुभव)

**साक्ष्य ४**

हड्डीको पिँजरा शरीर उसमा मैना म भन्ने चरो
त्यो क्याँ क्याँ गरदो छ शान्ति-रसको पानी विना भै खरो
चारा इन्द्रिय लभ्य यो विषयको लाखौँ खन्याए पनि

भित्री व्याकुलता र दाह उसको छुट्दैन कत्ती पनि
(लेखनाथ पौड्याल, पिँजराको प्यासा मैना, लालित्य भाग १, पृ. ६०)

**साक्ष्य ५**

सुधाको त्यो झर्ना कवि हुन गए सीकर सरी
थियो त्यो शोभाको जलधि कविजी मञ्जु लहरी
मिठो त्यो मिश्रीको रस मधुर मिश्री कवि थिए
अहा कस्तो कस्तो अगम छविमा तन्मय भए
(लेखनाथ पौड्याल, तरुणतपसी, १/१८)

**साक्ष्य ६**

हाडहरूका सुन्दर खम्बा
मांस पिण्डका दिवार
मस्तिष्कको यो सुनको छाना
इन्द्रियहरूको द्वार
नसा नदीका तरल तरङ्ग
मन्दिर आफू अपार
कुन मन्दिरमा जान्छौ यात्री
कुन मन्दिरको द्वार
मनको सुन्दर सिंहासनमा
जगदीश्वरको राज
चेतनको त्यो ज्योति हिरण्मय
उसको शिरको ताज
(लक्ष्मीप्रसाद देवकोटा, यात्री, पृ. १७)

**साक्ष्य ७**

यहाँ
निर्विकल्प समाधिस्थ आनन्दमय सत्य शून्यको
अनुभव गर्ने
मूर्ख म शुद्ध बुद्ध हुँ
(बालकृष्ण सम, मेरो नुहाउने कोठा)

साक्ष्य एकमा वेदान्त दर्शनको अद्वैतवादले स्थापित गरेका जगत्को मिथ्यात्व र आत्माको नित्यतासम्बन्धी चिन्तनको गहिरो र प्रत्यक्ष प्रभाव देखिन्छ । यसमा आचार्य शङ्करको 'ब्रह्म सत्यं जगन्मिथ्या' भन्ने मान्यताअनुसार सम्पूर्ण दृश्य प्रपञ्च ब्रह्मको अध्यास भएको चिन्तन व्यक्त भएको छ ।साक्ष्य दुईमा आत्मालाई परम पदार्थका रूपमा स्विकारेर नित्य प्रतिदिन यसमा ध्यान लगाउनु पर्ने विचार व्यक्त गरिएको छ । साक्ष्य तीनमा हरिचरणको महिमा गाउने क्रममा जड र चेतन सत्ताको भिन्नता देखाउँदै मन, प्राण, इन्द्रिय, शरीर आदि जड तत्त्व र आत्मा चैतन्य तत्त्व भएको दार्शनिक विचार यसमा प्रकट भएको छ र यो पूर्वीय दर्शनबाट प्राप्त विचार हो ।साक्ष्य चारको पद्य पूर्वीय आत्मासम्बन्धी दर्शनको काव्यात्मक प्रस्तुति हो । यसमा शरीरलाई पिञ्जरा, मैना चरालाई आत्मा, शान्ति रसलाई आत्मानुभूति, विषय सुखलाई चारो र सांसारिक रागलाई

दुःखका रूपमा आरोपण गरी मुक्त एवं स्वतन्त्र जीव संसारमा फँसेको विचार व्यक्त गरिएको छ। पिञ्जरामा थुनिएको चराको वर्णनद्वारा आत्माको बन्धनलाई ध्वनित गर्ने प्रस्तुत कविता आत्मचिन्तनको प्रभावमा लेखिएको छ ।साक्ष्य पाँचको पद्यमा आत्मा र ईश्वरको पारस्परिक सम्बन्धजन्य वस्तुले काव्यात्मक वस्तुको स्वरूप ग्रहण गरेको छ। झर्ना-सीकर, जलधि-लहरी, मिश्रीरस-मिश्री यिनको सम्बन्ध र ब्रह्म तथा जीव वा आत्माको सम्बन्ध सादृश्यपूर्ण छ। जसरी झर्ना र झर्नाको थोपाबिच अंशी र अंश, जलधि र लहरीबिच अभेद सम्बन्ध छ त्यस्तै नै जीव र ब्रह्मबिचको सम्बन्ध त्यस्तै नै हो भन्ने वेदान्त दर्शनको मान्यता छ। यस प्रकारको विषय कविले पूर्वीय दर्शनबाट नै लिएका हुन् र यसले काव्यको विषय पनि गहन एवं व्यञ्जनागम्य हुन पुगेको छ। साक्ष्य छको साक्ष्यमा कवि देवकोटाले आत्मालाई नै ईश्वरको मन्दिरको रूपमा लिएका छन् र परम चैतन्य आत्माको अनुसन्धान गरेर हरेक मानवमा ईश्वरीय भाव देख्न सक्नु पर्ने विचार व्यक्त गरेका छन् ।साक्ष्य सातको कवितांशमा योग दर्शनको समाधि चिन्तनसहित आत्माको शुद्ध, बुद्ध स्वरूपको वर्णन पाइन्छ । पतञ्जलिको "तदेवार्थमात्रनिर्भासं स्वरूपशून्यमिव समाधिः" (योगसूत्र, ३/३) अर्थात् समस्त बाहिरी उपाधिलाई छोडेर ध्येय वस्तुलाई प्रकाशित गर्ने समाधि हो जहाँ ध्यानको स्वरूप शून्य हुन्छ भन्ने चिन्तन यसमा देख्न सकिन्छ। कवि सम काव्य सृजनको अवस्था र ध्यानको वा समाधिको अवस्थालाई समान ठान्दछन् जहाँ साक्षात् आत्मतत्त्वको प्रतीति हुन्छ। 'मेरो नुहाउने कोठा' कवितामा 'म' शब्द आत्मबोधक देखिन्छ र काव्य आराधना गर्ने कवि र योग साधना गर्ने योगीका साधनालाई समीकरण गरेर दुवैले संसारको सम्बन्धबाट उत्पन्न हुने आत्मिक कल्मषलाई पखालेर राग, द्वेष, ईर्ष्या जस्ता विकारबाट आत्मालाई मुक्त बनाउने विचार व्यक्त गरिएको छ। यस प्रकारको गहिरो चिन्तन पूर्वीय योग र वेदान्त दर्शनको प्रभाव हो ।

आख्यान र आख्यानात्मक काव्यमा यस किसिमको आत्मचिन्तनले वैचारिक पृष्ठभूमिका साथसाथै काव्यकृतिको संरचनामा पनि भूमिका खेलेको देखिन्छ। लेखनाथ पौड्यालको काव्यसाधनाको चूडान्त प्राप्ति मानिने 'तरुणतपसी' को वस्तुसंरचना, पात्र र उद्देश्यलाई हेर्ने हो भने पूर्वीय आत्मतत्त्वको स्वरूप नै आख्यानीकृत भएको देखिन्छ। यस कृतिमा एक कविपात्र, अर्को वृक्ष र तेस्रो वृक्षमा प्रतिबिम्बित ऋषिपात्र देखिन्छन्। यी तीन पात्रलाई हेर्दा वेदान्त दर्शनले स्विकारेको जीव (कविपात्र), वृक्ष (जगत्) र ऋषि (ब्रह्म) को काव्यात्मक अभिव्यक्ति भएको बुझिन्छ। जीव, जगत् र ब्रह्मरूप तत्त्वत्रयात्मक विश्व र कवि, वृक्ष र ऋषि पात्रत्रयात्मक काव्यात्मक विश्व समप्रकृतिका छन्। वेदान्त दर्शनले प्रतिपादन गरेको जीव वासनाबद्ध, दुःखी एवं सांसारिक रापले आकुलव्याकुल बनेको छ भने तरुणतपसीको कविपात्र पनि कान्ताविरहको आलो तापले व्याकुल देखिन्छ। वेदान्त दर्शनले जगत्लाई जीवको कर्मभूमि वा आश्रयस्थल मान्दछ भने तरुणतपसीमा वृक्ष कविरूप जीवको आश्रय बनेको छ र यसमा ऋषिरूप ब्रह्म प्रतिबिम्बन भएको छ। कविरूप जीवका निम्ति या त वृक्ष या त ऋषि दुईमा एकमात्र प्रतिबिम्बन देखिन्छ र यो अद्वैत दृष्टि हो ।

पूर्वीय दर्शन ब्रह्म वा ईश्वरलाई विश्वको स्रष्टा, संरक्षक र साक्षी ठान्दछ। "यतो वा इमानि भूतानि जायन्ते येन जातानि जीवन्ति" (तैत्तिरीय भृगुवल्ली, १/१) जस्ता भनाइबाट ब्रह्मको स्वरूप बोध हुन्छ। तरुणतपसीमा पनि वृक्षर्षिरूप ब्रह्म सम्पूर्ण जगत्को साक्षी बनेर वर्णन गर्दछ। जसरी यो सम्पूर्ण जगत् ब्रह्ममा लीन हुन्छ त्यस्तै काव्यमा पनि कवि र वृक्षरूप जगत् लीन भएका छन् । यो काव्यव्यापी संरचनाबाट तरुणतपसी पूर्वीय आत्मचिन्तनको प्रभावमा लेखिएको काव्य हो भन्ने देखिन्छ। उपनिषद्ले वर्णन गरेको आत्मस्वरूपले बालकृष्ण सम जस्ता बौद्धिक नाटककारलाई पनि गहिरो प्रभाव पारेको देखिन्छ। सामाजिक विषयवस्तुमा आधारित 'म' नाटकको अन्तर्वस्तु आत्मतत्त्वकै प्रभावबाट निर्मित देखिन्छ। 'म' नाटकका मुख्यपात्र इन्द्रवीर र प्रभा हुन् । इन्द्रवीर आफ्नी पत्नी प्रभालाई बेवास्ता गर्दै माया पात्रको पछि लाग्दछ। आफ्नी प्रभालाई उपेक्षा गरेर एउटी आचारहीन मायालाई झ्यालमा देखेर लोभिएको इन्द्रवीर र प्रभा अनि मायाको त्रैविध्य सम्बन्धलाई आत्मा, आत्माको प्रकाश र सांसारिक मायाजालसँग तुलना गर्न सकिन्छ ।पूर्वीय दर्शमा आत्माले आफ्नो ज्योतिरूप (प्रभा) लाई चिन्न नसकेर संसारमा भड्किन्छ भन्ने मानिन्छ। यसको मूलकारण माया हो । मायाकै कारण आत्मस्वरूप ढाकिन पुग्दछ। आत्मस्वरूप

बुझ्नका निम्ति अविद्याको नाश र विद्याको उदय हुनु पर्दछ र मात्र आफ्नो अमरत्व बोध हुन पुग्दछ। “अविद्यया मृत्युं तीर्त्वा विद्ययामृतमश्नुते” (ईशावास्योपनिषद्, ११) भन्ने भनाइ जस्तै आफ्नै प्रभालाई बोध गर्न वा आत्माले आफ्नो स्वरूपलाई प्रकट गर्न निर्मल ज्ञान आवश्यक भएको औपनिषदिक आत्मविद्याको प्रतिबिम्बन यस नाटकमा देख्न सकिन्छ। समको ‘म’ नाटकलाई हेर्दा यो सामाजिक नाटकका रूपमा देखिन्छ तर यसको मर्म पूर्वीय दर्शनमा निहित आत्मदर्शनसँग मिलेको छ।नेपाली उपन्यास क्षेत्रमा पनि पूर्वीय दर्शनको आत्मचिन्तनको प्रभाव परेको देखिन्छ। लैनसिंह बाङदेलका उपन्यासहरू ‘मुलुक बाहिर’, ‘लङ्गडाको साथी’ र ‘माइतघर’ उपन्यासमा करुणाको सबल प्रस्तुति पाइन्छ। पूर्वीय आत्मचिन्तनले स्थापित गरेको करुणालाई ‘मुलुक बाहिर’ उपन्यासकी म्याउचीको चरित्र, ‘लङ्गडाको साथी’ उपन्यासमा लङ्गडाको चरित्र र ‘माइतघर’ उपन्यासमा सानीको चरित्र जीवन्त एवं कारुणिक बन्न पुगेका छन्।

विश्वेश्वरप्रसाद कोइरालाका ‘सुम्निमा’ उपन्यासको संरचनालाई हेर्दा पूर्वीय दर्शनको आत्मवादको गहिरो प्रभाव पाउन सकिन्छ। सोमदत्त र सुम्निमाको चरित्र निर्माणमा आत्मा र देहको चिन्तन प्रस्तुत गरिएको छ। कोइराला आत्मा र देहलाई अविभाज्य तत्त्व ठान्दछन्। सोमदत्त आत्मतत्त्वको उपासकका रूपमा उभिएको छ भने सुम्निमा देहका पक्षमा उभिएकी छ। अर्थात् उपन्यासकारले यी दुई पात्रलाई आत्मा र देहको विमर्श गर्ने पात्रका रूपमा उभ्याएका छन्।‘सुम्निमा’ उपन्यासमा आत्मा योग, साधना, व्रतचर्या, ध्यान आदिमा प्रवृत्त हुने चिज र देह भोग, वासना, राग, मोहको स्थानका रूपमा लिने परम्परागत प्रवृत्तिको खण्डन गर्दै योग र भोगको समष्टिरूप नै जीवन हो भन्ने विचार निष्कर्षण गरिएको छ। यसै कारण सुम्निमा र सोमदत्त एक्ला एक्लै अपूर्ण जीवनका द्योतक बनेका छन्। कोइराला उपनिषद्को आत्मचिन्तनबाट पर्याप्त प्रभाव ग्रहण गर्दै सुम्निमाको आख्यान ढाँचा र वैचारिक रेखाको निर्माण गर्दछन्। आत्मदर्शनकै कारण सुम्निमा, सोमदत्त र पुलोमाको चरित्र प्रभावकारी र जीवन्त बन्न पुगेको देखिन्छ।यी केही साक्ष्यका आधारमा हेर्दा पूर्वीय आत्मदर्शनले नेपाली साहित्यको वैचारिक पृष्ठभूमिदेखि संरचनाका निम्ति पनि योगदान गरेको देखिन्छ। कतिपय कृतिमा आत्मचिन्तनको प्रत्यक्ष प्रभाव देखिन्छ भने कतिपय कृतिहरूमा अप्रत्यक्ष प्रभाव देखिन्छ।

## पौराणिक समन्वयवादको प्रभाव

पुराणहरू पूर्वीय दर्शनका प्राचीन सृजन मानिन्छन् भन्ने कुरा पुराण शब्दले स्पष्ट गरेको छ। वायु पुराणका अनुसार “यस्मात् पुरा ह्यनतीदं पुराणं तेन तत् स्मृतम्” (पूर्वाद्ध, २/१८२) अर्थात् प्राचीन कालमा रहेको हुँदा यसलाई पुराण भनिएको हो।पूर्वीय दर्शनका महत्त्वपूर्ण स्रोतहरूमा पुराणहरूलाई पनि लिइन्छ। पुराण वा पौराणिक वाङ्मयमा रामायण, महाभारतसहित अठार पुराणहरू र अठार उपपुराणहरू पर्दछन्। समाज र इतिहास चिन्तनका दृष्टिले यी ग्रन्थ महत्त्वपूर्ण छन् नै समन्वयात्मक समाज निर्माणमा यिनको उत्तिकै भूमिका देखिन्छ। यिनमा धर्म, वर्ग, जाति, लिङ्ग, वर्ण, देशदेशान्तर, लोकलोकान्तर, देवदेवान्तर आदि अनेक पक्षबीच समन्वयात्मक दृष्टि पाइन्छ।

भारतीय उपमहाद्वीपमा सनातन वैदिक धर्म, जैन, बौद्ध जस्ता धर्मलाई समन्वय गर्ने हेतुले बुद्ध, ऋषभदेव आदिलाई विष्णुको अवतारका रूपमा नै समावेश गरी धार्मिक समन्वय गरेको देखिन्छ। (भागवत, १/३/२४) मा “बुद्धो नाम्ना जनसुतः कीकटेषु भविष्यति” र यसै ग्रन्थको (१/५/४) मा जैनका आदि तीर्थङ्कर मानिने ऋषभदेवलाई ‘भगवल्लक्षणं साम्योपशमवैराग्यैश्वर्यमहाविभूति...” भनेर भगवान्का समता, शान्ति, वैराग्य, ऐश्वर्य आदि विभूतिले युक्त भएको वर्णन गरिएको छ।महाभारतमा शिवसहस्रनामस्तोत्र (अनुशासनपर्व, १७ अध्याय र यसकै १४९ अध्यायमा रहेको विष्णुसहस्रनामस्तोत्रलाई हेर्दा दुवै एउटै शक्ति भएको देखाएर शैव र वैष्णव धर्मको समन्वय गर्न खोजिएको छ। शिव एवं विष्णुका अनेक आख्यान, उपाख्यानद्वारा दुवै एउटै शक्तिका कार्यानुसारि नाम भएको उल्लेख गर्दै शैव एवं वैष्णव धर्मानुयायीहरूबिच समन्वय गरिएको छ।पुराणहरूमा राजगाथा, ऋषिगाथा, देवगाथा आदिको वर्णन गरेर समाजका भिन्न भिन्न समुदायका शक्ति, स्वभाव,

आचरण, संस्कार, संस्कृतिबिचमा सम्बन्धसेतु निर्माण गरिएको छ । यस प्रकारका अनेक पौराणिक समन्वयवादी मान्यताहरू पूर्वीय समाजदर्शनका महनीय विषय हुन् ।

नेपाली साहित्यमा पौराणिक समन्वयवादको प्रत्यक्ष प्रभाव रहेको छ । भानुभक्तको 'रामायण', देवकोटाको 'शाकुन्तल', सोमनाथको 'आदर्शराघव', समको 'चिसो चूह्लो' जस्ता महाकाव्यहरूमा प्राचीन पौराणिक युगको पुनराख्यान गर्दै युगानुकूल समन्वयको अभिव्यक्ति दिएको देखिन्छ ।भानुभक्त आचार्यले संस्कृत वाङ्मयमा रहेको सीतारामको समृद्ध आख्यानलाई नेपालीमा पुनराख्यान गर्नुको अर्थ तत्कालीन नेपाली समाजमा विद्यमान राजा, राणा, प्रजा र प्रजामा पनि अनेकौँ वर्ग, उपवर्ग बिचमा भएको विभेद शमन गर्ने उद्देश्य नै हो । राम, भरत, लक्ष्मण, शत्रुघ्न, हनूमान, सुग्रीव, वालि, गुह, शबरी, रावण, विभीषण, कौशल्या, कैकेयी, सुमित्रा आदि अनेकौँ पात्रहरूको पुनराख्यानले नेपाली समाजमा विद्यमान तत्तत् प्रवृत्तिबिच सन्तुलन र समन्वय गर्ने उद्देश्य राखेको देखिन्छ ।

**साक्ष्य १**

ख्वामित् हजूरको म त दास पो हुँ यो राज्य गर्नाकन योग्य को हुँ
यो गादी ता याहीं हजूरको हो मैले त सेवा गरिबस्नु पो हो

(भानुभक्तीय रामायण, २/९४)

**साक्ष्य २**

ठूला नीति सिकून्, प्रजाहरू सिकून् सद्भक्तिको माधुरी
ज्ञानी ज्ञान सिकून्, सिकून् कविहरू यो काव्यमा चातुरी
जानून् गर्न विलास दिव्य यसमा सारा नवावीजन
बस्ती दिव्य बसाउने रसिक हुन् एकान्त वृन्दावन

(शाकुन्तल, १/३१)

**साक्ष्य ३**

मेरो सन्ते, हाम्रो प्रियता मानवतामा परिणत होस्
मानवताकै यज्ञशालामा तिम्रो मेरो हवन चलोस्
आत्मवलिदान गरेर जगत्मा मानिसलाई ऊचो पार
संतप्तक चिसो चूह्लोलाई तपस्याले तप्त बनाऊ

(चिसो चूह्लो, पृ. ३१६)

साक्ष्य एकमा भरतले रामसँग भनेका उक्त भनाइमा दाजुभाइको तत्कालीन राणा र राजाहरूको राजकीय द्वन्द्वलाई शमन गर्ने व्यञ्जनार्थ लुकेको देखिन्छ । सेवक र सेव्य भावको भक्ति दर्शनका माध्यमबाट भक्ति र समर्पण भावको विकास पनि समन्वयात्मक दृष्टि रहेको बुझ्न सकिन्छ ।साक्ष्य दुईमा तत्कालीन नेपाली समाजमा ठूलाबडालाई नीतिको आवश्यकता रहेको, प्रजाहरूलाई भक्ति, ज्ञानीहरूलाई ज्ञान, कविहरूलाई काव्यचातुर्य, नवावीजनलाई काव्यविलासको पाठ सिकाउँदै सबै मिलेको दिव्य रसिक समाज यहाँ परिकल्पना गरिएको छ । काव्यले परिकल्पना गरेको समाजमा राजादेखि ज्ञानी, भक्त, कविहरू, रसिक आदि रहेका छन् । यी सबैका निम्ति काव्यकानन आनन्ददायक हुने परिकल्पनाले बाहिरी दिव्य समाजको त्यही समन्वित रूप परिकल्पना गरिएको छ ।देवकोटाले 'शाकुन्तल' महाकाव्य नेपाली भाषामा महाकाव्यको अभावपूर्ति गर्ने उद्देश्यले लेखे पनि तत्कालीन नेपाली समाजमा विद्यमान द्वन्द्व शमन गर्ने सामाजिक सद्भाव र समन्वय गर्ने प्रच्छन्न उद्देश्य रहेको छ । देवकोटा स्वयंले आफ्नो काव्यप्रयोजन बताउने सन्दर्भमा यो सङ्केत गरेका छन् ।

साक्ष्य तीनमा समले समन्वयलाई मानवताका निम्ति उपयोग गरेका छन् । विश्वमानव नै एउटा परिवार हो र समाजका सबै भेद अन्त्य भएर मानवताको यज्ञ चल्न सकोस् भन्ने सन्देश 'चिसो चूह्लो' महाकाव्यमा पाइन्छ ।बालकृष्ण समको 'चिसो चूह्लो' महाकाव्यले जातीय सद्भाव र समन्वय खोजेको छ । सन्ते दमाईं र गौरी ठकुरीबिच प्रेमको बीज रोपेर जातीय विभेदमा समन्वय खोजिएको हो । यसको अन्तरसंरचनामा शिव (नकुल) र पार्वतीको आख्यान ढाँचा र विचारसूत्रको प्रभाव देख्न सकिन्छ । शिवलाई नकुल अर्थात् कुलहीन भनेर उपेक्षा गर्ने दक्षप्रजापतिका विरुद्धमा गौरीको शिवप्रतिको प्रेम सन्ते र गौरीको स्रोत मान्न सकिन्छ । शिव र गौरीको यो प्रसङ्ग श्रीमद्भागवतको चतुर्थस्कन्ध र शिव महापुराण रुद्रसंहितामा उल्लेख पाइन्छ, जस्तो ः

हरोऽकुलीनोऽसौ विप्र पितृभ्रातृविवर्जितः ।
भूतप्रेत पिशाचानां पतिरेको दुरत्ययः ॥

(शिवमहापुराण, रुद्रसंहिता, २७/४३)

अर्थात् हर अकुलीन छन्, पितामाता नभएका, भूतप्रेत पिशाच आदिका मालिक र बुझ्नै नसकिने एकाकी छन् । शिवको पौराणिक चित्रण र समद्वारा चित्रित सन्ते उस्तै अकुलीन र एकाकी प्रकृतिका छन् । समले हिमालमुनि उपत्यकामा एउटा झुपडीमुनि एक्लै बस्ने सन्तेको चित्र सन्त शिवकै सादृश्यमा उतारेका छन् ।रमेश विकलले 'मधुमालतीको कथा' शीर्षकको कथामा शिव र सतीको वैचारिक एवं आख्यानसूत्रलाई समसामयिक सन्दर्भ प्रदान गरेका छन् । यस कथामा पनि गौरी र संकर दुई पात्र छन् जसमा गौरी धनी परिवारकी र संकर निम्न परिवारको पात्र रहेको छ । धनी र गरिव परिवारमा जन्मिएका यी दुई पात्रलाई मिल्न नदिने सामाजिक वर्गीय चरित्र उद्घाटन गर्न कथाकार विकलले पौराणिक आख्यान ढाँचासहित वैचारिकता पनि ग्रहण गरेका छन् ।

नेपाली साहित्यमा पौराणिक समन्वयवादको प्रभावलाई साहित्यकारहरूले विभिन्न पुराणका आख्यान ढाँचा, पात्र, विचार आदिलाई प्रत्यक्ष रूपमा नै ग्रहण गरेका छन् । रामायण, महाभारत, श्रीमद्भागवत, शिवपुराण, देवीभागवत आदि ग्रन्थहरू समन्वयवादी चिन्तनका स्रोत मानिन्छन् ।

## बौद्ध शून्यवादको प्रभाव

बौद्ध दर्शनका करुणा, शान्ति, अहिंसा जस्ता विषय र दुःखसम्बन्धी धारणा नैतिक र व्यावहारिक चेतनाका रूपमा रहेका छन् । बुद्ध दर्शनका अनेक शाखाहरूमा माध्यमिक दर्शनका पक्षधरहरू शून्यलाई नै परमार्थ तत्त्व मान्दछन् । न सत्, न असत्, न सदसत् र न अनुभयात्मक जस्ता चतुष्कोटि भन्दा परको सत्यलाई नै शून्य मानिएको छ (उपाध्याय, सन् २०१४, पृ. २६५) । माध्यमिक बौद्धहरूले शून्यरूप परम सत्य स्विकारेको देखिन्छ । शून्य त्यस्तो सत्य हो जो कारणरहित, विचार र भावभन्दा पर र जसको उत्पत्ति र मापन हुँदैन (राधाकृष्णन, सन् २००८, पृ. ५४३) । नागार्जुनले आफ्नो माध्यमिक कारिकाको मङ्गलाचरणमा आठ निषेधलाई सङ्केत गरेर शून्य सत्ताको परमार्थता स्थापित गरेका छन् ।

अनिरोधमनुत्पादमनुच्छेदमशाश्वतम् ।
अनेकार्थमनानार्थमनागममनिर्गमम् ॥

(माध्यमिककारिका, उद्धृत चन्द्रधर शर्मा, सन् २००३, पृ. ७९)

अर्थात् न निरोध, न उत्पत्ति, न अनित्य, न नित्य, न एक, न अनेक, न आगमन र निर्गम यी आठ निषेध पारमार्थिक दृष्टिले सत्य हुन् ।

नेपाली साहित्यमा 'शून्य' सम्बन्धी चिन्तनलाई विभिन्न रूपमा उपयोग गरेको पाइन्छ । देवकोटाले 'म शून्यमा शून्यसरि बिलाएँ' कवितामा शून्य तत्त्व र कृष्ण तत्त्वलाई एक स्थानमा राखेर पारमार्थिक सत्ताका रूपमा दुवैलाई स्विकारेका

छन् । एकातिर 'आखिर श्रीकृष्ण रहेछ एक' भन्ने र साथै आफू शून्यमा विलय भएको विचार व्यक्त गर्ने कुराले शून्यको अस्तित्वलाई ईश्वरीय रूपमा नै लिएको देखिन्छ। बालकृष्ण समले आफ्ना धेरै कविताहरूमा शून्यको सन्दर्भ उठाएका छन्। "निर्विकल्प समाधिस्थ आनन्दमय सत्य शून्यको अनुभव गर्ने" भनेर समाधि अवस्थालाई शून्य अवस्था मानेको देखिन्छ। 'मृत्युपछिको अभिव्यञ्जन' कवितामा जीव वा आत्मा शून्य रूप हुने कुरालाई समले प्रकट गरेका छन् ।नेपाली सृजनपरम्परामा भीमनिधि तिवारीले 'सिद्धार्थ गौतम' नाटक लेखेर बुद्धको जीवनीपरक प्रभावलाई प्रकट गरेका छन् । यसमा बुद्धले गृहत्याग गरेर सन्यास भएको प्रसङ्ग नै विषयवस्तुका रूपमा रहेको छ ।भूपि शेरचनले 'हामी' कवितामा हामीलाई शून्यका उपासकहरू भनेर शून्यको उपासनाको सन्दर्भबाट 'शून्य' दर्शनलाई सङ्केत गरेका छन् । यद्यपि यो व्यङ्ग्यका रूपमा प्रयोग भएको हो तर पनि शून्य तत्त्व पनि उपास्य तत्त्व हो भन्ने यसबाट प्रकट भएको छ।

नेपाली साहित्यमा शून्यवादलाई सचेततापूर्वक घोषणा गरेर प्रयोग गर्ने स्रष्टा सरुभक्त हुन् । उनका अनुसार शून्यवादले दर्शन र साहित्यको ऐतिहासिक विकास प्रक्रियामा नवीन क्षितिज उद्घाटन गर्ने आदर्शमा विश्वास गर्दछ (सरुभक्त, २०४१, पृ. २) । उनले शून्यवादलाई विभिन्न स्रोतबाट विकास गरे पनि नागार्जुनको बौद्ध शून्यवादलाई आधार मानेको देखिन्छ । सरुभक्त बौद्ध दर्शनको नीति वा आचार पक्षबाट प्रभावित देखिन्छन् र 'एसो धम्मो सनतनो' नाटकका माध्यमबाट बुद्धको जीवनी र विचारलाई प्रवाहित गरेका छन् ।

## जैन स्याद्वादको प्रभाव

जैन दर्शनमा स्याद्वादी ज्ञानमीमांसा विशिष्ट किसिमको देखिन्छ । अर्थको सापेक्ष सत्यलाई स्विकार्ने सप्तभङ्गी नय स्याद् अस्ति, स्याद् नास्ति, स्याद् अस्ति नास्ति, स्याद् अवक्तव्यम्, स्याद् अस्ति च अवक्तव्यम्, स्याद् नास्ति च अवक्तव्यम्, स्याद् अस्ति च नास्ति च अवक्तव्यम् (शर्मा, सन् २०१३, पृ. ३४) जस्ता अर्थ चिन्तनले नेपाली साहित्यमा प्रभाव पारेको छ । जैन स्याद्वादलाई सैद्धान्तिक रूपमा उल्लेख गरेर लीला लेखनको प्रारम्भ गर्ने इन्द्रबहादुर राई कथाहरूमा, लीला लेखनलाई सैद्धान्तिक एवं प्रायोगिक रूपमा उपयोग गर्ने कृष्ण धरावासीका उपन्यासहरूमा र रत्नमणि नेपालका कथाहरूमा स्याद्वादको प्रभाव पाइन्छ ।लीला धारणाका समर्थकहरू लीला चिन्तनलाई रूप र विषय दुवै ठान्दछन् । रत्नमणि नेपाल (२०६४, पृ. ३३) ले लीलालाई दुवैको संयोजन हुँदा हुँदै पनि दृष्ट थोकलाई भाषा र आकारमा आबद्ध गरेको हुँदा यो रूप पक्ष बढी हो कि भन्ने धारणा पनि राखेका छन् ।इन्द्रबहादुर राईले लीला लेखनको अवधारणालाई प्रायोगिक अभिव्यक्ति दिने कथाका रूपमा 'महारुदन' लेखेका छन् । 'ठुली' को रुवाइलाई भिन्न भिन्न मानिसले भिन्न अर्थ गरेका छन् ।हरेक वस्तु, घटना वा विषयको अर्थ समय, स्थान, व्यक्ति आदिका सापेक्षमा बुझिन्छ भन्ने धारणालाई महारुदनले प्रकट गरेको छ। यसै गरी रत्नमणि नेपालले 'घर' कथा लेखेर घरका बारेमा भएका अनेक धारणा प्रस्तुत गरेका छन् । घरका बारेमा व्यक्त सापेक्ष अर्थले घर आफैँ दुर्वोध्य भएको विचार यहाँ देख्न सकिन्छ। विज्ञानमा सापेक्षवाद लेखिनुभन्दा अनेकौँ शताब्दी अघि प्रतिपादित द्रव्य, रूप आदि देश र काल सापेक्ष्य हुन्छन् भन्ने चिन्तन स्थापित भइसकेको र त्यसले ज्ञानका विभिन्न शाखामा प्रभाव पारेको देखिन्छ। यसको सचेततापूर्वक प्रयोग लीलावादी साहित्यकारहरूमा देख्न सकिन्छ।

## समकालीन नेपाली साहित्यमा पूर्वीय दर्शनको प्रयोग

समकालीन नेपाली साहित्यको गति र दिशा हेर्दा पुनः पूर्वीय दर्शनको नीति चेतना जागृत भएको देखिन्छ । २०४६ पछि र अझ २०६३ पछिको परिवर्तित राजनीतिक परिवेशमा नेपाली सर्जकहरूलाई स्वअस्तित्व बोधसँगै अतीत चेतनाले झकझक्याएको देखिन्छ। जातीय अस्तित्वको सङ्कट, विश्व समुदायमा आफ्नो पहिचान तथा आफ्नै धरातलको खोजी गर्दै

समकालीन स्रष्टाहरू पूर्वीय दर्शनतर्फ आकर्षित भएका देखिन्छन् ।अतीतको उत्खनन गर्दै आफ्नो अस्तित्व खोज्ने स्रष्टाहरूमा मदनमणि दीक्षितका 'द्रौपदी र सीता', भूमिसूक्त जस्तै औपन्यासिक कृतिहरू छन् । भूमिसूक्त एक प्रकारले मानव जातिकै इतिहास र यस ब्रह्माण्डको उत्पत्ति एवं अवसानको पूर्वीय दृष्टिकोण व्यक्त भएको कृति हो । मनुका सन्ततिहरू गन्धमादन पर्वतबाट कसरी पूर्व पश्चिम व्याप्त भए र मानव जाति संसारभरि फैलिन पुग्यो भन्ने जातीय गौरवलाई यसले प्रकट गरेको छ ।अविनाश श्रेष्ठले 'अश्वत्थामा हतो हतः' नाटकका माध्यमबाट प्राचीन मूल्य मान्यताको खोजी गरेका छन् । आजको मानव आफ्नो अतीतरूपी मणि हराएको अश्वत्थामा झैँ भएको छ । पूर्वीय चिन्तन र गौरवका विषयहरू दलालीका हातमा परेको सम्पत्ति झैँ भएर नष्ट भएको विचार व्यक्त गरेर नाटककार श्रेष्ठले पूर्वीय दर्शनको महत्त्व दर्साएका छन् ।
समकालीन कवि, आख्यानकार तथा समालोचकहरू पूर्वीय चिन्तन परम्परालाई जिज्ञासु बनेर पुनः खोजी गरिरहेका छन् । यस्ता केही सर्जकहरूमा घनश्याम कँडेल, रामप्रसाद ज्ञवाली, नवराज लम्साल, निलम कार्की निहारिका, कुमार नगरकोटी, टेकनाथ दाहाल, सुदेश सत्याल, राजेन्द्र भण्डारी, दुबसु क्षेत्री, कृष्ण धरावासी, मोमिला, सरस्वती प्रतीक्षा, छविलाल उपाध्याय आदि स्रष्टाहरू देखिन्छन् । यहाँ केही साक्ष्यहरू प्रस्तुत गर्नु सान्दर्भिक हुनेछ ः

**साक्ष्य १**

सारा भारतवर्ष श्रेष्ठ हुनगो ऊँचो कला कीर्तिले
आभा फैलिन गो प्रगाढ सितले सत्शास्त्रका ज्योतिले
यो वाणी अनि सल्कियो सहजमै हेमाद्रि सन्तानमा
मेची तम्मर गण्डकी जल तरी ढाक्यो सबै ठाउँमा

(कल्पना, छवि कवितासङ्ग्रह, पृ. ५)

**साक्ष्य २**

आफ्नो मार्ग स्वयं बनाउन सकूँ त्यो मार्ग आराध्य होस्
दम्भी सोच अहं हटाउन सकूँ मस्तिष्कमा स्वास्थ्य होस्
नेपाली अविभाज्य देख्न म सकूँ स्वाधीन यो राज्य होस्
सारा सुन्दरता समेट्न म सकूँ सौन्दर्य बाँकी नहोस्

(रामप्रसाद ज्ञवाली, चाहना, इन्द्रधनुष, पृ. १)

**साक्ष्य ३**

क्षुद्र सङ्कीर्णतालाई मिल्काएर कताकता
विश्वबन्धुत्वका लागि जागोस् उच्च मनुष्यता
मान्छे मिल्काइने स्वार्थी सीमाना राष्ट्र राष्ट्रका
विश्वबन्धुत्वका निम्ति साँघुरो भो वसुन्धरा

(नारायण अधिकारी)

**साक्ष्य ४**

क्षेप्यास्त्रका धार निसान लगाएर
अर्को महादेश सायं सन्ध्याका सुन्दर आरतीसँग
रक्तबीज जन्माउन तत्पर छ
नीलो-नीलिमामय निसीम आकाशका आराध्य हाम्रा देवलोकहरू
विज्ञान प्रयोगशालाका प्राविधिक बन्न विवश छन्

(कलानिधि दाहाल, आजको मान्छेको कविता पन्ध्र)

साक्ष्य एकमा कवि छविलाल उपाध्यायले पूर्वीय चिन्तनपरम्पराले नै भारत नेपालका ज्ञानधाराहरू प्रवाहित भएको विचार व्यक्त गरेको छ ।साक्ष्य दुईमा पूर्वीय दर्शनको आत्मचिन्तन, अखण्ड एकत्व, परम सौन्दर्य बोध जस्ता विचार र 'आत्मैव ह्यात्मनो बन्धु' जस्तो आत्मजागरणको भाव प्रकट भएको छ। यी साक्ष्य तीन र चारमा आधुनिक युगका मानवीय सङ्कीर्णता र युद्धले ग्रस्त सङ्कटापन्न मानव जीवनको चित्रण गर्दै पूर्वीय दर्शनले स्थापित गरेका देवत्व र बुद्धत्वको खोजी गर्नु पर्ने भाव व्यक्त भएको छ।

समकालीन सृजनामा मानव आफ्नै कर्मले सङ्कीर्ण बन्दै गएको र विज्ञान प्रविधिले त्रस्त बन्दै गएको, धर्ती कोलाहलमय भएको र मानवले हजारौँ वर्ष लगाएर निर्माण गरेको देवतत्त्व, बुद्धत्व नष्ट हुँदै मानव नै विनाशतर्फ लम्किएको विचारलाई अघि सार्ने स्रष्टाहरूले पूर्वीय दर्शनका बहुविध पक्ष उद्घाटन गरेको देखिन्छ ।यहाँ यी केही उदाहरणमात्र हुन् । समसामयिक नेपाली काव्यपरम्परामा पूर्वीय दर्शनप्रतिको गहिरो आकर्षण बढेको देखिन्छ । आत्मबोध, जागरण र मौलिक दृष्टिकोण निर्माणमा पूर्वीय दर्शनको व्यापक विषय र उदार सार्वभौम मान्यता, आध्यात्मिक आनन्द, विश्वबन्धुत्व जस्ता विषयले नेपाली स्रष्टाहरूलाई काव्य चिन्तनको आलोक प्रदान गरेको छ।

## निष्कर्ष

नेपाली साहित्यको विकासमा पूर्वीय दर्शनको प्रभावलाई हेर्दा मूलतः आत्मवादी चिन्तनको प्रभाव बढीमात्रामा पाइन्छ । आत्मवादले नै अध्यात्म, ईश्वर प्रेम, मानवता, भ्रातृत्व एवं विश्वपरिवारको चिन्तनलाई विकास गरेको देखिन्छ। भानुभक्त आचार्य, ज्ञानदिलदास, वीरशाली पन्त जस्ता प्राथमिक कालीन कविहरूले आत्मालाई मानवको ध्येय, प्रेम र प्राप्य वस्तुका रूपमा लिएका छन् भने लेखनाथ, देवकोटा, सम आदिले आत्मचिन्तनलाई मानव चेतनाको विकास र विस्तारका रूपमा लिएर आत्मचिन्तनबाट मानिसले विश्वबोध गर्नु पर्ने धारणा व्यक्त गरेका छन्। नेपाली साहित्यका विभिन्न विधाहरूको विकाससँगै पूर्वीय दर्शनका उदार विचारहरूको पुनर्व्याख्या र युगानुकूल उपयोग हुँदै आएको छ। समाजको बहुआयामिक चेतनालाई अझ फराकिलो बनाउन पूर्वीय दर्शनको स्रोत मानिने वेद, उपनिषद्, रामायण, महाभारत, पुराण आदिबाट विचार, बिम्ब, प्रतीक र आख्यान ढाँचाको प्रचुर प्रभाव बढ्दै गएको देखिन्छ। गुरुप्रसाद मैनाली, विश्वेश्वरप्रसाद कोइराला, लैनसिंह वाङ्देल, इन्द्रबहादुर राई आदि स्रष्टाहरूले पूर्वीय आत्मचिन्तन र बहुलवादी चिन्तनलाई अत्यधिक उपयोग गरेर नेपाली समाजलाई आफ्ना कृतिहरूमा प्रतिबिम्बन गरेका छन्। परिणामस्वरूप 'सुम्निमा', 'मुलुक बाहिर', 'माधवी', भूमिसूक्त' जस्ता उपन्यास र अनेक कथाहरू सिर्जना भएका छन्। नेपाली साहत्यिको आधुनिक कालले पूर्वीय दर्शनको पुनर्व्याख्या र पुनराख्यान गरेको छ। समकालीन नेपाली साहित्यमा पूर्वीय दर्शनलाई जातीय, सांस्कृतिक एवं वैचारिक अस्तित्वका कोणबाट उपयोग गरेको देखिन्छ। मानवजातिमा बढिरहेको सङ्कीर्णता, स्वार्थ, युद्ध, कलह र विनाशोन्मुख भौतिक विकासको त्रासबाट उन्मुक्तिको खोजी गर्दै पूर्वीय दर्शनले विकास गरेको आत्मचिन्तन र विश्वबन्धुत्वको भावलाई पुनः जागृत गर्दै अहङ्कार र उन्मादले मानव विनाशतर्फ जानु नहुने विचार प्रकट भएका छन् ।यसरी हेर्दा पूर्वीय दर्शन मानव जातिमात्र नभएर विश्वब्रह्माण्डको दीर्घ आयुको परिकल्पना गर्ने शाश्वत चिन्तन धारा भएकाले आगामी युगका सर्जकहरूलाई पनि यसले उत्प्रेरित र प्रभावित गर्नेछ।

## सन्दर्भसूची

उपाध्याय, आचार्य बलदेव, (सन् २०१४), *बौद्ध-दर्शन-मीमांसा,* वाराणसी : चौखम्बा विद्या भवन ।

*ऋग्वेद,* (सन् २००७ शायणभाष्यसहित), वाराणसी : चौखम्बा विद्याभवन ।

*कृष्णयजुर्वेद तैत्तिरीयब्राह्मणम्,* (सन् २०१८), प्रो पुष्पेन्द्र कुमार (सम्पा.), दिल्ली : नाग प्रकाशन ।

गिरि, रामानन्द, (२०५५), *जनकदर्शन,* भक्तपुर : जनकशिक्षा सामग्री केन्द्र ।

नेपाल, रत्नमणि, (२०६४), *लीलाधारणा र कथाहरू,* काठमाडौँ : प्रशान्ति प्रकाशन ।

पतञ्जलि, (२०६१), *पातञ्जलयोगदर्शनम्,* नरकान्त अधिकारी (अनु.), काठमाडौँ : श्री ५ को सरकार सूचना तथा सञ्चार मन्त्रालय ।

*बृहदारण्यकोपनिषद्,* (२०६७), गोरखपुर : गीताप्रेस ।

भरत, (सन् १९८९), *नाट्यशास्त्र,* वाराणसी : चौखम्बा कृष्णदास अकादमी ।

भामह, (सन् २००२), *काव्यालङ्कार,* वाराणसी : चौखम्बा संस्कृत सीरीज अफिस ।

राधाकृष्णन्, (सन् २००८), *भारतीय दर्शन,* भाग १, २, दिल्ली : राजपाल ।

राधाकृष्णन्, (सन् २०१८), *भगवद्गीता,* हरियणा : हिन्द पाकेट बुक्स ।

व्यास, (२०७८), *श्री शिवमहापुराण,* गोरखपुर : गीताप्रेस ।

व्यास, (२००७), *श्रीमद्भागवत,* एक्काइसौँ पुनर्मुद्रण, गोरखपुर : गीताप्रेस ।

व्यास, (२०६५), *महाभारत,* बाह्रौँ पुनर्मुद्रण, गोरखपुर : गीताप्रेस ।

व्यास, (सन् २००४), *श्री वायुपुराणम्,* दिल्ली : नाग पब्लिशर्स ।

*शतपथब्राह्मण,* (सन् २०१४), रामनाथ दीक्षित (सम्पा.), वाराणसी : चौखम्बा प्रकाशन ।

शर्मा, चन्द्रधर, (सन् २०१३), *भारतीय दर्शन, आलोचन अमौर अनुशीलन,* दिल्ली : मोतीलाल बनारसीदास ।

*शुक्लयजुर्वेदमाध्यन्दिनीयसंहिता,* (सन् २००५), वाराणसी : बम्बई पुस्तक भवन ।

श्रेष्ठ, दयाराम, (२०७०), *नेपाली कथा र कथाकार,* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

श्रेष्ठ, दयाराम, (२०७६), 'प्रारम्भिक कालको नेपाली साहित्यको पूर्वपीठिका', *जगदम्बा नेपाली साहित्यको बृहत् इतिहास,* डा. माधवप्रसाद पोखरेल (सम्पा.), ललितपुर : कमलमणि दीक्षित (पृ. ११७) ।

सरुभक्त, (२०४१), *इतिहासभित्रको इतिहास शून्यवाद,* काठमाडौँ : प्रयोग समूह ।

सिन्हा, हरेन्द्रप्रसाद, (सन् २००९), *भारतीय दर्शन की रूपरेखा,* दिल्ली : मोतीलाल बनारसीदास ।

**Bharatpur Pragya : Journal of Multidisciplinary Studies**
[A Peer-Reviewed, Open Access Journal]
ISSN : 2990-773X (Print); ISSN : 2990-7748 (Online)
Published by Bharatpur Academy, Chitwan, Nepal
https://www.bharatpurmun.gov.np

# A Study of Climate Change and Meteorological Analysis in Different Ecological Regions of Nepal

**Navaraj Pokharel**
Department of Environmental Science, Patan Multiple Campus, TU

***Article History :*** *Submitted 5th Dec., 2022; Reviewed 2nd Feb., 2022; Revised 1st March, 2023*

***Corresponding Author :*** *Navaraj Pokharel* ***E-mail :*** *navarajp@gmail.com*

**Abstract**

*Climate change is caused by the increase of greenhouse gas emissions and the associated vulnerability is affecting the whole earth system. The climatic vulnerability has three components; exposure, sensitivity and adaptive capacity. The vulnerability is expressed in term of an index, ranging from 0-1. The inclusion of Climate Risk and Vulnerability (CRV) could be used for the analysis of potential impacts of climate change. CRV is a tool to adapt the climate change impacts in the areas all aspects of environment. Since, it is identified that one of the main component which is severely affected by the climate change is the Water source and water induced extreme events. It is known that when sensitivity is higher, the vulnerability tends to be high unless the adaptive capacity neutralizes the effects; wealth and social factors play a great role in enhancing adaptive capacity. Because of the uneven nature of the climatic factors, the effect of vulnerability also tends to be uneven. Adaptive capacity is an adjustment to reduce the adverse effects of climate change and enhance the benefits of it. The natural system takes its own course, but human intervention such as mitigations measures supports the natural process of adaptation. Nepal's Contribution to Global GHG is minimum, however, the effect of climate change is severe such as increasing, landslide, GLOF, flood, and erosion; all affecting the life of the people. In spite of these, Nepal has not initiated any programs to address the issues, but upon the formulation of Climate Change Policy (2011), some actions were initiated to combat with Climate change hazards through the Ministry of Forest and Environment and related agencies of the government in collaboration with international agencies. Nepal has participated in the different series of COP and integrated provisions of UNFCCC in National Development Plan and in constitution of Nepal, and signed the provisions of UNFCCC in 1994 as a party to it, and prepared initial national communication in 2004 by which CDM implementation was made mandatory for cleaner Production:*

***Keywords:*** Words: Climate Risk, Vulnerability, Assessment NepalEtc

*Copyright 2023© the Author(s)*

# INTRODUCTION

## Concept of risk and vulnerability

Nepal has witnessed several major natural disasters in the last two centuries. A number of those highlighted are earthquakes, and climate induced disasters including the Koshi floods and the GLOF events in the higher Himalayas. Apart from these major disasters, Nepal also faces frequent landslides during monsoon season, thunder lightning, storms and regular seasonal flooding in terai areas. The combination of these multiple hazard events causes Nepal as a Vulnerable and risk posing country. In this context climate change causing risk and vulnerability is the topic of study.

The following parameters such as sensitivity, exposure, vulnerability, resilience, susceptibility, and adaptive capacity are important in relation to assessing vulnerability and for adaptation purposes and they are the determinants (IPCC 2001).

**Figure 1: Showing the Relationship of the Climate Change Threat, Vulnerability and Adaptation (IPCC 2001)**



## Table 1: Level the table with description

| Hazard/ Component | Base Line (Source and time line) | Basis / Quantified Justification | Vulnerability Ranking &Inference Where is this parts in values below | Impact on Water Supply System Correlated to Adaptation Measures |
|---|---|---|---|---|
| | | Climate Projections / Resource Availability | | |
| Change in Temperature (Increase) | Himal<br>$3^0$C-$10^0$C<br>Mountain$10^0$C-$20^0$C<br>Terai-<br>$20^0$C-$25^0$C | $0.05^0$C to $0.06^0$C per annum (DHM data, time?? source??) for whole data of Nepal | **Low to Medium**<br>Projected rate of increase in temperature. Increasing trend over mid-century. Sub-project area falls whole Nepal | • Increased evaporation losses at abstraction point, during storage and distribution<br>• Deterioration of water quality and increased treatment requirement (biological activity)<br>• Reduced efficiency of Mech. & Elect. equipment (operating temperature range exceeded)<br>• Increased energy charges. Net higher cost of production |
| Projected Precipitation Change (Decrease) | Himal :Snow/150mm-200mm<br><br>Mountain: 275mm-2300mm<br><br>Terai: 1100mm-3000mm | Baseline (1961-90) to Mid Century (2021-2050)<br><br>Annual Avg.: -5 to 10% range in summer<br><br>Monsoon: -10 to 20% range in Rainy season | **Medium**<br><br>Nominal increase in rainfall over the year projected with higher spatial variation. Decrease in rainfall is projected as very minimal for sub-project region. | • Variation in source availability necessitating demand-side management<br>• Need for additional source diversification & maintenance for tide-over supply during shortfall<br>• Increased energy charges (higher drawdown) during conditions of lowered precipitation & lean flow.<br>• Deterioration of water quality and increased treatment requirement<br>• Increased terminal storage (by beneficiaries) resulting in increased wastage |
| Drought | | Drought Risk in sub-project districts projected for mid-century (2021-2050)<br><br>Monsoon season: Nil<br><br>Summer season: 0 to 10% | **Low to Medium**<br>For all the sub project area | • Precipitation decrease coupled with drought can increase salinity intrusion in surface water<br>• Periodic monitoring required to observe change in water quality (salinity or other contaminants)<br>• Need for additional source in areas with lowered availability of surface water. |

| Hazard/ Component | Base Line (Source and time line) | Basis / Quantified Justification | | Vulnerability Ranking &Inference Where is this parts in values below | Impact on Water Supply System Correlated to Adaptation Measures |
|---|---|---|---|---|---|
| | | Climate Projections / Resource Availability | | | |
| Floods/ Extreme rainfall events | Historical incidents of flooding in low-lying areas for plain area sub projects | Floods occurring in three project sides area higher there are the annual floods as per the local consultations | **Low to Medium** Low-lying areas near coast and adjoining rivers are at higher risk than inland significantly elevated areas | • Increased turbidity in river intake systems requiring higher pre-treatment / settling rates<br>• Inundation of infrastructure and treatment facilities during storm events - loss of power/ disruption in treatment & service delivery<br>• Additional costs of repairs and replacements | |
| Earthquakes and induced landslides | Last 2015 Earthquake in Nepal and 1991 Earthquake (Earthquake prone area) | | **Medium to high** Medium risk in coastal areas (Z-III). | • Detailed design for infrastructure in coastal areas to consider incorporating Zone III Earthquake Resistant Structures' code provisions into elevated structures (WTP tanks, OHTs) and foundation of large structures (GLR/ CWR). | |

*Source: ADB, Nepal Climate Change Data sheet, 2016*

## OBJECTIVE/S OF THE STUDY:

The CRVA will assess the potential climate induced risks for the development attention of the Urban Water Sector and Sanitation Project in Nepal and aims to fulfill the following:

(i) Collateorganize, and review available baseline biophysical, environmental, demographic, socioeconomic, and policy data and information relevant to climate risk management within the context of the various ecological zone of Nepal;

(ii) Review existing studies, data, and information on current and projected climate change and disaster risks and vulnerability in the various ecological zone of Nepal;

(iii) Develop detailed scenarios of climate change variables as required for future time horizons pertinent to the project, including documentation of scenario method, data sources, uncertainties, and caveats;

(iv) Identify and discuss the implications of projected climate change impacts and associated uncertainties

## METHODOLOGY, SCOPE AND LIMITATIONS

### Vulnerability

Climate risk and vulnerability assessment is a cumulative assessment of different climatic and non climatic parameters from and around the particular project. For the quantitative assessment of these heterogeneous parameters were indexed.

### Risk Assessment

Risk is the potential of losing or gaining something that has value (lives, livelihoods, infrastructure, health status, economic, social and cultural assets, different services etc.). The assessment of risk can be done in various ways, i.e. quantitatively, qualitatively or using both methods.

### Methodological assumptions

The CRVA assessment study has following methodological assumptions during evaluating risk and vulnerabilities of the different subprojects.

- The data analysis in different Study Area has assumed homogenous ecological, socio economic and demographic distribution within particular reference to VDCs.
- The different secondary data were taken from CBS report 2011 and IEES for only four areas which are assumed to be most recent updates.
- The indicators and parameters of assessment were set, here after experts' consultation as individual interview and also on the basis of the available data, therefore it is assumed the parameters and indicators represent all sectors of climate change science and assessment.
- The historical timeline information were not recorded. The whole project is broadly categorized on Hilly and Terai(Plain) area and this assumption is main assumption to be categorized as an ecological division. Based on these two divisions climatic risk and adaptational measures are categorized.
- The vulnerability assessment method is more specific to community; however it was supposed to be equally applicable to urban water supply source and sanitation projects.

### Limitations

- The study has been done within a very short time period; the most of data are used from secondary source from Department of Hydrology and Mteorology.
- Based on the ecological region only four locations representating the ecological zones have been taken as a sample.

## CLIMATE CHANGE IMPACTS ON THE VARIOUS ECOLOGICAL REGIONS

- ढकाल आई.पी., (२०७५), कृषि तथा वन विज्ञान विश्व विद्यालयको अवस्था, *स्मारिका,* चितवन महोत्सव ।
- *नेपालको संविधान,* (२०७२) ।
- पौडेल, लोकनाथ, (२०६३), चितवन जिल्लाको शैक्षिक इतिहास, *शैक्षिक दर्पण,* जिल्ला शिक्षा समिति, चितवन ।
- *प्रदेशको वस्तुस्थिति विवरण,* (२०७५), प्रदेश नीति तथा योजना आयोग, बागमती प्रदेश ।
- *प्रारम्भिक पार्शृव चित्र, (*२०७५), सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश ।
- बराल, राजकुमार, (२०७९), *शिक्षा विमर्श भाग १-३*, शिक्षा विमर्श प्रा.लि., ललितपुर ।
- *राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन, (*२०७५) ।
- शर्मा, पिताम्बर, (२०२०), *मानव विकास प्रतिवेदन* ।
- *शैक्षिक सूचना,* (२०७८), शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय ।
- सापकोटा, कृष्णलाल, (२०६३), *चितवन हिजो र आज,* सुशासन तथा विकास प्रतिष्ठान लाजिम्पाट, काठमाडौं ।
- सापकोटा, रमाकान्त, (२०७५), *शिक्षाका आयाम,* हाम्रो सिर्जना भरतपुर, चितवन ।
- सापकोटा, रमाकान्त, (२०७८), चितवनको सामाजिक विकास, *चितवन दर्पण,* जिल्ला समन्वय समिति, चितवन ।
- सापकोटा, रमाकान्त र अन्य, (२०७०), *शैक्षिक अवस्था अध्ययन कार्यदलको प्रतिवेदन,* जिल्ला शिक्षा समिति, चितवन
- https://saptahik.com.np//archives/2019/03/22/20190322131818


**अनुसूची १**

**शिक्षा सम्बन्धी संवैधानिक प्रावधान**

नेपालको संविधान २०७२ को भाग ३ मा राखिएका मौलिक हकअन्तर्गत धारा ३१ मा शिक्षासम्बन्धी निम्न हकहरू उल्लेख गरिएका छन्:-

(१) प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ ।

(२) प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ।

(३) अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुनबमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुनेछ।

(४) दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाईसम्बन्धी अपाङ्गता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानुनबमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ।

(५) नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ।

त्यस्तै गरी धारा ३८ मा रहेको महिलाको हकअन्तर्गत उपधारा (५) मा भनिएको छः

“महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ।”

धारा ३९ मा बालबालिकाको हकमा उपधारा (२) र (३) मा यस्तो भनिएको छः

(२) प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हक हुनेछ।

(३) प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक हुनेछ।

धारा ४० मा दलितको हकअन्तर्गत उपधारा (२) मा भनिएको छः “दलित विद्यार्थीलाई प्राथमिकदेखि उच्च शिक्षासम्म कानुनबमोजिम छात्रवृत्ति सहित निःशुल्क शिक्षाको व्यवस्था गरिनेछ। प्राविधिक र व्यावसायिक उच्च शिक्षामा दलितका लागि कानुनबमोजिम विशेष व्यवस्था गरिनेछ।”

धारा ४२ मा मौलिक हककै रूपमा सामाजिक न्यायको हक उल्लेख छ। उपधारा (२) र (५) मा यसो भनिएको छः

“(२) आर्थिक रूपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ पाउने हक हुनेछ।

(५) नेपालमा अग्रगामी लोकतान्त्रिक परिवर्तनको लागि भएका सबै जनआन्दोलन, सशस्त्र संघर्ष र क्रान्तिका क्रममा जीवन उत्सर्ग गर्ने शहीदका परिवार, वेपत्ता पारिएका व्यक्तिका परिवार, लोकतन्त्रका योद्धा, द्वन्द्वपीडित र विस्थापित, अपांगता भएका व्यक्ति, घाइते तथा पीडितलाई न्याय एवम् उचित सम्मान सहित शिक्षा, स्वास्थ्य, रोजगारी, आवास र सामाजिक सुरक्षामा कानुनबमोजिम प्राथमिकताका साथ अवसर पाउने हक हुनेछ। धारा ४४ मा उपभोक्ताले गुणस्तरीय वस्तु वा सेवा प्राप्त गर्ने हक उल्लेख गरेको छ र गुणस्तरहीन वस्तु वा सेवाबाट क्षति पुगेको भए कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुने पनि उल्लेख छ।

यी त भए मौलिक हकको रूपमा शिक्षासम्बन्धी गरिएका व्यवस्थाहरू। शिक्षालाई यस संविधानले राज्यका नीतिहरूमा पनि समेट्ने प्रयास गरेको देखिन्छ जो यस प्रकार छन् ः-

धारा ५१ च को विकाससम्बन्धी नीतिको उपधारा (४) मा भनिएको छः

(४)वैज्ञानिक अध्ययन अनुसन्धान एवम् विज्ञान र प्रविधिको अविष्कार, उन्नयन र विकासमा लगानी अभिवृद्धि गर्ने तथा वैज्ञानिक, प्राविधिक, वौद्धिक र विशिष्ट प्रतिभाहरूको संरक्षण गर्ने,

त्यस्तै ५१(ज) को नागरिकका आधारभूत आवश्यकतासम्बन्धी नीतिको उपधारा १,२,३ र ४ मा यी कुराहरू उल्लेख गरिएका छन् ः

(१) शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारमूलक एवम् जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी,

नैतिक एवम् राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने,

(२) शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै शिक्षामा भएको निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने,

(३) उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँचयोग्य बनाई क्रमशः निःशुल्क बनाउँदै लैजाने

संविधानका अनुसूचीमा पनि संघ, प्रदेश र स्थानीय तहको शिक्षासम्बन्धी अधिकारलाई यसप्रकार उल्लेख गरिएको छः-

संविधानको अनुसूची ५ संघको अधिकारः केन्द्रीय विश्वविद्यालय, केन्द्रीय स्तरका प्रज्ञा प्रतिष्ठान, विश्वविद्यालय मापदण्ड र नियमन, केन्द्रीय पुस्तकालय।

संविधानको अनुसूची ६ प्रदेशको अधिकारः प्रदेश विश्वविद्यालय, उच्च शिक्षा, पुस्तकालय, सङ्ग्रहालय।

संविधानको अनुसूची ७ संघ र प्रदेशको साझा अधिकारः वैज्ञानिक अनुसन्धान, विज्ञान प्रविधि र मानव संशाधन

संविधानको अनुसूची ८ स्थानीय तहको अधिकारः आधारभूत र माध्यमिक शिक्षा।

संविधानको अनुसूची ९ संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारः शिक्षा, खेलकुद र पत्रपत्रिका।

संविधानको धारा ५८ ले कतै पनि न तोकिएको अधिकार संघको हुनेछ भनी उल्लेख छ।

**अनुसूची २**

दीगो विकास लक्ष ४ नेपाल राष्ट्रिय ढाचा (२०७८-८७) मा उल्लेख भएको "समावेशी र समतामूलक गुणस्तरीय शिक्षाको सुनिस्चितता तथा सबैको लागि जीवनपर्यन्त शिक्षाको प्रवर्द्धन गर्ने" अन्तर्गत नेपाल राष्ट्रिय ढाँचा, सूचक र १२ वर्षे कार्यक्रम सहित निम्नानुसार परिमाणात्मक लक्षहरू निर्धारण गरिएको छ :-

१) सन् २०८७ सालसम्म सबै छात्रछात्राहरूलाई सान्दर्भिक साथै सिकाइका सकारात्मक परिणामहरू प्राप्त हुन सकुन भन्ने उद्देश्यले निशुल्क, न्यायोचित तथा गुणात्मक प्राथमिक तथा माध्यमिक शिक्षाको सुनिस्चितता गर्ने

२) सबै छात्र छात्राहरूलाई प्राथमिक शिक्षाको लागि तयार पार्न गुणस्तरीय प्रारम्भिक बालविकास हेरचाह र पूर्वप्राथमिक शिक्षामा उनीहरूको पहुँच सुनिस्चित गर्ने

३) क्षमताले धान्न सकिने तथा गुणस्तरीय प्राविधिक व्यावसायिक र विश्वविद्यालयसम्मकै शिक्षामा सबै महिला र पुरुषको समान पहुँचको सुनिश्चितता गर्ने

४) रोजगारी, मर्यादित जागिर र उद्यमशीलताको निम्ति प्राविधिक एवं व्यावसायिक तालिमका सबै तहहरूमा समान पहुँचको सुनिस्चितता गर्ने। सान्दर्भिक सीप, दक्षता, भएका युवा र बयस्कहरूको संख्या वृद्धि गर्ने

५) शिक्षामा लैङ्गिक असमानताहरूको अन्त्य गर्दै कमजोर अवस्थामा रहेका मानिसहरूको लागि शिक्षा र व्यावसायिक तालिमका सबै तहहरूमा समान पहुँचको सुनिश्चितता गर्ने

**अनुसूची ३**

**शिक्षाको राष्ट्रिय परिदृश्य**

तालिका : वर्तमानका केही राष्ट्रिय शैक्षिक परिदृश्य तथा सूचकहरू २०७८ :-

| तह | जम्मा विद्यालय | सामुदायिक | संस्थागत | धार्मिक | शिक्षक | विद्यार्थी |
|---|---|---|---|---|---|---|
| बालविकास केन्द्र/पूर्व प्रावि | ३६५३१ | ३०७१८ | ५८१३ | | | |
| आधारभूत १-५ | ३४१३८ | २६३३५ | ६६८४ | ९३७ | १६१७९३ | ३५४८६३६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| आधारभूत ६-८ | १८२२८ | ११६५२ | ५३८८ | १३३ | ५७३६० | १७७७३४४ |
| आधारभूत १-८ | ३४३०६ | २६४२९ | ६७२४ | ११०० | - | ५३२५९८० |
| माध्यमिक ९-१० | १०९०२ | ६८६२ | ३९८५ | ४३ | ४९५७१ | १०७९३६३ |
| माध्यमिक ११-१२ | ४३१० | ३४१२ | ८७७ | २१ | १२०४१ | ६८७६१६ |
| माध्यमिक ९-१२ | १०९६२ | ६८८५ | ४०२० | ५४ | | १७६६९७९ |
| जम्मा एकाई | ३४३६८ | २७८१३ | ६७३२ | ११५४ | २८०७६५ | ७०९२९५९ |
| प्रतिशत/अनुपात | | ७८ | १९ | ३ | | |

- स्रोतः शिक्षा तथा मानव स्रोत विकास केन्द्र २०७८/बजेट वक्तव्य
- विद्यार्थी संख्याको अनुपात आधारभूत (१-८) र माध्यमिक तह (९-१२) मा ७५.०९ र २४.९१ प्रतिशत रहेको छ।
- २०७७ मा भन्दा २०७८ मा १ हजार ३०६ विद्यालय घटेको देखिन्छ। विद्यालय वन्द तथा समायोजनको कारण संख्या घटेको हो।
- शैक्षिकसत्र २०७७ मा ३०२०२ सामुदायिकमा र ६५१० संस्थागत गरी जम्मा ३६७१२ पूर्व प्राथमिक कक्षाहरू संचालनमा छन्। हरेक कक्षामा एक जना शिक्षिकाको हिसावले पनि न्यूनतम पनि यतिनै संख्यामा पूर्व प्राथमिक शिक्षिका कार्यरत छन्।

**तालिका : केही महत्वपूर्ण राष्ट्रिय तहका शैक्षिक सूचकहरू**

| क्र.सं. | उपक्षेत्रगत कार्यक्रम/सूचकहरू | इकाई | २०७७/७८ को यथार्थ | २०७८/७९ को अनुमान |
|---|---|---|---|---|
| १ | पूर्व प्रा.वि. कुल भर्ना दर | प्रतिशत | ८८.५ | ८९.६ |
| २ | कक्षा १ मा बालविकासको अनुभव सहित भर्ना हुन आउने | प्रतिशत | ७४.९ | ७८.४ |
| ३ | १-५ खुद भर्ना दर | प्रतिशत | ९६.९ | ९९ |
| ४ | १-८ मा खुद भर्ना दर | प्रतिशत | ९५.१ | ९५.५ |
| ५ | ९-१२ मा खुद भर्ना दर | प्रतिशत | ५४.३ | ५५.८ |
| ६ | ८ सम्म टिकाउ दर | प्रतिशत | ८३.५ | ८४.९ |
| | १-८ पूरा गर्न दर | | ७६.२ | ७८.२ |
| ७ | १-१२ टिकाउ दर | प्रतिशत | ३३.१ | ३४.८ |
| ८ | साक्षरता दर ६ वर्ष माथि | प्रतिशत | ७८ | ८० |
| ९ | साक्षरता दर १५-२४ वर्ष उमेर समूह | प्रतिशत | ८८.६ | ८९.७ |
| | साक्षरता घोषित भएका जिल्ला | | ५६ | |

| | | | | |
|---|---|---|---|---|
| | कम्प्युटर सुविधा पुगेका विद्यालय संख्या १३,५५९ जसमध्ये ८७७६ मा ICT Use भएका | | ५१.३ | |
| १० | इन्टरनेट पुगेका सामुदायिक विद्यालय | प्रतिशत | ४० | ५५ |
| ११ | वाश सुविधा सहितका शौचालय भएका विद्यालय | प्रतिशत | ६५ | ७२ |
| | पढ्दै कमाउदै कार्यक्रममा संलग्न प्राविधिक विद्यालय/विद्यार्थी संख्या | | ११८/३०६८ | |
| १२ | गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्राप्त क्याम्पस | संख्या | ४९ | ९० |

स्रोत : आर्थिक वर्ष २०७८/७९ को बजेट अनुसूची-१४

**संघीय बजेटमा प्रस्तावित  केही नयाँ योजनाहरू**

- पढ्दै कमाउँदै कार्यक्रमलाई निरन्तरता दिने/स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीलाई स्थानीय तहको योजना निर्माण र ग्रामिण विकासमा योगदान गर्नेगरी न्यूनतम ९० दिन स्वयंसेवामा लगाउन सम्वन्धित विश्वविद्यालयले आवश्यक व्यवस्था मिलाउने
- सिकाइको स्तर वृद्धि ,शिक्षकको सीप विकास र मर्यादा अभिवृद्धि, विद्यालय व्यवस्थापन समिति तथा अभिभावकलाई जीवन उपयोगी सिकाइ अभिवृद्धि संग जोड्न नीति नियम योजना र स्रोत व्यवस्थापन गरिने छ।

**शिक्षाको  संङ्छिप्त प्रादेशिक  परिदृश्य-बागमती प्रदेश** (प्रदेश)

समुद्र सतह देखि १४१ मिटरमा रहेको चितवनको गोलाघाट देखि ७२२९ मिटर उचाइमा रहेको रसुवाको लांङ्टाङ् हिमाल सम्मको भूभागमा १३ जिल्ला, ७४ गा.प., ४५ न.पा. र ११२१ वडा रहेको बागमती प्रदेश शैक्षिक परिदृश्य यस्तो छ :-

**तालिका : बागमती प्रदेशका विद्यालयहरू र विद्यार्थीहरू**

| कक्षा/तह | सामुदायिक विद्यालय (२०७४) | संस्थागत विद्यालय (२०७४) | सामुदायिकमा विद्यार्थी (२०७७) | संस्थागतमा विद्यार्थी (२०७७) |
|---|---|---|---|---|
| पूर्व प्राथमिक विद्यालय | ५०३० | १९१४ | | |
| १-५ | ५२३४ | २००६ | ३२०७७७ | ३११६१६ |
| ६-८ | २२३५ | १६४९ | १९८१२१ | १५८६४४ |
| ९-१० | १३५५ | १३७२ | १२३८९८ | १६२०३ |
| ११-१२ | ५६५ | ४१३ | ७७२८९ | ११६७७५ |
| १-१२ | | | ७२००८५ | ६८३२३८ |

स्रोत : प्रदेशको बस्तुस्थिति विवरण २०७५ तथा शैक्षिक सूचना २०७७

बागमती प्रदेशमा मानवस्रोत विकास केन्द्रबाट स्वीकृत प्राविधिक तथा व्यावसायिक विद्यालय ८०, सिटिइभिटी बाट सम्वन्धन प्राप्त ति.एस.एल.सी. १३६ र डिप्लोमा तहका १७९ संस्थामा प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम संचालित छन् । यो प्रदेशमा खुला विश्वविद्यालय एक सहित ७ वटा विश्वविद्यालय, ६१८ क्याम्पस, स्वास्थ्य संकायमा मानित विश्वविद्यालय २ रहेका छन् ।

**भरतपुरको शिक्षानीति र ऐनमा संविधानको अभ्यास**

भरतपुर महानगरको संक्षिप्त शैक्षिक परिदृश्य पछिल्लो तथ्यांकअनुसार भरतपुरमहानगरमा सामुदायिक १२३ र संस्थागत ९७ गरी २२० विद्यालयमा ३२२७ शिक्षकले करिब ९० हजार विद्यार्थीलाई पढाइरहेको पाइन्छ। सामुदायिक २०० र संस्थागत ९७ गरी २९२ बालविकास केन्द्र छन्। शिक्षक विद्यार्थी अनुपात आधारभूत तहमा २१.६६ र माध्यमिक तहमा ३३ .५५ तथा सिकाइ उपलब्धी ५० को वरिपरि छ शिक्षा मन्त्रालयको स्वीकृतिमा २ वटा र सिटिइभिटीको सम्बन्धनमा ८ वटामा प्राविधिक विषय पढाइ भएको छ तर प्राविधिक विषय पढ्ने विद्यर्थी संख्या न्यून छ। कक्षा ११, १२ मा विज्ञान पढाइ हुने सामुदायिक विद्यालयको सङ्ख्या महानगरभित्र ४ वटा मात्रै छ। २० प्रतिशत जति विद्यार्थीले मात्रै कक्षा ११ ,१२ मा विज्ञान पढ्ने गर्दछन्। दृष्टिविहीन, बहिरा, बौद्धिक अपांगता, अटिजमसमेत गरी ६ वटा विशेष विद्यालय छन्। संघीय सरकारको निर्णयअनुसार नारायणी मा.वि.र दुर्गा शेषकान्त मा.वि.नमुना विद्यालयका रूपमा सञ्चालित छन्। यस तथ्याङ्कले दिएको संदेश हो कि महानगरमा पहुँचको भन्दा गुणस्तरमा ध्यान केन्द्रित गर्नु छ।

**भरतपुर महानगर शैक्षिक परिदृश्य**

यस महानगपालिकामा विद्यालय, विद्यार्थी, विद्यार्थी भर्नादर, विद्यालय छाड्ने दर, विद्यालय विद्यार्थी अनुपात, विद्यार्थी शिक्षक अनुपात, लैङ्गिक समता सूचाङ्क र प्राविधिक शिक्षा र उच्च शिक्षाको विद्यमान अवस्था निम्नानुसार उल्लेख गरिएको छ :

**तालिका : शैक्षिक कार्यक्रम एवम् शिक्षण संस्था**

| कक्षा | संख्या |
|---|---|
| प्रारम्भिक बाल कक्षा | २९७ |
| आधारभूत विद्यालय कक्षा १-३ | १२ |
| आधारभूत विद्यालय कक्षा १-५ | ४६ |
| आधारभूत विद्यालय १-८ | ३२ |
| माध्यमिक विद्यालय १-१० | ७५ |
| माध्यमिक विद्यालय १-१२ | ५५ |
| गुरुकुल, गुम्बा र मदरसा (कक्षा १-५) | |
| खुला विद्यालय कक्षा (९-१०) | १ |
| प्राविधिकधार सञ्चालित माध्यमिक विद्यालय | २ |
| नमूना विद्यालय सूचीकृत माध्यमिक विद्यालय | २ |
| विशेष विद्यालय | ३ |

| | |
|---|---|
| बहुप्राविधिक शिक्षालय | |
| क्याम्पस एवम् कलेज | २७ |
| विश्व विद्यालय | १ |

स्रोत : EMIS, २०७७

**वडा अनुसार विद्यालयको विवरण २०७७**

| वडा नं. | सामुदायिक | | | संस्थागत | | | सामुदायिक र संस्थागत जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | आधारभूत | माध्यमिक | जम्मा | आधारभूत | माध्यमिक | जम्मा | आधारभूत | माध्यमिक | जम्मा |
| १ | २ | ३ | ५ | २ | १ | ३ | ४ | ४ | ८ |
| २ | ० | २ | २ | २ | ६ | ८ | २ | ८ | १० |
| ३ | ० | १ | १ | ० | ५ | ५ | ० | ६ | ६ |
| ४ | २ | २ | ४ | ० | ७ | ७ | २ | ९ | ११ |
| ५ | १ | २ | ३ | ० | ३ | ३ | १ | ५ | ६ |
| ६ | २ | ३ | ५ | ० | ३ | ३ | २ | ६ | ८ |
| ७ | ० | २ | २ | ० | १ | १ | ० | ३ | ३ |
| ८ | ० | २ | २ | ० | ४ | ४ | ० | ६ | ६ |
| ९ | ० | ० | ० | ० | ४ | ४ | ० | ४ | ४ |
| १० | २ | ३ | ५ | २ | ५ | ७ | ४ | ८ | १२ |
| ११ | ५ | २ | ७ | २ | ५ | ७ | ७ | ७ | १४ |
| १२ | ० | १ | १ | ० | ४ | ४ | ० | ५ | ५ |
| १३ | २ | २ | ४ | २ | ० | २ | ४ | २ | ६ |
| १४ | ३ | १ | ४ | २ | २ | ४ | ५ | ३ | ८ |
| १५ | ४ | ३ | ७ | ० | २ | २ | ४ | ५ | ९ |
| १६ | ४ | २ | ६ | २ | २ | ४ | ६ | ४ | १० |
| १७ | १ | ० | १ | १ | २ | ३ | २ | २ | ४ |
| १८ | १ | २ | ३ | १ | ५ | ६ | २ | ७ | ९ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १९ | १ | २ | ३ | ० | २ | २ | १ | ४ | ५ |
| २० | ३ | १ | ४ | ० | २ | २ | ३ | ३ | ६ |
| २१ | ५ | २ | ७ | ० | २ | २ | ५ | ४ | ९ |
| २२ | २ | १ | ३ | १ | २ | ३ | ३ | ३ | ६ |
| २३ | ३ | २ | ५ | ० | २ | २ | ३ | ४ | ७ |
| २४ | २ | १ | ३ | ० | ० | ० | २ | १ | ३ |
| २५ | २ | ३ | ५ | ० | २ | २ | २ | ५ | ७ |
| २६ | ७ | २ | ९ | ० | १ | १ | ७ | ३ | १० |
| २७ | २ | १ | ३ | १ | ३ | ४ | ३ | ४ | ७ |
| २८ | ३ | २ | ५ | ० | १ | १ | ३ | ३ | ६ |
| २९ | १३ | १ | १४ | १ | ० | १ | १४ | १ | १५ |
| जम्मा | ७२ | ५१ | १२३ | १९ | ७८ | ९७ | ९१ | १२९ | २२० |

**कक्षागत विद्यार्थी विवरण**

| कक्षा | छात्रा | छात्र | जम्मा | दलित |
|---|---|---|---|---|
| प्रारम्भिक वाल विकास | ५४०३ | ६५६९ | ११९७२ | १८८६ |
| १ | ३१४५ | ४०५१ | ७१९६ | ११३५ |
| २ | ३०५६ | ३९१३ | ६९६९ | ९८५ |
| ३ | ३२४४ | ४०८६ | ७३२७ | ९७५ |
| ४ | ३३८४ | ३९६८ | ७३५२ | १०८९ |
| ५ | ३२६८ | ३६५२ | ६९२० | ९२६ |
| ७ | ३३९५ | ३८०२ | ७१९७ | ९४१ |
| ८ | ३३३१ | ३६५० | ६९८१ | ७९६ |
| कक्षा १-८ जम्मा | २६०३१ | ३०९७२ | ५७००३ | ७७७० |
| ९ | ३४९२ | ३८९८ | ७३९० | ८८५ |
| १० | ३२७७ | ३३९३ | ६६७० | ७३७ |
| ११ | १७९० | १६०४ | ३३८४ | ४५७ |

| | | | | |
|---|---|---|---|---|
| १२ | ११५४ | १००३ | २१५७ | ३५६ |
| कक्षा ९-१२ जम्मा | १७१३ | ९८९८ | १९६११ | २४३५ |

**सामुदायिक विद्यालयको शिक्षक दरबन्दी विवरण**

| आधरभूत विद्यालय १-५ | | उच्च आधारभूत विद्यालय ६-८ | | माध्यमिक विद्यालय ९-१० | | उच्च माध्यमिक विद्यालय ११-१२ | |
|---|---|---|---|---|---|---|---|
| राहत | दरबन्दी | राहत | दरबन्दी | राहत | दरबन्दी | राहत | दरबन्दी |
| ६० | ६७९ | ४७ | २२३ | ४६ | १७६ | ३५ | २४ |

स्रोत : EMIS Report २०७७

**Bharatpur Pragya : Journal of Multidisciplinary Studies**
[A Peer-Reviewed, Open Access Journal]
ISSN : 2990-773X (Print); ISSN : 2990-7748 (Online)
Published by Bharatpur Academy, Chitwan, Nepal
https://www.bharatpurmun.gov.np

# भरतपुर महानगरपालिकाको प्रशासनिक संरचनाको ऐतिहासिक अध्ययन

**राजेन्द्रप्रसाद रेग्मी** (**विद्यावारिधि**)
Department of History, Birendra Multiple Campus, TU

***Article History :*** *Submitted 5th Dec., 2022; Reviewed 2nd Feb., 2022; Revised 1st March, 2023*

***Corresponding Author :*** *Rajendra Prasad Regmi,* ***E-mail :*** *regmiraja@gmail.com*

**सारसङ्क्षेप**

*वि.सं. २०१७ सालमा राजनीतिक व्यवस्थामा भएको परिवर्तनका साथसाथै नेपालको प्रशासनिक संरचना र स्वरूपमा पनि परिवर्तन भयो। यसैक्रममा २०१८ साल वैशाखमा १४ अञ्चल ७५ जिल्ला कायम हुने भन्ने घोषणा भयो। हरेक जिल्लालाई विभिन्न गाउँ/नगर पञ्चायतमा विभाजन गरी नामकरण गरियो। नवगठित गाउँ/नगर पञ्चायत, जिल्ला पञ्चायत, अञ्चल पञ्चायत र राष्ट्रिय पञ्चायतको निर्वाचनको व्यवस्था भयो। समय समयमा भएको राजनीतिक, भौगोलिक तथा जनसांख्यिक फेरबदलको अवस्थालाई ख्याल गरी समय समयमा स्थानीय स्वरूप र संरचनामा फेरबदल भयो। ती प्रशासनिक निकायहरूमा समय समयमा नयाँ नयाँ जनप्रतिनिधिहरू निर्वाचित तथा मनोनित भए। २०६२/६३को लोकतान्त्रिक आन्दोलन र २०७२ सालको नेपालको संविधान परिकल्पना गरेअनुसार नेपालका ६ महानगरपालिका ११ उपमहानगरपालिका, २७६ नगरपालिका र ४६० गाउँ पालिका गरी जम्मा ८३० स्थानीय निकायको गठन भयो। जसमध्येको हालको भरतपुर महानगरपालिकाले ओगटेको क्षेत्रस्थीत विभिन्न गाउँ/नगर पञ्चायत, गा.वि.स./नगरपालिकासहित हालको भरतपुर महानगरपालिकाको प्रशासनिक संरचना, स्वरूप र निर्वाचनको प्रस्ट चित्र उतार्न यो खोज–अध्ययनको प्रयास गरिएको हो। यस खोज–अध्ययनमा प्राथमिक तथा सहायक दुवै स्रोतहरूको प्रयोग गरिएको छ। प्राथमिक स्रोतहरूमा कार्यालयहरूमा रहेका अभिलेखहरू, सरकारी दस्तावेजहरू, समय समयमा प्रशासनिक दायित्वमा रहेका महानुभाव, विभिन्न तह र निकायमा निर्वाचित पदाधिकारीहरूसंगको भेटवार्ताहरू रहेका छन् भने सहायक स्रोतहरूमा विभिन्न समयमा प्रकाशित साहित्यिक प्रकाशनहरू, संबन्धित समयका पत्रपत्रिकाहरू प्रयोग गरिएको छ। प्रस्तुत खोज–अध्ययनमा भरतपुरमहानगरपालिकाको भौगोलिक अवस्थिति, ऐतिहासिकता र नामकरणको साथै भरतपुर गाउँपञ्चायत हुँदै भरतपुर नगरपालिका भरतपुर उपमहानगरपालिका र महानगरपालिकासम्मको पुनःसंरचना, वि.सं.२०१८ वि.सं.२०२३, वि.सं.२०२६, वि.सं.२०२९, वि.सं.२०३५. वि.सं.२०३९ वि.सं.२०४३/४४, वि.सं.२०४९ वि.सं.२०५४, २०६२/६३ को जनआन्दोलन, वि.सं.२०७३ पछिको स्थानीय निकाय पुनरसंरचनापछिको प्रशासनिक संरचना, स्वरूप तथा निर्वाचनबाट निर्वाचित जनप्रतिनिधिहरूको विवरण उल्लेख गरिनुका साथै भरतपुर महानगरपालिकाका निर्वाचित/मनोनित जनप्रतिनिधिहरूको सम्बन्धमा उल्लेख गरिएको छ। आवश्यकताअनुसार विभिन्न शीर्षक उपशीर्षकहरू राखेर प्रस्ट पार्ने प्रयास गरिएको छ। अध्ययनको दायरा सीमित रहेका कारण यसको विवेचनाको पाटो पुरै बाँकी रहेको छ।*

**शब्दकुञ्जी :** *भरतपुर, गाउँपञ्चायत, गाउँ विकास समिति, बहुदलीय शासन व्यवस्था, लोकतान्त्रिक आन्दोलन*

*Copyright 2023© the Author(s)*

## परिचय

नेपालका ६ महानगरपालिकाहरूमध्येको एक महानगरपालिका, नेपालको मध्यवर्ती भूभागस्थित चितवन जिल्लाको केन्द्रमा रहेको भरतपुर महानगरपालिका २०३५ सालमा नगरपञ्चायतका रूपमा स्तरोन्नति भएको थियो । २०४६ सालको सफलजनआन्दोलनपछिका बहुदलीय शासन व्यवस्थापछि नगरपालिकामा रूपान्तरण भएको र २०७२ सालमा उपमहानगरपालिका र २०७३मा महानगरपालिकामा स्तरोन्नति भएको थियो। नेपालको राजनीतिक आन्दोलनहरूमा प्रायः अग्रस्थानमा रहेर निर्णायक भूमिका देखाउँदै आएको यस महानगरपालिका बिस्तारै मेडिकल सिटी, शैक्षिक हब, कुखुरा पालन व्यवसाय, दुग्ध उत्पादन, माछा व्यवसाय, कृषि क्षेत्र आदि विविध क्षेत्रमा विकासले निकै गती समात्दै अघि बढिरहेको यस भरतपुर महानगरपालिका एक नमुना महानगरपालिकाका रूपमा अगाडि बढिरहेको छ।

आदिवासी, थारू, दराइ र कुमालहरूको बस्तीका रूपमा रहको यस इलाका २०१२ सालमा राप्ती उपत्यका विकास योजना प्रारम्भ भएपछि नेपालका विभिन्न भूभागहरूबाट विभिन्न जातजातिहरूको आगमनपछि विकसित हालको भरतपुर महानगरपालिका क्षेत्रमा नयाँ तथा मिश्रित समाज निर्माण भयो। नयाँ र मिश्रित समाजका कारण यो क्षेत्र एक चेतनशील समाजका रूपमा अगाडि बढ्दै आयो । परिणामतः अन्य जिल्लाहरूका तुलनामा यो चितवन जिल्ला त्यसमा यस महानगरपालिका क्षेत्र हर क्षेत्रमा अग्रस्थानमा रहँदै आयो। अतः यस महानगरपालिकाको प्रोफाइल तयार गर्ने सन्दर्भमा यस क्षेत्रको प्रशासनिक संरचना र जनप्रतिनिधिहरूको विवरणात्मक तथ्याङ्कसहितको यस महानगरपालिकाको सामान्य परिचय दिनु यस लेखको उद्देश्य रहेको छ।

## भौगोलिक अवस्थिति

वाग्मती प्रदेशको सुदूर पश्चिम-दक्षिणमा रहेको चितवन र चितवनको पश्चिम भागमा रहेको भरतपुर महानगरपालिकाको पूर्वमा रत्ननगर नगरपालिका, कालिका नगरपालिका र इच्छाकामना पश्चिममा चितवन राष्ट्रिय निकुञ्ज र नारायणी नदीले छुट्ट्याएको नवलपरासी जिल्ला उत्तरमा नारायणी नदीले छुट्टाएको नवलपरासी र तनहुँ जिल्ला र दक्षिणमा चितवन राष्ट्रिय निकुञ्ज रहेको छ। कुल क्षेत्रफल ४३२.९५ वर्ग कि.मि.मा फैलिएको यस महानगरपालिका २७$^{0}$ ३२' ५८" देखि २७$^{0}$ ४५' ४०" उत्तरी अक्षांश र ८४$^{0}$ ९' ४१ देखि ८४$^{0}$ २९' ५" पूर्वी देशान्तरमा अवस्थित रहेको छ। पूर्वउत्तरमा रहेको वडा नं. २९ कविलासपुर इलाका अधिकांश भूभाग पहाडी भूभागमा पर्दछ भने अन्य २८ वडाहरू समथर भूभागमा पर्दछ। यसको होचो भाग गोलाघाट सामुद्रिक सतहबाट १४० मिटरदेखि अग्लो भाग कविलासपुर गढी ११८४ मिटरसम्मको उचाइमा अवस्थित रहेको छ।

## ऐतिहासिकता र नामकरण

पौराणिक कालदेखि नै यस क्षेत्रमा रहेको देवघाट क्षेत्रले पौराणिक कालदेखि नै विशेष महत्त्व पाउँदै आएको भए पनि प्राचीन कालमा काठमाडौंबाट राजा मानदेवले गण्डकीपारिको भूभागमा आक्रमण गर्दा यहीँको कविलासपुर गढीको मार्ग प्रयोग गरेको भए पनि, अंशुवर्माले भारत र चीनबीचको व्यापारिक मार्गका रूपमा यहीँको बाटो प्रयोगमा ल्याएका भए पनि पाल्पाली राजाले यहीको कविलासपुरमा शीतकालीन मुकाम बनाउनुका साथै एक प्रशासकीय स्थानका रूपमा प्रयोगमा ल्याएको भए पनि भरतपुर शब्दको प्रयोग त्यति लामो समयदेखि प्रचलनमा रहेको देखिदैन। राणाकाल पूर्वका कार्यालयिक दस्तावेजहरूमा हालको चितवनको पहाडी भूभाग र माडी इलाकाबाहेकका क्षेत्रमा ४ वटा प्रगन्ना चितौन (हालको पूर्वी चितवन), वेलौद (हालको गीतानगर पटिहानी जगतपुर इलाका) संजौटकोट (नारायणगढ, भरतपुर, मंगलपुर कल्याणपुर र त्यस भन्दा पश्चिमको टाडी परेका भूभागहरू) गहिरवाड (मंगलपुरभन्दा पश्चिमतर्फ मेघौलीसम्मका गहिरो भूभाग जसलाई राणाकालमा कालाबञ्जार प्रगन्ना भन्ने गरिन्थो ) गरी ४ वटा प्रगन्ना रहेको, राणाकालमा चितवन माल इलाकाअन्तरगत

सोह्रहजार (चितवनको पहाडी भूभाग), चितौन (हालको पूर्वी चितवन क्षेत्र), टाँडी (भरतपुर र भरतपुरदेखि पश्चिममा रहेको नारायणपुर फूलवारी शिवनगर शुक्रनगरसम्मको टाँडी परेको भूभाग), वेलौद (गीतानगरदेखि पश्चिम दक्षिण हुँदै जगतपुर, ध्रुवसम्मको रापती नदीकिनारको भूभाग), कालाबन्जार (मंगलपुर, शारदानगर, दिव्यनगर मेघौलीसम्मको नारायणी नदीभन्दा दक्षिणमा रहेको गहिरो भाग) र माडी (माडी उपत्यका) गरी ६ वटा प्रगन्नामा विभाजित गरिएको (रेग्मी : २०७४, परिशिष्ट नं.३) र सोह्रहजार चितवनका मौजाहरू बाहेक चितवनका समथर भूभागहरूमा वि.सं. १९७९ को नापी लगतअनुसारको सरकारी श्रेस्तामा दर्ता भएका २३२ मौजाहरू (थापा : २०५०, १८४/८५) रहेको र ती २३२ मौजाहरूमा प्रस्ट रुपमा हालको भरतपुर केन्द्रलाई संकेत गरिने गरी कहीँ कतै पनि उल्लेख गरिएको देखिँदैन। (हुनत वि.सं.१९७९को नापी लगतमा मेघौली मौजालाई पुरानो भरतपुर भनी उल्लेख गरिएको पनि देखिन्छ तर त्यो भरतपुरले हाल संबोधन गरिने भरतपुरसँग कुनै सम्बन्ध रहेको देखिँदैन)।

वि.सं. २०१८ सालमा कायम गरिएको भरतपुर गाउँपञ्चायत इलाकाभित्र बसेनी, भोजाड, बसन्तपुर, गोन्द्राङ, नयाँ खैरहनी (बाबुराम पाण्डेका अनुसार नयाँ खैरनी मौजा भन्नाले हालको बालमन्दिर सिंचाइ रोड एयरपोर्ट रोड इलाका जहाँ पछिल्लो समय गुधे कुमालको मौजा रहेको भन्ने बुझिन्छ।) मौजाहरू उल्लेख भएको तर भरतपुर भन्ने मौजा वा बस्ती भने कहीँ कतै पनि उल्लेख भएको देखिदैन।

चितवन उपत्यकामा राप्ती उपत्यका विकास परियोजना लागु भएपछि सुरुमा हेटौंडामा रहेको यस परियोजनाका कार्यालयहरू २०१२ सालबाट यस स्थानमा रहेको निर्जन घना जंङ्गल फडानी गरी कार्यालयहरू स्थापना भएको, कार्यालय क्षेत्रका आसपासमा विस्तारै बस्तीहरू बस्दै गएको, पहिलो पटक यस बस्तीको नाम भरतपुर रहन गएको र सरकारी लिखतहरूमा पनि त्यसपछिमात्र भरतपुर शब्द प्रयुक्त हुन गएको देखिन्छ।

यसरी हेर्दा राप्ती उपत्यका विकास योजनाको कार्यालयहरू यहाँ स्थापना भएसँगै भरतपुर शब्दले यस क्षेत्रलाई इङ्गित गराउन सुरु भएको देखिन्छ। हुन पनि अझै पनि भरतपुर महानगरपालिकाको क्षेत्र साविक कविलास गा वि स.देखि पुरै पश्चिम चितवनमा फैलिएको भए पनि भरतपुर भन्नाले चितवनको सदरमुकाम रहेको राप्ती उपत्यका विकास योजनाका कार्यलयहरू रहेको र हाल भरतपुर महानगरपालिका वडा नं. १० को इलाका हो भन्ने सामान्य धारणा रहिरहेको देखिन्छ।

## स्थानीय निकायहरूको पुनःसंरचना

### क. वि.सं. २०१८ देखि २०७३ फागुनसम्मको प्रशासनिक संरचना

२०१७ सालको राजनीतिक परिवर्तनपछि नेपालमा नयाँ प्रशासनिक संरचना कायम गर्ने क्रममा २०१८ साल वैशाख १ गते राजा महेन्द्रले नेपाल अधिराज्यमा १४ अञ्चल र ७५ जिल्लामा विभाजन गरिने छ भनी घोषणा गरे। (देवकोटा, २०४० : २२१)। श्रावण ४ गते मन्त्री परिषद्को निर्णयबाट विश्वबन्धु थापाको अध्यक्षतामा सात सदस्यीय अञ्चल तथा जिल्ला विभाजन समिति गठन भयो। १४ अञ्चल ७५ जिल्ला विभाजनको नक्सा तयार पार्न प्रो. जगतबहादुर सिंह बुढाथोकीको संयोजकत्वमा एक उपसमिति गठन भयो। (देवकोटा, २०४०: २२१) २०१८ २०१८ साल माघ ११ गते गाउँपञ्चायत ऐन घोषणा भयो। (नेपाल ऐन संग्रह, २०३१ : ६) जसअनुसार कानुनले तोकेको गाउँ/नगर वा मौजा वा गाउँ/नगर वा मौजाहरूको समूहलाई गाउँ/नगर सभा र गाउँ/नगर सभाले निर्वाचन गरेको कार्यकारिणी समितिलाई गाउँ/नगर पञ्चायत भनिने व्यवस्था रहेको थियो। (नेपाल ऐन संग्रह, २०३१:१०–१४) जुन एकाइ पञ्चायती व्यवस्थाको तल्लो स्थानीय निकायका रुपमा रहेको थियो। वि.सं. २०१८ माघ १२ गते गाउँपञ्चायत (निर्वाचनसम्बन्धी नियमहरू), २०१८ गजेटमा प्रकाशित भयो। (देवकोटा, २०४०:१०२९) स्मरण रहोस् यसभन्दा अगाडि नै विभिन्न जिल्लाहरूमा गाउँपञ्चायत गाउँ सभा निर्वाचन निर्देशिका सर्कुलर भैसकेको र सो निर्दोशिकाअनुसार निर्वाचन कार्यक्रम २०१८ माघ ८ गतेबाट हुने भन्ने कुरा

उल्लेख भइसकेको देखिन्छ। (गाउँ सभा गठन र गाउँपञ्चायत निर्देशिका २०१८)

उपरोक्त व्यवस्थाअनुसार तत्कालीन चितवनका २२ गाउँपञ्चायतमध्ये भरतपुर एक गाउँपञ्चायत कायम भयो। तत्कालीन निर्वाचन डोरको पत्रमा उल्लेख भएअनुसार पूर्वमा बरण्डाभार जङ्गल, पश्चिममा नारायणी नदी, उत्तरमा रामनगरसमेत र दक्षिणमा पारसनगर क्षेत्रभित्रका नारायणगढ, आँपटारी, ढिमुरा, रामनगर, क्षेत्रपुर, भोजाड बसेनी, नौरङे, बसन्तपुर, भरतपुर, गोद्राङ, कठसिरी गौरीगन्ज, बरुवा, सलेनी, लंकु धुरपानी बस्तीहरू र सो बस्तीभित्र बसोबास गर्दै आइरहेका ५००० जनसंख्या भएको  क्षेत्रलाई भरतपुर गाउँ सभा इलाका कायम गरियो।

२०२३ सालमा चितवनको गाउँपञ्चायतको संरचना संख्यामा परिवर्तन भयो। भरतपुर गाउँपञ्चायतलाई भरतपुर र नारायणगढ गाउँपञ्चायत गरी दुई गाउँपञ्चायत कायम भए। भरतपुर गाउँपञ्चायत कार्यालय हालको भरतपुर वडा नं. १०को वडा कार्यालय रहेको स्थानमा रहेको थियो भने वि.सं. २०३५मा भरतपुर नगर पञ्चायत घोषणा नहँदासम्म चितवनमा भरतपुर र नारायणगढ अलग अलग गाउँपञ्चायत कायम रहिरहे।  पछिगएर मात्र यी दुवै गाउँपञ्चायत र कल्याणपुर गाउँपञ्चायतका केही इलाकाहरू समेटेर भरतपुर नगर पञ्चायत कायम गरिएको घोषणा भयो।  (विस्तृत जानकारीका लागि रेग्मीः २०७८, १०६–३७० हेर्नुहुन)

वि.सं. २०३५ मा चितवन जिल्ला गाउँ तथा नगर पञ्चायत वडा विभाजन टोलीको मिति २०३५ माघ ६ गतेको निर्णय अनुसार भरतपुर गाउँपञ्चायत, नारायणगढ गाउँपञ्चायत र साबिक कल्याणपुरको सानो यज्ञपुरी ठुलो यज्ञपुरी, कचपचे, कृष्णपुर र प्रेमबस्ती (अन्य गाँउ पञ्चायतमा समावेश भएको बाहेक) समेत गरी १२ वडा रहने गरी भरतपुर नगर पञ्चायत कायम रहने निर्णय भए अनुसार भरतपुर नगर पञ्चायतको क्षेत्र निर्धारण गरिएपछि वि.सं. २०३५ फागुन २५ गते भरतपुर नगर पञ्चायतको घोषणा गरिएको थियो।

तत्कालीन भरतपुर नगर पञ्चायत ६०३८ हेक्टर क्षेत्रफलमा फैलिएको थियो भने वि.सं २०३८ सालको जनगणनामा यहाँको जनसंख्या २७६०२ रहेको थियो।

वि.सं.२०४६ सालमा बहुदलीय शासन व्यवस्थाको पुनर्स्थापनापछिको परिवर्तित राजनीतिक परिवेशमा भरतपुर नगर पञ्चायतको नामकरण परिवर्तन गरी भरतपुर नगरपालिका भनिनुका साथसाथै भौगोलिक सीमाना र क्षेत्रफल र वडाहरूको संख्या र संरचनामा पनि केही परिवर्तन भयो। वि.सं.२०४९ मा नारायणपुर गाउँपञ्चायतका केही भूभाग कैलाशनगरको केही भूभाग, रामबाघ, गुलाफबाघ, आनन्दपुर र नारायणपुरको पश्चिमी भूभाग समेटेर भरतपुर नगरपालिकाको वडा नं. १३ र तोरीखेत नारायणपुरको पूर्वी भूभाग समेटेर भरतपुर नगरपालिकाको वडा नं. १४ थप कायम गरियो। वडा नं. ८ मा गीतानगर गाउँपञ्चायतको पारसनगर इलाकाका केही भूभागहरू थप गरियो।

यसरी नै भरतपुर नगरपालिकालाई स्तरोन्नति गरी उपमहानगरपालिका घोषणाका लागि वि.सं. २०७१ आषाढ १६ गते कार्य प्रारम्भ गरी वि.सं.२०७१ मार्ग १३ मा मन्त्रीपरिषद्बाट उपमहानगर बनाउन सिफारिस गरियो। सो समयमा साविक भरतपुर नगरपालिकाका १४ वटा वडाहरू, र गीतानगर, पटिहानी, शिवनगर एवम् फूलवारी गाउँ विकास समिति समावेश गरी भरतपुर उप-महा नगरपालिका घोषणा भयो जसलाई तलको तालिकाबाट प्रस्ट पार्ने प्रयास गरिएको छ।

| क्र.सं. | भरतपुर उप म.न.पा.को वडाहरू | साविक वडा तथा गा.वि.स.अन्तरगतका पुराना वडाहरू |
|---|---|---|
| १ | १ | भ न पा १ |
| २ | २. | भ.न.पा २ |
| ३ | ३. | भ.न.पा. वडा नं. ३ |
| ४ | ४. | भ.न.पा. वडा नं. ४ |
| ५ | ५. | भ.न.पा. वडा नं. ५ |
| ६ | ६. | भ.न.पा. वडा नं. ६ |

| | | |
|---|---|---|
| ७ | ७. | भ.न.पा. वडा नं. ७ |
| ८ | ८. | भ.न.पा. वडा नं. ८ |
| ९ | ९. | भ.न.पा. वडा नं. ९ |
| १० | १०. | भ.न.पा. वडा नं. १० |
| ११ | .११. | भ.न.पा. वडा नं. ११ |
| १२ | १२. | भ.न.पा. वडा नं. १२ |
| १३ | १३. | भ.न.पा. वडा नं. १३ |
| १४ | १४. | भ.न.पा. वडा नं. १४ |
| १५ | १५. | मंगलपुर गा.वि.स. का १,२ र ३ नं. वडाहरू |
| १६ | १६. | मंगलपुर ४ र ६ नं. वडाहरू |
| १७ | १७. | मंगलपुर गा वि.स.का ५ र ९ नं.वडाहरू |
| १८ | १८. | मंगलपुर गा.वि.स.का ७ र ८ नं. वडाहरू |
| १९ | १९. | फूलवारी गा.वि. स. |
| २० | २०. | गीतानगर गा.वि. स का १, २, र ३ नं. वडाहरू |
| २१ | २१. | गीतानगर गा.वि. स का ४, ५, र ६ नं. वडाहरू |
| २२ | २२. | गीतानगर गा.वि.स का ७, ८, र ९ नं. वडाहरू |
| २३ | २३. | शिवनगर गा.वि.स. का १, २, ३ र ४ नं. वडाहरू |
| २४ | २४. | शिवनगर गा.वि.स. का ५, ६ र ७ नं. वडाहरू |
| २५ | २५. | शिवनगर गा.वि.स. का ८ र ९ नं. वडाहरू |
| २६ | २६. | पटिहानी गा.वि.स. का १, ६ र ९ नं. वडाहरू |
| २७ | २७. | पटिहानी गा.वि.स. का २ र ३ नं. वडाहरू |
| २८ | २८. | पटिहानी गा.वि.स. का ७ र ८ नं. वडाहरू |
| २९ | २९. | पटिहानी गा.वि.स. का ४ र ५ नं. वडाहरू |

**भरतपुर उपमहानगरपालिका अन्तरगतका गा पं./गा वि स. तथा नगरपालिकाहरू तालिकामा**

| २०१८ | २०२३ | २०३५ | २०३९ | २०४९ | २०५४ | २०७१ | २०७२ |
|---|---|---|---|---|---|---|---|
| भरतपुर | भरतपुर | भरतपुरन.पं ०३५।११।२५ | भरतपुर न पं. | भरतपुर न पा. | भरतपुर न पा. | भरतपुर न.पा. | भरतपुर उ.म.न.पा०७१।८।१३ |
| | नारायणगढ | | | | | | |
| कल्याणपुर | कल्याणपुर | नारायणपुर | नारायणपुर | | | | |
| | श्रीपुर | | | फूलवारी | फूलवारी | फूलवारी | |
| | मंगलपुर | मंगलपुर | मंगलपुर | मंगलपुर | मंगलपुर | मंगलपुर | |
| शिवनगर | शिवनगर | शिवनगर | शिवनगर | शिवनगर | शिवनगर | शिवनगर | |
| गीतानगर | गीतानगर | गीतानगर | गीतानगर | गीतानगर | गीतानगर | गीतानगर | |
| पटिहानी | पटिहानी | पटिहानी | पटिहानी . | पटिहानी | पटिहानी | पटिहानी | |

**भरतपुर नगरपालिका अन्तरगतका साविक गाउँपञ्चायत/विकास समितिका जननिर्वाचित प्रधानपञ्च तथा उपप्रधानपञ्चहरूको विवरणात्मक तालिका**

| गा.पं./गा.वि.स. | भरतपुर | नारायण गढ | कल्याणपुर | श्रीपुर | कविलास |
|---|---|---|---|---|---|
| २०१८ | लालकुमार श्रेष्ठ | | शमशेरबहादुर घिमिरे | | बृखलाल गुरुङ |
| | चिजकुमार श्रेष्ठ | | बेदराज उपाध्याय | | गणेशबहादुर गुरुङ |

| | | | | | |
|---|---|---|---|---|---|
| २०२३ | सूर्यप्रसाद पन्त | लालकुमार श्रेष्ठ | जयबहादुर तामाङ | मेदिनीराज थापा | कालु गुरुङ |
| | हस्तबहादुर गुरुङ | केशवराज सापकोटा | हिमबहादुर तामाङ | दिवाकर ढुङ्गाना | बलबहादुर गुरुङ |
| २०२६ | सूर्यप्रसाद पन्त पन्तको निधनपछि मोहनबहादुर कार्की | मुक्तिलाल चुके | लालबहादुर तामाङ | नरप्रसाद कोइराला | अकबहादुर गुरुङ |
| | वीरेन्द्रबहादुर केसी | इन्द्रलाल श्रेष्ठ | जवाहरलाल प्रधान | बेणीप्रसाद सुवेदी | कृष्णबहादुर गुरुङ |
| २०२९ | जङबहादुर गुरुङ | इन्द्रलाल श्रेष्ठ | लालबहादुर तामाङ | मेदिनीराज थापा | अकबहादुर गुरुङ |
| | रेखादेवी थापा | दधिराम सापकोटा | कृष्णलाल पौडेल | डिल्लीराज सापकोटा | मनिराम लामा |
| २०३५ | भरतपुर नगर पञ्चायत | | | नारायणपुर | धनीलाल गुरुङ |
| | मुक्तिलाल चुके | | | मुक्तिनाथ अधिकारी | |
| | दधिराम सापकोटा | | | मेदिनीराज थापा | अकबहादुर गुरुङ |
| २०३९ | मुक्तिलाल चुके | | | मुक्तिनाथ अधिकारी | धनकीलाल गुरुङ |
| | जङबहादुर गुरुङ | | | कृष्णराज पौडेल | रत्नबहादुर गुरुङ |
| २०४३ | हेमबहादुर पिया | | | भक्तिप्रसाद तिमिल्सिना | भीमबहादुर गुरुङ |
| | डा.गंगाधर लम्साल | | | देवीरमण अधिकारी | शमशेरबहादुर गुरुङ |
| २०४९ | मुक्तिलाल चुके | | | फूलवारी<br>देवीरमण अधिकारी | धनकीलाल गुरुङ |
| | जगन्नाथ पौडेल | | | विश्वराज पौडेल | भीमबहादुर गुरुङ |
| २०५४ | हेमबहादुर पिया | | | शम्भु भण्डारी | सेतुलाल तामाङ |
| | देवी ज्ञवाली | | | गंगाबहादुर गुरुङ | टकबहादुर गुरुङ |

**चित्रवन नगरपालिका**

आर्थिक वर्ष २०६८/६९को आर्थिक बजेटमा नेपाल अधिराज्यमा ४१ वटा नगरपालिका थप गर्ने भन्ने कुरा उल्लेख भए अनुसार वि.सं. २०६८ श्रावण १ गतेबाट शारदानगर र गुञ्जनगर गा.वि.स.समेटेर चित्रवन नगरपालिका गठन भयो । तर तत्कालीन राजनीतिक अस्थिरताका अवस्थामा कार्यान्वयन हुन सकिरहेको थिएन। वि.सं. २०७१ जेठ ४ गतेबाट मात्र यो नगरपालिका कार्यान्वयनमा आएको हो । तत्कालीन समयमा यस नगरपाकिाको कुल क्षेत्रफल १६२.२ वर्ग कि.मि रहेको थियो। पछि भरतपुर नगरपालिका उपमहानगरपालिका हुँदा, पश्चिम चितवनका जगतपुर, पार्वतीपुर, शुक्रनगर र मेघौली मिलेर नारायणी नगरपालिका गठन हुँदा पश्चिम चितवनमा बाँकी रहेको दिव्यनगर गा.वि.स यसै चित्रवन नगरपालिकामा समाहित भएको देखिन्छ। सो समयमा गठन भएको चित्रवन नगरपालिकाका वडाहरूको संरचना तलको तालिकाबाट प्रस्ट हुनेछ।

| क्र.सं. | चित्रवन नगरपालिकाका वडाहरू | साविक गा.वि.स. | साविक वडाहरू |
|---|---|---|---|
| १ | वडा नं.१ | शारदानगर | ३, ४, ५ |
| २ | वडा नं.२ | शारदानगर | २ |
| ३ | वडा नं.३ | शारदानगर | १ |
| ४ | वडा नं.४ | शारदानगर | ७ र ८ |
| ५ | वडा नं.५ | शारदानगर | ५ र ९ |
| ६ | वडा नं.६ | गुञ्जनगर | १ |

| | | | |
|---|---|---|---|
| ७ | वडा नं.७ | गुञ्जनगर | २ |
| ८ | वडा नं.८ | गुञ्जनगर | ३, ४ र ९ |
| ९ | वडा नं. ९ | गुञ्जनगर | ५ |
| १० | वडा नं.१० | गुञ्जनगर | ६ र ७ |
| ११ | वडा नं.११ | गुञ्जनगर | ८ |
| १२ | वडा नं.१२ | दिव्यनगर | १, ८ र ९ |
| १३ | वडा नं.१३ | दिव्यनगर | ६ र ७ |
| १४ | वडा नं.१४ | दिव्यनगर | २, ३ र ५ |

**चित्रवन नगरपालिका अन्तरगतका गा.पं. /गा.वि.सं.हरू तालिकामा**

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| शारदानगर | शारदानगर | शारदानगर | शारदानगर | शारदानगर | शारदानगर | .चित्रवन | चित्रबन २०७२ |
| | गुञ्जानगर | गुञ्जानगर | गुञ्जानगर | गुञ्जानगर | गुञ्जानगर | २०७१।२।४ | |
| रातापुर | रातापुर | | | | | | |
| भगडी | सिसुवार | दिव्यनगर | दिव्यनगर | दिव्यनगर | दिव्यनगर | .दिव्यनगर | |

**चित्रवन नगरपालिका अन्तरगतका गा.पं. /गा.वि.सं.हरूमा निर्वाचित प्रधानपञ्च उपप्रधानपञ्च /अध्यक्ष उपाध्यक्षहरूको विवरण तालिकामा**

| गा.पं./ गा.वि.स. | शारदानगर | गुञ्जनगर | रातापुर | भगडी |
|---|---|---|---|---|
| २०१८ | चन्द्रवीर गुरुङ | - | रामकुमार श्रेष्ठ | बाबुराम महतो |
| | अग्निविलास शर्मा २०१९बाट अग्निविलास प्रधानपञ्च | | गमनामोहन अधिकारी | धर्मराज महतो |
| २०२३ | गिरिबहादुर गुरुङ | गञ्जसिंह तामाङ | बमबहादुर अर्याल | सिसुवार<br>धर्मराज महतो |
| | मेघराज गुरुङ | जमुनाप्रसाद श्रेष्ठ | डिल्लीराम महतो | यज्ञदेव प्रधान |
| २०२६ | गिरिबहादुर गुरुङ | बलबहादुर खत्री | बमबहादुर अर्याल | धर्मराज महतो एकवर्षपछि नयनसिंह गुरुङ |
| | दुर्गादत्त वाग्ले | दिलबहादुर मगर | डम्बरबहादुर ठकुरी | यज्ञदेव प्रधान |
| २०२९ | टेकप्रसाद गुरुङ | देवानसिंह घले | बाबुराम श्रेष्ठ | नैनसिंह गुरुङ |
| | चिनबहादुर खत्री | खेमनाथ शास्त्री | दुलारी महतो | चूडामणि चौधरी |
| २०३५ | पदमबहादुर गुरुङ | देवानसिंह घले सहवरणबाट जीवनाथ घिमिरे | | दिव्यनगर<br>देवेश्वर चौधरी |
| | गञ्जसिंह गुरुङ सहवर णबाट जीवनराम महतो | भीमबहादुर श्रेष्ठ सहवरणबाट आइतसिंह घले | | मुक्तिनाथ भण्डारी |
| २०३९ | आसबहादुर लामा जीवनराम महतो | टेकबहादुर घले रामबहादुर थापा | | गुरुदत्त पौडेल<br>लीलाधर चौधरी |

| | | | | |
|---|---|---|---|---|
| २०४३ | आसबहादुर लामा | टेकबहादुर घले | | गुरुदत्त पौडेल |
| | सिंहराज गुरुङ | नेत्रलाल पौडेल | | जयकृष्ण भुषाल |
| २०४९ | आसबहादुर लामा | आइतसिंह तामाङ | | गुरुदत्त पौडेल |
| | राममणि महतो | विष्णु ढकाल | | डिल्लीराम चौधरी |
| २०५४ | आसबहादुर लामा | टेकबहादुर घले | | बुद्धिबहादुर गुरुङ |
| | चुडामणि खरेल | अमरबहादुर तामाङ | | जीवनराम महतो |

**नारायणी नगरपालिका**

नेपाल सरकारले ६१ वटा नगरपालिका थप गर्ने योजनाअनुसार पश्चिम चितवनका जगतपुर पार्वतीपुर, शुक्रनगर र मेघ गौली चार गा.वि.स. समिलित यस नगरपालिकाको घोषणा २०७१ मार्ग १६ गते भएको थियो । यस नगरपालिकाको कूल क्षेत्रफल ७२.६ वर्ग कि.मि. रहेको छ। यस नगरपालिकामा समाहित चार गा.वि.स.का कुन कुन वडाहरू नारायणी नगरपालिकाका कुन कुन वडाहरूमा रहेका थिए भन्ने तथ्य तलको तालिकाबाट प्रस्ट हुनेछ।

| क्र.सं. | नारायणी नगरपालिकाका वडाहरू | साविक गा.वि.स. | साविक वडाहरू |
|---|---|---|---|
| १ | वडा नं.१ | मेघौली | मेघौली १, २ र ३ |
| २ | वडा नं.२ | ” | मेघौली ४, ६ र ७ |
| ३ | वडा नं.३ | ” | मेघौली ५, ८ र ९ |
| ४ | वडा नं.४ | शुक्रनगर | शुक्रनगर १ र २ |
| ५ | वडा नं.५ | ” | शुक्रनगर ४, ५, ६ र ९ |
| ६ | वडा नं.६ | ” | शुक्रनगर ३, ७ र ८ |
| ७ | वडा नं.७ | पार्वतीपुर | पार्वतीपुर १, ५ र ६ |
| ८ | वडा नं.८ | ” | पार्वतीपुर २, ३, ४ र ७ |
| ९ | वडा नं. ९ | ” | पार्वतीपुर ८ र ९ |
| १० | वडा नं.१० | जगतपुर | जगतपुर १ र २ |
| ११ | वडा नं.११ | ” | जगतपुर ३, ४, ५ र ६ |
| १२ | वडा नं.१२ | ” | जगतपुर ७, ८ र ९ |

**नारायणी नगरपालिका अन्तरगतका गा.पं. ⁄ गा.वि.सं.हरू तालिकामा**

| २०१८ | २०२३ | २०३५ | २०३९ | २०४९ | २०५४ | २०७१ | २०७२ |
|---|---|---|---|---|---|---|---|
| | मेघौली | मेघौली | मेघौली | मेघौली | मेघौली | नारायणी नगरपालिका (१६ मार्ग २०७१) | |
| | शुक्रनगर | शुक्रनगर | शुक्रनगर | शुक्रनगर | शुक्रनगर | | |
| | पार्वतीपुर | | पार्वतीपुर | पार्वतीपुर | पार्वतीपुर | | |
| | जतगतपुर | जतगतपुर | जतगतपुर | जगतपुर | जतगतपुर | | |

**चित्रवन नगरपालिका अन्तरगतका गा.पं./गा.वि.सं.हरूमा निर्वाचित प्रधान पञ्च उपप्रधानपञ्च/अध्यक्ष उपाध्यक्षहरूको विवरण तालिकामा**

| गा.पं./गा.वि.स. | जगतपुर | पार्वतीपुर | शुक्रनगर | मेघौली |
|---|---|---|---|---|
| २०१८ | - | - | - | - |
| २०२३ | इन्द्रलाल श्रेष्ठ | पहलसिंह तामाङ | कृष्णविलास अधिकारी | हरिप्रसाद मिलन |
| | मेघनाथ घिमिरे | आइतमान तामाङ | मित्रबन्धु शर्मा | पदमलाल नापित |
| २०२६ | इन्द्रलाल श्रेष्ठ | पहलसिंह तामाङ | खड्कबहादुर काफ्ले | पदमलाल नापिक |
| | धनबल्लभ न्यौपाने एक वर्षपछि रामबहादुर सिंह | आइतमान तामाङ | सूर्यनारायण चौधरी | मानबहादुर कुमाल |
| २०२९ | इन्द्रलाल श्रेष्ठ | खिला शर्मा | कृष्णप्रसाद दवाडी | दलसिंह थापा |
| | मुरलीमोहन खनाल | बिडीराम पन्त | बलभद्र सुनुवार | लक्ष्मीनारायण शास्त्री |
| २०३५ | इन्द्रलाल श्रेष्ठ | पार्वतीपुर गा.पं. नभएको अवस्था | धनप्रसाद श्रेष्ठ | गोपालप्रसाद जोशी |
| | राजकुमार श्रेष्ठ | | दुलारी महतो | सत्यनारायण चौधरी |
| २०३९ | पदमप्रसाद भुषाल | विडीराम पन्त | कृष्ण महतो | सत्यनारायण चौधरी |
| | लालबहादुर विश्वकर्मा | रत्नदास सापकोटा | खगेश्वर सापकोटा | हरिभक्त आचार्य |
| २०४३ | इन्द्रलाल पिया | तिलकबहादुर राना | धनबहादुर पुन | जयमंगल कुमाल |
| | भवानीप्रसाद चालिसे | शुक्रबहादुर गुरुङ | धर्मराज महतो | बालकृष्ण ढकाल |
| २०४९ | चन्द्रकान्त भट्टराई | शेखरनाथ घिमिरे | विजयकुमार भुजेल | हरिचन्द्र महतो |
| | नारायणप्रसाद सिग्देल | धनप्रसाद गुरुङ | धनप्रसाद गुरुङ | बालकृष्ण ढकाल |
| २०५४ | खगेश्वर पौडेल | जगन्नाथ कँडेल | धर्मराज महतो | कृष्ण भुर्तेल |
| | श्रीमान थिङ | कृष्णकुमार श्रेष्ठ | | आसबहादुर कुमाल |

**भरतपुर नगरपालिका उप-महानगरपालिकामा स्तरोन्नति हुने क्रममा समावेश भएका गा.वि.सं.हरूमा निर्वाचित प्रधानपञ्च र उप-प्रधानपञ्च/ अध्यक्ष र उपाध्यक्षहरू तालिकामा**

| गा.पं./ गा.वि.स. | मंगलपुर | शिवनगर | गीतानगर | पटिहानी |
|---|---|---|---|---|
| २०१८ | - | जोखबहादुर गुरुङ | कोमलनाथ कोइराला | गर्भु महतो |
| | | पदमबहादुर क्षेत्री | युवराज हमाल | इन्द्रबहादुर शर्मा |
| २०२३ | गेहेन्द्रबहादुर थापा | जोखबहादुर गुरुङ | बेदनिधि पोखरेल | कमलराज पाण्डे |
| | विष्णुबहादुर हमाल | अम्बिकाप्रसाद वाग्ले | बुद्धिसागर बास्तोला | दयाराम गौतम |
| २०२६ | हर्कबहादुर पोखरेल | योगनारायण पोखरेल | डिल्लीनाथ कोइराला | कमलराज पाण्डे |
| | इन्द्रबहादुर थापा एक वर्षपछि भक्तबहादुर दमै | लीलामणि कोइराला | इन्द्रविलास पौडेल एक वर्ष पछि बुद्धिसागर बास्तोला | दयाराम गौतम |

| | | | | |
|---|---|---|---|---|
| २०२९ | पूर्णकान्त पोखरेल | कृष्णलाल सापकोटा | बुद्धिसाग बास्तोला | कमलराज पाण्डे |
| | पदमबहादुर कुँवर | तुलानिधि लोहनी | भक्तबहादुर हमाल | सुरेन्द्रबहादुर |
| २०३५ | प्रेमबहादुर पण्डित | टेकप्रसाद गुरुङ | योगनारायण पोखरेल | भुवनराज पाण्डे |
| | तोयानाथ चापागाईं | बिडीराम पन्त | मनोहरि कोइराला | मुक्तराज पन्त |
| २०३९ | तोयानाथ चायागाईं | मोहनलाल पाठक | नारायणप्रसाद कोइराला | कमलराज पाण्डे |
| | लालबहादुर लामा | जोखबहादुर गुरुङ | विष्णुप्रसाद अधिकारी | खड्कबहादुर गुरुङ |
| २०४३ | लालबहादुर लामा | गुणराज पाठक | नारायणप्रसाद कोइराला | कमलराज पाण्डे |
| | गनबहादुर बानिया | उमा राना | थमनबहादुर थापा | विष्णुप्रसाद वाग्ले |
| २०४९ | लालबहादुर लामा | टंकलाल पौडेल | थमनबहादुर थापा | रामलाल महतो |
| | केशवकुमार अधिकारी | राधाकृष्ण लामा | रामबहादुर थापा | मधुसुदन सापकोटा |
| २०५४ | केशवकुमार अधिकारी | राधाकृष्ण लामा | मणिराज श्रेष्ठ | मधुसुदन सापकोटा |
| | पतिराम गुरुङ | श्रीमती इन्दु गुरुङ | काशीप्रसाद श्रेष्ठ | रामजीप्रसाद सापकोटा |

**वि.सं.२०७३ फागुनपछि भरतपुर महानगरपालिकाको संरचना**

नेपालका संविधान २०७२ को घोषणा र सो सविधानले परिकल्पना गरेअनुसार नेपाल अधिराज्यका स्थानीय निकायहरूको पुनरसंरचनाको क्रममा चितवनमा भरतपुर उप-महानगरपालिका, नारायणी नगरपालिका, चित्रवन नगरपालिका (वि.सं.२०७२ मा साविक चित्रवनमा दिव्यनगर गा.वि.स.समेत समावेश भएको थियो), कविलास गाउँ पालिका समेटेर भरतपुर महानगरपालिका घोषणा गरियो ।

**महानगरपालिकाको संरचना**

| | | |
|---|---|---|
| १ | भ.उ.म.न. वडा नं.१ र ३ | रामनगर, ठिमुरा, देवघाट, पोखरा बसपार्क, लीलाचोक, पुलचोक, |
| २. | भ.उ.म.न. वडा नं.२ | बालकुमारी पूर्वी क्षेत्र र क्षेत्रपुर तिनखोलेमेनरोड, मिलनरोड, मेयरचोक, क्षेत्रपुर, मिल्सएरिया, रामेश्वर टोल, सहीदचोक, बेलचोक |
| ३. | भ.उ.म.न. वडा नं. ४ | न्युरोड  नौघरे र वाह्रघरे, |
| ४. | भ.उ.म.न. वडा नं.५ र ६ | धर्मचोक, लंकु, यज्ञपुरी, शिवघाट, रामघाट लक्ष्मीपुर, बाह्रघरे |
| ५. | भ.उ.म.न.वडा नं.१३ र १४ | तोरीखेत, नारायणपुर, कैलाशनगर, आनन्दपुर, रामबाघ |
| ६. | भ.उ.म.न.वडा नं.२१ र २२ | इन्द्रपुरी, चोकबजार, पारसनगर र गीतानगर, केसरबाघ |
| ७. | भ.उ.म.न. वडा नं.७ | तेह्रसाल चोक, प्रेमबस्ती, सीतारामचोक, कृष्णपुर |
| ८. | भ.उ.म.न. वडा नं.८ | शरदपुर, गौरीगञ्ज र पारसनगर |
| ९. | भ.उ.म.न. वडा नं. ९ | काँडाघारी, सिमेन्ट फ्याक्ट्री, साफा टोल, गोृन्द्राङ, शरदपुर, गोन्द्राङ, कोक फेक्ट्री |
| १०. | भ.उ.म.न. वडा नं. १० | वीरेन्द्र क्याम्पस क्षेत्र, चौविसकाठी क्षेत्र, हाकिमचोक स्याउली बजार, रिजाल( चोक, बालमन्दिर क्षेत्र, एयरपोर्ट क्षेत्र , दीपेन्द्रनगर |
| ११. | भ.उ.म.न. वडा नं. ११ | लामा टोल, जखडीमाइ, गणेशथान, बसेनी, भोजाड, बर्मेली टोल |
| १२. | भ.उ.म.न. वडा नं. १२ | नौरडे, मिलनचोक, जागृतचोक, कालिकाटोल, बसन्तचोक, आस्थाचोक, गोन्द्राङ वियर फेक्ट्री |
| १३. | भ.उ.म.न.वडा नं. २० र २८ | गंगानगर उज्जेलनगर चम्पानगर, ब्रम्हपुरी |
| १४. | भ.उ.म.न.वडा २४, २५ र २९ | राधापुर, शान्तिपुर, शिवनगर, सुन्दरवस्ती, हनुमाननगर, पकौडी |

| | | |
|---|---|---|
| १५. | भ.उ.म.न. वडा नं. १५, १९ र २३ | दक्षिण मंगलपुर, मंगलपुर बजार, श्रीपुर, महेन्द्रचोक, फुलवारी चोक, |
| १६. | भ.उ.म.न.वडा १६, १७ र १८ | उत्तर मंगलपुर, मोहनपुर विजयनगर, शरणपुर, ढड्डाघारी, ब्रम्हपुर, साने गढी ठुलो गढी, पश्चिम रामपुर |
| १७. | चि. न.पा.वडा १, २ र ११ | हरैया, उत्तर शारदानगर, बन्गाँई, बेलुवा, भुवनवस्ती , लगौटा |
| १८. | चि.पा.वडा ७, ९, १० | गुञ्जानगर, चनौली, शशीनगर, भुवनवस्ती, राइगञ्ज, गाजीपुर, शशीनगर |
| १९. | चि. न.पा वडा ३,४ र ६ | शारदानगर हेल्थपोष्ट, शारदानगर टाउन, मिलडाँडा, गुञ्जानगर किरणगञ्ज |
| २०. | चि. न.पा.वडा ५ र ८ | चन्द्रनगर, नयाँबजार, भीमनगर, सिमलटाँडी,दद्रेनी,चनौलीबजार, शंकरचोक |
| २१. | ना. न. पा.७, ८ र ९ | सीतापुर, कञ्चनबस्ती, पार्वतीपुर, रङ्गिला, रतपुर, पहारिलोटार,  र मणिपुर |
| २२. | भ. उ म न पा २६ र २७ | धनौजी, पटिहानी टाउन, छितामाई, सुन्दरबस्ती |
| २३. | ना. न.पा १० र ११ | जगतपुर, कसरा, खड्कौली र मधुपुरी |
| २४. | ना. न पा  १२ | धुव नयाँबस्ती, देवीथान, जगतपुर, केरुङा |
| २५. | ना. न.पा. ४, ५ र ६ | अमृतचोक, शुक्रनगर, लेवरनगर, सोसी |
| २६. | चि.न.पा. वडा १२,१३ र १४ | ज्योतिनगर, भगडी, सिमरी टाउन, मिलनचोक, रातापुर र कोइलाबास (पहिलेको दिव्यनगर गाविस) |
| २७. | ना.न पा वडा २ र ३ | पर्साढाप, डेबौली, तेलौली, मेघौली, धर्मपुर र बुद्धनगर, गौतमनगर |
| २८. | ना. न.पा १ | साफ्कापुर, लौखुरी, जितपुर, जितपुर अर्न्दौली,  गोलाघाट |
| २९. | कविलास गा.वि.स. | जुगेडी, दासढुङ्गा, १५ किलो, चौकीडाँडा, कुसुमटार, लामागाउँ, सिमलताल, भोर्ले |

*स्रोतः- १.टोलबस्तीहरूका लागि भरतपुर पार्श्वचित्र २०७६ ।*

*२. नयाँ वडा अन्तरगतका साविक तथा नयाँ वडाहरूका लागि बेभसाइडबाट ।*

**स्थानीय निर्वाचन वि.सं.२०७४ तथा वि.सं. २०७९**

स्थानीय निकायहरूको पुनःरसंरचनापछि निर्वाचनको पहिलो चरणमा परेको चितवन जिल्लाअन्तरगतका पालिकाहरूमा वि.सं. २०७४ वैशाख २० मा निर्वाचन भएको थियो। स्थानीय निर्वाचन प्रयोजनका लागि चितवनमा २४ दल दर्ता भए पनि भरतपुर महानगरपालिकाको निर्वाचनमा प्रमुख पदका लागि दलगत १२ जना र २ स्वतन्त्र  गरी १४ जनाले र उपप्रमुखमा दलगत ९ जना र २ जना स्वतन्त्र गरी ११ जना उमेदवार खडा भएका थिए।

यसैगरी चितवन जिल्ला अन्तरगतका पालिकाहरूमा दोस्रो स्थानीय निर्वाचन वि.सं. २०७९ वैशाख ३०गते भएको थियो। स्थानीय निर्वाचन प्रयोजनका लागि भरतपुर महानगरपालिकाको निर्वाचनमा प्रमुख पदका दलगत आधारमा १५ जना र स्वतन्त्र १२ जना गरी २७ जनाले र उपप्रमुखमा दलगत आधारमा ८ जना र स्वतन्त्र २ जना गरी १० जना चुनावी मैदानमा खडा भएका थिए।

यस महानगरपालिकामा वि.सं.२०७४ र वि.सं. २०७९को स्थानीय तहको निर्वाचनमा निर्वाचित प्रमुख/उपप्रमुख र वडाध्यक्षहरूको विवरण तलको तालिकाबाट प्रस्ट हुनेछ।

| वडा नं. | वि.सं. २०७४ | | पद | वि.सं. २०७९ | |
|---|---|---|---|---|---|
| | निर्वाचित जनप्रतिनिधि | दल | | निर्वाचित जनप्रतिनिधि | दल |
| | रेणु दाहाल | मा.के. | प्रमुख | रेणु दाहाल | मा.के. |
| | पार्वती शाह | ने.का. | उपप्रमुख | चित्रसेन अधिकारी | ने.का. |

| | | | | | |
|---|---|---|---|---|---|
| १ | जयराम श्रेष्ठ | ने.का. | वडाध्यक्ष | केशव महर्जन | ने.का. |
| २. | पूर्णबहादुर श्रेष्ठ | एमाले | ” | मनोज रानाभाट | ने.का. |
| ३. | चन्द्रमित्र पण्डित | ने.का. | ” | विकास थापा | एमाले |
| ४. | हरिप्रसाद आचार्य | एमाले | ” | अर्पण पोखरेल | ने.का. |
| ५. | पदमपाणी सुवेदी | एमाले | ” | युद्धप्रसाद श्रेष्ठ | ने.का. |
| ६. | हरिविलास कोइराला | ने.का. | ” | कृष्णलाल श्रेष्ठ | ने.का. |
| ७. | राजेन्द्रमणि काफ्ले | एमाले | ” | राजेन्द्रमणि काफ्ले | ए.समाजवादी |
| ८. | दामोदर न्यौपाने | ने.का. | ” | जीवनाथ कँडेल | ने.का. |
| ९. | यमलाल कँडेल | एमाले | ” | यमलाल कँडेल | ए.समाजवादी |
| १०. | अरुण पीडित भण्डारी | एमाले | ” | परमेश्वर खनाल | ने.का. |
| .११ | बाबुराम अधिकारी | एमाले | ” | कमलबहादुर मल्ल | एमाले |
| १२. | नरेन्द्रकुमार कन्दङ्वा | एमाले | ” | लेखराज पन्त | एमाले |
| १३. | प्रकाश दवाडी | मा.के. | ” | प्रकाश दवाडी | मा.के. |
| १४. | ओमप्रसाद पोखरेल | ने.का. | ” | राजेन्द्र साँखी | ने.का. |
| १५. | शम्भुबहादुर भण्डारी | ने.का. | ” | श्रीकृष्ण देवकोटा | ने.का. |
| १६. | चतुरमान गुरुङ | एमाले | ” | अमृत हमाल | ने.का. |
| | मध्यावधि निर्वाचनमा अमृत हमाल | ने.का. | ” | | |
| १७. | ललितमान तामाङ | ने.का. | ” | ललितमान तामाङ | ने.का. |
| १८. | दीपक लामा | ने.का. | ” | बाबुराम राना मगर | एमाले |
| १९. | कर्णबहादुर गुरुङ | ने.का. | ” | प्रकाश तामाङ | एमाले |
| २०. | मणिलाल तामाङ | ने.का. | ” | मुक्तिप्रसाद घले | ने.का. |
| २१. | चित्रसेन अधिकारी | ने.का. | ” | कृष्णकुमार गुरुङ | ने.का. |
| २२. | विष्णुराज महतो | एमाले | ” | विष्णुराज महतो | ए.समाजवादी |
| २३. | नरिनारायण पौडेल | एमाले | ” | दीपक दवाडी | ने.का. |
| २४. | कान्छा मल्ल | एमाले | ” | रामबहादुर गोदार | मा.के. |
| २५. | विजयकुमार भुजेल | एमाले | ” | छवीलाल सापकोटा | स्वतन्त्र |
| २६. | ज्ञानप्रसाद खनाल | मा.के. | ” | ज्ञानप्रसाद खनाल | मा.के. |
| २७. | गोविन्द तामाङ | ने.का. | ” | रामबहादुर भण्डारी | ने.का. |
| २८. | आसबहादुर कुमाल | एमाले | ” | दण्डपाणी रिजाल | एमाले |
| २९. | मानबहादुर मगर | एमाले | ” | सूर्यबहादुर गुरुङ | ने.का |

| **महानगर कार्यपालिका महिला सदस्य** | | | | |
|---|---|---|---|---|
| **वि.सं.२०७४** | | | **वि.सं.२०७९** | |
| **क्र.सं** | **नाम** | **दल** | **नाम** | **दल** |
| १ | पवित्रा के.सी | ने.का. | सृजना अधिकारी | ने.का. |

| | | | | |
|---|---|---|---|---|
| २ | गीताकुमारी शर्मा | ने.का. | सुकमाया परियार | ने.का. |
| ३ | विना गुरुङ | एमाले | विना नेपाली | मा.के. |
| ४ | पार्वती विश्वकर्मा | " | शारदा पोखरेल | ने.का. |
| ५ | धनकुमारी विश्वकर्मा | " | नर्मदा सापकोटा | ने.का. |
| **महानगर कार्यपालिका दलित/अल्पसंख्यक सदस्य** | | | | |
| **वि.सं.२०७४** | | | **वि.सं.२०७९** | |
| क्र.सं. | नाम | दल | नाम | दल |
| १ | मनबहादुर वि.क. | एमाले | गोपाल दराई | ने.का. |
| २ | चक्रबहादुर रुचाल | " | कोपिला उपरकोटी | ए.समाजवादी |
| ३ | टेकलाल वि.क. | " | विष्णुबहादुर भुजेल | मा.के. |

*स्रोतः- १.टोलबस्तीहरूका लागि भरतपुर पार्श्वचित्र २०७६ ।*
*२. नयाँ वडा अन्तरगतका साविक तथा नयाँ वडाहरूका लागि बेभसाइडबाट ।*
*३. निर्वाचन आयोग चितवन*

**संघीय तथा प्रदेश निर्वाचन**

यस महानगरपालिका संघीय संसदका लागि २ र ३ दुवै निर्वाचन क्षेत्रमा पर्दछ भने प्रदेश सभाका लागि २ को क र ख तथा ३ को क र ख गरी ४ वटा निर्वाचन क्षेत्रसंग जोडिएको देखिन्छ। यस महानगरपालिकाका कुन कुन वडाहरू कुन कुन निर्वाचन क्षेत्र अन्तरतग पर्दछन् भन्ने विवरण तलको तालिकाबाट प्रस्ट हुनेछ।

| क्र.स. | संघीय नि. क्षेत्र | प्रदेश नि. क्षेत्र | भरतपुर महानगरपालिकाका अन्तरगतका वडाहरू | निर्वाचित सांसद | |
|---|---|---|---|---|---|
| | | | | प्रदेश सभा | संघीय सांसद |
| १ | २ | क | १, ३, २९ | घनश्याम दाहाल | कृष्णभक्त पोखरेल |
| | | ख | २, ४, ५, ७, १०, ११, १२ | विजय सुवेदी | |
| २ | ३ | क | ६, ८, ९, १५, १६, १७, १८, १९, २०, २६, २७, २८ | कृष्णप्रसाद भुर्तेल | पुष्पकमल दाहाल |
| | | ख | १३, १४, २१, २२, २३, २४, २५ | रामलाल महतो | |

**निष्कर्ष**

पौराणिक कालदेखि नै पवित्र तीर्थस्थल देवघाटको महिमा बोकेको, नेपालको प्राचीन मध्यकालीन तथा आधुनिक इतिहासमा समेत उल्लेखनीय स्थलका रूपमा रहँदै आएको यस इलाकाको नामकरण कहिलेबाट र कसरी भएको थियो भन्ने बहसको विषय उठान नामकरण हुने क्रममा बखानसिंह गुरुङको नामबाट बखानपुर, सरदार गुञ्जमानसिंहको नामबाट गुञ्जनगर, पारसमाणि प्रधानको नामबाट पारसनगरभैँ तत्कालीन प्रहरी थानाका थानेदार भरत गुरुङको नामबाट भरतपुर भएको भन्ने कथन पाइए पनि आधिकारिक दस्तावेजबाट खण्डन नहुँदा अन्यथा मान्न सकिँदैन।

वि.सं. २०१३बाट प्रयोगमा रहेको भरतपुर बस्ती पञ्चायती व्यवस्था लागु भएपछि वि.सं.२०१८ मा चितवनमा कायम भएका १८ गाउँपञ्चायतमध्ये भरतपुर गाउँपञ्चायत एक गाउँपञ्चायतका रुपमा विकसित रह्यो। जिल्ला सदरमुकाम क्षेत्रमा रहेको यस गाउँपञ्चायत समयको विकास क्रममा नगर पञ्चायत, नगरपालिका, उपमहानगरपीलका र महानगरपालिकामा रुपान्तरित भयो। यस लेखमा नेपालका ६ वटा महानगरपालिकामध्ये एक महानगरपालिकाका रूपमा रहेको यस महानगरपालिकास्थित विभिन्न गाउँपञ्चायतहरूको स्वरूप र जनप्रतिनिधिहरूको विवरणात्मक चित्र उतारिएको छ।

**सन्दर्भसूची**

अधिकारी, नवराज, (२०५६), *नेपालका आम निर्वाचनहरू,* काठमाडौँ : अन्तर्राष्ट्रिय मञ्च ।

*गाउँपञ्चायतको सुव्यवस्था गर्न बनेको ऐन* - २०१८, चितवनः जिल्ला पञ्चायत, अप्रकाशित ।

*गाउँसभा गठन र गाउँपञ्चायत चुनाव निर्देशन,* चितवनः जिल्ला पञ्चायत, अप्रकाशित ।

*चितवन जिल्ला गाउँ तथा नगरपञ्चायत वडा विभाजन टोलीको निर्णय पुस्तिका,* (२०३५), चितवनः जिल्ला पञ्चायत, अप्रकाशित ।

*चितवन जिल्ला गाउँ तथा नगर पञ्चायत वडा विभाजन टोलीको निर्णय पुस्तिका,* (२०३८), चितवनः जिल्ला पञ्चायत, अप्रकाशित ।

*चितवन जिल्ला पाश्वचित्र,* (२०५९), चितवन : जिल्ला विकास समिति, सूचना तथा अभिलेख केन्द्र ।

*चितवनस्थित गाउँसभा तथा गाउँपञ्चायतको सीमाना, क्षेत्रफल र जनसंख्या निर्धारण संबन्धी दस्तावेज,* (२०१८), अप्रकाशित ।

*जिल्ला पञ्चायत (निर्वाचन) को नियम,* (२०१९), चितवनः जिल्ला पञ्चायत, अप्रकाशित ।

*जिल्ला सभा, जिल्ला पञ्चायत सभापति, उप-सभापति र अन्य सदस्यरुको निर्वाचनको निमित्त बनाइएको निर्देशिका,* (२०१९), चितवनः जिल्ला पञ्चायत, अप्रकाशित ।

थापा, धर्मराज, (२०५०), *चितवन दर्पण,* कमलादी : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

देवकोटा, ग्रीष्मबहादुर, (२०४०), *नेपालको राजनीतिक दर्पण,* तेस्रो भाग (पञ्चायत व्यवस्थाको प्रादुर्भाव), दो.सं. काठमाडौंः उपेन्द्रबहादुर देवकोटा ।

*नेपाल अधिराज्यको संविधान* - २०४७ ।

*नेपाल ऐन संग्रह,* (२०३१), खण्ड २ , श्री ५को सरकार, काठमाडौंः कानुन मन्त्रालय तथा न्याय मन्त्रालय, कानुन किताव व्यवस्था समिति, ।

*नेपाल ऐन संग्रह,* (२०४४), खण्ड २, श्री ५ को सरकार, कानुन तथा न्याय मन्त्रालय, कानून किताव व्यवस्था समिति ।

*नेपालको अन्तरिम संविधान,* (२०६३), काठमाडौँः नेपाल सरकार ।

*नेपालको संविधान,* (२०१९), काठमाडौँः नेपाल सरकार ।।

*नेपालको संविधान,* (२०१९), तेस्रो संशोधन, (२०३७), काठमाडौँः नेपाल सरकार ।।

*नेपालको संविधान,* (२०७२), काठमाडौंः नेपाल सरकार ।।

*पञ्चायत ऐन,* (२०३८), काठमाडौं : कानुन मन्त्रालय तथा न्याय मन्त्रालय, कानुन किताव व्यवस्था समिति ।

बानियाँ, कर्णबहादुर, (२०७५), *म्याग्दीको इतिहास, संस्कृति र सम्यता,* चितवन : विष्णुदेवी बानियाँ ।

मल्ल, ज्ञानेन्द्र (सं), (२०५७), *जय नेपाल स्मारिका* , चितवन : नेपाली कांग्रेस क्षेत्रीय समिति, क्षेत्र नं. २, चितवन ।

रेग्मी, राजेन्द्रप्रसाद, (२०७४) *चितवनको ऐतिहासिक विवेचना,* काठमाडौं : सुकुन्दा पुस्तक पसल ।

..........., (२०७८) चितवनको प्रशासनिक संरचना, प्रतिनिधित्वको व्यवस्था र जनप्रतिनिधिहरू, *चितवन दर्पण,* जिल्ला समन्वय समिति चितवन ।

*स्थानीय निकाय सम्बन्धी ऐन २०४८,* (२०४९), काठमाडौंः कानुत, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय, कानुन किताव व्यवस्था समिति ।

**Bharatpur Pragya : Journal of Multidisciplinary Studies**
[A Peer-Reviewed, Open Access Journal]
ISSN : 2990-773X (Print); ISSN : 2990-7748 (Online)
Published by Bharatpur Academy, Chitwan, Nepal
https://www.bharatpurmun.gov.np

# Token versus Team Work: Women in the Local Bodies of Nepal 2017

**Sanjaya Mahato**
Kathmandu University

***Article History :*** *Submitted 7th Dec., 2022; Reviewed 18th Feb., 2022; Revised 20th March, 2023*

